# भावजाह्नवी

वर्ष ३ अङ्क ३

## सल्लाहकार

रथी (अ.प्रा.) अमर पन्त

डा. शास्त्रदत्त पन्त

प्रा. दिनेशराज पन्त

रामबाबु पन्त

होमराज पन्त

प्रधान सम्पादक

प्रा. डा. जयराज पन्त

## सम्पादकहरु

जीवमूर्ति पन्त

एकेन्द्र पन्त

सृजना पन्त

प्रमुख सेनानी सुदीप पन्त

हरिप्रसाद सोडारी

## प्रकाशक

पन्त समाज नेपाल

२०६९

# भावजाह्नवी

**(पन्त समाज नेपालको मुखमत्र)**

| | | |
|---|---|---|
| मुखपत्रको नाम | : | भावजाह्नवी |
| सम्पर्क फोन | : | |
| इमेल | : | |
| पुर्णाङ्क | : | तीन |
| वर्ष | : | तीन |
| प्रकाशक | : | पन्त समाज नेपाल, काठमाडौँ |
| प्रकाशन वर्ष | : | २०६९ |
| प्रकाशित प्रति | : | ५०० (पाँच सय) |
| सर्वाधिकार | : | पन्त समाज नेपाल, काठमाडौँमा । |
| टङ्कण र संयोजन | : | हरिप्रसाद सोडारी, काठमाडौँ । |
| मुल्य रू. | : | २००/- |
| मुद्रक | : | |
| आवरणसज्जा | : | |
| ISBN | : | |

**सूचना**

यो मुखपत्र पन्त समाज नेपालको पूर्णतया सुरक्षित दस्ताबेज हो । समालोचना, समीक्षा र उद्धरणको उद्देश्यबाहेक प्रस्तुत कृतिका कुनै पनि भाग वा अंश, पन्त समाज नेपालको स्वीकृतिबिना ग्राफिक, इलेक्ट्रोनिक, यान्त्रिक, फोटोकपी, रेकर्डिङ टेप वा अन्य कुनै पनि माध्यमबाट व्यावसायिक पुनरुत्पादन गर्न पाइने छैन ।

**पन्त समाज नेपाल कृतज्ञ बनी हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।**

१. शुभकामना, लेख, रचना, कविता, संस्मरणजस्ता सामग्री उपलब्ध गराई मद्दत गर्ने महानुभावहरूलाई ।

२. चित्र, ऐतिहासिक दस्तावेजजस्ता सामग्री उपलब्ध गराएर सहयोग गर्ने महानुभावहरूलाई ।

३. ज्यादै परिश्रमपूर्वक सम्पादन तथा संयोजन गरी सीमित समयभित्र प्रस्तुत कृति तयार पार्नमा सहयोग गर्ने सम्पादन उपसमितिका सदस्यहरूलाई ।

४. टङ्कण (टाइप), टङ्कण परिशुद्धि (प्रुफ करेक्सन), व्यवस्थापन (सेटिङ) र समष्टि सज्जा (डिजाइनिङ) का कार्यमा सघाउने हरिप्रसाद सोडारीसहितका प्राविधिकहरूलाई ।

५. चित्र संयोजन (फोटो सेटिङ), रङ्ग संयोजन (कलर सेटिङ) र आकार संयोजन (सेप सेटिङ) जस्ता कम्प्युटरका प्राविधिक कार्यमा मद्दत गर्ने महानुभावहरू लाई ।

६. मुद्रण गरिदिने .... अफसेट प्रेस तथा सो छापाखानाका प्रमुख ....लाई ।

७. वितरण कार्यमा सहयोग गर्ने महानुभावहरूलाई ।

८. यावत् हिसाबले मद्दत गर्ने महानुभावहरूलाई ।

९. आआफ्ना क्षेत्रबाट हार्दिक स्नेह जनाई कार्यात्मक र भावनात्मक हिसाबले सहयोग गर्ने समस्त महानुभावहरूलाई ।

१०. समाजको थालनीदेखि हालसम्म आयोजना गरिएका विविध कार्यक्रममा मद्दत गर्ने महानुभावहरूलाई ।

११. समाजका योजना तथा कार्यक्रम कार्यान्वयनका निमित्त प्रभावकारी उपायका बारेमा सल्लाह, सुझाव दिई सहयोग गर्ने महानुभावहरू लाई ।

# प्रकाशकीय

**भावजाह्नवी** नामक पन्त समाज नेपालको मुखपत्रको तेस्रो अङ्क गतवर्षहरूमा जस्तै यस वर्ष पनि समस्त पन्त बन्धुसमक्ष पुऱ्याउन पाउँदा निकै ज्यादा प्रसन्नताको अनुभूति भएको छ । वार्षिक साधारणसभामा पन्त बन्धुका हातमा पारिने कोसेली यो हो । यो हामी सबैको साझा सम्पत्ति हो । यसको निरन्तरताका लागि हाम्रो ध्यान पनि निरन्तर यसप्रति आकर्षित हुनु आवश्यक छ ।

वास्तवमा मान्छेको महत्ता धनदौलत, पदप्रतिष्ठा, सानसौकत, कुलखानदान, पदवीअलङ्कार, खानपान, सिँगारपटार, ऐसआराम, सुखसुविधा, पहुँचजस्ता कुराबाट भन्दा पनि महान् सोच, महान् कार्य, महान् चित्त, महान् व्यवहार, महान् आचरणबाट नै कायम हुन्छ । महान् भनिने व्यक्तिले महान् कार्य गर्दछन् तर आत्मश्लाघा, आत्मपरिचय र गरेका काम भजाई नाम तथा दाम खोज्दैनन् । पन्त थर यस्तै महत्ताहरूको पुञ्ज रहिआएको कुरा प्राप्त ऐतिहासिक दस्ताबेजहरू बताउँछन् । आफ्नो बखान आफै गर्नु राम्रो होइन । सूर्य, चन्द्रमा, नदी, वनस्पति, हावा, धर्ती, पहाड, ग्रह, नक्षत्र, अग्निजस्ता लोककल्याणकारी अनेकौं तत्त्वले कहिल्यै आफूलाई महान् भन्दैनन् र आफ्नो इतिहासको बखान गर्दैनन् । त्यसो हुँदाहुँदै पनि कतिपय अनुभव, ज्ञान, सूचना, जानकारी, चिन्तन, नीति, उपदेश, परम्परा र मार्गनिर्देशन मुखान्तरण नगर्ने हो भने हानि पनि हुन सक्तछ । विशेष गरी महान् व्यक्तिका चरित्र तथा योगदानका कुरा नभन्ने नसुनाउने हो भने व्यक्ति, परिवार, समाज, राष्ट्र र दुनियाँले टेक्नु पर्ने आदर्शको आधार समाप्त हुने डर रहन्छ । जानेबुझेका कुरा नभन्ने हो भने पछिका पुस्ता त्यस्तो अनुभवाश्रित ज्ञानबाट वञ्चित हुन्छन् । फलस्वरूप, ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक पृष्ठभूमि हराउने खतरा बढ्दछ । धर्ती बिर्सियो, इतिहास बिर्सियो, पुर्खा बिर्सियो र समाज बिर्सियो भने सम्पूर्ण समाज, सभ्यता, संस्कार तथा संस्कृति नै लोप हुन सक्तछ । महान् व्यक्तिले गरेका सत्कार्यको निरन्तरता र गर्न नसकेका सपनाहरू साकार पार्न सकियो भने इतिहासका जगमा सुन्दर वर्तमान बनाउन सकिन्छ । सच्चा व्यक्ति, परिवार, समाज र जातिले चिन्तनमा ब्युँझेर चरित्रमा यात्रा गर्ने काम गर्दछ । भावी पुस्ताको जरामा यस्तै आनीबानीको अवलम्बनबाट मलजल पर्दछ । वास्तविक उन्नति भनेको ऐतिहासिक धरातलबाट उठेर समयानुकूल व्यावहारिक बन्नु र समृद्धि हाँसिल गर्नु हो । विकास र समुन्नतिका नाममा इतिहास र संस्कृतिका जग भत्काइयो भने सारभूत तत्त्व नै लोप भएर हात लाग्यो शून्य हुन्छ । त्यसैले विज्ञहरू इतिहास र संस्कृतिको संरक्षण हुनु पर्ने कुरामा जोड दिन्छन् ।

पन्तहरू सादा, सरल र अकृत्रिम जीवन यापन गर्न रुचाउँछन् । आफैलाई गह्रौं लाग्ने पदवी, अलङ्कार, प्रशंसा र सम्मानजस्ता कुराको तृष्णाबाट टाढा रहने बानी उनीहरूको हुन्छ । यस प्रकारका राम्रा पक्षको प्रभाव वर्तमानदेखि सुदूर भविष्यका पुस

तासम्म सकारात्मक र रचनात्मक हिसाबले पर्ने हुँदा हामीले सकेसम्म खोजी गरेर मुखपत्रमा प्रकाशन गर्दैआएका छौँ र यस्तो काम आवश्यक मात्र नभएर अनिवार्य ठानेका छौँ । आजको भौतिकवादी आचारव्यवहारले व्याप्त सांस्कृतिक सामाजिक जीवनमा अतीत बिर्सने र आफ्नो पहिचानका समस्त सूत्रहरू टुटेर इतिहास हराउने क्रम दिनानुदिन बढ्दै गइरहेको छ । परिवार, समाज र देशको इतिहास निर्माण गर्ने आजको पुस्तामा देखा परेको यस्तो प्रदूषण हटाउन र राष्ट्रनिर्माणका उत्तराधिकारी सन्ततिमा पुर्खाका आचारविचारको आभा सञ्चार गर्न पनि प्रस्तुत मुखपत्र प्रकाशनमा ल्याउने काम गरेका हौँ ।

पन्त समाज समस्त पन्त बन्धुको साझा चौतारी हो । यसभित्र रहेर प्रत्येक जाति, वर्ग, गोत्र, प्रवर, गण, समूह, धर्म, सम्प्रदाय, क्षेत्रका सारा पन्तहरू सङ्गठित बनेका छन् । यो सबै पन्तहरूको छाता सङ्गठन हो । यसमा पन्तहरूबीच भिन्नताको व्यवहार हुँदैन । त्यसैले सबै पन्तहरूले यसबाट लाभको अपेक्षा गर्दछन् । नेतृत्वमा रहेका हामीले पन्त बन्धुका अपेक्षाको परिपूर्ति गर्ने यथाशक्य प्रयास गर्दै आएका छौँ तर सीमित स्रोत, साधन, परिधि र प्रयत्नका कारण चाहेका काम गर्न सकिरहेका छैनौँ । फलस्वरूप यहाँहरूले सोचेको जस्तो प्रतिफल प्रत्यक्षरूपमा देखिन नसकेको हो । त्यसो भए तापनि हामी हात बाँधेर मौन बसेका भने छैनौँ । हिजो जहाँबाट हिँड्न थालिएको थियो आज त्यस बिसौनीभन्दा निकै परको क्षेत्रमा हामी पुगेका छौँ तर हाम्रो गन्तव्य भने धेरै टाढा छ । प्रतिदिनको निरन्तर उन्नतिबाट बरको एउटा सानो बिरुवा कालान्तरमा विशाल वटवृक्ष बन्दछ । पन्त समाज आज यहाँहरू सबैको संरक्षण खोज्ने बिरुवाका रूपमा रहेको छ । हिजोका तुलनामा यो संस्था केही नकेही मात्रामा हुर्केको पनि छ । यस कुराको जानकारी प्रस्तुत कृतिमा उल्लिखित हाम्रा गतिविधिको अध्ययन गरेमा प्राप्त हुनेछ । हामीलाई सबै पन्त बन्धुको निरन्तर सहयोग चाहिएको छ । हामी यहाँहरूप्रति आशा र भरोसाको भावना लिएर सम्मान प्रकट गर्दछौँ ।

यस कृतिको सम्पादन र व्यवस्थापनमा सक्रियताका साथ लागिपरेका सम्पादन उपसमितिका सल्लाहकार तथा सदस्यहरूको साझा साधनाबाट थोरै समयभित्र यसलाई आदरणीय पाठकहरू समक्ष पुऱ्याउन सकिएको हो । हाम्रो अभियानमा सदा यहाँहरू सबैको दाहिनापनको अपेक्षा गरेका छौँ । मुखपत्र प्रकाशन गर्ने हाम्रो सोचलाई साकार तुल्याउन प्रत्यक्ष वा परोक्ष रूपबाट सघाउने सबै सहयोगी, शुभेच्छु, बन्धुबान्धव, मित्रगण, लेखक, विज्ञापनदातासमेतका महानुभावहरूमा हार्दिक कृतज्ञता निवेदन गर्दछौँ ।

(अमर पन्त)
अध्यक्ष
**पन्त समाज नेपाल**

# सम्पादकीय

पन्त समाज नेपाल आर्थिक मुनाफारहित विशुद्ध समाजसेवी संस्था हो । यस संस्थाबाट प्रतिवर्ष प्रकाशन गरिने **भावजाह्नवी** नामक मुखपत्रको तेस्रो अङ्क सम्पादन गरेर जनसमक्ष प्रस्तुत गर्न पाउँदा सम्पादन उपसमितिका हामी सबै सदस्यहरू गौरवान्वित भएका छौँ । निश्चय नै सामाजिक मर्यादाको पर्यायका रूपमा रहेको पन्त थरको समस्त नालीबेली बटुलेर त्यसका सबै पक्षमा प्रकाश पार्दै समग्रमा परिचय गराउनु ज्यादै कठिन काम हो । यस्तो काममा हात हाल्न खोज्नु भनेको ठूलो हिम्मत गर्नु हो । त्यसो भए तापनि हामीले यस गहन विषयमा संलग्न हुने रहर र साहस जुटायौँ । हाम्रो विश्वास के पनि हो भने यसै गरी बिस्तारै प्रतिवर्ष केही नकेही कुरा थप्दै गएमा कालान्तरका कुनै नकुनै दिनमा पन्त थरको परिचयका अनेकौँ पाटाको उद्घाटन हुन सक्नेछ ।

यो कृति तीन खण्डमा विभाजित छ । यसको पहिलो खण्डमा वंशावली, इतिहास र पन्त परिवारका महान् व्यक्तिहरूको परिचय छ भने दोस्रो खण्डमा लेख, रचना, कविता, निबन्ध, संस्मरण तथा संस्थागत प्रगतिको विवरणजस्ता सामग्री समेटिएको छ । तेस्रो खण्डमा चाहिँ पन्त समाज नेपालका वार्षिक गतिविधिहरूको विवरण दिइएको छ । यी सबै सामग्री आदरणीय पन्त बन्धु एवं समस्त पाठकवृन्दका लागि रोचक, ज्ञानवर्द्धक, उपयोगी र आकर्षक बन्ने छन् भन्ने विश्वास हामीले गरेका छौँ ।

सीमित समयभित्रको तयारी, संयोजनको कमी, एकोहोरो भएर लाग्न नपाइएको स्थिति, स्थिर नभइसकेको संस्थागत संरचना, लोड सेडिङबाट उत्पन्न प्राविधिक समस्याजस्ता अनेकौँ कारणबाट यस कृतिमा पनि हामी खारिन सकेनौँ र यसलाई यसरूपमै आदरणीय पाठकका हातमा राख्न बाध्य भयौँ । यसमा बाँकी रहन गएका अशुद्धि, अपरिष्कार र कमजोरी सुधार्नका लागि प्राप्त रचनात्मक सुझावको अपेक्षा गर्दछौँ । यसबाट अर्जित अनुभव आगामी अङ्कमा कार्यान्वयन गर्ने नै छौँ ।

हामीलाई सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद निवेदन गर्दछौँ । यसभित्र समेटिएका जीवनी, लेख, कविता, निबन्ध, संस्मरण लगायतका समस्त रचनामा भनिएका कुराको जिम्मेवारी र उत्तरदायित्व सम्बद्ध लेखकमा नै रहने कुरा जानकारीका लागि अनुरोध गर्दछौँ । अन्त्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको *नेपाली शाकुन्तल महाकाव्य*को निम्नलिखित श्लोक उद्धृत गर्दै विराम लिन्छौँ–

आफैलाइ चिनाउने, रस दिने, प्राचीन सम्झाउने  
मीठो व्यञ्जन ल्याउने, धन हुने, संसार ब्यूँझाउने  
चिन्ता दूर भगाउने, समयमै स्वर्णाभ फर्काउने  
ज्ञानीले पनि गाउने प्रियकथा आनन्द बर्षाउने ॥१।५॥

(जयराज पन्त)  
प्रधान सम्पादक तथा संयोजक  
**मुखपत्र प्रकाशन उपसमिति**

भावजाह्नवी वर्ष ३ अङ्क ३

२०६९

# खण्ड एक

## वंशावली, इतिहास र पुरातात्त्विक सामग्री

# प्रकाशमा नआएका प्रकाण्ड विद्वान् पण्डित डमरुवल्लभ पन्त

**– नारायणवल्लभ पन्त**

**सल्लाहकार**

पं.विश्वनाथ पन्तका छोरा परमानन्द, परमानन्दका छोरा नित्यानन्द, नित्यानन्दका छोरा कलाधर, कलाधरका छोरा खरिदार रविदत्त र रविदत्तका कान्छा छोरा पं.डमरुवल्लभ पन्त हुनुहुन्छ । उहाँहरूका पूर्वजलाई नाथु पन्त भनी संबोधन गरिन्छ । डमरुवल्लभका तीन छोरामध्ये पं. नरवल्लभ पन्तका कान्छा छोरा युवतिवल्लभ तथा उहाँका साहिंला छोरा पंक्तिकार हुन् ।

पं. डमरुवल्लभ प्रकाशमा नआएका विद्वान् हुनुहुन्थ्यो । उहाँको जन्म वि.स. १९०१ उदिपु लमजुङमा भएको हो । उहाँको स्वर्गारोहण वि. स. १९६० मा काठमाडौँ न्हुवाहाल (हाल सवल बहाल) मा भएको हो । उहाँका पिताजी खरिदार रविदत्तले काठमाडौँमा नै जागिर खाई काठमाडौँको न्हु बहाल (हाल सवल बहाल) मा बस्नु भएको थियो । सेवाबाट अवकाश पाएपछि रविदत्त पुनः उदिपु लमजुङमा नै बसोबास गर्न थाल्नुभयो । डमरुवल्लभ छायावतीका एक मात्र छोरा हुनुहुन्थ्यो । काशीमा पढ्न जानुअगाडि उहाँको नाम डमरुनाथ उल्लेख भएको कुरा अंशवण्डा (ताम्रपत्र) मा उल्लेख छ । उहाँ शिक्षा आर्जन गर्न काशी (बनारस) पुग्नुभएको थियो । त्यस बखत शास्त्री, आचार्य भन्ने प्रमाणपत्र दिने व्यवस्था नै थिएन । उहाँले संस्कृतमा न्याय, व्याकरण, वेदान्त, ज्योतिष, धर्मशास्त्र र साहित्य आदि विषयको अध्ययन गर्नुभएको थियो । त्यस बखतका विद्वान्हरूमा उहाँ एक प्रकाण्ड विद्वान् मानिनुहुन्थ्यो । काशीमा डमरुनाथको सट्टा डमरुवल्लभ पन्त भनी उहाँले नामका बीचको थेगो परिवर्तन गर्नुभयो । 'वल्लभ' भन्ने सो थेगो हालसम्म उहाँका सन्ततिहरूले प्रयोग गर्दै आइरहेका छन् ।

काठमाडौँ (नेपाल) नै नआई उहाँ अध्यापन गर्न कलकत्ता जानुभएको थियो । त्यहाँ उहाँका धेरै चेलाहरू थिए र रामकृष्ण परमहंसको पाँच खण्डमा रहेको पुस्तक एवं An Autography of Yogi Swami Yogananda मा समेत डमरुवल्लभको नाम उल्लेख छ । उहाँ श्रीमद्भगवद्गीता समेत विद्यार्थीहरूलाई पढाउनु हुन्थ्यो । त्यस बखत डमरुवल्लभको चेला हुँ भनी विद्यार्थीहरू गौरवान्वित हुन्थे । उहाँमा रहेको पढाउने कला अद्भुत थियो ।


कलकत्तामा अध्यापन गरेर वि.स.१९४० तिर उहाँ काठमाडौँ आउनुभयो र

सवल बहालमा बस्नुभयो । काठमाडौँमा रहँदा उहाँले हालको विश्वज्योति सिनेमा भवनसँगै रहेको तात्कालिक संस्कृत पाठशालामा पढाउन सुरु गर्नुभयो । उहाँ त्यति बेलाका नम्वरी पण्डितमा गनिनुभएको थियो । संस्कृत पाठशालामा मात्र पढाउने नभई उहाँ वीर पुस्तकालयका अध्यक्षसमेत हुनुभयो । उहाँमा नेपाली, हिन्दी, बङ्गाली, संस्कृत र अङ्ग्रेजी आदि भाषाहरूमा दखल थियो । Cecil Bindal भन्ने विद्वान्ले *A Journey to Nepal and Northern India* भन्ने पुस्तकमा Several Pandit were assembled to assist me, among them Dambar Ballav Pant, known as a scholar beyond this Native Country and now teacher of Sanskrit in Pathshala. भनी उल्लेख गरिएको छ । त्यसबाट पनि उहाँको विद्वता प्रकट हुन्छ ।

केही वर्षअगाडिसम्म जीवित बङ्गालका प्रसिद्ध विद्वान् महिमानन्द भट्टाचार्य पं.डमरुवल्लभका विद्यार्थी थिए । तारापद स्मृतितीर्थ, श्रीजीव न्यायतीर्थले समेत डमरुवल्लभ पन्तलाई विद्वान् मान्दथे । पं. डमरुवल्लभले विभिन्न पुस्तकहरू लेख्ने, अनुवाद एवं टीकासमेत लेख्ने काम गर्नुभएको थियो । उहाँका केही प्रकाशित र केही अप्रकाशित कृतिहरू छन् । उहाँका अमर कृतिमा ‘शकुन्तला नाटकको टीका’ र ‘स्त्री पुरुष लक्षणम्’ हुन् । महिमानन्द भट्टाचार्यको ‘काव्यप्रकाश’मा डमरुवल्लभको टीका छ । ‘दशकुमारचरितम्’ र ‘मुद्राराक्षस’ मा डमरुवल्लभको टीका छ, ‘वसन्ततिलक भाण’ को सम्पादन र प्रकाशन डमरुवल्लभले कलकत्तामा गर्नुभएको हो ।

यी सबै तथ्यबाट के कुरा स्पष्ट हुन्छ भने पं. डमरुवल्लभ पन्त प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । यस सम्वन्धमा गहिरिएर अनुसन्धान भएको छैन । यसबारेमा गम्भीर खोजी भएमा अवश्य पनि डमरुवल्लभका विषयमा थप जानकारी प्रकाशमा आउनेछ । यो सानो टिप्पणी लेख्न डा.स्वामी प्रपन्नाचार्यको प्रेरणा मिलेको हो ।

# पंङ्क्तिकारका पुस्ता


विश्वनाथ पन्त
परमानन्द
नित्यानन्द
गुरुडध्वज
कलाधर
रविदत्त
डमरुबल्लभ
नरवल्लभ
युवतीवल्लभ
अच्युतबल्लभ
केशवबल्लभ
नारायणबल्लभ
राजवबल्लभ
सागरबल्लभ
अरुणबल्लभ
नरेन्द्रबल्लभ
अजयबल्ल्भ
सुरज

# डोटी राज्यका तात्कालिक राजगुरु रघुनाथ पन्त साक्षी भएका केही ताम्रपत्र

– प्रा.डा.जयराज पन्त

प्रधान सम्पादक

'भावजाह्नवी' को पहिलो अङ्कमा डोटी राज्यका तात्कालिक राजगुरु नारद पन्त र दोस्रो अङ्कमा तिनै नारदका जेठा छोरा राजगुरु केशव पन्त लेखक र दर्शक साक्षी भएका ताम्रपत्रको सङ्कलन र सामान्य अध्ययनमा आधृत लेख प्रस्तुत गरिएको थियो । यस अङ्कमा राजगुरु खलकका तिनै नारदका नाति र केशवका छोरा राजगुरु रघुनाथ पन्त, लेखक र दर्शक साक्षी भएका ताम्रपत्रहरूको प्रस्तुति सामान्य चर्चा पेस गरिएको छ । जेठा छोरा भएकाले बाजे नारद र बाबु केशवले झैँ रघुनाथले डोटी राज्यमा आफ्नो समयमा राजगुरु, दफ्तरी, राज्यका अकर व्यक्ति भएर जिम्वालको पैतृक जिम्मेवारी सम्हाल्नु पऱ्यो । डोटीका रैका राजा हरि शाही तथा कृष्ण शाहीको समय अर्थात् शाके १६६५ तदनुसार विक्रमीय सम्वत् १८००देखि शाके १६९३ तदनुसार विक्रमीय सम्वत् १८२८सम्मका अट्ठाइस वर्षमा यिनी साक्षी रहेका अनेकौँ ताम्रपत्रहरू पाइन्छन् । त्यस बखत देखि शाके १६९५देखि १९७४सम्मका नौ वर्ष यिनी आफ्ना बाबु राजगुरु केशव पन्त पदासीन रहँदै विभिन्न ताम्रपत्रमा लेखक र दर्शक बनेका देखिन्छन् । त्यसबाट बाबुको अनुपस्थितिमा कार्यवाहक वा सहायक राजगुरुको जिम्मेवारी पाएको वा खानदानी परम्पराको काम सिकाउन यिनलाई साक्षी राखिएको कुरा थाहा हुन्छ । अनेकौँ ताम्रपत्रको भाषा लेख्ने, साक्षी बस्ने र राजगुरुको दायित्व वहन गर्ने काम इमान्दारीपूर्वक पूरा गरेको देखिन्छ ।

तात्कालिक राजगुरुका दायित्व र महत्ता बारे छोटकरीमा केही कुरा उल्लेख गर्नु आवश्यक देखिन्छ । शैक्षिकदृष्टिले उच्चतम ज्ञान आर्जन गरेको, धार्मिक मामिलामा शास्त्रसम्मत निर्णय दिन सक्ने, राजनीतिक सुझबुझ भएको, परिपक्व उमेरको, सांस्कृतिक मूल्य र मान्यताका कुरामा जानकार तथा न्याय क्षेत्रमा निष्णात व्यक्तिलाई नै त्यस बेला राजगुरु पदमा नियुक्त गरिन्थ्यो । राजगुरु ज्ञान, अनुभव, योग्यता, आचार-व्यवहार, कूटनीति, धार्मिक मान्यता र सामाजिक परम्पराको त्यो शिखरपुरुष हुन्थ्यो जसको बोलीमा तौल, आचरणका ऋषित्व, व्यवहारमा सामाजिकता र समष्टि व्यक्तित्वमा प्रभावकारिता हुन्थ्यो । त्यसैले राजादेखि प्रजासम्मका सबै तहका व्यक्तिहरू राजगुरुका खुट्टा छोएर अभिवादन

गर्दथे । मान्यताका क्रममा राजा, महारानी र युवराजपछिको ठूलो पद राजगुरुको मानिन्थ्यो। पद र प्रतिष्ठा जति ठूलो हुन्थ्यो उत्तरदायित्व पनि त्यत्ति नै ज्यादा हुन्थ्यो । राजपविारका सदस्यलाई शिक्षादीक्षा दिनका साथै सामाजिक, सांस्कृतिक चालचलन सिकाउने, राजपरिवारका सन्ततिको यज्ञोपवीत संस्कारमा प्रमुख गुरु बनेर गायत्री मन्त्र सुनाउने, राज्य र राजपरिवारबाट आयोजना गरिने यज्ञअनुष्ठानहरूमा प्रमुख आचार्य बनेर कार्यसम्पादन गर्ने, प्रशासनिक र सामाजिक नीतिनिर्माणका विषयमा राज्यका जिम्मेवार व्यक्तिलाई शास्त्रनिर्दिष्ट र परम्परागत रीतिस्थिति अनुकूल सरसल्लाह दिने, केन्द्रीय प्रशासनलाई बलियो बनाउन सकारात्मक भूमिका निर्वाह गर्ने, राज्यबाट प्रदान गरिने दानदातव्य वा पुरस्कारका लिखतमा साक्षी वा लेखक साक्षी बन्ने, परराष्ट्र सम्बन्धमा मध्यस्थ बनेर राज्यको हित हुने गरी सन्धि, सम्झौता गर्ने  जस्ता अनेकौँ जिम्मेवारी राजगुरुले त्यस बखत वहन गर्नु पर्दथ्यो ।

त्यस बेला धर्मशास्त्रले निर्देश गरेको मार्गमा राजादेखि प्रजासम्मका सबैले अनिवार्य रूपमा चल्नु पर्दथ्यो । त्यस क्रममा कहीँ कतै विवाद वा आशङ्का भएमा शास्त्रको व्याख्याविवेचना गर्ने र यथोचित निर्णय दिने काम राजगुरुले गर्नु पर्दथ्यो । त्यसैले समाजमा ब्राह्मणको स्थान जातीय दृष्टिले उच्च हुन्थ्यो । राजगुरु ब्राह्मणको उच्चता जोगाउने प्रमुख व्यक्ति मानिन्थे । राजा वा राज्यका प्रमुखलाई सुशासन प्रदान गर्नका लागि धर्म र नीतिशास्त्रले बताएको मार्ग देखाउने काम राजगुरुले नै गर्दथे । धर्मशास्त्र, नीतिशास्त्र, ज्यौतिष, वेद, पुराण, उपनिषद् लगायतका शास्त्रहरूमा निष्णात र सामाजिक सांस्कृतिक मूल्य तथा मान्यताका मर्मज्ञ व्यक्ति नै राजगुरुमा चयन हुन्थे । राजगुरु बन्नका लागि ठूलाठूला चुनौतीको सामना गर्नु पर्दथ्यो (वैद्य र अन्य, २०५५ : ५१-५३) ।

यस प्रकारका समस्त आधारहरू पुरा गरेर राजगुरु बनेका व्यक्ति नारद पन्तका वंशजका तेस्रो पुस्ताका जेठा छोरा रघुनाथ भएकाले यिनले पुस्तैनी परम्पराको बिरासतका रूपमा राजगुरु पद प्राप्त गरेका थिए । बाजे नारद र बाबु केशवले भन्दा निकै ज्यादा ताम्रपत्रमा यिनी लेखक साक्षी बनेका देखिन्छन् । केशव पन्त राजगुरु पदमा आसीन रहँदै कार्यवाहक वा सहायक बनेर अथवा पारिवारिक परम्पराको काम सिक्ने उद्देश्य राखेर यिनले साक्षी बनेका थिए । (पाण्डेय, २०६५:१४०-१४२) । उदाहरणका लागि केही ताम्रपत्र यहाँ प्रस्तुत छन्–

> श्री साके १६६५ समये ज्येष्ट वदी ८ गुरौ श्री महाराजाधीराज श्री रैका हरी साही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोइ भट्ट भडारीले मौन भीतर षेत पायो । चीमा भटले रैड्या १ नामकर भडारी नाली १० दस

कासी भडारी रैड्या १ हीरा भट रैड्या १ सुदर्सन भट रैड्या १ तुलछु भडारी रैड्या १ कुतुडु भट नाली १० दस कौछु भडारी नाली ३ तीन गोठगंनाकी ठौर उजगलो नाली १२ वार । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी वरन साइ देवान लछीमन पनेरुज्यु हीरा कठाइत वरन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार अनंत भडारी कालु वीष्ट वाहादुर धामी भुवाल चोषाल रग वोरो जगत थापो लिषितं **पंथ रघुनाथेन** लिषित साछी नरसींग जोइसी ॥ अन्यथा नास्ति ॥

**-पंथ रघुनाथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी भएको डोटी, गडसेरा-६, ज्युनाबस्ताका हाल कैलाली, पहलमानपुर, रानीझिरोखा बस्ने डिल्लीराम भण्डारीबाट प्राप्त ताम्रपत्रको नक्कल ।**

श्री शाके १६७० समये वैशाष सुदि २ श्री महाराजाधिराज श्री रैकाज्यु हरिसाहि पादाचिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई कुनु वोरा गैरिषेत रिज्यावदि गरिमनि नालि ६ संकल्प तां माथि नालि छ ग्रेटाढुंगाउना परियो नालि ४ मुतडिगाडा दोमोता उचो अगसिन्या भिड ७ चोविद्यनो मटेला लाग गरि संकल्प गरि पायो । अत्र साछि चंद्रसूर्य भूमंडलका साछि अर्जुन साहि द्यान कर्म भट परताप वोगटी चूडामनि पनेरु हरि कठायत सिवा भडारि परान साउद उदि देउवा षलि चोषाल रगिवोरो लेषत साछि **रघुनाथ पंथ** अन्यथा नास्ति।

**- रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी भएको र डडेल्धुरा, अमर गढी-४, कारीगाउँका हाल गेटा कैलाली बस्ने साहित्यकार तथा शिक्षासेवी चूडामणि पन्तबाट प्राप्त ताम्रपत्रको नक्कल ।**

श्री शाके १६७० समये आषाढ वदी २ श्रीमहाजाधिाज श्रीरैका हरि साहि पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई म सुरडाभितर रैड्या ६ छै गडो हिम राई अर्जुन पनेरुले पायो ।

भडारको  नालिको गौलिगाउको जयसिग पनेरुको चेलाको पायो । सरकार लागो गडो हिमराई अर्जुन पनेरुले पायो । औल पर्भतसमेत पायो । अत्र साक्षि चंद्रसूर्व भूमंडलका साक्षि अजुर्न साहि द्यान चूडामनि पनेरु सुना कठाइतज्यु कलाविष्ट वरन साउन सिवा भडारि रुदि देउवा परताप बोगटी रजबार देवविष्ट  लिषित साक्षि **रघुनाथ पंथ** । अन्यथा नास्ति ॥

**–रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी भएको डडेलधुरा, गणेशपुर–३, रन्तोला गाउँका जयदेव पनेरूबाट प्राप्त ताम्रपत्रको नक्कल ।**

शाके १६७४तिर राजगुरु केशव पन्तको निधन भएको देखिन्छ किनभने त्यसपछि यिनको नाम कुनै पनि लिखितमा पाइँदैन र लगातार रैका दरबारका लिखतमा रघुनाथ पन्तकै नाम देखिन्छ । रघुनाथलाई पनि रैका शासकले नारद र केशव पन्तलाई झैँ  दरबारिया पण्डित, लेखक, दफ्तरी, राज्यका अकर व्यक्ति र गुरुको पदवी दिएर सम्मान प्रदान गरे (पाण्डेय, २०६५:१४२-१४६) । यस कुराका उदाहरण यिनी लिखित साक्षी रहेका निम्नलिखित ताम्रपत्रहरू हुन्–

श्री शाके १६७५ समये वैशाख वदी १४ श्री महाराजाधीराज श्री रैका हरि शाही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई डोलाको गाउ गाडकि बगडि लेककी इजरी सुदा मुस्याषेत समेत सूर्य ग्रहण संकल्प गरी रामचन्द्र पंज्युले पायो । अत्र साक्षी चंद्रसूर्य भूमंडलका साक्षि श्री अर्जुन शाही द्यान चुडामनी पनेरुज्यु परताप वोगटी रजवार देव विष्ट लछु भटीज्यु वरन साउन सिवा भडारी सुनी देउवा लिषित  साक्षि **रघुनाथ पंथ।** अन्यथा नास्ति । स्वदत्तं परदत्तं वा यो हेरेच्च वसुंधरा षष्ठि वर्ष सहश्राणि विष्णयां जायते कृमिः । पाषाणे क्षीयते रेखा समुद्रे क्षीयते जलम् पृथीव्यां क्षीयते रेणु मल्लभाषा नक्षीयते ॥

**–डडेल्धुरा, अमरगढी न.पा.–४, कारीगाउका कवि स्व. उद्धवराज पन्तबाट प्राप्त रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री शाके १६७६ समये फाल्गुन मासे कृस्न पछे श्रीमहाराजाधीराज श्री कृस्नसाही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चितोइ अमरसींग सेटीले चौदफरि भितरको जोसीनामा इदम जोसीको आसो गाडकी बगडी लेककी इजरी सुदा पायो । अत्र साछी चन्द्रसुर्य भूमंडलका साछी श्री जैदेव पनेरूज्यु अर्जुन, वरन साउनज्यु सीवा भडारीज्यु रामसीं देउवा परताप वोगटी रजवार देवसीं कठाइतज्यु गोकुल विष्ट वैयाल देव वीष्ट लिखीत साछी **रघुनाथ पंथ** देव पंथ । अन्यथा नास्ती ।

**– डडेल्धुरा, अमरगढी न.पा.–४, कारीगाउँका कवि उद्धवराज पन्तबाट प्राप्त र रघुनाथ पंथ तथा देव पंथ अर्थात् रघुनाथ पन्त र देव पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री शाके १६७९ समये भाद्र वदि १४ श्री महाराजाधीराज श्री

रैका हरी साही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई तला चोषालका आंसामै दुडा षेत पडासेर भीतर छडाषोलामै रैड्या १ एक षेत भगीरत भटले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी अर्जुन साई द्यान चुडामनी पनेरुज्यु हीरा कठाइतज्यु वरन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार रगुवा चोषाल परान वोरो लिषित साछी रघु नाथ पंथ ॥ अन्यथा नास्ति ॥

**- डोटी, गढसेरा-९, भुलखेतका कोमलप्रसाद भट्टबाट प्राप्त रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री साके १६७९ समये माघ सुदि ८ श्री महाराजाधीराज श्री रैका हरी साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चीतोइ सागर चोषाल राठका छड्या षोला भैषेत नाली १८ अठार अनंत भडारीले पायो । फीरी नाली ७ सात हीरा भटले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी अर्जुन साइ भनी पनेरुज्यु हीरा कठाइतज्यू वरन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार लीषीत साछी **रघुनाथ पंथ** दसरत कठाइत गुज्या चोषाल परान वोरो पठान चोषाल गोपाल वोड कठाइत अन्यथा नास्ति ॥

**- डोटी, गडसेरा-६, ज्युनाबस्ताका हाल कैलाली, पहलमानपुर-१, रानीझिरोखा बस्ने डिल्लीराम भण्डारीबाट प्राप्त रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री साके १६८० समये फाल्गुन वदि १ श्री महाराजाधीराज श्री रैका हरी साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चीतोइ चौद फरी भीतर भामड साल षडाइतका आंसा लागो षेत रैड्या १ एक उजगलो घरगंनाकी ठौर नाली १० दस देव वोजाले पायो । अत्र साक्षी चंद्रसूर्य भूमंडलका साक्षी अर्जुन साइ द्यान भगुवान साइ द्यान चूडामनी पनेरुज्यु हीरा कठाइत वरन साउन सीवा भडारी उदी देउवा परताप वोगटी रजवार लिषित साक्षी **रघुनाथ पंथ** अनंत भडारी चीमा भट्ट गुज चोषाल परान वोरो गोपाल वोड पत सुनार ॥ अन्यथा नास्ति ॥

**- डोटी, गडसेरा-६, ज्युनाबस्ताका हाल कैलाली, पहलमानपुर-१, रानीझिरोखा बस्ने डिल्लीराम भण्डारीबाट प्राप्त रघुनाथ पंथ अर्थात् रघुनाथ पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री शाके १६८२ समये वैशाख वदी १० श्री महाराजाधिराज श्री रैका किस्न

शाही पादाश्चिरं जयतु । श्री रैकाज्यू पायले मया चितोइ जीत चंद गुसाइले भलपनिको माणे पायो । अत्र साछी चंद्रसूर्य भूमण्डलका साछी श्री दीपा साही गुसाइज्यु चुडामनि पनेरुज्यु लछु भटीज्यु वरन साउन सीवा भंडारी रुदी देउवा परताप बोगटी रजवार लिषित साछी **रघुनाथ पंथ** ॥

*-बैतडी, बराइल गा.वि.स.का* **राम चन्दबाट** *प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री शाके १६८२ समये आषाढ सुदि १२ श्रीमहाराजाधिराज श्री रैका कृष्ण सही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई हरडी भितर रैत राउतका असामै नालि १५ पंद्र वरन विष्टले पायो । हर्सिंग विष्टको हडालीकोपायो । अत्र साक्षि चंद्रसूर्य भूमंडलका साक्षि श्रीदीप साही गुसाइज्यु चुडामनी पनेरुज्यु नेव लछु भटिज्यु वरन साउन सीवा भडारी लिषित साक्षि **रघुनाथ पंथ** लिषितं कमल जोइसी ॥ अन्यथा नास्ति ॥ शुभमस्तु ॥

*-डडेल्धुरा, बगरकोट गा.वि.स. सानका* **रूपसिंह गौली** *बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री साके १६८२ समये आश्विन सुदी ५ श्री महाराजाधीराज श्री रैका कीश्न साही पादाश्चीरं जयतु । श्री रैकाज्यू पायले मया चीतोइ उडी भीतर गडो गुपुरनरो सेरा कोपाडेकी जीमादेव भीत्रा पाडेले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी दीप साही गुसाइ चुडामनी पनेरुज्यु परन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार गोकुल देव वीष्ट वैयाल लीषीत साछी **रघुनाथ पंथ** ।

*-डडेल्धुरा, अमरगढी-४, कारीगाउँका हाल गेटा कैलाली बस्ने साहित्यकार तथा शिक्षासेवी* **चूडामणि पन्त** *बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** ***लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।***

श्री शाके १६८२ समये आसिन सुदि ७ श्रीमहाराजाधीराज श्री रैका कीश्न साही पादाचिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई भुलषेतमै नालि १८ अठार षेत गोविंद भट्टले पायो । टुडाषेत नालि ६ छै अगेरामै नालि १० दस वर भरि पाटाषेतमै नालि ४ चार दाडी भाडैमै नालि ४ चार षली डुलु हिरा चुषु भाटले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीप साही गुसाइज्यु चुडामनी पनेरुज्यु हीमत कठाइत नेव वरन साउन सीबा भडारी रुदी देउवा परताप बोगटी रजबार लिषीत साछी **रघुनाथ पंथ** अनंत भंडारी

गुज चोषाल दुज वोरो ॥ अन्यथा नास्ति गंडेतामै नालि २ दुई नामकर वजाले पायो ॥

*-डोटी, गढसेरा-९, भुलखेतका* **कोमलप्रसाद भट्ट**बाट प्राप्त **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री साके १६८३ समये आश्विन सुदि ७ रवौ श्री महाराजाधीराज श्री रैका कृश्न साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चीतोइ  सुगाल भीतर राउलका आंसामथी रैड्या ३ तीन खेत चार खेत रैड्या १॥ डेड उजगलो नाली १२ वार भाउ सीग भट्टले पायो । सर्वकर अकर सर्व सोत विवर्जित करी पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीप साही गुसाइज्यु सगराम साही देवान चूडामनि पनेरुज्यु वरन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार भाउसीग साउन वैयाल लीषीत साछी **रघुनाथ पंथ** ॥ अन्यथा नास्ती ॥ नाली पांच गडो कल्यान भाटको हुनो फीरी पायो भाउसीग भटले पायो ॥

*-डडेल्धुरा, अजैमिर गा.वि.स., जिजोडाका* **यज्ञराज भट्ट** *बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल*

श्री साके १६८४ समये फाल्गुन वदि श्री महाराजाधीराज श्री रैका कृश्न साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चीतोइ डीग्मातोलाको गाउलधुमन रैसीग्या मरले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलकाका साछी श्रीदीप साही गुसाइज्यु सगराम साही देवान जैदेव पनेरुज्यु कल्यान कठाइत नेव वरन साउन साता भडारी रुदी देउवा परताप वोगटी रजवार लीषीत साछी **रघुनाथ पंथ** ॥

*-कैलाली, धनगढी न.पा.-५, तारानगरका* **श्याम महरा** *बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री साके १६८५ समये वैसाष सुदी १५ श्री महाराजाधिराज श्री रैका कृस्न साही पादास्चिरं जयतु । श्री रैकाज्यु मया चितोइ पुनीउका पर्व चतुर्भुज पनेरुज्युले बुडालीको गाउ लेकको इजरी गाडको बगडी सुदा सर्वकर अकर सर्व सोथ विवर्जित गरी संकल्प गरी पायो । तामाइ रैड्या ३ तीन पुरंदर पनेरुज्युले पायो । अत्र साछी चन्द्रसूर्य भूमंडलका साछी दीप साही गुसाइज्यु सगराम साहीज्यु देवान जैदेव पनेरुज्यु पुरोहीत परन साउन सीवा भडारीज्यु रुदि देउवा परताप वोगटि रजवार वैयाल देव विष्ट वुडो पिरोज लिटिर

रैकाल वदरी साउन लिखित साछी नरसींग जोइसीज्यु लिखित **पंथ रघुनाथ** अन्यथा नास्ति ॥ भूयो भूयो भाबिनो भूमिपाला नत्वा नत्वा याचिते कृस्न मल्ल सामान्येयं धर्महेतू नृपाणां काले काले पालनीयोमवद्भि ॥ शुभ मस्तु ॥

*-डडेल्धुरा, राई गा.वि.स., बुडालीका डोटी क्याम्पसका पूर्व क्याम्पस प्रमुख, साहित्यकार प्रा.***यज्ञराज पनेरू***बाट प्राप्त* **पंथ रघुनाथ** *अर्थात्* **रघुनाथ पन्त लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।**

श्री साके १६८५ समये भाद्र सुदि श्री महाराजाधिराज श्री रैका कृश्न साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चीतोइ जीजोडा भीतर रन भुल नगऱ्या भुलको आंसो गाडकी वगडी लेककी इजरी समेत भानुसीग भटीज्युले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीप साही गुसाइज्यु जैदेव पनेरुज्यु सगराम साही देवान भाउसीग मरज्यु सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार देव वीष्ट वैयाल लीषित साछी **रघुनाथ पंथ** ॥ अन्यथा नास्ती । पाषाणे क्षीयते रेषा समुद्रे क्षीयते जलं ॥ पृथिव्यां क्षीयते रेणु मल्लभाषा न क्षीयते ॥

*-डडेल्धुरा, राई गा.वि.स., बुडालीका डोटी क्याम्पसका पूर्व क्याम्पस प्रमुख, साहित्यकार प्रा.***यज्ञराज पनेरू***बाट प्राप्त* **पंथ रघुनाथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

रघुनाथका जेठा छोरा लछिमन अर्थात् लक्ष्मण वा लछि अथवा लछु बराजुका पालादेखि चल्दै आएको परम्परा कायम गर्नमा त्यति सशक्त देखिँदैनन् । यिनलाई कमजोर देखेर बाबु रघुनाथले कुलले परम्परादेखि पाउँदै आएको राजगुरुको जिम्मेवारीका विषयमा स्वयं तालिम दिने काम पनि गरे (पाण्डेय, २०६५:१४६-१४९) । यस कुराको प्रमाण यिनलाई लेखक साक्षी बनाएर आफू अतिरिक्त रूपमा लिखित साक्षी रही काम गरेको सूचना दिने निम्नलिखित ताम्रपत्रले प्रस्तुत गरेका छन्–

श्री शाके १६८७ समये आषाढ वदि १० श्री महाराजाधिराज श्री रैका कृस्न साहि पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई सोलफरिभितर सेरामै भगौतिमै षेत उजगल सुदा रैड्या १२ वार जीभीडालाका बदलाको सर्वकर अकर सर्व स्रोत विवर्जित गरि सूर्य ग्रहणमै गरि रामचंद्र पंज्युले पायो । अत्र साक्षि चंद्रसूर्य भूमंडलका साक्षि श्री दीप साहि गोसात्रीज्यु

संग्राम साहिज्यु देवान जयदेव पनेरुज्यु भावसिंह सेटीज्यु नेव वरन साउन सिवा भडारिज्यु रुदी देउवा परताप वोगटी रजबार देव विष्ट गोकुल विष्ट वैयाल रैकाल सवद साउन आइत बूढो अर्जुन षडाइत लिषित साक्षि **रघुनाथ पंथ** लिषितं **पंथ लक्ष्मणे**न अन्यथा नास्ति ॥ स्वदत्तं परदत्तं वा यो हरेश्च वसुंधरां षष्ठि वर्ष सहश्राणि विष्ठायां जायते कृमिः ॥ पाषाणे क्षीयते रेषा समुद्रे क्षीयते जलम् । पृथीव्यां क्षीयते रेणु मल्लभाषा नक्षीयते शुभमस्तु ॥

*-डडेलधुरा, अमरगढी न.पा.-४, कारीगाउँका* **नवराज पन्त** *बाट प्राप्त* **रघुनाथ पंथ** *अतिरिक्त लिखित साक्षी र* **पंथ लक्ष्मण** *अर्थात्* **रघुनाथ पन्त** *र* **लक्ष्मण पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री शाके १६८७ समये भाद्र सुदी १ श्री महाराजाधिराज श्री रैका कृष्ण शाही पादाश्चिरं जयतु । श्री रैकाज्यू पायले मया चितोइ बरगलीभितर पुर नैका आंसामथि रैड्या ३ तीन खेत उजगलो सुदा वीरभान राउलले पायो । मांधाता शाही रैकाज्यूका दिनको पायो । सारी पायो । पुर्षु राउलले बतैरका आंसामथि उजगलो पायो । रोजितरो नाली १५ पंद्र षेत उजगलो नाली १५ पन्द्र पायो ।  अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीप शाही गुसाईज्यू, सगराम शाही दिवान जैदेव पनेरु, भाउसिं भटी नेव वरन साउन सीवा भंडारी रुदी देउवा परताप बोगटी रजवार गोकुल बिष्ट रैकाल नरवा ओड रघुनाथ पनेरु लिखित साछी **रघुनाथ पंथ** लिखितं **पंथ लक्षुमणे**न अन्यथा नास्ति संवत् १७१२ ।

*-डडेल्धुरा, भद्रपुर ४ गुनपाल गाउँ बस्ने मुखिया* **कालुसिंह मल्ल** *बाट प्राप्त* **रघुनाथ पंथ** *अतिरिक्त लिखित साक्षी र* **पंथ लक्ष्मण** *अर्थात्* **रघुनाथ पन्त** *र* **लक्ष्मण पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री साके १६८७ समये आश्विन वदी ३ श्री महाराजाधिराज श्री रैका कृस्न साही पादाश्चिरं जयंतु श्री रैकाज्यु पायले मया चितोइ डुगरी कुरगाइलइ षेत रामा मौको मागो कीस्न देव चंद्रभान कीसन पुरुष  रगु चटौतले भागो तोडी पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीप साही गुसाइज्यु देवान सगराम साइज्यु जैदेव पनेरुज्यु भाउसीग भटीज्यु नेव सीवा भडारीज्यु रुदी देउवा परताप वोगटी रजवार वैयाल गोकुल देव वीष्ट गंगाराम पंज्यु भगीरत उप्रेतीज्यु लिषित साछी **रघुनाथ पंथ** लिषितं **पंथ लक्ष्मणे**न अन्यथा नास्ति संवत् १८२२ ॥

*-डडेल्धुरा, डुङ्गरीका हाल काठमाडौँ, बानेश्वर बस्ने भाषाविद्, कोषकार तथा साहित्यकार* **आर.डी.'प्रभास' चटौत** *बाट प्राप्त* **रघुनाथ पंथ** *अतिरिक्त लिखित साक्षी र* **पंथ लक्ष्मण** *अर्थात्* **रघुनाथ पन्त** *र* **लक्ष्मण पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री शाके १६८७ समये आश्विन सुदी ११ श्री महाराजाधिराज श्री रैका कृश्नशाही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोइ बकस्या भीतर राम फुलाराका बडामथी पैडगाउको षेत जौवुनाउ सुदा रैड्या १ एक हीउनायो नाली ५ पाच रघुनाथ भगीरत भाटले पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्री दीपसाइ गुसाइज्यु सगराम साइज्यु देवान जैदेव पनेरुज्यु भाउसीग भटीज्यु नेव वरन साउन सीव भडारी रुदी देउवा परताप वोगटी रजवार वैयाल देव विष्ट बुढो मानंसीग ढाट लिषित साछी **रघुनाथ पंथ** लिषित **पंथ लछुमणे**न । अन्यथा नास्ति । शुभमस्तु संवत् १८२२ ॥

*-डडेल्धुरा, कारीगाउँका हाल कैलाली, गेटा बस्ने साहित्यकार तथा शिक्षासेवी* **चूडामणि पन्त** *बाट प्राप्त* **रघुनाथ पंथ** *अतिरिक्त लिखित साक्षी र* **पंथ लक्ष्मण** *अर्थात्* **रघुनाथ पन्त** *र* **लक्ष्मण पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री शाके १६८९ समये श्रावण वदि ९ श्री महाराजधिराज रैका कृष्ण साहि पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मायाचितोई तला सेटीको धुनो गडो कला विष्ठज्युले दुइ पडो पायो । अजैमिरी विष्ट राठले पायो । तेसरो पाडी सेटीको अत्र साछी चंद्रसूर्य भूमंडलका साछी श्रीदीपसाही गुसाइज्यु सगराम साहीज्यु देवान जैदेव पनेरुज्यु भाउसिँग भटीज्यु नेव वरन साउन सीवा भडारीज्यु रुदी देउवा परताप वोगटी रजबार वैयाल देव वीष्ट बुडो रैकाल लिषित साछी **रघुनाथ पंथ** लिषित **लक्षमणेन** अन्यथा नास्ति कला विष्ठज्युका बडाभाइ नाली १० दस भगी विष्टले पायो ।

*-डडेल्धुरा, बगरकोट, सानका* **रूपसिंह गौली** *बाट प्राप्त* **रघुनाथ पंथ** *साक्षी र* **पंथ लक्ष्मण** *अर्थात्* **रघुनाथ पन्त** *र* **लक्ष्मण पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

छोरा लक्ष्मण पन्तलाई साथमा राखेर रघुनाथ पन्तले अनेकौँ ताम्रपत्रमा लेखक साक्षी बनाउने काम गरे पनि अपेक्षित मात्रामा प्रशासनिक काममा लक्ष्मण पन्तले प्रगति गर्न नसकेपछि आफैंले निकै समयसम्म लिखित साक्षी रहेर जनसेवा गरे

(पाण्डेय, २०६५:१४८-१५०) । रघुनाथ पन्त र लक्ष्मण पन्त संयुक्त रूपमा लिखित साक्षी बनेका ताम्रपत्रका पछाडि रघुनाथ पन्त एक्लै लिखित साक्षी बनेर देखिनु यस कुराको प्रमाण हो । जस्तै–

> श्री शाके १६८९ समये साउन वदि ५ श्रीमहाराजाधिराज श्री रैका कीस्न साही पादाश्चीरं जयतु । श्री रैकाज्यु पायले मया चितोई तील ष्भैइतले बलवा गडो उजकलो किथराज युवा चोषालको हुनो उजकलो नाली १२ पायो । अत्र साक्षि चन्द्रसूर्य भूमंडलका साछी श्री दीप साही गुसाईज्यु सगराम साउन देव पनेरुज्यु वरन साउन सीवा भडारी रुदी देउवा परताप वोगटी रजवार देव गोपाल साई लीषीत साछी /3'gfy k+Ho अन्यथा नास्ती
>
> *-डोटी, गढसेरा-७ का* **गङ्गाराम जोशी** *बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

लछिमन अर्थात् लक्ष्मण आफैमा यथेष्ट सक्षम भएका भए त्यसो गरिनु आवश्यक थिएन । यिनी लेखक साक्षीका रूपमा देखिएको निकै समय पछिसम्म पनि रघुनाथ लेखक र सामान्य दुवै किसिमका साक्षी बनेका देखिन्छन् । यस कुराका प्रमाण यहाँ दिइएका केही ताम्रपत्र हुन्–

> स्वस्ति श्री १६९० समये फागुन मासे कृष्ण पक्षे श्री महाराजाधिराज श्री कृष्ण शाही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोई अमरसिं सेटिले चौदफरि भीतरको जोइसिनाइ मद जोइसिको आंसो गाडकि बगडि लेककि इजरि सुदा पायो । अत्र साक्षि चंद्रसूर्य भूमंडलका साक्षि श्री दीप साही गोसाईज्यु देवान सगराम विष्ट जैदेव पनेरुज्यू वरन साउनज्यु सिवा भडारिज्यु परताप वोगटी देवी विष्टज्यु गोतुल विष्ट वैयाल देव विष्ट देवसिं कठाइतज्यु । लिषित साक्षि **रघुनाथ पंथ** अन्यथा नास्ति ॥
>
> *-डडेलधुरा, अमरगढी न.पा.-४ कारीगाउँका कवि* **उद्धवराज पन्त** *(हाल स्वर्गीय) बाट प्राप्त* **रघुनाथ पंथ** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*
>
> श्री शाके १६९२ समये साउन सुदी ३ श्री महाराजधिराज श्री रैका कीस्न साह पादाश्चिरं जयतु । श्रीरैकाज्यु पायले मया चितोई जोरायलभितर पातल गोवींद वौद्ध भटले पायो । गाडकी वगडी लेककी इजरी सब

पायो । अत्र साछी चंद्रसूर्य भूमंडलका साछी दीप साही गुसाइज्यु देवान सगराम साउद पुरोहित जैदेव पनेरुज्यु देव पहाडी कठाइतज्यु करन साउनज्यु भागीरत भडारिज्यु रामसीग देउवाज्यु परताप वोगटी रजवार गौली भाउसीग कठाइत रैकाल दान वड वारा वडका लीषीतं रतन जोइसी लिषित साछी **रघुनाथ पंतज्यु** ॥

*-डोटी, गडसेरा-९, भुलखेतका* **कोमलप्रसाद भट्ट** *बाट प्राप्त* **रघुनाथ पंत** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

श्री शाके १६९३ समये कार्तिक सुदी ६ श्री महाराजाधिराज श्री रैका कृष्ण साही पादाश्चिरं जयतु । श्री रैकाज्यु पायले मया चितोइ डाडुगडो विष्टको हुनू नाली ३२ बत्तीस नरोत्तम पाण्डेले पायो । अत्र साक्षी चन्द्र सुर्य भूमण्डलका साक्षी श्री दिप साही गुसाईज्यु सगराम साईज्यु देवान मानसिंह नेव जयदेव पनेरुज्यु पुरोहित करन साउन केशव भडारी रामसिं देउवा परताप बोगटी रजबार विरसिङ्ग बिष्ट वयाल करन जोइसी बुधराज बिष्ट गौली लिखित साक्षी **रघुनाथ** लिखितम् जय कृष्णेन भगीरथ उप्रेतिज्यु अन्यथा नास्ति । सुभम् अस्तु ।

*-डडेल्धुरा, अमरगढी-४, कारीगाउँका हाल कैलाली, गेटा बस्ने साहित्यकार तथा शिक्षासेवी* **चूडामणि पन्त** *बाट प्राप्त* **रघुनाथ पंज्यु** *अर्थात्* **रघुनाथ पन्त** *लिखित साक्षी बसेको ताम्रपत्रको नक्कल ।*

शाके १६९४ तदनुसार विक्रमीय सम्वत् १८२९को हिउँदतिर रघुनाथ पन्तको निधन भएको देखिन्छ । त्यसपछि यिनका जेठा छोरा लक्ष्मण पन्त रैका दरबारबाट राजगुरु, राज्यका अकर व्यक्ति र दफ्तरीमा नियुक्त भए । रघुनाथले नारद र केशवले जस्तै रैका दरबारबाट बिर्ता वा दानदातव्य न्यूनतम मात्रामा पाएको देखिन्छ । पहिले नै यथेष्ट मात्रामा प्राप्त त्यस प्रकारका उपहारबाट आर्थिक हिसाबले सम्पन्न भएका हुनाले पनि त्यस्तो देखिएको हुन सक्छ । अजैमिरबाट पूर्ण रूपमा दिपायल सरिसकेको तात्कालिक रैकादरबारमा यिनले दस वर्ष बाबुका साथ रहेर काम सिकेको र लगभग बीस वर्ष राजगुरुको सम्मान तथा जिम्मेवारी सह्मालेको समेत गरी जम्मा तीस वर्ष सेवा प्रदान गरे । सङ्ख्यात्मक हिसाबबाट निकै ज्यादा ताम्रपत्रमा साक्षी भए पनि बाबु केशवका तुलनामा दरबारमा यिनको प्रभाव सशक्त रहेको भने देखिँदैन । आफ्नो गाउँ जैनोलीबाट दिपायल गएर राजकाजमा सहयोगी बनेका यिनी स्वयं पनि सज्जन र इमान्दार व्यक्ति देखिन्छन् । आज लगभग २४० वर्षपछि यिनकै वंशका आठौँ पुस्ताको सन्तति यो लेखक यिनका बारेका ऐतिहासिक

दस्ताबेज खोतलेर सप्रमाण यिनको परिचय दिन पाउँदा गौरवको अनुभूति गर्दै श्रद्धेय पूर्वज यिनका प्रति सविनय श्रद्धाञ्जलि प्रकट गर्दछ ।

**सन्दर्भसामग्रीको सूची**


पन्त, जयराज (२०६३), "सुदूर पश्चिमाञ्चल क्षेत्रको प्रदर्शनकारी कला" (लघुअनुसन्धान परियोजनाको अप्रकाशित प्रतिवेदन), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

------- (२०६६), "डोटेली पार्विक फागहरूको सङ्कलन र अध्ययन" (नेपाली विषयको विद्यावारिधि उपाधिको अप्रकाशित शोधप्रबन्ध), काठमाडौँ : त्रि.वि., मानविकी र सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय ।

------- *वत्स गोत्रीय डोटेली पन्तवंश,* अप्रकाशित ।

पाण्डेय, वासुदेव (२०६५), 'डोटी क्षेत्रका ताम्रपत्रको सङ्कलन र अध्ययन', *लोकायन* (वर्ष-१, अङ्क-१), काठमाडौँ : नेपाल सांस्कृतिक प्रतिष्ठान ।

वैद्य, तुलसीराम र अन्य (२०५५), *मध्यकालिक नेपालको प्रशासनिक इतिहास,* काठमाडौँ : त्रि.वि., नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

सुवेदी, राजाराम (२०५६), कर्णाली प्रदेशमा मध्यकालिक डोटी राज्य, भोजपुर : श्रीरणबहादुर वान्तवा राई ।

# गुणानन्द पन्त किन ओझेलमा परे ?

– विष्णुराज पन्त
काठमाडौं ।

इतिहासको पानालाई पल्टाएर एकेक केलाएर हेर्दा तात्कालिक बाइसे/चौबीसे राज्यकालमा राजा त्रिविक्रम सेनका पालादेखि उनका छोरा राजा कामरिदत्त सेनका पालासम्मका काजी गुणानन्दको नाम अग्र पंक्तिमा देखिन्छ। त्यस बेलाको तनहूँ राज्यका अभिलेखहरू खोतल्दै जाँदा तात्कालिक चौबीसे र ाजा त्रिविक्रम सेनदेखि अन्तिम राजा हरकुमारदत्त सेनका अभिलेखबाट काजी गुणानन्दका विषयमा भेटिएका र लेखिएका अभिलेखबाट थाहा पाउन सकिन्छ भने त्यस्तै पाल्पाली राजा मुकुन्द सेनदेखि लिएर लमजुङका राजा वीरमर्दन शाह र कान्तिपुर (नेपाल) का राजा श्री ५ रणबहादुर शाहसम्मले पनि काजी गुणानन्द पन्तलाई विशेष महत्त्व दिएको कुरा अभिलेखहरूका प्रत्येक शब्द एवं अक्षरबाट अवगतार्थ ग्रहण गर्न सकिन्छ । उनका विषयमा सोधखोज र अन्वेषण गरिएको देखिँदैन । उनको विषयमा खोजतलास गर्नु पर्ने कुरा दिन प्रतिदिन अति आवश्यक भइसकेको छ ।

तनहुँ जिल्लाको चोक चिसापानीमा बसोबास गर्ने उपमन्यु गोत्रका ब्राह्मण गुणानन्द पन्त तात्कालिक समयका अगुवा एवं युगपुरुष थिए भन्ने कुरा तनहूँको इतिहासंले प्रमाणित गरेको छ। आज उनका सन्ततिहरू पूर्वदेखि पश्चिम नेपालसम्म र विदेशी मुलुकमा समेत यत्रतत्र छरिएर रहेका छन् तापनि उनका विषयमा अझैं त्यति राम्रोसँग जानकारी भइसकेको छैन । गुणानन्द पन्त अझै प्रत्येक पन्तका माझमा ओझेलमा परेका छन् । उनका विषयमा कलम चलाउनुभन्दा अगाडि त्यस क्षेत्रमा रहेको भगवान् लक्ष्मीनारायणको मन्दिर र ऐतिहासिक पोखरीको विषयमा छोटो चर्चा गर्नु यहाँ प्रासंङ्गिक हुनेछ । भगवान् लक्ष्मीनारायण र पोखरी का विषयमा जति लेखे पनि त्यो अपुग हुन जान्छ । सम्बद्ध क्षेत्रमा यसको आफ्नै महत्त्व र अस्तित्व रहेको छ । हाल यी दुवै तीर्थस्थल संरक्षण, मर्मत एवं सम्भार को अभावमा उजाड र अस्तित्वहीन बन्ने स्थितिमा रहेका छन् । यसरी यो स्थल बत्तीमुनिको अँध्यारोजस्तै बनेर अपरिचित बन्दै जानु ज्यादै दुःखको कुरा हो । यो ठाउँले विकासको काँचुली फेर्ने कहिले होला ? लक्ष्मीनारायणका आशीर्वादले कैयौं मानिस देशको नेतृत्व पंक्ति एवं नीति निर्माण तहमा पुगिसकेका छन् तर यसको पूर्वाधार विकासका लागि कुनै प्रयास नगर्दा यसको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको छ ।

गुणानन्दले आजभन्दा झन्डै दुई सय पचहत्तर वर्षपहिले यसै भूमिलाई वासस्थान र कर्मथलो बनाएर लक्ष्मीनारायणको मन्दिर, ऐतिहासिक पोखरी र ठाँटीको स्थापना गरेका थिए । यी सम्पदाहरू नेपाली समाजका लागि बनाइएका थिए । यी ऐतिहासिक धरोधरको संरक्षण गर्नु स्थानी बासिन्दादेखि राष्ट्रको समेत दायित्व हो । यो मन्दिर, पोखरी र ठाँटीको पुरातात्त्विक र ऐतिहासिंक रूपले पनि उत्तिकै महत्त्व छ । मर्मतसम्भारको अभावमा पोखरी भत्कँदै पुरिँदै गएर अस्तित्व नै नष्ट हुने अवस्थामा पुगेको छ । चोक चिसापानी गाउँ विकास समितिको मध्यभागमा रहेको पोखरीलाई मर्मत गरेर त्यसको वरपर वृक्षरोपण गरी हरियाली बनाउनका साथै जलस्रोत बढाउनका लागि जनस्तर र राज्यस्तरबाट प्रयास भएमा यस क्षेत्रमा देखिने पानीको अभाव हट्ने र रमणीय पर्यटन स्थल निर्माण हुने देखिन्छ ।

तनहूँको डुम्रेबाट बेसीसहर हुँदै कालीमाटीमा ओर्लिएर करिब डेड घण्टाको पैदल यात्रा गर्ने हो भने प्राकृति सुन्दरतामा रमाउँदै राईनास त्यसपछि साहिँलीटार, तीनपिप्ले, पालुङटार, तार्कुटारफाँट, भोटे ओडार, चिती, राम्चोक डाँडो हुँदै उत्तरी हिमालयका हिमशृङ्खलाहरूको दृयावलोकन गर्दै उकालो चढेको थाहा नै हुँदैन । खेती योग्य जमीन, वरवोट, सेराफाँट, कालीमाटी, चिती खोला, पुर्कोटको हरियाली हेर्दै रामपुरेटार, वान्द्रे, उजेली डाँडा (आहाले) पोखरीटार, मैदान, बिरौटा, तल्लो हटिया हुँदै सजिलैसँग चोक चिसापानी हटिया पुगिन्छ । त्यहाँ पुगेर भगवान् लक्ष्मीनारायणको दर्शन गरेपछि हिँडाइको अलिकति दु:खको क्लेशसम्म अनुभव गर्नु पर्दैन ।

यसरी पर्यटनका दृष्टिले पनि उक्त ठाउँ अति रमणीय छ । स्वच्छ हावापानी एवं प्राकृतिक सुन्दरताका काखमा बसेर पूर्व पश्चिम फैलिएको उत्तरतर्फको हिमशृङ्खलाको दश्यावलोकन गर्न पाउँदा मोटरबाट ओर्लिएर करिब डेढ घण्टाको उकालो चढेको थकाइ कता हराउँछ थाहै हुँदैन । त्यसमाथि पनि ऐतिहासिक पोखरी नपुग्दै बाटोमा पर्ने दुईवटा प्राचीन धाराबाट आएको चिसो पानी खाएमा सारा थकाइ एकैचोटि निमास हुन पुग्छ । एक सय एक डिग्री पुगेको ज्वरोलाई एक चक्की सिटामोलले एकैचोटि ९६ (छयानब्बे) डिग्रीमा झारेजस्तै थकाइलाई यहाँको मनोरम दृश्य र चिसो पानीले मेटाइदिन्छ । ऐतिहासिक पोखरी र त्यसको नजिक रहेको लक्ष्मीनारायण मन्दिर पुगेपछि स्वर्ग नै पुगेको अनुभूति हुन्छ । त्यसैले गुणानन्द पन्तले मन्दिर र पोखरी अन्यत्र नबनाएर त्यस भूस्वर्गमा बनाउने निर्णय गरेका थिए ।

यस ठाउँबाट दसपन्ध्र मिनेट उत्तरतर्फ हिँडेपछि लुईटेल डाँडोबाट तल हेर्दा पांउदी बैँसी, सुन्दर बजार, तार्कुटार, मानेचौका बजार, कुन्छा, दुराडाँडा, समथर खेतीयोग्य जमिनहरू र हिउँले भरिएका हिमशिखरहरू देख्न सकिन्छ । डुम्रे बेसीसहर जाने मोटरबाटो, नाउदी र पाउदी खोला, मर्स्याङ्दी नदी आदि स्थलहरू प्रस्टसँग देखिन्छन् । यसरी लमजुङका पश्चिमी, उत्तरी र पूर्वी भागका आँप पिपल, बाह्रपिर्के, गाईखुर डाँडो आदि पनि यस ठाउँबाट छर्लङ्ग देखिन्छ ।

पढेलेखेका युवायुवती कामका लागि घर छोडी देशकै विभिन्न स्थान वा विदेशतिर हिँडेका हुनाले अचेल यो ठाउँ केवल बुढाबुढी, बालबच्चीहरूमात्र बस्ने ठाउँ भएको छ । यसलाई सिँगारेर, यसैमा पसिना बगाउन सक्ने वातावरण सरकारी स्तरबाट भइदिने र जनताले पनि विदेशमा बगाउने पसिना यहीँ बगाइदिने हो भने यो भूमिमा के फल्दैन ? के फुल्दैन ? के मौलाउँदैन ? आज यहाँ भिल्लका देशमा मणिको मूल्य थाहा नपाउने जस्तो अवस्था छ ।

मूलबाट बाह्रै महिना पानी फुट्ने उच्च ठाउँमा रहेको सो पोखरी एउटा खोजको विषय बन्न पुगेको छ । यसतर्फ नेपाल सरकार, पुरातत्त्व विभाग, जलाधार संरक्षण विभाग कसैको पनि  आजसम्म ध्यान पुग्न सकेको छैन । त्यो पवित्र पोखरी आज भैँसी आहाले पोखरीका रूपमा परिणत भएको छ । समय एवं करोति बलाबलम् भनेभैँ गुणानन्दले निर्माण गरेको त्यो पवित्रतम पोखरी आज यस्तो दशामा उभिएको छ । कसले खोज्ने त्यसको ऐतिहासिक महत्त्वको गरिमा र कसले बुझिदिने यो कथा र वेदना ?

अब प्रश्न आउँछ गुणानन्द पन्त को हुन् भन्ने विषयमा । करिव दुई सय पचहत्तर वर्षअघि तनहूँ  राज्यका काजी दर्जाबाट विभूषित विद्वान् हुन् गुणानन्द पन्त । उनलाई तनहूँका राजा त्रिविक्रम सेन द्वितीयले संवत् १८२० साल फागुनमा तनहूँका काजी पदमा नियुक्त गरेको अभिलेखबाट पस्ट देखिन आंउँछ । यो तथ्यपूर्ण अभिलेख सङ्ग्रहको बारौँदेखि चौँतीससम्मको कालखण्डमा प्रस्तुत गरिएको छ । यसरी तनहूँमा पन्त वंशको योगदान तात्कालिक  शासनमा महत्त्वपूर्ण रहेको थियो भन्ने कुरा इतिहासले प्रमाणित गरेको पाइन्छ । उनलाई काजी पद दिँदाको अभिलेखको सार यस प्रकारे छ–

> **आगे स्वस्ति श्री गुणानन्द पन्तके कज्याइ भारा वकसल मध्येश पर्वतक ठालवा कल्याइ वकसलव विन्ति चुकली ज्या गदन सो सही अर्को दोसरो विन्ति चुकली कसैलाई नास्ति कन्ज्र्याइ दस्तुर खाई सेवा करही ।**

यिनले सम्वत् १८१६ साल जेठमा राजा त्रिविक्रम सेनलाई कुल ४६० मुरी माटो

क्षेत्रफल भएका खेतहरू राजबन्धकी लिएर ७४३ रुपैयाँ सापटी दिई सहयोग गरेको तथ्यको अभिलेख यस प्रकार छ–

> **आगे गुणानन्द पन्थ हात माटो वाधा दिहल सालवोट फांट मध्ये डाडो षेत १ मुरी १०० सालवोट मुरी ८० कालीमाटी मुरी ८० साक्र्याटारी मुरी २० षेतकजा जम्मा मुरी २८० डिहि लग्गा समेत बकसल अपना वदि अम्वल करही खाहीं पुरकोट मध्ये रिप षेत १ मुरी १२० औ दोर्दोरक पहारघाटक षेत मुरी ६० डिहि लगा समेत बकसल सव षेतक जम्मा ४६० तेहिपर रूपयाँ ७४३ अक्षरेपी सातसय त्रितालिस लिनादिना सिक जव रूपया देव छ वाधा छुटिहि ।**

त्यस्तै सम्वत् १८२६ को अर्को अभिलेख यस्तो छ–

> **आगे गुणानन्द पन्त के चोकको वाधा वितलवकै नेवार सुद्ध वक्स्यौं गोवध ब्राह्मणवध स्मृति राखि सर्व अंक यहा देखिपछि लियाको माटो पनि सर्व अंक माफ गरिवक्स्यौं । अफना वितलवव जानि वसाहु अम्वल करह, शुखभोग करहु ।**

यसरी त्रिविक्रम सेन द्वितीयका छोरा कामारिदत्त सेनले पनि वि. सं १८२७ भाद्र शुक्ल सप्तमीका दिन मुकाम बदरकोनाबाट गुणानन्द पन्तलाई जिल्ला मर्यादापुर तथा चितवन अन्तर्गतको मौजा सर्लाहीको पूरा गांउँ नै बिर्ता दिएका थिए । त्यसै दिन गुणानन्द पन्तले वसन्तपुर थुम अन्तर्गत एक हजार माटो मुरी क्षेत्रफल भएकै खेत रजबन्धकीमा लिई कामरिदत्त सेनलाई तीन हजार छ सय एक रुपैयाँ दिएका थिए । यी दुवै पत्रमा राजाले गुणानन्द पन्तज्यू भनी सम्मानपूर्वक सम्बोधन गरेको भेटिन्छ । कामारिदत्त सेनका त यिनी पूज्य गुरु पनि रहेछन् भन्ने कुरा उक्त अभिलेखबाट थाहा पाउन सकिन्छ ।

यिनका विषयमा अझ खोज्न पर्ने धेरै कुरा छन् तापनि तनहूँको इतिहासको अध्ययनका क्रममा जाँदा काजी गुणानन्द पन्त तनहूँका नरेश (राजा) लाई मात्र नभएर छिमेकी जिल्ला पाल्पा, लमजुङ र नेपाल (कान्तिपुर) का राजाहरूलाई पनि अति सम्मानित र आदरणीय व्यक्ति मानेर नजिक पुगेको पाइन्छ । आफ्नो समयका चार जना विशिष्ट प्रभावशाली राजाहरूबाट यिनले आदर सम्मान पाएका थिए । यिनको चातुर्य, राजनीतिक क्षमता र दूरदर्शिता नै हो । लमजुङका राजा वीरमर्दन शाहका विश्वासिला पात्र थिए । राजा वीरमर्दन शाहले वि.स. १८३१ मा लेखिएको एउटा पत्रमा लमजुङ, तनहूँसँग कुरा हुँदा गुणानन्द पन्तलाई मात्र हाल्नु भनेर लेखेको अभिलेखबाट झन् प्रस्ट हुन्छ । त्यस्तै १८९० देखि १९१८ सम्म पाल्पाका

राजा मुकुन्द सेन द्वितीयले गुणानन्द पन्तलाई लेखिएको पत्रमा **तिमि यहाँ आउ, तिमी हामी बसौला र जसो भन्छौं तसो गरौंला** भनेर गुणानन्द पन्तलाई अरू सल्लाह एवं परामर्शका लागि बोलावट भएको देखिन्छ । यो पत्र तनहूँ चुंदीबाट लेखिएको छ । मुकुन्द सेनजस्ता प्रभावशाली एवं प्रतापी नरेशले गुणानन्द पन्तलाई ठूलो महत्त्व दिएको देखिदा गुणानन्द पन्त आफ्नो. समयमा त्यस क्षेत्रका अति विशिष्ट व्यक्ति भएको कुरा थाहा पाउन सकिन्छ ।

तनहूँ नेपालमा गाभिएपछि गुणानन्द पन्तले नेपाल दरबारमा आफूलाई कुनै स्थान पाउन सकिन्छ भन्ने मनसाय व्यक्त गरी हिजोदेखि पनि म चरणकै हुँ आज पनि चरणकै हुँ । तनहूँमा म यतिन्जेल थिएँ । अब छैन । अब मलाई अर्ती बक्सिएला, त्यही अर्तीले मेरो उद्धार होला भन्ने बेहोरा राखी बिन्तीपत्र पठाए । उक्त बिन्तीपत्रको प्रत्युत्तरमा एकीकरणपछि कान्तिपुरका राजा श्रीरणबहादुर शाहका नामबाट यस्तो लेखिएको पाइन्छ–

> **स्वस्ति श्री सर्वो प्रमाजोग्यत्यदि श्री गुणानन्द पन्तके प्रणामपुर्वक पत्रमिदं यहाँ कुशल तहां कुशल चाहिए, आगे यहाँको समाचार भलो छ । पत्र आयो अर्थ मालुम भया, उप्रान्त हिजो देखि पनि म चरणकै हुं आज पनि चरणकै छु । तनहूँमा यन्ज्यालसम्म थियौं आज र म उक्स्या अव र मलाई र्अति वक्स्या जावोस् । तेही अर्तिले मेरो उद्धार होला भनि विन्ति पत्र लेख्याछौ. उसै हो हिजो पनि हाम्रै छौं त यो पनि तिम्रै घर हो . आफ्नो. घर जानि मोहर देखत कान्तिपर (काठमाडौँ ) आईपुग. तिम्रो वर्दास्ति हामी गरौंला, किमधिकम । मिति आश्विन वदि रोज मुकाम कान्तिपुर ।**

यसरी नेपाल दरबारले पनि गुणानन्द पन्तप्रति राम्रै विश्वास गरी असल धारणा देखाएको पाइन्छ । उनी कूटनीतिक हिसाबमा सक्षम र कुशल व्यक्ति देखिन्छन् ।

तनहूँका अन्तिम राजा हरकुमारदत्त सेन आफ्नो राज्य गुमेपछि विहारको रामनगरको आफ्नो जमिन्दारीमा गई रहन लागे । उनी र गुणानन्दबीच पत्राचार भइरहन्थ्यो र हरकुमारदत्त सेनले रामनगरबाट गुणानन्द पन्तलाई लेखी पठाइएको पत्रमा समयले टाढा पाऱ्यो तापनि नाता कसै छुट्दैन वांकी काशी जांदा आए पनि भेट होला, अब कसो गर्ने हो अर्ती गरी पठाऊ भन्ने बेहोरा परेको छ । माथि उल्लिखित विभिन्न महत्त्वपूर्ण दस्ताबेजको अध्ययन गर्दा तात्कालिक तनहूँ राज्यको इतिहासमा गुणानन्द पन्त महत्त्वपूर्ण एवं विशिष्ट राजनीतिक व्यक्तिका रूपमा अग्रस्थानमा रहेका देखिन्छन् । यसरी यी अभिलेखका सारतत्त्वबाट उपमन्यु गोत्रका काजी गुणानन्द पन्तको बौद्धिक स्तर कति थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

तात्कालिक चारवटै राजाहरूको मन जित्न सक्ने क्षमताले गुणानन्दको चातुर्य बुझ्न सकिन्छ । यिनको बारेमा खोजबिन गर्न धेरै बाँकी छ । काजी गुणानन्दका कतिपय सन्तति ठाउँ छोडेर रोजीरोटीका लागि बसाइ सरी आज अन्यत्र गइसकेका छन् ।

ऐतिहासिक पोखरीदेखि करिब एक/डेढ घण्टाको उकालो चढेपछि कोटगाउँ आउँछ । त्यहाँ वरिपरि जङ्गल र माझमा गुरुङ जातिको बस्ती छ । कोटगाउँका माझमा तात्कालिक कोट र बाइसे चौबीसे. राजाका पालाका हातहतियार रहेका छन् । संरक्षणका अभावले गर्दा आज ती हतियार कुनै हराउने कुनै खिया लाग्ने, कुनै काम नलाग्ने हुँदै जाने क्रममा छन् । यो क्रम चालू रहेमा निकछ भविष्यमै ती सामग्री खोज्दा नपाइने स्थितिमा पुग्ने छन् र आउने पुस्ताका लागि केवल किम्वदन्तीमात्र बन्नेछन् ।

गुणानन्दले स्थापना गरेका संरचना चोक चिसापानी गाउँ विकास समितिको मात्र संपत्ति नभई नेपाल अधिराज्यको ऐतिहासिक र अमूल्य निधि हुन् । त्यस ठाउँको विकास गरी तीर्थस्थल, पर्यटनस्थल वनाउन सके अर्थोपार्जनको ढोका खुल्ने र गुणानन्दजस्ता ऐतिहासिक व्यक्तिको योगदानलाई उजागर गर्न सकिने थियो । अझ हराउँदै गएको इतिहास बचाउन सकिने थियो ।

**सन्दर्भसामग्री**


टुकराज मिश्र — बारौं सङ्ग्रहमा रहेका तेइसवटा अभिलेख ।

डिल्लीराम मिश्र — नेपाल अधिराज्यमा तनहूँ ।

विष्णुराज पन्त — पन्त वंशावली (काजी गुणानन्दका सन्तति) मूल थलो तनहूँ चोक चिसापानी

सूर्यमणि अधिकारी तनहूँ राज्यको इतिहास ।

# नेपाल एकीकरणमा पन्तहरूको योगदान

**– गिरिराज पन्त**

"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, चार जात छत्तीस वर्णको फूलबारी हो सबैलाई चेतना भया" नेपाल एकीकरणका सूत्रधार श्री ५ बडामहार ाजाधिराज पृथ्वीनारायण शाहको यो महान् वाणीले नेपाल एकीकरणको महत्त्व र यसभित्र निहित मर्मलाई सङ्केत गरेको पाइन्छ। नेपाल आर्यहरूको तपोभूमि तथा कर्मथलो हो । आर्यहरूको उद्‌गमबारेका ऐतिहासिक तथ्य र उतारचढाबलाई केलाउँदा ककेसियादेखि मध्यपूर्व हुँदै दक्षिणपूर्वी एसियाको समस्त भूमण्डल आर्यहरूको उद्‌गम थलोको रूपमा देखा पर्दछ। यही भूमिमा आर्य समाजले सत्य, त्रेता, द्वापर पार गरी कलियुगको मध्यतिर पदार्पण गरिसकेको छ। आर्यहरूको परम पवित्र वेदध्वनि यही पावन भूमिमा गुञ्जायमान भएको हो । महाकवि कालिदास द्वारा रचित 'कुमारसम्भव' महाकाव्यको पहिलो श्लोकले हिमवत्‌खण्डको महत्त्वलाई यसरी उजागर गरेको छ–

अस्त्युत्तरस्यां दिशि देवातात्मा हिमालयो नाम नगाधिराजः ।
पूर्वापरौ तोयनिधिवगाह्य स्थितः पृथ्वीव्यामिव मानदण्डः ॥

हिमालय नामक पर्वत तत्त्वज्ञानको प्रकाशपुञ्ज हो, उन्नतिको आकांक्षा राख्ने सबैका लागि मार्ग निर्देशक मानदण्डको रूपमा प्रतिष्ठित छ । आर्य सभ्यताले विगतमा मुगल, हुँड, फिरङ्गीहरूको प्रहार खप्नु परेको तितो यथार्थताको पृष्ठभूमिमा पृथ्वीनारायण शाहको राज्य एकीकरणजस्तो महान् कार्य सफल हुनुका पछाडिको कारक तत्त्व आर्यभूमि र आर्य संस्कृतिको रक्षा गर्ने प्रतिबद्धता नै प्रधान थियो। हिमवत्‌खण्डमा स्थापित तथा विभाजित सानातिना बाइसे चौबीसे राज्यहरू एकापसमा सानोतिनो स्वार्थका लागि लडिरहने र सम्पूर्ण हिमवत्‌खण्डको सभ्यता, संस्कृति र सार्वभौमिकता गुम्ने खतरा रहेको समयमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा सञ्चालित राज्य एकीकरण अभियानमा सम्पूर्ण आर्यहरूले साथ दिएका हुन्। सबैको साझा सरोकारका विषयमा तात्कालिक हिमवत्‌खण्डका विभिन्न राज्यभित्र मूल प्रवाहमा रहेका पन्तहरूले राज्य एकीकरणको महान् यज्ञमा आफ्नो क्षेत्रबाट चरु थप्ने कार्य गरेकै हुन्। चाहे ती कुमाउनी पन्त कवि गुमानी पन्त हुन्, डोटी राज्यका दफ्तरी तथा राजगुरु शिवराम पन्त, विश्वनाथ अथवा गोर खा राज्यका सेनापति गौरेश्वर पन्त, महेश्वर पन्त किन नहुन् नेपाल एकीकरणमा

आआफ्ना स्थानबाट यथायोग्य योगदान गरेको देखिन्छ । कुमाउँनी कवि गुमानीले नेपाली राष्ट्रभाषाको लागि योगदान गरे होलान् । डोटेली दफथरी तथा राजगुरु शिवराम पन्त, विश्वनाथ पन्तद्वारा आफ्नो मर्यादाभित्र कूटनीतिक सहयोग गरेका हुन् भने गोरखाली सेनापतिहरू गौरेश्वर पन्त, महेश्वर पन्तले रणभूमिमै आफ्नो युद्धकौशल देखाएर नेपाल एकीकरण अभियानमा प्रत्यक्ष योगदान पुऱ्याएका हुन् । यो कुरा ऐतिहासिक तथ्य र प्रमाणले प्रमाणित गरेको विषय हो ।

पन्तहरूले नेपाल राष्ट्रको एकीकरणमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुपूर्व सो वर्गको संक्षिप्त परिचय दिनु सान्दर्भिक नै हुनेछ । प्रत्येक युगमा प्रत्येक समाजभित्र कुनै नकुनै व्यक्ति वा समूहको अग्रणी भूमिकामा रहेको हुन्छ । पन्तहरू सामान्यतया अध्यात्म, विज्ञान, दर्शनका ज्ञाता तत्त्वदर्शी विद्वत्वर्गमा पर्दछन् । पन्त थरका पछाडि अनेकौं आदर्श विद्यमान भए पनि जनसाधारणले बुझ्ने सरल अर्थमा भन्ने हो भने पन्त भनेको समाजको पथप्रदर्शक हो । भनिएको पनि छ– "महाजनो येन गत स पन्थाः" राष्ट्र र समाजमाथि परेको सङ्कटको न्यायपूर्ण तरिकाले समाधान गर्नु बुद्धिमानी हो । यो काम नै पन्तहरूको Bottom Line हो । पन्तहरू जहाँ रहन्छन् त्यहाँ न्याय हुन्छ भन्ने विश्वास कुमाउनी तथा डोटेली समाजमा आज पनि छ । परिवर्तित सामाजिक सन्दर्भमा पनि सदाचारयुक्त जीवनशैली, दृढ आत्मविश्वास, परोपकार तथा लोककल्याण गर्न सक्ने गुण पन्तहरूमा अद्यापि विद्यमान छ ।

पन्तहरू आर्य हुन् । आर्यहरूको थातथलो ककेसियादेखि सम्पूर्ण दक्षिण एसिया महादेशको भूभाग हो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । नेपाल र भारत दुवै राष्ट्रमा पन्तहरूको उल्लेख्य बसोबास छ । नेपालमा बसोबास गर्ने पन्तहरू राष्ट्रनिर्माण, राष्ट्रिय एकीकरण तथा राष्ट्रियताको संरक्षणदेखि आधुनिकीकरणका यात्रामा सहभागी छन् । त्यस्तै भारतमा रहेका पन्तहरूले मुगलहरूको आक्रमणका विरुद्ध होस् वा ब्रिटिस उपनिवेशवादका विरुद्धको स्वतन्त्रता प्राप्तिको सङ्ग्राममा होस् भरपूर योगदान दिएका छन् । यसक्रममा छत्रपति शिवाजी, अमर क्रान्तिकारी वीर दामोदर पन्त, झाँसीकी रानी मनु पन्त अर्थात् लक्ष्मी बाई, सेनापति पुरुख (पुरुष) पन्त, गोविन्दवल्लभ पन्त, कृष्णचन्द्र पन्त आदिको उल्लेख्य योगदान देखिन्छ ।

नेपालमा बसोवास गर्ने पन्तहरूको पनि राज्य व्यवस्थामा महत्त्वपूर्ण योगदान रहेको छ । नेपाल एकीकरण अभियान विश्व राजनीतिलाई नै दिशा दिने एक उल्लेख्य कार्य थियो । त्यसका अभियन्ता पृथ्वीनारायण शाह त्यसैले

The Great मानिन्छन् । गोरखा राज्यमा शाह वंशको राज्य स्थापनामा थरघर को महत्त्वपूर्ण भूमिका रहेको छ । यी थरघरमध्यमा पन्त परिवार पनि एक थियो । अन्य सहकर्मी थरघर परिवारमा पाण्डे, अर्याल, खनाल, राना र बोहरा परिवार थिए । लमजुङका राजकुमार द्रव्य शाहलाई गोरखामा ल्याई नयाँ राजा स थापना गर्नुको मुख्य उद्देश्य धर्ममा आधृत लोककल्याणकारी राज्य र न्यायमा आधृत शासन प्रणाली कायम गर्नु नै प्रधान कारण थियो । यिनै दूरदर्शी थरघरका परिकल्पनाले भविष्यमा गएर साकार रूप लिएको पाइन्छ । त्यसैको परिणामस्वरूप 'न्याय नपाए गोरखा जानू' भन्ने उखान प्रचलनमा आएको थियो । गोरखा राज्यले आर्जन गरेको ख्याति नै नेपाल एकीकरणको आधारशिला साबित भयो । यही आधार शिलाको जगमा टेकेर पृथ्वीनारायण शाह तथा उनका उत्तराधिकारीहरूलाई नेपाल एकीकरणजस्तो कठिन एवम् महान् कार्य सम्पन्न गर्न सफलता प्राप्त भयो । कुनै पनि सफलताका पछाडि 'शक्ति'को महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसमा पनि भौतिक शक्तिभन्दा नैतिक शक्ति नै बलशाली हुन्छ । नैतिक बल सद्विचार, सद्गुरुकै कृपाबाट प्राप्त हुन्छ । यस अर्थमा पन्त परिवार सद्गुरुको आसन ग्रहण गर्न योग्य थियो भन्ने कुरा घटनाक्रमले पुस्टि गर्दछन् । नैतिकताको धरातल भासिएको समाज वा राष्ट्रले अग्रगामी छलाङ मार्न सक्दैन । छलाङ त मार्न सक्ला तर त्यो छलाङ भनेको पतनोन्मुख छलाङ हुन सक्दछ ।

वर्तमान नेपालको राजनीतिक घटनाक्रमको विकासलाई सिंहावलोकन गर्दा निराशाजनक अवस्थाको तस्विर देखिन्छ । सर्वसाधारण नागरिकले सधैँ त्रासदी र अस्थिरतामा बाँच्नु पर्ने अवस्था आजको प्रमुख समस्या हो । यस देशका धेरैजसो राजनीतिक नेतादेखि कार्यकर्तासम्मका व्यक्तिमा नैतिक धरातल भासिएको अवस्था छ । विश्व भूमण्डलीकरणको प्रवाहमा बग्दै गएको राष्ट्रमा विदेशीहरूको निहित स्वार्थको चलखेल निश्चित रूपमा बढ्दछ तर नेपालका मूर्धन्य कहलाउनेहरूमा जिम्मेवारीबोध देखिँदैन । आज नेपाल चौबाटोमा मिल्काएको आभूषणजस्तो भएको छ । राष्ट्र सबैको हो तर जिम्मेबार कोही छैन । आज जसले पनि नेपाल राष्ट्र विघटनको सङ्घारमा उभिएको छ भनेको सुनिन्छ । नेपालको अवस्था मानवसँग तुलना गर्दा टाइम बम भिरेको आत्मघाती मानवजस्तो बनेको आजको नेपाल ।

राष्ट्रको कहाली लाग्दो अवस्था र राष्ट्रिय भावनाको ह्रास भएको परिस्थितिमा प्रत्येक राष्ट्रप्रेमी नागरिकलाई दुःखित तुल्याएको छ । नेपालमा बसोबास गर्ने पन्तहरू देशको बिग्रँदो अवस्थाप्रति अति नै चिन्तित छन् र राष्ट्रलाई सामान्य अवस्थामा अवतरण गराउन आआफ्नो स्थानबाट प्रयासरत छन् तर परिस्थिति

भने सजिलो छैन । निकृष्ट, स्वार्थी, असफल, राजनीतिज्ञहरूको बोलबाला भएको समयमा नयाँ क्षमतावान्, नैतिकवान्, इमान्दारलाई रङ्गमञ्चको सेरोफेरोमा उभिन पनि दिइँदैन । यस्तो हुनु बिडम्वना हो । आफू पनि गर्न नसक्ने अरूलाई पनि गर्न नदिने सङ्कीर्ण सोच आज राष्ट्रिय समस्याका रूपमा उभिएको छ । पृथ्वीनारायण शाहद्वारा प्रारम्भ गरिएको नेपाल एकीकरण अभियान उनका उत्तरधिकारी प्रताप शाह र रणबहादुर शाहको कार्यकालसम्म चल्यो खास गरेर बहादुर शाहको नायबी काल उत्कर्ष अवस्था रह्यो । त्यस अवधिमा जुम्ला, डोटी, कुमाउँ, गढवालजस्ता ठूला भूभागहरू नेपाल अधिराज्यमा गाभिएका थिए । जुम्ला बलियो र ठूलो राज्य थियो । त्यसपछि डोटी पनि बलियो राज्य थियो । डोटी राज्यले हिमाल, पहाड, तराईसमेतको भूभाग ओगटेको थियो । भारतीय सीमासँग जोडिएको राज्य भएकोले त्यसले सामरिक महत्त्व राख्दथ्यो । डोटीका राजा रैकाको दरबारभित्र दुइटा विचार छलफलमा आएका थिए । पहिलो नेपाल एकीकरणमा साथ दिएर सङ्घीय राज्यका रूपमा नेपालमा समाहित हुने र दोस्रो सबै एकजुट भएर विरोधी पक्षको मुकाबिला गर्ने । यी दुवै विचारमध्ये नेपाल एकीकरणमा साथ दिएर सङ्घीय राज्यका रूपमा समाहित हुने भन्ने विचारको नै बाहुल्य रह्यो । तात्कालिक डोटीको राजगद्दीमा आसिन दीप शाही अल्पमतमा पर्न गए । कहाँसम्म भने डोटीका सेनानायक देबान नरपति शाही पनि नेपाल एकीकरणका पक्षमा नै उभिए । अन्य दरबारियाहरूमा राजगुरु तथा प्रमुख दफ्तरी शिवराम पन्तको विषेश भूमिका थियो । दीप शाही आफैमा कडा स्वभाव भएका तथा न्याय अन्यायको ख्याल नराखी स्वार्थका लागि जस्तोसुकै निर्णय लिन पनि तयार रहने प्रवृत्तिका व्यक्ति थिए । जनताका दृष्टिमा पनि उनी अत्याचारी शासक थिए । **डोटी राजा रैकाज्यूले छाना चान पुऱ्याया]** भन्ने लोक विरही गीतले पनि उनको आनिबानीको परिचय दिन्छ । तात्कालिक डोटी राज्य लुगाकपडामा आत्मनिर्भर थियो । डोटीमा कपास खेती हुन्थ्यो । त्यसैबाट धागो कातेर कपडा तयार गर्नु पर्ने अवस्थामा कृषकहरूले आफ्नो घरको धुरीमा मात्र कपडा बुन्न चान प्रयोग गर्ने चलन चलाएका थिए । भूमिमा वा खुला जमिनमा कपडा तयार गर्दा राजस्व छलीको सम्भावना हुन्छ भन्ने डरले यस्तो गरिएको थियो । दीप शाही वि.सं.१८४३ सालमा राजसिंहासनमा बसेका थिए । उनको शासनबाट डोटेली जनता उन्मुक्ति चाहन्थे । डोटीमा पनि गोर्खालीको जस्तै विधिको शासन चलोस् भन्ने चाहना थियो । यिनै आन्तरिक र वाह्य कारणले गर्दा डोटी राज्य नेपाल अधिराज्यमा गाभिन पुगेको थियो । डोटेली राजघरानामा राजगद्दीका लागि झगडा भइरहन्थ्यो । दीप शाहीका पिता राजा कृष्ण शाहीले आफ्ना दाजु राजा विष्णु शाहीलाई राजगद्दीबाट च्युत गरेका थिए र आफू राजा बन्न पुगेका थिए ।

त्यतिमात्र होइन उनले राजा विष्णु शाहीका दुवै आँखा झिकी कैदखानामा बन्दी तुल्याएका थिए ।

नेपाल एकीकरणको अभियानमा नेपाली सेनाका कमान्डर काजी अमर सिंह थापासँग अछामी राजा देवचन्द्र शाहले वि.सं.१८४५को मैत्री सन्धि र पुनः १८४७ मा बझाङी राजा समुद्र सिंह, बाजुरेली राजा मन्दिर शाहसँग आश्रित सन्धि गरेपश्चात् त्यहाँको तैनाथी र व्यवस्थापनका लागि केही समय लाग्ने हुँदा नेपाली सेनाका तात्कालिक कमान्डर काजी अमरसिंह थापा अरू थप आक्रमणको तयारीमा थिएनन् । डोटी राज्यका भारदारहरू भने डोटेली राजा दीप शाहीबाट चाँडोभन्दा चाँडो मुक्ति खोजिरहेका थिए र नेपाल एकीकरणमा सहभागी हुन चाहन्थे । यही उद्देश्य पूर्तिका लागि डोटेली सेनाका नायक देवान नरपति शाहीको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले काजी अमरसिंह थापासँग भेट गर्‍यो । भेटवार्तामा तय भए अनुसार डोटीका राजा दीप शाहीलाई  अपदस्थ गर्ने तथा पहिलेका अपदस्थ राजा विष्णु शाहीलाई डोटीको  राजगद्दीमा राख्ने र डोटीले वार्षिक रूपमा सिर्तोस्वरूप रकम नेपाल सरकारलाई बुझाउने सर्त थियो । यस कार्यको थालनीमा डोटीका अपदस्थ राजा विष्णु शाहीको निवेदन तात्कालिक नेपालका महाराजाधिराज रणबहादुर शाहमा बिन्तीपत्र चढाइयो । त्यस बिन्तीपत्रसँगै काजी अमरसिंह थापाको डोटी राज्यमा आक्रमण गर्न गरेको सिफारिसलाई नायब बहादुर शाहको स्वीकृति प्राप्त भएपश्चात् पूर्वयोजना कार्यान्वयनमा आएको थियो । डोटीका भारदारहरूमा दफ्तरी तथा राजगुरु शिवराम पन्त र भाइ दत्त पन्तले बौद्धिक व्यक्तित्वको सम्मान प्राप्त गरेका थिए । परिस्थितिलाई सन्तुलनमा ल्याई व्यवस्थापन गर्न सक्ने क्षमता पनि उनीहरूमा रहेको बुझिन्छ ।

काजी अमरसिंह थापा तथा डोटी दरबारका भारदारबीचमा भएको सम्झौता कार्यान्वयन गर्ने क्रममा विक्रम संवत् १८४८को प्रारम्भतिरै नेपाली सेनाले डोटीको पूर्वी नाका नारीदाङमा पहिलो आक्रमण गर्‍यो । डोटेली राज दीप शाहीलाई डोटेलीहरूको खासै सहयोग नभएकोले त्यस युद्धमा डोटीले निकै ठूलो क्षति भोग्नुपर्‍यो । त्यस लगत्तै दीप शाही डुम्राकोट भन्ने आफ्ना बान्धव भारदार चौतरियाहरूसँग सहयोग लिई सानोतिनो लडाकु दस्ता तयार गरेर नेपाली सेनासँग लड्न तम्तयार भएका अवस्थामा नेपाली सेनाले सोही स्थानमा आक्रमण गर्‍यो । त्यसमा पनि दीप शाहीले पराजय भोग्नुपर्‍यो । डोटीले हार्ने लक्षण देखेका दीप शाही राजधानी दिपायल फर्के । दिपायलमा पनि नेपाली सेना लखट्दै दिपायल दरबार माथि हमला गर्ने तयारीमा थियो । दिपायल दरबार परिसरमा रहेको मन्दिरमा पूजा

चलिरहेको थियो र शङ्खघण्टको ध्वनि गुञ्जायमान थियो । त्यसबाट नेपाली सेनाले यो स्थान कुनै मन्दिर परिसर हो भन्ने अर्थ लगायो र आक्रमण गरेन । त्यसबाट दीप शाहीलाई पलायन हुने अवसर मिल्यो । दरबारबाट लिन सक्ने सम्पत्ति लिएर उनी भारतको लखिमपुरतिर लागे । केही समयपछि लखनउका नबाबको सहयोगमा इस्ट इंन्डिया कम्पनी सरकारसँग सन्धि गरी डोटी र लखिमपुर सिमानामा रहेको खैरीगढ सिँगाहीमा राज्य स्थापना गरी उनी राज्य गर्न थाले ।

डोटीका अन्तिम राजा दीप शाहीको पलायनपश्चात् डोटी राज्य नेपाल अधिराज्यमासमाहित हुन पुग्यो । डोटीका पुराना अपदस्थ राजा विष्णु शाहीलाई पुनः डोटीका राजा बनाइयो । यो कुरा श्री ५ महाराजाधिराज रणबहादुर शाहको वि.सं.१८४८ कार्तिक सुदि १३ रोज ६ को लालमोहरको अध्ययन गर्दा थाहा हुन्छ । नेपाल एकीकरणपछि विष्णु शाहीले करिब चार वर्ष र उनका उत्तराधिकारी पहाडी शाही (दोस्रा) ले करिब तीस बर्ष डोटीका राजा भई नेपाल एकीकरणमा सहयोग पुऱ्याएका थिए । कालान्तरमा पहाडी शाहीका उत्तराधिकारीहरूको सिँगाही राज्यको सम्पर्कमा आउँदा नेपालबाट डोटीलाई पुनः स्वतन्त्र गराउने प्रयास भएकोले नेपाल सरकारले पहाडी शाहीको ठेक्का राज्य झिकी चामल मानामा सीमित गरिदियो । यसै समयमा डोटीका दफ्तरी शिवराम पन्त, दत्त पन्त र विश्वनाथ पन्तले निरन्तर रूपमा नेपाल एकीकरणलाई डोट भित्र स्थायित्व दिन अख्तियारवाला नेपाल सर कारका प्रतिनिधिका सम्पर्कमा रही काम गरेका थिए । दफ्तरी विश्वनाथ पन्तको असामयिक निधन भएकोले उनका छोरा गिरिधारी पन्तलाई कलिलो उमेरमै श्री ५ महाराजाधिराज राजेन्द्र वीरविक्रम शाहबाट दफ्तरी पदमा बहाल गराइएको थियो । वि.सं.१९१० पछि जङ्गबहादुर कुँवर श्री ३ महाराज र प्राइम मिनिस्टर हुने राजनीतिक परिवर्तनपछि पुरानो राज्य व्यवस्था भएका प्रशासनिक अङ्गहरू भङ्ग गरियो । त्यसको स्थान गौंडा, माल, अदालत आदिले लिन थालेपछि पुरानो दफ्तरी प्रथा स्वतः खारेज भयो । राणाहरूले आफ्नो परिवारको रोलक्रमबाट र ाष्ट्रिय स्तरमा मात्र होइन जिल्ला स्तरमा पनि पदपूर्ति गर्न थाले । अख्तियारवाला नेपाल सरकारका प्रतिनिधिको स्थान राणा बडाहाकिमले लिए । दफ्तरी पदको तह खस्केर जिम्म्वाल मुखियाका तहमा झर्न गयो । नेपाली राजनीतिमा शिशिर काल प्रारम्भ भएपछि पन्तहरू साधारण जागिरे जीवनमा स्थापित भए तर पनि जनसेवा र अध्यात्म चिन्तनबाट भने विमुख भएनन् । पन्तहरूका रगतका प्रत्येक थोपाथोपामा राष्ट्रभक्ति जीवित छ, जो समयसमयमा प्रस्फुटित हुन्छ । वि. सं.२००७ सालको राणाविरोधी आन्दोलनमा नेपाल अधिराज्यमा पन्तहरूको प्रत्यक्ष संलग्नता थियो । त्यस बखत पन्तहरूले समाजिक चेतना जागृत गर्ने कार्य गरेका थिए । यही

चेतनाको फलस्वरूप कैयौँ सपुतहरूले वीरगति प्राप्त गरे । बागलुङका राजगुरु पन्त खलकका शिष्य सहिद थिर बम मल्लले यसै समयमा सहादत प्राप्त गरेका थिए । उत्पीडित जनजातिका हितैषी आवाज विहीनको आवाज भएर डोटीका भीमदत्त पन्तले सहादत प्राप्त गरेको समय पनि यही थियो । यस कार्यमा अज्ञात कैयौँ पन्तहरूको भूमिका रहेको छ । आर्थिक क्षेत्रमा देशलाई दिशा निर्देशन गर्ने राष्ट्र बैंकका गभर्नरदेखि अर्थमन्त्रीको जिम्मेवारी सहमालेका डा. यादवप्रसाद पन्त पनि नेपालका हस्ती नै मानिन्छन् । ज्योतिष, विज्ञान, न्याय, शिक्षा, सेना, प्रविधि, र ाजनीति, कूटनीतिजस्ता अनेकौँ क्षेत्रमा नेतृत्व दिने पन्तहरूको लामो सूची नै तयार हुन सक्तछ । यो छोटो लेखमार्फत ती सबै कुरामा प्रकाश पार्न सम्भव छैन ।

नेपालको अस्तित्व अनन्तकालपर्यन्त जीवित राख्ने हो भने वर्तमान शक्ति सङ्घर्षको राजनीतिको स्थानमा समन्वयकारी राजनीति स्थापित गर्नु श्रेयस्कर हुन्छ । विश्वका ठूला राष्ट्रले वर्गसङ्घर्षको राजनीतिलाई अपनाएका पनि छन् तर नेपालको भौगोलिक अवस्था सांस्कृतिक धरातल र अन्ताराष्ट्रिय सम्बन्धले वर्गसङ्घर्ष चाहिँ यहाँको राजनीतिका लागि अनुपयुक्त साबित हुँदै आएको छ । घोडालाई हान्ने गरेको चाबुक भ्यागुतामाथि प्रहार गर्ने हो भने भ्यागुताको प्राणपखेरु नै उडेर जान्छ । भनाइको तात्पर्य के हो भने विदेशको नक्कल गरेको राजनीति यहाँ उपयुक्त हुन सक्दैन । राजनीति साध्य होइन साधनमात्र हो । साध्य भनेको लोककल्याण र सार्वभौमसत्ताकोसंरक्षण तथा प्रादेशिक अखण्डता कायम गर्नु नै हो । यावत् प्रकारका समस्याको निराकरणका लागि नेपालका बुद्धिजीवी नागरिक समाज तथा राजनीतिक शक्तिहरूले प्राज्ञिक विचारविमर्शको अभियान सञ्चालन गर्नु आजको आवश्यकता हो । डोरी तानातानको खेल गर्दा डोरी नै चुँडिन गई दुवै थरी प्रतियोगी भुईंमा पछारिने र हार्ने सम्भावना हुन्छ । बुद्धि र विवेकको प्रयोग गरी धरातलमा उभिएर अघि बढ्दै जानु नै उपयुक्त हुन्छ । नेपालका पन्तहरूले बुझ्ने र गर्ने कुरा यही हो ।

**सन्दर्भसामग्री**


श्री ५ महाराजाधिराज रणबहादुर शाहबाट डोटीका राजा पहाडी शाही दोस्राबाट राज्यको ठेक्का रकम बुझेको भरपाई ।

*कर्णाली क्षेत्रको डोटी मल्ल राजाको मल्ल वंशावली ।*

*नेपालको राजनीतिक दर्पण ।*

*भावजाह्नवी* दोस्रो अङ्क २०६८ ।

# 'पन्त' उत्पत्ति र इतिहास

-राजेन्द्रप्रसाद पन्त
मूलपानी-६ बागलुङ

पन्त शब्दको वास्तविक अर्थ के हो, यो शब्द प्रथमपटक कहिलेदेखि प्रचलनमा आयो, प्रथमपटक यो शब्द प्रचलनमा ल्याउने व्यक्ति को थिए भन्ने अनेक प्रश्न अझै पनि अनुत्तरित नै छन् । विद्वान्हरूले विभिन्न तर्क र अनुमानका आधारमा पन्त शब्दको अर्थ खुलाउने प्रयास गरेका छन् । वैदिक कालपूर्व वर्तमान टर्कीको उत्तरपूर्वी तटीय क्षेत्र क्यास्पियनका बासिन्दाहरू सप्तसिन्धु क्षेत्रमा प्रवेश गरेपछि यहाँको सभ्यतामा योगदान दिँदै आएका, ऋषिमहर्षि, शासक, गुरु र पण्डित घरानाका व्यक्तिहरू नै वर्तमान पन्तहरू हुन् । वर्तमान समयमा पनि ती क्षेत्रहरूमा ponto जातिको बसोबास छ । इरानको पर्सियामा बसोवास गर्ने ponto हरू समयक्रममा इस्लामीकरण भएकाले हाल इस्लामिक आदिवासी मानिन्छन् ।

वैदिक कालपूर्व कुनै जात, थर, गोत्रको चलन थिएन । व्यवहारका आधार मा असल, खराव, सभ्य, र असभ्यको पहिचान त्यस बखत हुने गर्दथ्यो । सम्भवतः वैदिक काल आरम्भ हुनुपूर्वका तिनै ponto घरानाका मानिसहरूको फिरन्ते तर सभ्य र सहयोगी समूह जब सप्त सिन्धु क्षेत्रमा प्रवेश गऱ्यो उनीहरूको पूर्व आचरण एवं परम्परा अनुसार नयाँ क्षेत्रको सभ्यतामा योगदान पुऱ्याउने विचार आयो । फलस्वरूप ponto जातिमध्येबाटै समूहका ज्येष्ठ सदस्य ब्रह्माजीको नेतृत्वमा नेतृत्व दिन सक्षम बुद्धिजीवीहरूको समूह निर्माण हुन गयो । त्यस समूहले शासन गर्ने नभई शासकहरूको मन जित्ने र उनीहरूलाई सन्मार्गमा डोऱ्याउने निधो गऱ्यो । जसलाई ब्रह्माजीका दस जना मानसपुत्र (mind born son of brahma) भनेर चिनिन्छ । सायद त्यसकारणले हुनु पर्दछ ब्रह्माजी लगायत दस जना मानस पुत्रहरूका बाबु, बाजे लगायत पुर्ख्यौली विवरण प्राप्त हुन सकेको छैन किनभने नयाँ क्षेत्रमा आएपछिको विवरणमात्र इतिहास वा पुराणहरूमा समेटिन जान थाल्यो ।

त्यतिन्जेल ब्राह्मणको छुट्टै पहिचान स्थापित भइसकेको थिएन । समयक्रममा मानव जातिको छुट्टै पहिचानयुक्त समूह तयार हुन गई ब्राह्मणका रूपमा परिचय कायम हुँदै आएको हो । ब्रह्माजी र दस जना मानसपुत्र (mind born son of brahma) संभवतः ब्राह्मण जातिका पहिला वैदिक कालिक पुर्खाको समूह हो । वेदको आरम्भ भएपछि ब्राह्मणको पनि वर्ग विभाजन सुरु भयो जस अनुसार ब्राह्मण सुरुमा ऋग्वेदी, त्यसपछि यजुर्वेदी र सामवेदीमा विभाजित भए । ऋग्वेदी र

सामवेदी ब्राह्मण विभिन्न थर गोत्रका रूपमा समाजमा अद्यापि छन् । महाराष्टका पन्तहरूमा यजुर्वेदी बन्नुपूर्वको ऋग्वेदी परम्परा र परिचय अद्यापि कायम छ ।

महर्षि याज्ञवल्क्यका समयदेखि यजुर्वेदी ब्राह्मणहरू शुक्ल यजुर्वेदी र कृष्ण यजुर्वेदीमा विभाजित भए । पन्त घरानाका ब्राह्मणहरू पहिले ऋग्वेदी पछि यजुर्वेदी र अभ्र पछि शुक्ल यजुर्वेदी भनेर चिनिने गरेको पाइन्छ । यसरी वैदिक कालबाट विभाजित यी ब्राह्मणहरूवीच महाराज रामचन्द्रद्वारा लङ्का विजय भएपछि ब्राह्मण हत्याको पापबाट मुक्ति पाउन गर्न लागिएको अश्वमेध यज्ञको निमन्त्रणामा सहभागी हुने कि नहुने भन्नेमा मत विभाजन हुँदा भाग लिने ब्राह्मणहरूलाई अयोध्यामै बसोबास गराउने व्यवस्था भयो र उनीहरू सरयु नदीपारिका अर्थात् सरयुपारिण ब्राह्मण कहलाइए । यसरी त्रेता युगमा आउँदासम्म ब्राह्मणहरू सर युपारिण र सरयुवारिण गरी नयाँ वर्गमा विभाजित भए । यी दुवै वर्गमा ऋग्वेदी, यजुर्वेदी र सामवेदी वर्गहरू सामेल भए । सरयुवारि र पारिका एउटै वर्गबीच पनि ठूलो र सानो, पवित्र र अपवित्रको विभाजन हुँदै होड र ईर्ष्या सुरु भयो । यसै अवधिमा ब्राह्मणहरूको प्रतिस्पर्धात्मक क्षमता र दक्षताका आधारमा सरयुपारिण ब्राह्मणहरू पुनः तीन वर्गमा विभाजित भए । पङ्क्तिपावन ब्राह्मण, गङ्गापारिण ब्राह्मण र त्रृतीय अर्थात् त्रृतिकुल ब्राह्मण । यसरी विभाजित भएका ब्राह्मणहरू बढ्दो पारिवारिक सङ्ख्याका कारण पेसा र प्रतिष्ठाको लागि टाढाटाढाका क्षेत्रहरूमा बसाईसराइ गर्नेक्रममा पेसा र भौगोलिक वासस्थानका आधारमा पछिल्ला दिनहरूमा पुनः वर्गीकृत भए । यस चरणसम्म आइपुग्दा ईसाको दसौँ शताब्दी पार भइसकेको थियो ।

कास्मिरी पण्डित कल्हणद्वारा लिखित **राजतरङ्गिणी** का अनुसार विन्ध्याचलभन्दा उत्तरकालाई पञ्चगौड ब्राह्मण भनियो जस अन्तर्गत गौड, सारस्वत, कान्यकुब्ज, उत्कल र सरयुपारिका ब्राह्मणका भेद छुट्टिएका पाइन्छन् । यसै गरी विन्ध्याचलभन्दा दक्षिणकालाई पञ्च द्रविड भनिएको पाइन्छ जसअन्तर्गत आन्ध्र, गुजराती, मराठा, कर्नाटक र द्रविड (केरला र तेलुगु) ब्राह्मण समावेश गरिएका छन् । हाल नेपाल, भारत र अन्यत्र बसाइ सरी स्थानान्तरित भएका सम्पूर्ण ब्राह्मण यिनै पञ्चगौड वा पञ्च द्रविड वर्गभित्रका मानिन्छन् ।

पञ्चद्रविड समूहका आन्ध्र, गुजराती, मराठा, कर्नाटक र द्रविड ब्राह्मणहरूमध्ये पन्तहरू मराठा समूहमा पर्दछन् । यहाँ मराठा ब्राह्मणहरू देशस्थ, कोंकणस्थ, चित्तपावन, कऱ्हाडे र देवरुख गरी थप पाँच भागमा विभाजित भएका देखिन्छन् : । नेपाल र भारतमा हाल पाइने र यस क्षेत्रबाट बसाइं सराइ गरेका

सम्पूर्ण पन्तहरू यिनै महाराष्ट्री देशस्थ, कोंकणस्थ, चित्तपावन र कऱ्हाडे ब्राह्मणमा पर्दछन् ।

कऱ्हाडे पर्सियन भाषाको शब्द हो । यसको अर्थ शासक वा नायक भन्ने हुन्छ । अङ्ग्रेजीमा यसका लागि governer वा viceroy शब्द प्रयोग गरिन्छ । पन्तहरूका गोत्रका सम्बन्धमा ब्रह्माजीका दस जना मानसपुत्रअन्तर्गत अङ्गिरावंशी, भृगुवंशी र वसिष्ठवंशीमा भारद्वाज, गर्ग, वत्स, पराशर र उपमन्यु गोत्र गरी विशेषतः पाँचवटा गोत्र प्रचलनमा रहेका देखिन्छन् । जुनसुकै गोत्रका भए पनि पन्तहरू महान् छन् भन्ने कुराका यथेष्ट प्रमाणहरू उपलव्ध भइसकेका छन् ।

ग्रिक भाषामा समुद्री देवता मानिने ponto अर्थात् पोन्त जाति नै हालका पन्तका पुर्खा हुन् । त्यसैले पन्त शब्द वैदिक कालभन्दा पनि पहिलेदेखि चल्दै आएको गरिमायुक्त वजनदार पदवी हो । वैदिक कालपूर्वका ग्रिक ponto को चरित्र र वैदिक कालपछिका ऋषिमुनिको चरित्रमा मिल्दाजुल्दा विशेषता पाइन्छन् । ponto जातिमा जस्तै वैदिक कालमा जलदेवता, अग्निदेवता, वायुदेवता आदिका रूपमा विभिन्न देवीदेवताको नामकरण हुनु यसको उदाहरण हो । यसबाट के प्रस्ट हुन्छ भने ponto घरानाका व्यक्तिहरू नै ब्रह्माजी लगायत उनका दस जना मानसपुत्र हुनु पर्दछ । दस जना मानसपुत्रको समूहलाई नयाँ क्षेत्र र लवज अनुसार ponto को सट्टा पोन्थ, पान्थ र उनीहरूले अपनाउने गरेको ज्ञानमार्गलाई पन्थ भन्ने गरिएको हुनु पर्दछ । *शुक्लयजुर्वेद* मा एउटा सन्दर्भ आउँछ–

**प्रति पन्थामपद्महि स्वस्तिगामनेहसम । येन विश्वाः परि द्विषो वृणक्ति विन्दते वसु ।** ४/२९

अर्थात् हामी सकुशल योग्य र निरपराध बाटोमा पुगिसकेका छौँ । जुन बाटोमा हिँड्दा यात्रीलाई चोर आदि शत्रुको डर हुँदैन अर्थात् अनेक थरी बाधाव्यवधान आइलाग्दैनन् । साथै धनसम्पदाको पनि लाभ हुन्छ । त्यसै गरी **पन्थानं सुपथा रक्षेत् मार्गं क्षेमकारी तथा** भन्ने अर्ध श्लोक **वराहपुराण** बाट लिइएको **दुर्गाकवच**मा पनि रहेको छ । यहाँ पन्था र मार्ग यौटै पङ्क्तिमा हुनुको अर्थ वर्तमानमा बुझिने गरेजस्तो पन्थको अर्थ मानिस हिँडने बाटो होइन ।

वैदिक तथा पौराणिक कालमा पन्थाको अर्थ एक पुस्ता वा व्यक्तिबाट अर्को पुस्ता वा व्यक्तिमा सर्दै जाने जीवनदर्शनको मार्ग हो । प्राचीन ग्रन्थमा देवताको नाम नै पन्था र देवीको नाम पन्थादेवी हुन्थ्यो । कानपुर कल्वरी घाटमा रहेको पन्थादेवीको मन्दिर यसको उदाहरण हो । यसरी समूहवाचक शब्द पन्था वा पन्थले कालान्तरमा थरको रूप लिन थाल्यो । पछिल्ला दिनहरूमा पन्थ वा पन्त जातिभन्दा

भिन्न परिवेशका भक्तिमार्गीहरूले पनि आफूलाई मन परेका पौराणिक पात्रको नाममा आआफ्नो भक्तिमार्गी सम्प्रदायको नाम पन्थ राख्दै आएको परम्परा हालसम्म पनि कायम रहेको छ । उदाहरणका लागि शैव पन्थ, वैष्णव पन्थ, गोरखनाथपन्थ, दत्तात्रेय पन्थ आदि । यसको पनि उपविभाजन भई सत्यनाथपन्थ, धर्मनाथपन्थ, रामनाथपन्थ, पागलपन्थ, भर्तृहरिपन्थ, नटेश्वरीपन्थ, कपिलपन्थ, नागनाथपन्थ, गङ्गानाथपन्थ आदि अनेकौ पन्थहरू सृजना भएका छन् । यसबाट पनि के कुरा स पष्ट हुन्छ भने जीवनदर्शनलाई ज्ञान वा भक्तिमार्गका माध्यमबाट एक पुस्ताबाट अर्को पुस्ता वा व्यक्तिमा हस्तान्तरण हुने प्रक्रिया र त्यस्तो समूहको नाम पन्थ हो । यसै सन्दर्भमा महाभारतमा यक्षलाई युधिष्ठिरले दिएको एउटा जवाफमा **महाजनो येन गत स पन्था**ः भनिएको छ । यसलाई अङ्ग्रेजी लेखकले Panth, literally means, the good way of life. The Panth is the path which all good men in the past have invariably trodden. भनेका छन् । यस भनाइले पनि माथिकै व्याख्यालाई बल पु¥याउँछ । अतः पौराणिक कालमा ज्ञान वा भक्तिमार्गी ऋषि समूहका सदस्य नै वर्तमानका पन्थहरू हुन् । तिनीहरू कालान्तरमा पन्तमा परिणत भएका हुन् । पुरानै शब्द पा पदवीको निरन्तरताका रूपमा कोही चाहिँ हाल पनि पन्थकै रूपमा कायम छन् ।

उहिलेदेखिको प्रचलन नियाल्ने हो भने पनि आआफ्नो थरमा पन्तले पन्थ र पङ्न्थले पन्त शब्दको प्रयोग गरेको अवस्था देखिन्छ । बसाइसराइको क्षेत्र, पेसा र परिवर्तित परम्पराका आधारमा पन्थ वा पन्तबाहेकका विभिन्न गोत्रीय वा सगोत्रीय अन्य नयाँनयाँ थरहरू सृजना हुँदै र थपिँदै गए । पन्त शब्दको सुरुआतका सम्बन्धमा सरयुपारिण पङ्क्तिपावनरूपी विद्वान् ब्राह्मणको समूह बसाइ सर्नेक्रममा दसौँ एघारौँ शताब्दीमा दक्षिण भारतका कर्नाटक, महाराष्ट्र राज्यमा पुगे । स्थानीय बासिन्दा, शासक र राजाले नयाँ मानिस देख्दा उनीहरूको जाति, थर, क्षेत्र आदिको परिचयबारे प्रश्न गर्दा अपमानित भइने अवस्था देखेपछि उनीहरूले आफू वैदिक कालिक पान्थहरू भएको, कोही ऋग्वेदी र कोही शुक्लयजुर्वेदी पङ्क्तिपावन भएको परिचय दिएपछि पन्थ र पङ्क्तिपावन शब्द उच्चकोटिका ब्राह्मण भनी पहिले नै प्रचार भइसकेको हुँदा तात्कालिक शासक र त्यहाँका बासिन्दा लज्जाले नतमस्तक भए । यी त अति ठूला विद्वान् पो रहेछन् भन्ने कुरा बुझी उनीहरूलाई यथोचित आदर सत्कार गरी बसोबासको व्यवस्था मिलाए । पन्थहरू विद्वान्मात्र नभई समूहनायकसमेत हुन् भन्ने अर्थमा स्थानीय लवजले पन्थलाई पन्त वा पन्तजी भनी स्वीकार गरेको अवस्था हो । यसरी वैदिक कालपूर्वका ponto वैदिक कालमा पान्थ, पन्थ, सरयुपारिण, गङ्गापारिण, पङ्क्तिपावन हुँदै पुनः पूर्ववैदिक कालिक pont सँग

अर्थमा समेत मेल खाने गरी पन्तमा रूपान्तरित भएको देखिन आउँछ ।

त्यस समय महाराष्ट्रमा यादव वंशीय राजाले शासन गर्दथे भने राज्य कमजोर हुँदै गइरहेको अवस्था थियो । सन् १२५९ देखि १२७४ सम्मका पन्ध्र वर्ष यादव राजा महादेव र रामचन्द्रको शासनकालमा हेमाड पन्त देवगढ राज्यका प्रधानमन्त्री भए । यिनी शुक्ल यजुर्वेदी वत्स गोत्रीय पन्त ब्राह्मण थिए । यिनका पिता कामदेव पन्त कर्नाटकबाट पुत्र हेमाड पन्तलाई लिई महाराष्ट्रको देवगढ राज्यमा बसाइ सरेका थिए । प्रधानमन्त्री हेमाड पन्तले वर्तमान मराठी भाषाको लिपि तयार गरी त्यसलाई राज्य भाषा बनाएर मराठी साहित्यको सुरुआत गरे । यिनले *चतुर्वर्ग चिन्तामणि* नामको धार्मिक पुस्तक, *आयुर्वेद रसायन, बाजरा खेती, महालक्ष्मीपूजा, हेमाद्रि वास्तुकला* जस्ता अनेकौं पुस्तक लेखे । यिनी महान् र आदरणीय पात्रका रूपमा सारा महाराष्ट्रभरि आज पनि सम्मानित छन् । हेमाड पन्थ नाम गरेको छुट्टै सम्प्रदाय पनि अस्तित्वमा छ। देवगढको हिम्वरा ग्राम यिनले बसोबास गरेको क्षेत्र हो ।

सन् १६४० देखि १८१८ सम्मका १७८ वर्षमा पन्तहरूका झन्डै सत्र पुस्ताले वंशानुगत प्रधानमन्त्री परम्पराअन्तर्गत महाराष्ट्रको शासन सहमालेको पाइन्छ। यस्तो परम्परालाई पर्सियन भाषामा पेसवा भनिन्छ । यसरी पन्तहरूले शासक अनि प्रधानमन्त्रीको सट्टा कराडे, पेसवाजस्ता पर्सियन शब्दलाई महत्त्व दिएको परि प्रेक्ष्यमा पूर्ववैदिक कालिक ponto नै वर्तमानका पन्त हुन् भन्नेमा बल पुग्न जाने देखिन्छ । पन्त प्रधानमन्त्री वा पेसवाहरूको नाम यस प्रकार छ–

सोनो पन्त : १६४०–१६५२ ।

श्याम पन्त : १६५२–१६५७ ।

मोरो पन्त त्रम्व्यकेश्वर : १६५७–१६८३ ।

मोरेश्वर पन्त पिङ्गले : १६८३–१६८९ ।

बहिरोजी पन्त पिङ्गले : १७०८–१७११ ।

परशुराम पन्त त्रम्व्यकेश्वर : १७११–१७१३ ।

बालाजी विश्वनाथ पन्त : १७१३–१७२० ।

बजि राव पन्त : १७२०–१७४० ।

बालाजी बजि राव पन्त : १७४०–१७६१ ।

माधव राव पन्त : १७६१–१७७२ ।

नारायण राव पन्त : १७७२–१७७३ ।
रघुनाथ राव पन्त :१७७३–१७७४ ।
सवाई माधव राव द्वितीय : १७७४–१७९५ ।
चिमणाजी माधव राव पन्त : १७९६–१७९६ ।
बाजि राव पन्त द्वितीय : १७९६–१८१८ ।
१८१८ तिर अमृत राव पन्तको समयमा पेसवा प्रथाको अन्त्य भएको पाइन्छ । रामचन्द्र पन्तले छत्रपति शिवाजीपछि महाराजको कार्यभार सह्मालेका थिए ।

महाराष्ट्रकै औंध राज्यमा पछिसम्म पन्त प्रतिनिधि प्रथा कायम थियो । अङ्ग्रेजी ग्रन्थमा पन्त प्रतिनिधिको अर्थ deputy of king र नामको अगाडि his hollyness अनि स्थानीय भाषामा मेहरवान श्रीमन्त राजा श्री .... उल्लेख भएको पाइन्छ । राजाको नामको अगाडि his majesty को सट्टा his hollyness उल्लेख हुनुले पन्त प्रतिनिधिहरू धर्मका आधारमा शासन गर्दथे भन्ने बुझिन्छ । his hollyness अर्थात् मेहरवान श्रीमन्त परशुराम पन्तको पाला सन् १६९९ देखि १३ पुस्तासम्म यो प्रथा कायम रहेको पाइन्छ । त्यसै गरी पछिल्ला पुस्ताहरूले नामको अन्तमा परशुराम लेख्ने गरेको पाइन्छ । १६८९ मा औरङ्गजेबले कब्जामा लिएको पन्हाला किल्लालाई १६९२ मा परशुराम पन्तले फिर्ता गराएका थिए । यिनले तात्कालिक राजा राजाराम छत्रपतिबाट subha-lashkar र samsherjung पदवी पाएका कारण उनी र उनीपछिको पुस्तावलीमा नामपछि शमशेरजङ्ग प्रयोग गर्ने गरेको पनि पाइन्छ । परशुराम पन्त शुक्लयजुर्वेदी देशस्थ ब्राह्मण परिवारका थिए । तात्कालिक पन्त प्रतिनिधिहरूको नामावली यस प्रकार छ–
his hollyness मेहरमान श्रीमन्त परशुराम पन्त
मेहरमान श्रीमन्त श्रीनिवास राव परशुराम (श्रीपतराज दण्डोवा साब)
मेहरमान श्रीमन्त जगजीवनराज परशुराम
मेहरवान श्रीमन्त श्रीनिवासराज गङ्गाधर (भगवन्त राव) परशुराम
मेहरवान श्रीमन्त भवानराज
मेहरमान श्रीमन्त श्रीनिवासराज परशुराम (थोथो पन्त) अन्ना साहेब
मेहरमान श्रीमन्त गोपालकृष्ण राव परशुराम (नाना साहेब)
मेहरमान श्रीमन्त राजा भवान राव परशुराम श्रीनिवास (बाला साहेब)
मेहरमान श्रीमन्त भगवन्त राव परशुराम त्रम्ब्यक (बापु साहेब)
मेहरमान श्रीमन्त राजा भवानराज श्रीनिवास (बाला साहेब) सन १९४८ मा यिनको पालामा औंध राज्य एकीकृत भारतमा गाभिए पनि सन्ततिहरूमा यो प्रथा कायमै छ । राज्यले हालसम्म पनि यिनका सन्ततिलाई 1st class सरदारको मान्यता

दिएको छ ।

वर्तमान नेपाल निर्माणमा समेत पन्तहरूको अतुलनीय योगदान रहेको इतिहासले प्रस्ट्याएको सत्य हो । योगी नरहरिनाथको *इतिहासप्रकाशमा सन्धिपत्र संग्रह* भाग १ अनुसार गोरखा राज्य स्थापनादेखि नेपाल एकीकरण अभियान र त्यसपछिका समयमा मुलुकका लागि उल्लेखनीय योगदान गर्ने केही पन्त व्यक्तित्वहरूको नामावली यस प्रकार छ–

गोरखा राज्य स्थापनामा सहयोग पुऱ्याउने भगीरथ पन्तदेखि, हरिहर पन्त, गुणनिधि पन्त, गङ्गाधर पन्त, नुवाकोट हान्न जाने काजी महेश्वर पन्त र काजी बलि पन्त, लमजुङको रानीवास कब्जा गर्ने वंशगोपाल पन्त, नेपाल हान्न खटाइएका काजी बलि पन्त, श्रीवल्लभ पन्त, वीरभद्र पन्त, सरदार नन्दविसु पन्त, रामदास पन्त, गङ्गाधर पन्त, जसोधर पन्त, दुःखका बेला १८६१ मा रू. २७२ चन्दा दिने सरदार अजम्भर पन्त र जेठा बुवा श्यामलाल पन्त, थरघर नायक जयदेव पन्त, वंशराज पन्त, मित्र शर्मा पन्त, चतुर्भुज पन्त, रामदास पन्त, काजी अमरसिंह पन्त, डिठ्ठा कालीदास पन्त, वेदनिधि पन्त र पृथ्वीनारायणका गुरु गौरीश्वर पन्तजस्ता दर्जनौँ पन्त व्यक्तित्वहरूको योगदान इतिहासका पानामा सुरक्षित र अमर छ ।

माथि उल्लिखित तथ्यले के देखाउँछ भने वर्तमानसम्म नेपाल नामको भूगोल निर्माणमा पन्तहरूको योगदान सर्वोपरि र सर्वोत्कृष्ट छ। पन्तहरू मातृभूमिका रक्षक थिए र हुन्छन् भन्ने सन्दर्भमा वीर सावरकर अर्थात् विनायक दामोदर पन्त सावरकरको भनाइ स्मरणीय बन्दछ । उनी के भन्दछन् भने oh motherland sacrifice for you is life & living without you is death. । यी सबै तथ्यले पन्तहरू मानव जातिकै सर्वश्रेष्ठ सदस्यमध्येका एक हुन् भने ब्राह्मण वर्गका उच्च र कुलीन घरानाभित्र पर्दछन् भन्ने कुरा प्रमाणित गर्दछन् ।

यसरी मानवसमुदायभित्र छुट्टै पहिचान बनाउन सफल पन्त घराना वर्तमानमा विचलनको मार्गतर्फ उन्मुख हुन खोज्नु कदापि उचित हुन सक्दैन । पन्त शब्दमा वजन छ, विशिष्टता छ, उच्चता छ, महत्ता छ, प्रतिष्ठा छ । यो अनादिकालदेखि चल्दै आएको अमूल्य सम्पत्ति हो, सम्मानित पद हो । सम्भवतः विश्वकै सबैभन्दा प्राचीन पद वा थरमध्ये एक हो । राजा, प्रधानमन्त्री, राजगुरु, दार्शनिक, ईश्वरीय अवतार पन्त घरानाभित्र पाउन सम्भव छ। अतः थरका रूपमा प्रचलित पन्तजस्तो महान् र गरिमामय पदवी हस्तान्तरण गरेर पुर्खाहरू जसरी गए त्यसरी नै वर्तमान र आउँदो पुस्ताले इज्जत र गरिमा कायम राख्नका लागि अथक प्रयास गर्नु पर्ने समय अब सुरु भइसकेको छ ।

# नेपालमा पन्तहरू : एक सङ्क्षिप्त परिचय

– प्रदिम्नराज पन्त

चार सय अठ्ठाइस थरीका ब्राह्मणहरूको अभिलेख हालसम्म पाइएको छ। यीमध्ये पन्तहरू चितपावन ब्राह्मणसमूहमा पर्दछन्। यो समुदायको उत्पत्तिका बारेमा हिन्दू ग्रन्थहरूमा प्रशस्तै प्रामाणिक सामग्रीहरू प्राप्त गर्न सकिन्छ। यसमध्ये विष्णुपुराण मा परशुरामको प्रसङ्ग महत्त्वपूर्ण मानिन्छ। तैपनि पुराणका प्रसङ्गबाहेक अन्यन्त्र पनि पन्तहरूको चर्चा पाइन्छ । अठारौँ शताब्दीमा हिन्दू पन्तहरूको लिपिबद्ध अभिलेखीकरण भएको पाइन्छ । पन्तहरूको उत्पत्तिका बारेमा प्रमाणहरू खोज्नेक्रममा पन्तलाई केही विद्वान्हरू जेविस, टर्किस र इटालियन भएको कुरा व्यक्त गर्दछन् भने केही चाहिँ इरानी र टर्कीबाट भारतको महाराष्ट्र हुँदै विश्वभर फैलिएको अनुमान लगाउँछन् ।

## डी.एन.ए. परीक्षण

डा.जय दीक्षितले सन् २००२-२००३ मा माइटोकोन्ड्रियल डी.एन.ए. परीक्षण गरेका थिए जस अनुसार पन्त लगायत अन्य ब्राह्मणहरूका बीसभन्दा बढी आनुवांशिक वर्गीकरण गरिएको थियो। हालका सम्पूर्ण ब्राह्मणहरू २००० वर्षअगाडि उत्तरी युरोपमा बस्ने गर्दथे । अनुसन्धानकर्ताहरूले भारतीय उपमहाद्वीपमा रहेका ब्राह्मणहरूको आनुवंशिक संरचना हालका उत्तरी युरोपका मानिसहरूसँग मिलेको कुरा बताएका छन् । यसलाई सन् २००५ मा नेसनल डी.एन.ए. परीक्षण केन्द्र भारतले विस्तृत रूपमा पुस्टिसमेत गरिसकेको छ। यसरी गरिएका अध्ययन अनुसार हालका ब्राह्मणहरूका नरनारी (माता, पिता या पुरुष, स्त्री) दुवैको आनुवांशिक संरचना मेडिटेरिनियन अथवा टर्कीका, इरानिएन सारथियनका पुर्खाहरूसँग मिल्दछ । स्थानान्तरण भई भारतवर्षमा आइपुग्दा यिनले आफ्नाो समुदायलाई ब्राह्मणका रूपमा परिचित गराए भन्ने कुरा विभिन्न राष्ट्रिय, अन्ताराष्ट्रिय सभा, समारोहमा भन्ने गरिएको छ । मानिसहरूको परिचय करिब एक हजार वर्षअगाडि मात्र सुरु भएको हो। यो आनुवांशिक संरचनालाई मात्र हेरेर मानव जातिको सम्पूर्ण जानकारी हाँसिल हुन नसक्ने कुरामा विद्वान्हरू सहमत छन्। मानवीय सभ्यताको विकास पनि १००० वर्षअगाडि नै भइसकेको तथ्य प्राप्त भइसकेको छ । १००० वर्ष अगाडि नै जातजातिको पहिचान, वर्गीकरण भइसकेको छ । ब्राह्मणहरूले त्यस बखतको समाजमा बाहिरबाट आएका व्यक्तिलाई सहजतापूर्वक स्वीकार गरिहाल्ने कुरामा विश्वास गर्न नसकिने आधारहरूलाई स्पष्ट बनाएका थिए। साथै आनुवांशिक संरचना धेरै पुस्ता अन्तरपछि जोसुकैसँग पनि मिल्न सक्ने कुरामा

वैज्ञानिकहरू सहमत हुने गरेका पनि छन् । फलस्वरूप ब्राह्मणहरूको उत्पत्ति थाहा पाउन अब आधुनिक विज्ञानको प्रयोग र सृष्टिको विकासक्रमका साथै पौराणिक ग्रन्थहरूको अध्ययन गर्नु पर्ने हुन्छ ।

## मानव जातिको वर्गीकरण

मानवको विकासक्रम नियाल्दा मानवीय सभ्यताको विकास हुनुपूर्व पनि पृथ्वीमा विभिन्न किसिमका जीवहरूको अस्तित्व रहेको कुरा थाहा हुन्छ । बाँच्नका लागि सङ्घर्ष गर्नेक्रममा पृथ्वीमा भएका प्राणीहरू प्राचीन कालदेखि नै एकापसमा प्रतिस्पर्धा गर्ने गर्दथे । जुन प्राणी प्रतिस्पर्धामा अब्बल ठहरिन्थ्यो उसको मात्र वंश वृद्धि हुन्थ्यो । प्रतिस्पर्धा गर्न नसक्नेहरू अथवा आफूलाई योग्य सावित गर्न नसक्ने जीवहरू लोप हुन्थे । वातावरण र प्रकृतिमा आउने निरन्तर परिवर्तनले पर्यावरणमा गहिरो प्रभाव पार्दछ । त्यसक्रममा पनि एकपछि अर्को र अर्कोपछि अर्को जीवको वंश समाप्त भएको देखिन्छ । यसै गरी केही नयाँ जीवहरूको उत्पत्ति पनि भएको पाइन्छ । विज्ञान अनुसार वर्तमान अवस्थामा आउनुपूर्व पनि थुप्रै आरोहअवरोह पार गरी मान्छेले आफूलाई पृथ्वीमा बस्न योग्य बनाएको हो । मान्छेमा बिस्तारै चेतनाको स्तर विकास भयो र जङ्गलबाट आफूलाई स्थानान्तरण गरी सुविधाजनक ठाँउमा उसले बासस्थान बनायो । चेतनाको विकास नहुँदासम्म मानिसहरू जङ्गलमा नै बस्दथे र त्यतिखेर कसैको पनि जात थिएन । चेतनाको विकाससँगै मानिसलाई आफ्नो पहिचानको आवश्यकता भयो किनभने बिनापहिचान र बिनासमुदाय उसको अस्तित्व सङ्कटमा पर्दथ्यो । बाँच्नका लागि र उत्कृष्टता देखाउनका लागि अथवा प्रतिस्पर्धी बन्नका लागि समूहको आवश्यकता भयो र मानिसहरू समूहमा बस्न थाले । त्यो समूहमा पनि विभिन्न गुट उपगुट हुन थाल्यो र मानिसहरू विभिन्न जाति र समुदायमा विभाजन भए । यो मानिसहरूको रहर नभएर बाध्यता थियो किनभने विद्वान्हरूको मत अनुसार त्यसरी समूह बनेर मानिसहरूले आफूलाई विभाजन नगरेको भए ठूलो द्वन्द्व बढ्ने अस्तित्व नै सङ्कटमा पर्ने सम्भावना थियो ।

## नेपालमा पन्तहरू

सनातन धर्म सृष्टिको क्रमसँगै विकास भएको धर्म हो । त्यस धर्मका अनुयायीहरू पन्त (ब्राह्मण, जैसी, क्षत्री) हुन् । यिनीहरू चितपावन समूहमा पर्दछन्। ब्राह्मणहरूको उत्पतिको कथा पुराणहरूमा पाइन्छ । त्यसमध्येको एउटा कथा परशुरामको कथा हो । संस्कृतमा चिताको अर्थ आगो र पावनको अर्थ शुद्धता हुन्छ। कसैले चितालाई मुटु र पवनलाई शुद्धता पनि भन्ने गरेका छन् । कसैले

देहलाई मृत्युपश्चात् आगोमा भस्म गर्ने समूह या जसले आफूलाई मृत्युपश्चात् आगोमा दहन गर्दछ त्यसलाई चितपावन ब्राह्मण भनेका छन् । चितपावनमा पन्त, पाण्डे, लोहनी, जोशी, तिवारी लगायत अठार थरी ब्राह्मण पर्दछन् ।

नेपालमा पन्तहरू कहिलेदेखि आएका हुन् भन्ने कुरामा दुई थरीका धारणा पाइन्छन् । पहिलो भनाइ अनुसार बालाजी विश्वनाथ भन्ने व्यक्ति रत्नागिरीबाट भारतको पुने भन्ने ठाँउमा आए र छत्रपति साहूले सन् १७१३ मा उनलाई मन्त्री बनाए । १७२० सम्ममा उक्त राज्यमा उनले आफ्नो पकड बलियो बनाई साम्राज्य विस्तार गरे । राज्यका सम्पूर्ण प्रशासनिक तथा सैनिक शासन आफ्नो मातहतमा राख्न उनी सफल भए । उनको साम्राज्यलाई हाल पनि मराठी साम्राज्यका नामले भारतमा चिनिन्छ । बिस्तारै उनको साम्राज्यमा धावा हुन थाल्यो । त्यसपछि उनका कैयौँ सन्ततिहरू भारतका विभिन्न भागमा छरिए । यसै सिलसिलामा केही कुमाउँमा आएर रहन थाले । कुमाउबाट पन्तहरू बिस्तारै नेपालतर्फ सरेका हुन् । अर्को एउटा भनाइ अनुसार पन्तहरू महाभारतकालभन्दा पूर्व नै नेपालमा आएर बस्न थालेका हुन् । हिमालयीय भूभाग तपोभूमि मानिने हुनाले त्यस बखत हिन्दकुश क्षेत्रमा मानिसहरूको ओहोरदोहोर व्यापक रूपमा हुने गर्दथ्यो । हिमालको यात्रा गर्नेक्रममा तात्कालिक महर्षिहरूले पनि यो मार्ग रोजेको थिए । महाभार तकालमा हिमालयको एकान्तपनले थुपै महर्षिहरूलाई आर्कषित गरेको थियो । त्यस समयमा हिमालय तपोभूमि, चिन्तन, मनन र साधना गर्ने थलो थियो । यसै सर्न्दभमा महर्षि भारद्वाजले हिमालयमा साधना गरेको वर्णन पुराणहरूमा प्राप्त छ । महर्षि भारद्वाज दार्शनिकमात्र नभएर ठूला साधक पनि थिए । महाभारतको युद्धमा प्रयोग भएका शस्त्र, अस्त्र महर्षि भारद्वाजका अनुसन्धानपछिका आविष्कार थिए । उनका सन्ततिहरूले पनि हिमालयमा शस्त्रसाधना गरेका थिए । महर्षि भार द्वाज बहुआयामिक व्यक्तित्वका धनी थिए । उनी ब्रह्मज्ञानी र कुशल राजनीतिक सल्लाहकार पनि थिए । हस्तिनापुर दरबारमा महर्षि र तिनका सन्ततिहरूको बलियो पकड थियो । महाराज शन्तनुको कार्यकालमा दरबारमा राजापछिको राजनीति, प्रशासन तथा दैनिक कार्यव्यवस्था सञ्चालनका लागि प्रमुख सल्लाहकार राख्ने योजना बन्यो । त्यस पदमा महर्षि भारद्वाजका सन्ततिको चयन भयो । त्यस्तो सल्लाहकारलाई 'पन्थ' भनियो । आजको भाषामा पन्त भनेको मन्त्री, सल्लाहकार, विशेषज्ञ, मार्गनिर्देशक, योजनाकारजस्ता विविध अर्थ पन्तका छन् । प्राप्त जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेकाले बिस्तारै पन्तहरूको प्रसिद्धि बढ्दै गयो र तात्कालिक अन्य राजा महाराजाहरूले समेत पन्त नाम दिएर उपर्युक्त काम गर्ने व्यक्ति नियुक्त गर्न थाले । कामको प्रकृति व्यापक बन्दै जानेक्रममा विभिन्न किसिमका पन्तहरू

भए । त्यसैले सगोत्री बाहेकका अन्य पन्तहरू दाजुभाइ होइनन् कि भन्ने एक थरी छन् भने अर्को थरीको मत अनुसार भारतवर्ष हस्तिनापुरकै अधीनमा थियो र आफ्ना मातहतका या सन्धि पालना गरेर राज्यव्यवस्था सञ्चालन गरेर बसेका बाइसे, चौबीसे राजा र सामन्तहरूका राज्यहरूमा पनि पन्तहरू नियुक्त गरी हस्तिनापुरबाटै पठाइएको थियो । यसैले सबै पन्तहरू एउटै दाजुभाइ भएको र गोत्रको फरक चाहिँ तात्कालिक बाइसे, चौबीसे राजाका पुरोहितहरूका गोत्र अनुसार राख्ने चलन भएकोले पन्तहरू जुनजुन राज्यमा गए त्यहीत्यही पुरोहितहरूको गोत्र राखेको हुनाले गोत्र फरक भएका हुन् । वास्तवमा सबै पन्तहरू दाजुभाइ नै हुन् । तात्कालिक हस्तिनापुरको साम्राज्य विशालमात्र नभएर शक्तिशाली, व्यापक, समृद्ध पनि भएकोले यो कुरा बढी प्रमाणिक मानिन्छ ।

कसैकसैले आठ, नौ र त्यसभन्दा पनि ज्यादा थरीका पन्तहरू नेपालमा भएका कुरा बताए पनि हाल नेपालमा सात थरीका पन्तहरू बसोबास गर्दछन् । संस्कृतलाई पहिलो भाषा संस्कृत भएका पुर्खाका सन्तति हालका अधिकतर पन्तहरूको पहिलो भाषा नेपाली हो । ऋग्वेदी र यजुर्वेदी गरी पन्तहरू मूलरूपमा दुई समूहमा विभाजित पाइन्छन् । पाइएको छ ।  यी दुई समूहबाट पन्तहरू चौध उपसमूह या गोत्रमा विभक्त भएका देखिन्छन् । ती गोत्र हुन् अत्रि, कपि, कश्यप, कौण्डिन्य, गर्ग, कौशिक, जमदग्नि, नित्युनन्द, भार्गव, भारद्वाज, वत्स, वसिष्ठ, विष्णुव्रध र शाण्डिल्य। यी चौध गोत्रलाई सात गणमा राखिएको छ । तिनै गणका आधारमा पन्तहरू सात थरी पाइने कुरा बताइएको हो । यिनमा दुई गोत्रलाई मिलाएर एउटा गण बनाइएको छ । गण र गोत्र दुवै मिलेमा बिहेबारी नहुने चलन छ । ती सात गणहरू निम्नलिखित हुन्–

१. अत्रि - कपि

२. गर्ग - भारद्वाज,

३. कौडिन्य — वसिष्ठ

४. कश्यप - शाण्डिल्य

५. कौशिक - भार्गव

६. जमदग्नि - वत्स

७. नित्युनन्द - विष्णुव्रध ।

सातभन्दा बढी गण नभएकोले पन्तहरू पनि सात थरीका भन्दा बढी

नहुने कुरा दर्साइएको हो । गोत्र र गण अनुसार विभिन्न देवीदेवताहरूलाई इष्टदेवी र देवता मानेर पुज्ने चलन छ । दसैँ, तिहार लगायत हिन्दू चाडपर्वहरू पन्तहरूले मनाउँछन् । परम्परागत रूपमा पन्तहरू ज्योतिषी तथा पुरोहित भएर समुदायलाई धार्मिक सेवा प्रदान गर्दथे । नेपालमा राणाशासनको उदयअघि उच्चतहमा धार्मिक सेवा प्रदान गर्ने उनीहरू नै थिए । हाल कडा परिश्रम, सरसफाइ तथा व्यक्तिगत आचरण, उच्चस्तरको मान्यता, मूल्य र आदर्श भएका मानिसको समूहमा आफूलाई परिचय गराउँदै अत्यन्त विकसित, सभ्य संस्कार भएका दार्शनिक तथा विद्वान्का रूपमा पन्तहरूले आफूलाई संसारभर परिचित गराएका छन् ।


पन्त शाकाहारी भोजन गर्ने समुदाय हो । परिवारमा महिलाहरूलाई अत्यन्तै सम्मानजनक हैसियत दिने यस समुदाय परम्परादेखि नै बहुविवाहमा विश्वास गर्दैन । हाल नभए पनि विगतमा बालविवाह गर्ने चलन यस समुदायमा थियो । सिँउदोमा सिँदुर, गलामा मङ्गलसूत्र, औँलामा औँठी यस समुदायका विवाहित महिलाको परिचयात्मक आभूषण र सज्जा हो । जन्मेको छैठौँ दिनमा षष्ठीपूजन, बारौँ दिनमा न्वारन (नाम जुराउने), छैटौँ महिनामा अन्नप्राशन, आठौँ वर्षमा उपनयन (मुण्डन, यज्ञोपवीत धारण), विवाह र मृत्युसंस्कार यस समुदायले अवलम्बन गर्ने संस्कार हुन् । पन्त, पन्तबीच र एउटै गोत्रमा समेत बिहेबारी हुने चलन कतिपय समाजमा पाइने हुनाले सबै पन्तहरू दाजुभाइ होइनन् भन्ने तर्क पनि केही अध्येताहरूको छ । हुनुको मुख्य कारण पुस्तामा ठूलो अन्तर भएकोले यसो हुन गएको हो । एकदेखि छ पुस्तासम्म सपिण्डी, छदेखि सात पुस्तासम्म निवृत्त सपिण्डी, सातदेखि चौध पुस्तासम्म सोदक र पन्ध्रदेखि बाइस पुस्तासम्म सगोत्री गणना गर्ने चलनले गर्दा यसो हुन गएको हो । सात पुस्तासम्म जुठोसूतक बार्ने र बाइस पुस्ताअघिको परिवारमा सगोत्री भए पनि बिहे गर्न सकिने विचार स्थानीय विज्ञ मानिने केही व्यक्तिले प्रस्तुत गरेकाले यस्तो चलन चलेको हो तापनि शास्त्रीय परम्परा अनुसार सगोत्रीमा वैवाहिक सम्बन्ध पूर्णरूपमा निषिद्ध छ । शास्त्रीय वचनको गलत अर्थ लगाएर व्यवहारमा बिहेबारी गरिए पनि सबै पन्तहरू दाजुभाइ नै भएको कुरा भने शङ्का गर्न नसकिने तथ्य नै हो ।

## नेपाल निर्माणमा पन्तहरूको भूमिका

नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको यस जातिले शाहवंशलाई गोरखामा स्थापना गराएको हो । तात्कालिक गोरखा राज्यमा महत्त्वपूर्ण प्रशासनिक तथा राजनीतिक भूमिका यस जातिले निभाएको थियो । त्यस बखत प्रशासनिक क्षेत्रमा, योद्धाहरूमा र सेनाका प्रमुखहरूमा पन्तहरू नै थिए । कीर्तिपुर युद्धमा

सहादत प्राप्त गरेका महेश्वर पन्त गोर्खाली सेनाका सर्वोच्च कमान्डर थिए । उनी नेपाल एकीकरणको सिलसिलामा मारिने सर्वोच्च तहका पहिला सहिद हुन् । आधुनिक नेपालको पहिलो सहिद र  सेनाको इतिहासमा नै बहादुरी र शौर्यको जल्दोबल्दो प्रमाण योभन्दा अर्को पाउन दुर्लभ नै छ । यसका साथै आधुनिक नेपाल निर्माणमा थुप्रै पन्तहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । जसको बारेमा अझै गम्भीर अध्ययन अनुसन्धान गर्नु पर्ने देखिन्छ ।





# सुदूर पश्चिमका सम्पदाहरू

**– अर्जुनदेव पन्त**

सर्वप्रथम सुदुर पश्चिममा भएका ऐतिहासिक सम्पदाहरूको खोज अनुसन्धान गरी वर्तमान सामाजिक अवस्थासमेत दर्शाएर सम्पदा संरक्षणमा टेवा दिँदै **भावजाह्नवी** लगायतका विभिन्न पत्रपत्रिका प्रकाशन गर्नमा उद्यत हुनु भएका मित्रवर प्रा. डा. जयराज पन्त र इतिहासका ज्ञाता साहित्यकार मित्रवर वासुदेव पाण्डेयसमेतमा आभार पकट गर्दै साधुवाद टक्र्याउँछु ।

**आर्यावर्तः पुण्यभूमिर्मध्यविन्ध्य हिमालयोः** भनेजस्तै **पश्चिमाञ्चल क्षेत्रोऽपि मध्य चुरे हिमालयोः** भन्न सकिन्छ किनभने चुरे र हिमालबीचको भूभाग धेरै सम्पदाहरूले सम्पन्न भएको हुनाले महत्त्वपूर्ण मानिन्छ । यी पर्वतद्वयको मध्यवर्ती भूभागमा विभिन्न जातजातिहरूको वासस्थान भएकोले यस प्रदेशका बासिन्दा सभ्य मानिन्छन् । यिनै पर्वतद्वयको मध्यभागमा विभिन्न ऐतिहासिक देवल, मठमन्दिर, धर्मशाला, तालतलैया र प्राचीन कालका डोटी राज्यका भग्नावशेष कोट, दरबारहरू तथा सार्वजनिक खाने पानी पँधेरा मगराउँ धारा आदि पर्दछन् ।

यसै क्षेत्रभित्र प्रसिद्ध खप्तड स्थल पर्दछ । यहाँ ससाना विभिन्न रङ्गीबिरङ्गी फूलहरूले भरिपूर्ण हरियाली मैदान फाँट छन् । त्यसैको वरपरको भाग देवदारु आदिका वृक्ष र लोकप्रसिछ खप्तेड निगालाका झाडीले शोभायमान छ । यिनै पर्वतद्वयको मध्यमा महाभारत पर्वत पर्दछ । यहाँ पेट्रोलियम पदार्थ र अभ्रख आदि खनिज वस्तुको खानी पत्ता लागेको लोकोक्ति छ । यहाँ विभिन्न वृक्ष र जडीबुटीले भरिपूर्ण घना जङ्गल छ । यसै उच्चशिखरको उत्तरतर्फको डोटी खोला, घारडी ( सतघटा) खोला, धुलखोला, सिराड खोला र पश्चिमतर्फ रूपाली खोला, दक्षिणतर्फ सिर्से खोला, निगला खोला र ठूली गाडसमेतका नदीको उद्गम स्थान महाभारत पर्वत हो । यसै पर्वतको उच्चशिखरमा घण्टेश्वर र भागेश्वर महादेवका भव्य मन्दिर समेत पर्दछन् ।

यहाँको उत्तरी क्षेत्रको पुर्चौडी गर्खामा फलाम खानी र मार्मा गर्खामा तामा खानी भएको कुरा पटकपटकका खानी विशेषज्ञका टोलीहरूबाट प्रमाणित भएको छ तापनि राज्यबाट यस कुरामा कुनै चासो नराखिएकोले राज्यमा भएको सम्पत्ति त्यत्तिकै हिनामिना भइरहेछ । यहाँका हिमालका पार्श्ववर्ती भागहरूमा बहुमूल्य यार्सागुम्बा, पाँचऔंले, हत्ताजडी, कुड्की, चिराइतो आदि विभिन्न जडीबुटीहरूको भण्डार नै छ ।

उपर्युक्त बहुमूल्य सामग्री विद्यमान हुँदाहुँदै राज्यबाट स्वदेशी सम्पत्तिको बेवास्ता गरी बाह्य देशहरूबाट महँगा वस्तु आयात गरी देशवासीको आर्थिक र

तर पछाडि धकेल्ने काम भएको छ । सरकारबाट स्वदेशी खनिज पदार्थको खोजी गरी प्राप्त स्रोत र साधनको सदुपयोग भएमा देशको आर्थिक स्तर उन्नत हुने एवं गरिबी निवारण भई देश स्वावलमबी बन्ने थियो ।

प्राकृतिक सम्पदाले समृद्ध यस ठाउँमा बसोबास गर्ने गर्ग गोत्रीय पन्तहरूको वंशावली यहाँ प्रस्तुत गर्नु उपयुक्त हुने देखिन्छ ।

(यहाँ वंशवृक्ष राख्ने)

# गोरखा गप्टार सिम्लेका पन्तहरू


**–लेखनाथ पन्त तथा राधिका पन्त**

करिब दुई सय बर्षपूर्व भारद्वाज गोत्रीय ब्राह्मण पन्तहरू डोटी क्षेत्रबाट बसाइसराइ गरी गोरखा जिल्लाको फुजेल गा.वि.स. मा पर्ने स्थानमा आई बसोवास गरेको बुझिन्छ । फुजेलबाट तुलाराम पन्त स्थानान्तरणका क्रममा वि.सं. १९७० मा गप्टारसिम्ले ताङ्लीचोक गा.वि.स. वडा नं.-१ मा सरेका थिए । उनकै साखा सन्तान हालसम्म पनि त्यहाँ बसोवास गरिरहेका छन् ।


यी पन्तहरू भगवान् शङ्करलाई कुलदेवता मान्दछन् र भगवान् विष्णुलाई इष्टदेवता मान्दछन् । गप्टारका पन्तहरू पाञ्चायन देवताको नित्य पूजा गर्ने र हिन्दू धर्म अनुसार मनाइने चाडपर्व, व्रत, जप, पूजा अर्चना गर्ने, दानपुण्य कार्यमा तल्लीन हुने काम गर्दछन् । यी पन्तका पुर्खा कृषि पेसामा संग्लग्न थिए । समयक्रमसँगै पछिल्लो पुस्ताका सन्तति शिक्षा स्वास्थ्य र रोजगारको खोजीमा देशको राजधानी काठमाडौं लगायत चितवन, पोखरा हुँदै भारत, अमेरिका, मकाउ, मलेसिया, अस्ट्रेलिया, युरोप आदि विदेशी भूमिमा समेत छरिएका छन् । यस परिवारको सम्पूर्ण वंशावली निश्चित नभए पनि थाहा पाइए अनुसारको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

**–लेखनाथ पन्त तथा राधिका पन्त**


**वृतचित्र**




मूल पुरुष
तुलाराम
श्रीकान्त
परमानन्द
बालुराम
बलिभद्र
धर्मादत्त
जगन्नाथ
नारायण दत्त
चन्द्रशेखर
नर्मदेव
काशीनाथ
खड्गप्रसाद
मोतिशर्मा
जीवनाथ
तुलसी
भरत
ढिल्लुराम
हरिप्रसाद
होमनाथ
लेखनाथ
गङ्गाराम
भरत
उमेश
फड्निन्द्र
निराजन
सुमन
सुदिप
सुजन
समराट
राजा
उत्सव
इशान
विवेक
विनय
रामचन्द्र
प्रकाश
प्रसुराम
दिनेश

तुलाराम
श्रीकान्त
परमानन्द
कालुराम
रत्नलाल
भयापी
नन्दलाल
हरिवल्लभ
गिरिराज
टीकाराम
ईश्वरी
चिरन्जीवी
पद्मप्रसाद
गोकुल
कर्णप्रसाद
होम
हर्क
खिलप्रसाद
टीकाराम
लुलप्रसाद
टीकाराम
दयाराम
धनञ्जय
पुष्पा
राम
रमेश
लक्ष्मन
उमेश
राज
राजकुमार

तुलाराम
बालुराम
भगीरथ
हरिलाल
भीमप्रसाद
तुलसी
तेजप्रसाद
विष्णु
केदार

भयापी
वासुदेव
खड्गप्रसाद
कुलप्रसाद

# समाजसेवी/शिक्षाप्रेमी स्व. टेकराज पन्त

**– सुदीप पन्त**
**सम्पादक**

राष्ट्रिय स्तरमा खास चर्चित व्यक्तित्व नभए तापनि यहाँ एक जना समाजसेवा र शिक्षारूपी महादानमा अग्रणी भूमिका निभाउनुभएका व्यक्तित्वबारे प्राप्त जानकारी प्रस्तुत गरिँदैछ । त्यति बेलाको सामाजिक परिवेशमा उहाँले समाज र शिक्षासेवामा दिनुभएको नेतृत्वदायी भूमिकालाई वर्तमान समयमा उभिएर मूल्याङ्कन गर्दा सानो देखिन सक्दछ तर त्यो समयका लागि त्यो कार्य सफल बनाउन कति संघर्ष र त्याग गर्नु पर्दथ्यो त्यसको अनुभूति गर्न त्यही परिवेशमा उभिनु पर्दछ । उहाँले गर्नुभएको कार्य त्यो समयका लागि निकै स्तुत्य र महत्त्वपूर्ण थिए । राणकालमा शिक्षाको पहुँच गाउँगाउँमा पुऱ्याउन खोज्नु त्यति बेलाका लागि निकै चुनौतीपूर्ण र जोखिम थियो । उहाँले युवावस्थामा गर्नुभएका त्याग र तपस्याले आजका युवा पुस्तालाई सेवामूलक कार्यमा सम्लग्न हुने प्रेरणा तथा मार्गदर्शन गर्न केही नकेही सहयोग हुन सक्तछ ।

पिता खड्गध्वज पन्त र माता लक्ष्मीकुमारी पन्तका पुत्ररत्नका रूपमा टेकराज पन्तको जन्म वि. सं. १९८० साल असार २६ गते गोरखा जिल्लाको पस्लाङ गाउँमा भएको थियो । पाँच वर्षको उमेरमा बुवाको स्वर्गारोहणले गर्दा उहाँको बाल्यकाल त्यति सहज र सरल भएन ।  त्यस बेलाका निमुखा, निःसहायलाई हेप्ने सामन्ती समाजबाट उहाँ र उहाँकी आमासमेत अछुतो रहनु भएन । त्यति बेला गोरखामा भाषा पाठशाला स्थापना गर्ने र कतै कतै पण्डितहरूले कखरा सिकाउने कार्यको विकास हुँदै थियो । त्यसकारण अध्ययन गर्न चाहनेहरूका लागि असहज परिस्थिति थियो । बनारससम्म पुऱ्याएर अध्ययन गराउनु उहाँकी आमाको हैसियतभन्दा टाढाको कुरा थियो तैपनि छोरालाई पढाइलेखाई शिक्षित बनाउने योजना लक्ष्मीकुमारीको मनमा छँदै थियो । 'तँ आँट म पुऱ्याउँछु' भनेझैं उहाँकै आफन्तले सहारा दिएर टेकराजलाई काठमाडौंसम्म ल्याएर तीन धारा संस्कृत पाठशालामा भर्ना गराउने जिम्मा लिनुभयो । त्यस बखत नेपालका विभिन्न ठाउँमा राणाशासन विरुद्ध क्रान्तिको लहर चलिरहेको थियो । त्यो क्रान्तिको बिउ 'जयतु संस्कृतम्' का माध्यमबाट पल्लवित भइरहेको थियो । तीन धारा पाठशालाका विद्यार्थीहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आन्दोलनलाई चर्काउँदै थिए । क्रान्तिले टेकराजलाई पनि अछुतो राखेन । उहाँ पनि पढाइका साथै आन्दोलनमा सम्मिलित हुनुभयो । राजनीति गरेको कारण देखाई वि. सं.२००५ सालमा अन्य साथीहरूसहित

उहाँ पनि निष्काशित हुनुभयो । केही साथीहरू बनारसतिर गएर अध्ययन अगाडि बढाउन थाले भने केहीले अध्ययन छाड्नु पर्ने अवस्था आयो । उहाँलाई राणाले शिक्षामाथि लगाएको अङ्कुश पटक्कै मन परेको थिएन त्यसकारण अन्यायका विरुद्धमा लड्ने र शिक्षालाई सर्वसुलभ बनाउने योजना बनाएर उहाँ गोरखा फर्कनुभयो । गृह जिल्लामा रहँदा गुरुहरूको सहयोग एवं स्वाध्ययनबाट संस्कृत र अङ्ग्रेजीको थप ज्ञान हाँसिल गर्ने एवं आन्दोलनमा सहभागी बन्ने कार्य उहाँ गर्न थाल्नुभयो ।

राणा शासन विरुद्धको क्रान्ति देशभर नै फैलँदै गइरहेको थियो । उहाँले पनि अध्ययनका अतिरिक्त राणाहरूले गरेको अन्याय, अत्याचारका विरुद्ध जनचेतना फैलाउन सक्रिय योद्धाका रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने र अरूका कार्यक्रमलाई सहयोग पुऱ्याउने काम गर्न थाल्नुभयो । गोरखा जिल्लामा सञ्चालित आन्दोलनमा नेतृत्वदायी भूमिका उहाँले निभाउनुभयो । परिणामस्वरूप वि.सं. २००७ सालमा राणाहरूले शासनसत्ता त्याग्न बाध्य हुनु पऱ्यो । त्यस कार्यमा गोरखाका योद्धाहरूको योगदान पनि निकै ज्यादा थियो । त्यस महायज्ञमा उहाँले तीन धारा पाठशालादेखि गोरखासम्म सशक्त भूमिका निर्वाह गर्नुभयो । उहाँको युद्ध कुशासनका विरुद्ध थियो स्वार्थसिद्धिका लागि थिएन । त्यसैले राणा शासनको अन्त्यसँगै राजनीति छाडेर उहाँ समाजसेवा र शिक्षासेवातिर लाग्नुभयो । विद्यादानभन्दा ठूलो दान अरू केही छैन भन्ने शास्त्रीय वचनलाई मूलमन्त्र बनाएर पाठशालाको स्थापना गरी निःशुल्क शिक्षा कसरी दिन सकिन्छ भन्ने योजना बनाउनतिर उहाँ लाग्नुभयो ।

राणा शासनको अन्त्यपश्चात् युवाहरूमा राष्ट्र विकासमा के कसरी योगदान दिन सकिन्छ भन्ने कुरातर्फ ध्यान आकर्षण हुन थालेको थियो । त्यस समयमा सामाजिक चेतनाको विकास गर्ने लहर नै चलेको थियो । शिक्षाको अभावमा सामाजिक चेतनाको अभिवृद्धि र राष्ट्रलाई समुन्नत बनाउने कार्य केवल कोरा कल्पनामात्र हुने कुरा टेकराज पन्तले राम्ररी बुझ्नुभएको थियो । यसै तथ्यलाई मनन गरी पाठशाला वा विद्यालयको स्थापना गर्ने दृढ अठोटका साथ उहाँ उपयुक्त का लागि स्थानीय सहयोगीहरूसित विचारविमर्श गर्न लाग्नुभयो । त्यति बेला सदर मुकाममा पाठशालाको स्थापना भए पनि पहाडी जिल्ला गोरखाका दुर्गम क्षेत्रमा कहीँ पनि पाठशाला थिएनन् । कसैले पाठशाला स्थापना गरे पनि दीर्घकालसम्म सञ्चालन गर्न निकै गारो हुन्थ्यो । त्यस्तो काम गर्न असल व्यक्तिको निरन्तर साथ, सल्लाह र सहयोग आवश्यक पर्दथ्यो । असल कार्यमा साथ दिने व्यक्ति पाउन निकै मुस्किल थियो । त्यस्तो अवस्थामा सदरमुकाममा अध्ययन गर्न सबैलाई सम्भव नहुने भएकाले दुर्गम गाउँमा नै पाठशाला खोल्ने निर्णय उहाँले गर्नुभयो । धेरैजसो

गुरुङ, केही ब्राह्मण, क्षेत्री र नेवारहरूको बसोबास रहेको गोरखाको उत्तरी क्षेत्रमा पर्ने जौबारी गाउँमा पाठशाला स्थापना गर्ने काम उहाँले गर्नुभयो । त्यस स्थानमा पुग्न गोरखा जिल्ला सदरमुकामबाट एक दिनको पैदल बाटो हिँड्नु पर्दथ्यो ।

पाठशाला स्थापना गर्ने र त्यसबाट हुने लाभका विषयमा जौबारी गाउँका स्थानीय भद्रभलादमी, गण्यमान्य व्यक्ति तथा साहूमहाजनसित सरसल्लाह गरेर अनेक प्रतिकूल अवस्था पार गरी उहाँले २००८ साल मङ्सिर २ गतेबाट थानीथानको खुलाचौरमा घरघरबाट बालबालिकाहरूलाई बोलाएर अध्यापन गर्न सुरु गर्नुभयो । स्थानीय व्यक्तिहरूलाई सक्रिय नबनाएसम्म पाठशालाले निरन्तरता नपाउने भएकोले सञ्चालक समितिको गठन गरी आफू सचिव तथा शिक्षक बनेर उहाँ विद्यालय सञ्चालनमा सक्रिय हुनुभयो ।

उहाँले त्यस पाठाशालाबाट न त कुनै आर्थिक आय आर्जन गर्ने लक्ष्य बनाउनुभएको थियो न त कुनै मानप्रतिष्ठाको आकांक्षा राख्नुभएको थियो । निःशुल्कमा ज्ञान दिएर शिक्षाको ज्योति फैलाउने र चेतना अभिवृद्धि गर्ने एकमात्र लक्ष्य उहाँको थियो । उपकारलाई नै लक्ष्य बनाएर विद्यालय सञ्चालन गर्नुभएको त्यस पाठशालाको नाम 'परोपकार भाषा पाठशाला' राखियो । त्यति बेलासम्म पाठशालामा छोराहरूमात्र पढाउने चलन थियो । छोरीहरूले पढ्नु समाजसुहाउँदो मानिँदैनथ्यो । आधा आकाश ओगटेका नारीहरूलाई नै अध्ययनबाट टाढा राखियो भने त न्याय नहुने विचार टेकराजको थियो । त्यसैले छोरीलाई पनि छोरा सरह पढाउनु पर्दछ भनेर स्थानीय भद्रभलादमी र बुढापाकाहरूलाई सम्झाउने काम उहाँले गर्नुभयो । केहीले हुन्छ भने पनि अधिकांशले त्यस कुराको विरोध गरे । सामाजिक, धार्मिक र सांस्कृतिक परम्पराका कारणले त्यसो हुनु स्वाभाविकै थियो । जनविरोध भए पनि असल काम गर्न पछि हट्न नहुने सोच भएका टेकराजले त्यस कार्यलाई निरन्तरता दिनुभयो । समय नै सबभन्दा ज्यादा बलवान् हुन्छ भनेझैँ आइलागेका सबै समस्याहरू बिस्तारै स्वतः सल्टदै गए । क्रमशः छात्रछात्रा दुवैको साझा अध्ययनस्थलका रूपमा परोपकार भाषा पाठशाला सुस्थापित हुँदै गयो ।

विद्यार्थी नपाइने, कदाचित् विद्यार्थी जम्मा भइहाले पनि शिक्षक नपाइने, मन, वचन र कर्मले नै समर्पित नभए यस्ता कार्य सञ्चालन हुन नसक्ने किसिमा अनेकौँ अप्ठेराका कारण त्यति बेला पाठशाला चलाउन निकै गारो थियो । यस प्रकारका अनेकौँ असहज अवस्थाका विरुद्ध संघर्ष गर्न टेकराज अहोरात्र खट्नुभयो । त्यस बखत पढाउने गुरुलाई मास्टर भन्ने चलन चल्न थालेको थियो । घरपरिवार भन्दा पनि पाठशालालाई नै बढी समय दिने र त्यसकै चिन्तनमा समय व्यतीत गर्ने उहाँलाई सबैले मास्टर बाजे भन्न थाले । हालसम्म पनि त्यस क्षेत्रमा मास्टर बाजेकै

नामबाट उहाँ चर्चित हुनुहुन्छ । निःस्वार्थ भावले निरन्तर निःशुल्क शिक्षा दिनमा नै उहाँले जीवनको अधिकांश समय खर्च गर्नुभयो । त्यो योगदान, त्याग र तपस्या अरूका लागि पनि ग्राह्य भयो । समाजले त्यसको मुल्याङ्कन गऱ्यो । त्यसैले गोरखा जिल्ला सदरमुकाममा रहेको भाषा पाठशालालाई समेत सोही परोपकार भाषा पाठशालामा गाभ्न टेकराज पन्त सफल हुनुभयो । यसबाट परोपकार पाठशालालाई थप आयस्रोत र शिक्षकसमेत प्राप्त भयो । त्यसले गर्दा पाठशालाको आकार ठूलो भयो । अब भने पाठशालामा कक्षा बढाउनका लागि शैक्षिक जनशक्तिको कमी भएन । २०१० साल माघ महिनामा निम्न माध्यमिक विद्यालयको स्वीकृतिसमेत त्यस पाठशालाले प्राप्त गऱ्यो । त्यसले गर्दा जिल्लाको सम्बद्ध क्षेत्रका धेरै विद्यार्थीहरूलाई शिक्षा आर्जन गर्न सुगम र सरल भयो ।

परोपकार निम्न माध्यमिक विद्यालयमा परिणत भएपछि स्थानीय जनताले विद्यालयको महत्त्वमात्र बुझेनन् यसको अवाश्यकता पनि अनुभव गर्न थाले । निम्न माध्यमिक तहको पाठशाला बनेपछि उहाँले सबैतिरबाट सम्मान र सहयोग पाउन थाल्नुभयो । त्यसपछि उहाँले केही विश्राम लिई स्थानीय समाजसेवीहरूलाई सक्रिय बनाएर विद्यालयको पठनपाठन तथा व्यवस्थापन कार्यमा आवश्यक मार्गनिर्देशन गर्न थाल्नुभयो । जीवनको उत्तरार्धसम्म पनि उहाँ जौबारी क्षेत्रमा मात्र नभएर जिल्लाका शिक्षा र समाज क्षेत्रका कार्यकर्ताहरूबीच चर्चित रहनुभयो । स्वर्गवास भएपछि पनि शिक्षा र समाजसेवीका नामले हालसम्म उहाँलाई सबैले चिन्ने गर्दछन् । आमा, श्रीमती, छोरा, छोरीसहितको परिवारको पालनपोषणको जिम्मा उहाँमा थियो । त्यागीतपस्वीका समस्याको समाधान भगवान् गरिदिन्छन् भनेझैं उहाँको परिवारका समस्याको निराकरण पनि हुँदै गयो । अनेकौं अप्ठेरा सहेर पनि उहाँलाई उद्देश्य प्राप्तिमा अघि बढ्न परिवारले कहिल्यै बाधा पुऱ्याएन ।

हाल उक्त पाठशाला 'श्री परोपकार आदर्श बहुमुखी क्याम्पस' मा विकसित भएर स्नातक तहसम्मको पढाइ हुने शैक्षणिक संस्था बनेको छ । सम्बद्ध क्षेत्रका जनताहरू समाजसेवी टेकराजका योगदान अहिले पनि कृतज्ञ बनेर सम्झने गर्दछन् । परोपकार पाठशालालाई जन्माउने, हुर्काउने र फुलाउने काम गरिसकेपछि उहाँ जन्मस्थान पस्लाङ फर्केर घरपरिवारको संरक्षण गर्न थाल्नुभयो । घर पस्लाङमा भए पनि उहाँको खेतबारी भने दरौंदी नदीनजिक बँसीको छेपेटारमा थियो । घरबास र खेत गर्ने ठाउँको दूरीले गर्दा खेतीपातीको समयमा उहाँलाई निकै गारो पर्दथ्यो । २०२१ सालमा औलो उन्मूलन भएपछि पस्लाङ गाउँ छाडी उहाँ बँसी छेपेटारमा नै स्थायी बसोबास गर्न थाल्नुभयो । उहाँले जौबारीमा गरेको योगदानबारे छेपेटारका धेरैलाई थाहा थियो । त्यहाँ पनि उहाँ र अन्य गण्यमान्य व्यक्तिहरूको सक्रियतामा

तारानगर प्राइमरी स्कुल स्थापना भयो । त्यो शिक्षालय हाल माध्यमिक तहबाट उच्च माध्यमिक तहतिर स्तरोन्मुख बनेको छ ।

समाजसेवामा जीवन समर्पण गर्नुभएका स्व. टेकराज पन्तले आफ्नो क्षेत्रमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालय स्थापना गर्न सके बाहिर गएर पढ्न नसक्ने विद्यार्थीहरूले लाभ लिने थिए भन्ने सोचेर सेन्ट जोसेफ बोडिङ स्कुल र सेन्ट मेरिज स्कुलको पनि सञ्चालन गर्न सक्रिय भूमिका निर्वाह गर्नुभयो । सम्बन्द्ध निकायका पदाधिकारीबाट उहाँका ती कार्यको प्रशंसा अझसम्म सुन्न पाइन्छ । बुढेस कालसम्म पनि उहाँ युवकको जस्तो जोसजाँगरमा सक्रिय भएर काम गर्नुहुन्थ्यो । शिक्षा र समाजसेवा क्षेत्रका व्यक्तिहरू उहाँको रायसल्लाह र सुझाव लिन आउँथे । उहाँ सधैं व्यस्त नै रहनुहुन्थ्यो । फुर्सद पाएको रहेको समय श्रीमती, तीन छोरा (अमर, शेखर, कल्याण) चार छोरी र नातिनातिनासँग बिताउनुहुन्थ्यो । यो संसार त सबैले छोड्नै पर्दछ । जन्मपछि मृत्यु हुनु त सत्य नै हो । श्रीकृष्णले अर्जुनलाई 'जातस्य हि ध्रुवो मृत्यु' अर्थात् जन्मेकाको मृत्यु हुनु निश्चित छ भन्नुभएको छ । यस शाश्वत सत्यको अपवाद टेकराज पन्त पनि हुनु भएन । २०५७ साल असार १२ गते उहाँले भौतिक शरीर त्याग्नुभयो । सत्कर्मको फल पुस्ता पुस्तासम्म प्राप्त हुन्छ भन्ने मान्यता अनुरूप उहाँले परोपकार आदर्श उच्च माध्यमिक विद्यालयको स्थापनामा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप उहाँलाई मरणोपरान्त जेठा छोरामार्फत निम्नलिखित बेहोराको सम्मानपत्र प्रदान गरियो–

यहाँनेर उक्त सम्मानपत्रको स्क्यान कपी संलग्न गर्ने ।

# धादिङ थाक्रेका भारद्वाज गोत्रीय पन्तहरू

**–हरिप्रसाद पन्त**

द्रव्य शाहले गोरखा राज्यमा आक्रमण गरेदेखि पन्तहरूको योगदान महत्त्वपूर्ण रहँदै आएको छ । आधुनिक नेपाल एकीकरणको समयमा पनि यसले निरन्तरता पाएको थियो । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानका समयमा गोरखा छेपेटारका अमरकाजी पन्त गोरखा दरबार मा काजी थिए । उनी प्रायः पूजाआजामा व्यस्त रहन्थे । एकीकरण अभियानसँगै उनी पनि काठमाडौँ आएका थिए । एकीकरणको अभियानमा पृथ्वीनारायण शाहले सबैभन्दा नराम्रो हार कीर्तिपुरमा खानु परेको थियो । सो ठाउँको पहिलो युद्धमा कालु पाण्डे मारिएका थिए भने दोस्रो युद्धमा शूरप्रताप शाहले आँखा गुमाउनु परेको थियो । त्यसपछि अमरकाजी पन्तले वटुक भैरवलाई अघि लगाएर आक्रमण गरे कीर्तिपुर दखल गर्न सकिन्छ भनी पृथ्वीनारायण शाहलाई सल्लाह दिए । दैवी शक्तिमाथि पृथ्वीनारायण शाहलाई पूर्ण विश्वास थियो । तेस्रो युद्ध पृथ्वीनारायण शाहले सोही अनुसार गरी विजय प्राप्त गरेका थिए । त्यसको खुसियालीमा उनले अमरकाजीलाई धादिङको जीवनपुर भन्ने ठाउँमा बसोबास थाक्रेमा बिर्ता दिएका थिए । हालसम्म पनि थाक्रेमा लगभग पचास घर पन्तहरू बसोबास गर्दछन् र वटुक भैरवको मूर्ति स्थापना गरी नियमित पूजा गर्दछन् ।

### कुलदेवता

यहाँका पन्तहरूले सूर्यलाई कुलदेवता मानी प्रत्येक वर्षको पुसको आइतबार मध्याह्ण अर्घ चढाएर सूर्यको पूजा गर्दछन् । पौष महिनाभरि यिनीहरू चोखो खाना खान्छन् । त्यस महिनाको आइतवार नुनबिनाको भोजन एक छाकमात्र सेवन गर्दछन् ।

### इष्टदेवता

अमरकाजीकै सल्लाह र सुझाव अनुसार कीर्तिपुरमा आक्रमण गरिएको एवं वटुक भैरवकै कृपाले विजयलक्ष्मीले गोरखालाई साथ दिएका कारण तिनका सन्ततिले वटुक भैरवलाई इष्ट देवताका रूपमा पुज्न थालेका हुन् । भैरवलाई बलि चढाउने परम्पराका कारण शाकाहारी हुँदै आएका पन्तहरूले प्रसादका रूपमा मांसाहार स्वीकार गर्न थालेको पाइन्छ । माछामासु नखाने भएकाले अमरकाजीले मांसाहार अस्वीकार गरेका भए पनि वटुक भैरवको नियमित पूजा गर्ने बलि चढाउने र प्रसादका रूपमा मासु खाने भन्ने आदेशानुसार अमरकाजीका सन्तानले मासु खान थालेको कुरा बुढापाका र जानकारहरूबाट थाहा हुन आएको छ । हालसम्म

पनि थाक्रेका पन्तहरू बसाइ सराइका क्रममा जहाँ गएका भए पनि वटुक भैरवलाई इष्ट देवता मानेर प्रत्येक बडा दसैंको अष्टमीका राती जमरा राखेको ठाउँमा कालो बोकाको बलि दिई विधिपूर्वक कालारात्रिको पूजा गर्दछन् । जेठो सन्तान जन्मँदा, विवाह हुँदा चैते दसैं वा बडा दसैंमा बटुक भैरवमा यिनीहरू बलि चढाउँछन् ।

**थाक्रेका पन्तहरूको बसाइ सराइ**

अमरकाजीका छोरा श्रीनाथ र श्रीनाथका तीन छोरामा जेठा मन्त्रनिधि थाक्रेमै बसेका थिए। माहिला बज्रनिधिले काठमाडौँको डल्लुमा र कान्छा शिवनिधिले धादिङकै मानरक भन्ने ठाउँमा गएर बसोबास गरे। जेठा मन्त्रनिधिका एकमात्र छोर ा र चन्द्रबलिका सात भाइ छोरामा क्रमशः भगीरथ काठमाडौँको डल्लु, मायानाथ थाक्रेमै, शिवनाथ धादिङको कुम्पुर, भीमनाथ, हिमलाल, त्रिलोचन, नाम थाहा नभएका कान्छा थाक्रेमै बसे । थाक्रेबाट कुम्पुर गई बसेका शिवनाथका एकमात्र छोरा गोपीनाथ, गोपीनाथको पाँच भाइ छोरामा क्रमशः चिरञ्जीवी, रामप्रसाद, हरिप्रसाद, खुवलराज, धर्मदत्त भए। चिरञ्जीवीका तीन भाइ छोरामा क्रमशः कृष्ण, ईश्वर र समीर भए। माहिला रामप्रसादका तीन भाइ छोरामा क्रमशः यादव, रमेश र शम्भु भए । साहिँला हरिप्रसादका तीन भाइ छोरामा रामप्रसाद लक्ष्मणप्रसाद र प्रकाश भए। काहिँला खुबलराजका दुई भाइ छोरा पशुपति र अजित भए। कान्छा धर्मदत्तका दुई छोरामा क्रमशः प्रकाश र सन्तोष भए ।

वृतचित्र

# पद्मनाथ पन्त

**– वासुदेव पाण्डे**

काठमाडौँको भुरुङखेल बस्दै आएका पद्युम्न पन्तका छोरा रामभक्त धर्मानुरागी थिए । रामभक्त पनि आफ्नो पैतृक थलो भुरुङखेलमै बसे । त्यहाँ उनका माहिला सुपुत्र पद्मनाथ पन्तको जन्म वि.सं. १९५३ सालमा भएको थियो । हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको खस्रो पात भनेझैँ पद्मनाथ सानै उमेरदेखि मेधावी थिए । एकपटक सुनेका कुराको छाप उनका मानसपटलबाट हट्दैनथ्यो । उनको रुचिको विषय ज्यौतिष भए पनि उनलाई भट्टिकाव्य र काव्यादर्श मुखाग्रै थियो ।
वि. सं.१९७१ मा उनी ओजकुमारी पाण्डेसँग प्रणयसूत्रमा बाँधिए । बिहेको केही समयपछि ओजकुमारीको निधन भयो । वि. सं. १९७३ मा उनले शान्तिदेवी पाण्डेसँग विवाह गरे । पारिवारिक जीवनले उनको अध्ययनमा कुनै असर पारेन । उनले अध्ययन र पारिवारिक सुव्यवस्थालाई सँगै अगाडि बढाए । पछि पद्मनाथ तीन पुत्र र तीन पुत्रीका पिता बने ।

नेपालमा वि. सं.१९७० को दशकसम्म अहिलेको पञ्चाङ्ग (पात्रो) पाइँदैनथ्यो । पुस्तक छपाउनु पऱ्यो भने त्यस बखत बनारसै पुग्नु पर्थ्यो । प्रकाशन भएपछि पनि वितरणको व्यवस्थापनका लागि पनि उत्तिकै समस्या थियो । त्यसकारण ज्योतिषहरूले आफै मुडे पात्रो बनाएर काम चलाउने गर्दथे । यसो गर्दा कहिलेकाहीँ कार्यगत एकताको अभाव देखिन्थ्यो । छापाखाना भएकाले भारतमा भने पञ्चाङ्ग प्रकाशन हुने गदथे । नेपालमा यो कामलाई संस्थागत गर्नका लागि वि.सं.१९७४ सालमा ज्यो.पं. तोयनाथ पन्तको निधन भएपछि उनका पुत्रसँग मिलेर पद्मनाथले वि. सं.१९८० देखि निरन्तररूपमा वि.सं.२००४ सालसम्म पात्रो प्रकाशन गरे । ज्योतिष विषयमाथि शोधखोज गर्न र त्यसलाई समयानुकूल बनाउनका लागि वि. सं. १९८३ मा वैज्ञानिक ज्योतिष समाज नेपाल (Scientific Astrology Society Nepal) नामक संस्था ठहिटी काठमाडौँमा स्थापना गरिएको थियो । पद्मनाथ त्यस संस्थाका संस्थापक सदस्य थिए । राणाकालमा संस्था खोल्नु आफैमा दशा निम्त्याउनु जस्तै थियो । त्यस संस्थाका बारेमा चन्द्रशमशेरले सोधखोज गर्न लगाए । त्यस बेला राणाको बोली नै कानुन हुन्थ्यो । त्यस संस्थाको जगेर्ना गर्नतिर लाग्नुको सट्टा संस्थापकहरूलाई एकेक रुपियाँ दण्ड तिराइयो । ज्यौतिष जीवन निर्वाहका लागि गर्न पाइने तर प्रचार गर्नका लागि नपाइने आदेश उनीहरूलाई सुनाइएपछि त्यो संस्था स्वतः सेलाउँदै गयो ।

# शङ्करदेव पन्त

– हरिप्रसाद सोडारी

सम्पादक

पिता जयदेव एवं माता हर्षलक्ष्मी पन्तका जेष्ठ पुत्ररत्नका रूपमा शङ्कर देव पन्तको जन्म वि. सं.१९६६ साल आषाढ शुक्लपक्ष तृतीया तिथिका दिनमा भएको थियो । यिनको बाल्य काल मातापिताका साथ पैतृक थलो बूढानीलकण्ठमा बितेको थियो । यिनको परिवारलाई विद्वत्त् परम्पराको वंशका रूपमा चिनिन्थ्यो । यिनका हजुर बुवाको विद्वत्ताका बारेमा समाजलाई राम्रो ज्ञान थियो । विद्वत्त् कुलमा जन्मेकाले विद्या आर्जन गर्न यिनले अन्यत्र जानु परेन । यिनले घरमा बसेर पिताबाट नै कखरा चिन्ने मौका पाए । विधिको विधान कसैलाई थाहा हुँदैन र भवितव्यलाई कसैले रोक्न सक्दैन । वि. सं. १९७३ मा यिनले मातृशोक बेहोर्नु पऱ्यो । पिताको निधन भएमा छोराछोरी आधा टुहुरा र आमाको निधन भएमा चाहिँ पूरै टुहुरा हुन्छन् भनिन्छ । व्यवहारकुशल जयदेवले श्रीमतीको शोक सहँदै छोराछोरीलाई दिनु पर्ने माया, ममता, अध्ययनको सुविधामा कमी हुन दिएनन् । यो अवसर शङ्करदेव र यिनका भाइबहिनीहरूले लामो समय पाउन सकेनन् । वि. सं. १९७५ मा जयदेवले पनि यस संसारबाट बिदा भए । माता र पिताको निधनपछि शङ्करदेव र यिनका भाइबहिनीहरूको लालनपालन र शिक्षादीक्षाको व्यवस्था जयदेव पन्तका मामाका छोरा तात्कालिक बडागुरुज्यू तर्कराजबाट हुन थाल्यो ।

शङ्करदेव सानैदेखि अध्ययनशील र परिश्रमी थिए । यिनले दरबार हाइस्कुलबाट माध्यमिक तहको शिक्षा प्राप्त गरे । त्यसपछि त्रिचन्द्र कलेजबाट आई. ए. एवं बी.ए.सम्मको अङ्ग्रेजी विषयको अध्ययन यिनले गरे । राणाहरूले शिक्षामा जनताहरूको पहुँच पुग्न दिएका थिएनन् । पढेलेखेका व्यक्तिहरूमाथि पनि त्यस बखत एक प्रकारको निगरानी हुन्थ्यो । यो कुरा शङ्करदेवलाई थाहा थियो । यिनी शिक्षा प्राप्त गर्ने अवसरबाट कसैले पनि वञ्चित हुनु हुँदैन भन्ने चाहन्थे । पन्तले बी.ए. तृतीय वर्षमा अध्ययन गर्दै गर्दा पुस्तकालयको स्थापना गर्न पाए धेरैले ज्ञान पाउने थिए भन्ने कल्पना गरे । त्यसका लागि यिनले महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायतका तात्कालिक शिक्षाप्रेमीहरूसित विचारविमर्श गरे । सबैको सहयोग लिएर यिनी पुस्तकालय सञ्चालन गर्न लागे । सरस्वतीको सेवा गरेबापत सरकारले अरू केही गर्न नसके पनि स्याबासी दिनको सट्टा उल्टै प्रतिव्यक्ति रू. १००/- (एक सय) दण्ड गरियो र पुस्तकालय बन्द गरियो । इतिहासमा यो घटना लाइब्रेरी पर्वका नामले चिनिन्छ ।

जीवनमा आउने प्रत्येक घटनाले मानिसलाई परिपक्व, व्यावहारिक र कुशल बनाउँदै लैजान सहयोग गर्दछ । लाइब्रेरी पर्वले शङ्करदेवलाई राणाहरूको उद्देश्य बुझ्न गारो भएन । त्यसपछि यिनी शिक्षालाई जनमुखी बनाउने ध्याउन्नमा निरन्तर लागे । गाउँगाउँसम्म शिक्षा पुऱ्याउन गर्नु पर्ने उपायका बारेमा यिनी चिन्ता गर्न थाले । यसैबीच यिनले बी. ए. सम्मको अध्ययन समाप्त गरे । त्यसपछि यिनी थप अध्ययनका लागि भारतको पटना कलेजमा भर्ना भए । त्यहाँ यिनले अङ्ग्रेजी साहित्यमा एम. ए. उत्तीर्ण गरे । बी.ए. पढ्दै गर्दा पुस्तकालय खोले बापत दण्ड तिर्नु परेको घटना यिनका मानसपटलमा घुमिरहन्थ्यो । एम. ए. उत्तीर्ण गरेपछि मातृभूमिको सेवाका लागि यिनी स्वदेश फर्किए । राणाहरूको चाकरी गरेका भए विद्यालयको प्रधानाध्यापकदेखि कलेजको प्रोफेसरसम्म हुने योग्यता भएका पन्तले स वतन्त्ररूपमा लेख रचनाहरू तयार गर्नुका साथै फुर्सदको समयमा ट्युसन पढाउन थाले । त्यसबाट पनि केही समय उबारेर यिनले रवीन्द्रनाथ टैगोरको 'गीताञ्जलि' लाई नेपाली भाषामा उल्था गर्न थाले । यो काम यिनले वि. सं. १९९५ मा समाप्त गरे । टैगोरको उक्त कीर्तिले नोबेल पुरस्कारसमेत पाएको थियो । वि. सं. १९९७ मा यिनकी धर्मपत्नीको देहावसान भएपछि वि. सं. १९९८मा उमाकुमारीसँग यिनको विवाह भयो ।

नेपाल फर्किएपछि शङ्करदेव पन्त एकपछि अर्को गरी विभिन्न शैक्षिक कार्यहरूमा संलग्न हुँदै गए । पद्मशम्शेरको पालामा स्थापना भएको पद्मोदय विद्यालयको भौतिक संरचनाको निर्माण एवं त्यसको विस्तारका लागि आवश्यक पर्ने साधन र स्रोत जुटाएर भौतिक पूर्वाधार सम्पन्न विद्यालय बनाउनका लागि यिनले अथक परिश्रम गरे । परिणामस्वरूप अढाई ब्लक जग्गासमेत विद्यालयको नाममा उपलब्ध भयो । यिनको त्यागको मूल्याङ्कन गर्दै विद्यालयलाई अझ मजबुत बनाउन यिनलाई पद्मोदय विद्यालयको सञ्चालक समितिका अध्यक्षको जिम्मेवारी दिइयो । त्यस अवधिमा विद्यालयको कार्य परिवर्तन गर्न यिनको ठूलो योगदान रह्यो । २००४ सालमा भएको काठमाडौँ नगरपालिकाको चुनावमा यिनी वडा नं. २१ बाट वडा सदस्यका रूपमा उम्मेदवार बनी समाजसेवाका क्षेत्रमा निकै खटिए । त्यस बेलाको काठमाडौँ नगरपालिकाका सदस्यहरूलाई भत्तास्वरूप मासिक पाँच सय रुपियाँ दिने निर्णय भए पनि 'जनताको सेवा निःशुल्क गर्नु पर्दछ' भन्दै यिनले सो भत्ता स वीकार गरेनन् ।


२००७ सालमा तात्कालिक प्रधानमन्त्री मोहन शम्शेरद्वारा स्थापित नेपालको पहिलो पार्लियामेन्टमा यिनी शिक्षा क्षेत्र हेर्ने सदस्यका रूपमा नियुक्त गरिए । त्यही वर्षको कार्त्तिकमा राणाहरूको तानाशाही व्यवहारबाट देशलाई बचाउन

राजा त्रिभुवनले भारतीय राजदूतावासको शरण लिए । त्यसको केही समयपछि उनी दिल्ली गए । तात्कालिक श्री ५ त्रिभुवन भारत गएपछि नेपालको परिस्थिति बुझ्न डेनिङ्स र रबर्ट्स भारतीय दूतका रूपमा नेपाल आएका थिए । नेपालमा प्रजातन्त्र चाहिने कुरा गर्दै शङ्करदेव पन्तको नेतृत्वमा उनीहरू समक्ष जुलस प्रदर्शन भएको थियो । प्रजातन्त्रको नाउँमा नाराबाजी गरेको भन्दै यिनलाई छ दिनसम्म हिरासतमा राखिएको थियो । प्रजातन्त्रप्राप्ति भएपछि डा. डिल्लीरमण रेग्मी नेतृत्वको नेपाली राष्ट्रिय काङ्ग्रेसमा यिनी केही समय सक्रिय रहे[ज्ञ] । यिनलाई राजनीति क्षेत्रले भन्दा बिस्तारै शैक्षिक क्षेत्रले आकर्षित गर्न थाल्यो ।

राणाकालमा पुरुषहरूकै शैक्षिक अवस्था नाजुक थियो भने महिलाहरूले पढ्ने त धेरै टाढाको कुरा थियो । दूरदर्शी शङ्करदेव पन्तले २००७ सालमा महिला कलेज खोल्ने प्रस्ताव अघि सारे तर प्रतिकूल परिस्थितिका कारण त्यसले पूर्णता पाउन सकेन । त्यही वर्ष यिनकै अध्यक्षतामा नेपाल सांस्कृतिक सङ्घको स्थापना भयो । यस सङ्घले नेपालमा प्रजातन्त्रको स्थापना गर्न साझा चौतारीको कार्य गऱ्यो । अनेकौँ सङ्गठन चलाए पनि शङ्करदेवलाई शिक्षा क्षेत्रमा नै आकर्षण रह्यो । २००७ सालसम्म नेपालमा क्याम्पसको संख्या थोरै थियो र भएका क्याम्पसहरूमा पनि दिउँसोमात्र पढाइ हुन्थ्यो । जागिरे जीवनमा रहेका अध्ययनशील छात्रछात्राहरूलाई त्यसबाट निकै अप्ठेरो परेको थियो । त्यस समस्याको निराकरणका लागि हालको रानीपोखरीस्थित दरबार हाइस्कुलमा २००८ साल श्रावण ५ गते यिनले नेसनल कलेजको स्थापना गरे । निजी क्षेत्रबाट खोलिएको नेपालकै पहिलो कलेज त्यो थियो । त्यस कलेजमा रात्रिकक्षामात्र चलाइन्थ्यो । स्थापनाकालमा त्यस कलेजमा तीन जना विद्यार्थी र सात जना शिक्षक थिए । त्यस कुरालाई आधार बनाएर यिनका विषयमा अनावश्यक टिप्पणी पनि भए तर विचारमा अडिग पन्तलाई त्यस प्रकारका टिप्पणीले कुनै प्रभाव पारेन । यिनको कडा मेहनत एवं शिक्षकहरूको सक्रियताले गर्दा त्यस कलेजको पढाइ राम्रो हुँदै गयो । त्यसप्रति विद्यार्थीहरूको आकर्षण पनि बढ्न थाल्यो । शङ्करदेवले विद्यार्थीको संख्यात्मक वृद्धिलाई भन्दा पनि गुणात्मक ज्ञानलाई ध्यान दिएकाले केही समयपछि त्यसमा भर्ना भई पढ्न चाहने विद्यार्थीहरूको ओइरो नै लाग्न थाल्यो । विद्यार्थीहरूले अङ्ग्रेजी शिक्षाको माग गर्दै गएकाले २०११ सालदेखि एम. ए.को पढाइ पनि सुरु भयो । २०२ सालतिर वाणिज्यको पढाइ सुरु गरियो भने २०२५ सालदेखि आई. एस्सी.को पढाइ पनि सुरु भयो । यिनको योगदान देखेर २०२३ सालमा गोरखा दक्षिण बाहु तेस्राबाट सम्मान गर्ने निर्णय सरकारबाट भयो तर यिनले त्यो सम्मान अस्वीकार गरिदिए । पुरस्कार र सम्मान पाउनका लागि दिलोज्यान दिनेहरूलाई यिनको त्यो त्याग गतिलो पाठ बन्न सक्तछ ।

सरकारले विद्यार्थीहरूलाई दिनु पर्ने शिक्षाको सेवा एक व्यक्तिले त्यति बेला दिनु भनेको अवश्य पनि महान् कार्य हो । त्यस महत्ताको मूल्याङ्कन गुणग्राहीहरूले गर्दै जानेछन् । दरबार हाइस्कुल क्षेत्र उक्त कलेजका लागि अति नै साँघुरो हुन थालेपछि पुतलीसडक छेउको टुकुचाको किनारमा ६ रोपनी २ आना जग्गा किनेर कलेज स्थानान्तर गरियो । जनताको सक्रियतामा सञ्चालित यस प्रकारका कार्यलाई टेवा दिनुको सट्टा २०२८ सालमा जारी भएको शिक्षा नीतिले निजी क्षेत्रका क्याम्पसहरूलाई सरकारीकरण गरेर शङ्करदेवलाई निकै मर्माहत तुल्यायो । त्यसपछि उक्त कलेज त्रि.वि. अन्तर्गत चलाउन थालियो । २०२९ साउन ५ गते कलेजको बाइसौँ वार्षिकोत्सव मनाउने क्रममा शङ्करदेवले 'मेरो कलेजमा कसैको अधिकार नजम्दै वा त्यसको अन्त्य नहुँदै मेरो मृत्यु होस् । ...म मरे पनि मेरो आत्मा यस महाविद्यालयका वरिपरि घुमिरहने छ' भनेका थिए । २०३० जेठ १ गते यिनले भौतिक शरीरबाट बिदा लिए । यिनका योगदानको सम्मान गर्दै पछि गएर नेसनल कलेजको नाम शङ्करदेव कलेज राखियो । २०३६ भदौ ७ गते क्याम्पस प्राङ्गणमा नाटककार बालकृष्ण समले शङ्करदेव पन्तको सालिक अनावरण गरे । यस क्याम्पसले आजसम्म हजारौँ विद्यार्थीलाई गन्तव्यमा पुग्नका लागि मार्ग दर्शन गरिसकेको छ । शङ्करदेव पन्त भौतिक रूपले आज यस संसारमा नरहे पनि योगदान र कीर्तिका कारण यिनी आज पनि जीवित छन् । कीर्तिर्यस्य स जीवति अर्थात् कीर्तिशाली व्यक्ति नै जीवित रहन्छन् भनेझैँ यिनी पनि नेपाली समाजमा र विशेष गरी समाजसेवा तथा शिक्षा क्षेत्रमा जीवित भइरहने छन् ।

[1] पारिवारिक सूत्रले दिएको जानकारी अनुसार ।



# डा. यादवप्रसाद पन्त

**– गुड्डी पन्त**

पिता विष्णुप्रसाद पन्त एवं माता भीष्मकुमारी पन्तका पुत्ररत्नका रूपमा यादवप्रसाद पन्तको जन्म वि.सं.१९८२ मङ्सिर २ गते काठमाडौँको कालिकास्थानमा भएको थियो । यिनले मातृवात्सल्य लामो समयसम्म पाएनन् किनभने छ वर्षको हुँदा नै मातृवियोग सहनु पर्‍यो । आमाको निधन भएपछि यिनलाई मामा घरमा लगियो । केही समय यिनले मामा घर डिल्लीबजारमा बिताए । त्यसताका यिनका पिता विष्णुप्रसाद पन्त बनारसमा भएकाले यिनलाई पनि बनारसै पुऱ्याइयो । त्यहीँबाट यिनले प्राथमिक शिक्षा हाँसिल गरे । त्यसपछि नेपाल फर्केर यिनले दरबार हाइस्कुलबाट म्याट्रिकसम्मको अध्ययन पूरा गरे । कलेजको अध्ययन यिनले त्रिचन्द्रमा गरे । आई.ए.सम्मको अध्ययन गरी २००० साल जेठ २८ गते यिनी सरदार रुद्रराज पाण्डेकी सुपुत्री रमादेवीसँग प्रणयसूत्रमा बाँधिए ।

विवाहपछि पनि यिनको अध्ययन गर्ने रहर बढ्दै गयो । त्यसकारण यिनी भारतको पटना विश्वविद्यालयमा भर्ना भए । त्यहाँबाट २००२ सालमा यिनले स्नातक तह उत्तीर्ण गरे । यिनले बनारसको हिन्दू विश्वविद्यालयबाट २००४सालमा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे । यही विश्वविद्यालयबाट नै २००८सालमा यिनले विद्यावारिधि (पिएच. डी.) तह उत्तीर्ण गरे । यिनलाई भारतमा अध्यापन एवं काम गर्ने अवसरहरू प्राप्त भए पनि मातृभूमिको मायाले यिनी नेपाल फर्किए ।

२००९ देखि २०१३ सालसम्म यिनले त्रिचन्द्र कलेजमा अर्थशास्त्र विषय अध्यापन गरे । यसैबीच २०१० सालदेखि झन्डै २०१२ सालसम्म राष्ट्रिय योजना आयोगको संस्थापक सदस्यका रूपमा यिनी नियुक्त भए । राणाकालमा नेपालको कुन ठाउँको विकास कसरी गर्ने भन्ने विषयको निर्णय उनीहरूको विवेकमा भर पर्दथ्यो । विकासलाई कसरी अगाडि बढाउने एवं संस्थागत गर्ने भन्नेसम्बन्धमा त्यस बेलासम्म सरकारी स्तरबाट पूर्व तयारी हुँदैनथ्यो । अर्थशास्त्रको विज्ञ भएका नाताले यादवप्रसादले त्यस समयमा समग्र राष्ट्रको विकास कसरी र कुनकुन क्षेत्रलाई प्राथमिकतामा राखेर गर्न सकिन्छ भन्ने विषयमा सल्लाह दिने र तदनुरूप कार्यक्रम बनाउने काम गरे ।

कार्यदक्षता एवं परिश्रमी स्वभावले गर्दा राज्यबाट यिनले एकपछि अर्को अवसर पाउन थाले । २०१२ देखि २०१७ सालसम्म यिनले नेपाल सरकारको प्रमुख आर्थिक सल्लाहकार र नेसनल प्लानिङ बोर्डको कार्यकारी सदस्यका रूपमा रहेर काम गरे । त्यति बेला देहमा उद्योग तथा कलकारखाना नभएकाले देशको आयस्रोतको

माध्यम एक प्रकारले नगण्य थियो । अर्कातिर विकासलाई तल्लो तहसम्म पुऱ्याएर निष्पक्षरूपमा कार्यान्वयन गराउन अहिलेको जस्तो जनप्रतिनिधिहरूको प्रतिनिधित्व नभएकाले कैयौँ काम गर्न त्यति बेला निकै गारो थियो । कतिपय अवस्थामा व्यक्तिगत दबाबहरू पनि आउने गर्दथे । सधैँ जनहित र जनआवश्यकतालाई प्राथमिकता दिएर कार्य गरेका हुनाले यिनले कहिल्यै आर्थिक हिनामिना र जनविर ोधी कित्तामा न त पञ्चायतकालमा उभिनु पऱ्यो न त प्रजातान्त्रिक कालमा । २०१७ देखि २०२४ सालसम्म यिनले अर्थ मन्त्रालय आदिमा सचिव भएर काम गरी प्रशस्त अनुभवहरू लिई आफ्नो क्षमताले भ्याएसम्म योगदान दिए । २०१३ देखि २०१५ सम्म संयुक्त राष्ट्र सङ्घ अन्तर्गतको संस्था एसिया तथा प्रशान्त क्षेत्रका आर्थिक एवं सामाजिक आयोग (इस्क्याप) मा संलग्न थिए । यसबाट यिनले एसियाली राष्ट्रहरूको आर्थिक अवस्था एवं ती देशहरूको साझा समस्याहरूका बारेमा नजिकबाट बुझ्ने मौका पाए । २०१८ सालमा नेपालका तर्फबाट यिनी विश्व बैङ्कमा वैकल्पिक गर्भनरको पदमा नियुक्त भए । त्यसपछि पनि यिनी एकपछि अर्को जिम्मेवारी पाउँदै गई अन्तार्राष्ट्रिय मुद्राकोषका गभर्नरदेखि विश्व बैङ्कको गभर्नरको पद समेत सहृमल्न पुगे । यिनै अनुभवका आधारमा एसियाली क्षेत्रको विकासका लागि एसियाली विकास बैङ्कको स्थापनामा हुनु पर्ने सोच यिनमा विकसित भयो । तदनुरूप एसियाली विकास बैङ्कको स्थापना गर्न यिनको पनि महत्त्वपूर्ण भूमिका रह्यो ।

२०३२ सालतिर यिनले हिन्दू विश्वविद्यालयबाट डी. लिट अर्थात् विद्यावाचस्पति उपाधि प्राप्त गरे । यिनले त्यस उपाधिका लागि गरेको शोधको शीर्षक “प्रोब्लेम्स अफ फिस्कल एन्ड मोनिटरी पोलिसी : ए केस स्टडी अफ नेपाल” थियो । पछि उक्त शोधप्रबन्ध लन्दनबाट प्रकाशित भएको थियो । यिनले अर्थशास्त्रको अध्ययनमात्र गरेनन् त्यसको व्यावहारिक प्रयोग पनि गरे । यिनले राष्ट्रिय र अन्ताराष्ट्रिय क्षेत्रहरूको कार्यभार इमान्दार र जिम्मेवार भएर निभाए । जापान, फिलिपिन्स, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्डका लागि नेपाली राजदूत भएर पनि अनुभव बटुल्ने काम यिनले गरे ।

राष्ट्रिय योजना आयोगको वरिष्ठ सदस्यको पद सम्हाल्नुकासाथै २०२४ देखि २०२९ सालसम्म यिनी नेपाल राष्ट्र बैङ्कको गभर्नरका रूपमा नियुक्त भए । त्यति बेलाको बैङ्किङ अवस्था सुधार गर्नका लागि यिनले उल्लेख्य भूमिका निर्वाह गरेको कुरा यिनका समकक्षीहरू बताउँछन् । आर्थिक क्षेत्रका विविध आयामबाट प्राप्त अनुभवले बैङ्किगमा यिनको अभिरुचि बढ्दै गयो । पछि यिनकै सक्रियतामा सियाम कमर्सियल बैङ्क र बैङ्क अफ काठमाडौँको स्थापना भएको थियो । यिनी

२०५० देखि २०५४ सालसम्म बैङ्क अफ काठमाडौँको अध्यक्षसमेत भएका थिए । यसबाहेक यिनले राष्ट्रिय वाणिज्य बैङ्क, नेपाल वायु सेवा निगम, नेपाल औद्योगिक विकास निगम, रघुपति जुट मिल, नेपाल आयल निगम आदि सरकारी स्वामित्वमा रहेका संस्थाहरूका विभिन्न पदमा रहेर आफ्नो क्षमताले भ्याएसम्मको सेवा प्रदान गरेका थिए ।

अर्थका साथै यिनको झुकाव राजनीतिक क्षेत्रमा पनि थियो । २०३६ देखि २०४२ सालसम्म यिनी तात्कालिक राष्ट्रिय पञ्चायतको सदस्यका रूपमा मनोनीत भएका थिए । २०३६ देखि २०३९ सम्म यिनी अर्थ तथा सामान्य प्रशासन राज्यमन्त्री भएका थिए । त्यसको केही समयपछि यिनी अर्थ, वाणिज्य र आपूर्ति मन्त्री भए । सन् १९८६ मे महिनामा भएको राष्ट्रिय पञ्चायतको निर्वाचनमा विजयी भएपछि सन् १९८८ अक्टुबरदेखि जलस्रोत मन्त्री भए । २०४६ सालसम्म यिनी राष्ट्रिय पञ्चायतको सदस्यमै बहाल थिए । प्रजातन्त्रको पुनर्स्थापनापछि यिनी सूर्यबहादुर थापाका नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीको संस्थापक सदस्य, कोषाध्यक्ष हुँदै उपाध्यक्षसम्म भए ।

पन्त बहुमुखी प्रतिभाका धनी थिए । यिनले सामाजिक संघसंस्थाहरूको विकासमामा पनि उत्तिकै योगदान दिएका थिए । नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य एवं प्रथम उपाध्यक्षका साथै प्रमुख सल्लाहकार पनि यिनी थिए । सोसाइटी फर इन्टरनेसनल डेभलेपमेन्ट नेपाल च्याप्टरका अध्यक्ष, जापान नेपाल मैत्री एवं सांस्कृतिक संघका आजीवन अध्यक्ष, युनाइटेड नेसन्स एसोसिएसन अफ नेपालका अध्यक्ष, नेपाल सांस्कृतिक संघका आजीवन सदस्यदेखि प्रमुख सल्लाहकार, त्रिभुवन विश्वविद्यालयका अवैतनिक कोषाध्यक्ष र सिनेटका सदस्य यिनी थिए ।
यिनी सिद्धहस्त लेखक पनि थिए । यिनले २०११ सालमा 'अर्थशास्त्रको सिद्धान्त' नामक पुस्तक प्रकाशनमा ल्याएका थिए । एकल र सहलेखन गरेर यिनका बीसभन्दा बढी पुस्तक प्रकाशनमा आएका छन् । यिनका फुटकर लेख, रचनाहरूको संख्या पनि निकै छ । यिनका लेखहरू विशेषतः अङ्ग्रेजी र नेपाली भाषामा लेखिएका पाइन्छन् । यिनका यिनै योगदानलाई कदर गर्दै महेन्द्र विद्याभूषण, गोरखा दक्षिणबाहु प्रथम, त्रिशक्तिपट्ट प्रथम, जनपद सेवापदक, नेपाल श्रीपद द्वितीय आदि राष्ट्रिय एवं बेलायती महारानी एलिजावेथ द्वितीयबाट 'के. सी. भी. ओ.', जापानी नरेश हिरोहितोबाट 'फस्ट क्लास अर्डर अफ दि राइजिङ सन' प्रथम श्रेणी एवं दक्षिण कोरियाका राष्ट्रपति पार्क चुङ हीबाट 'ग्वाङ हा' जस्ता अन्ताराष्ट्रिय स्तरका दर्जनौँ पुरस्कार तथा पदकहरू यिनलाई प्राप्त भएका थिए ।

यिनी जीवनको कुनै पनि क्षण खेर नफाल्ने परिश्रमी व्यक्ति थिए । केही

नकेही गरिरहने यिनको बानी जीवनको पछिल्लो समयसम्म पनि गएन । पछिल्लो समायमा यिनी फोक्सोको समस्याले पीडित भए । उपचारका लागि थाइल्यान्ड लग्दा पनि यिनको रोग निको भएन । विधाताले लेखेको भन्दा बढी बस्ने अधिकार संसारमा कसैलाई पनि हुँदैन । यसैक्रममा थाइल्यान्डको बुमरुन गार्ड अस्पतालमा उपचारकै सिलसिलामा २०६४ कार्त्तिक २८ गते सदाका लागि भौतिक रूपले यिनले यो संसार छाडे ।

# नारद पन्तको प्रवासमा बिहे र सन्तानका धादिङ्गमा सात पुस्ता


**डा. कृष्णप्रसाद पन्त**
**पन्तटार, मार्पाक ६, धादिङ्ग**

गोरखा बकाङ्गका एक ब्राहमण युवक नारद पन्त घुम्दै ज्यामरुङ्ग (हाल धादिङ्ग जिल्ला) मा आईपुग्छन र त्यहाँ इटनी ब्राहमणकी छोरीसंग विवाह गर्दछन । जव नव विवाहित जोडी बकाङ्गमा घर पुग्छन् त्यहाँ जातभातको खोजीनीति हुन्छ । इटनी ब्राहमणकी छोरीसंग विवाह गरेको भनेर उनलाई दाजुभाइले हेला गर्दछन । ती नवदम्पतीलाई नरमाईलो लाग्छ । ती फर्किएर ज्यामरुङ्ग ससुराली पुगी ससुरालाई आफ्नो घर गोरखा गई आफ्नो जातभात बारे प्रष्ट पारिदिन अनुरोध गर्छन । ससुरा इटनी ब्राहमणले आफ्नो परिपक्वता देखाउँदै भनेछन् कि जुन समाजले ईज्जत दिदैन त्यहाँ बस्नु उचित छैन । ज्वाइंलाई घर छोड्ने सल्लाह दिएछन् ।


केही समय ससुरालीमा नै बसेपछि ससुराले नेत्रावती नदीको पूर्वमा जंगलले घेरिएको सिरुवनटार नाम गरेको बाँझो गुठी जग्गा दिएछन् र ती नवदम्पती त्यही सिरुवनटारमा बसोबास गरी खेती पातीबाट जीवन गुजारा गर्न थालेछन । पन्तले मात्र बसोबास गरेकोले त्यो टारको नाउँ पन्तटार भनिएछ । नारद पन्तका पिताको नाम प्राप्त हुन सकेन । उनका तीनभाइ छोरा भएछन् जेठो सदाशिव, माईलो ललु र कान्छो दयाराम । उनका पाँच नातिहरु र तेह्र पनातिहरु भएछन् (चित्र १) ।

नारदका क्षेत्रिणी नातिनी बुहारीबाट जन्मिएका सिङ्गे पन्तका चारभाइ छोरा भएछन् र उनका सन्तानहरु धेरै फैलिएको पाईन्छ (चित्र २) । उनका सन्तानहरु अहिले पन्तटार भन्दा माथी निमार्चोक र नजिकै लपाङमा बसोबास गर्छन् ।

चित्र १. मलपरुष नारद पन्त र उनका सन्तानहरु




चित्र २. सिङ्ग पन्तका सन्तानहरु





नारदका पनाति मनिराजका एक छोरा र पाँच नाति भएछन । उनका सन्तानहरु अहिले निमार्चोकमा बसोबास गर्छन (चित्र ३) ।

चित्र ३. मनिराज पन्तका सन्तानहरु




नारद पन्तका नाति बलभद्रको एउटा छोराका जन्म भए पछि श्रीमतीका मृत्यू भएछ र धेर बष सम्म त्यही बच्चा हुर्काएर बसेछन । जब उनी एक भतिजाका बिहेको लागि कन्या माग्न गए, कन्याका पिताले उनैलाइ जिस्क्याएर हिम्मत भए आफै बिहे गन भनेछन । बुढेसकालमा बिहे गरेर बलभद्रले थप चारभाइ छोरा जन्माए । उनका पाँच छोराहरु मध्य चारबाट एक एक मात्र नाति जन्मिए भने अर्काबाट दुई (चित्र ४) । बलभद्रका सन्तानहरु मध्ये केही पन्तटारमा बसोबास गर्छन भने, केही सल्यानटारमा, काठमाण्डा र विदेशमा समेत बसोबास गर्दछन ।

चित्र ४. बलभद पन्त र उनका सन्तानहरु




नारद पन्तका नाति राद्रु पन्तका तीनभाई छोरा नन्दु, उमाकान्त र भिमनाथ मध्ये जेठो नन्दुका एक मात्र छोरा भिम बहादुर धादिङ्ग जिल्लाकै फूलखर्क बसाई सरे र उनका तीनभाइ छोरा त्यहिं बसाबास गर्दछन । माईलो उमाकान्त दुई छोरका सन्तान मध्ये केही पन्तटारमा न छन, केही चितवनको मुङलिनमा बसोबास गर्छन र एक भाइ काठमाण्डौको म्हेपीमा बस्छन । कान्छा भिमनाथका सन्तान चितवनको जुटपानीमा बस्छन (चित्र ५) ।

चित्र ५. राद्रु पन्त र उनका सन्तानहरु




नारद पन्तका नाति शिबु र बिस्सुका छोरा नातिहरु धेरै भएनन (चित्र ६) । शिबुका दुई छोरा मध्य दुबैका तर्फ एक एक नाति पनाति मात्र भए । तर उनका पनाति रेशमराजका पाँच छोराहरु भए र पन्तटारमा बसोबास गर्छन । शिबुका छोरा तुलाराम पटिट भने चार पुस्ता सम्म एक एक छोरा छन र उनिहरु निमार्चोकका बासपानीमा बसोबास गर्दछन । नारद पन्तका नाति बिस्स पन्तका चार पुस्ता सम्म एक एक मात्र छोरा भए । हाल उनका सन्तान काठमाण्डा चावहिलमा बस्छन ।

चित्र ५. राद्दु पन्त र उनका सन्तानहरु




ढाकिसकेका छन् । आठौं, नबौं र दशौं पुस्ताले समेत सन्सार देखिसकेका छन् । तर यी एक्ला ब्राहमण नारद पन्तले कलिलो उमेरमा घर छोडेर प्रवासमा घरजम गर्दा कति पैतृक परम्परागत संस्कार लिएर आएहोलान सजिलै अनुमान लगाउन सकिन्छ । तै पनि पन्तहरुको परम्परागत धर्म संस्कार हामीमा पनि कमी नभएको महसुस् गर्दछौं । हामी भारद्वाज गोत्री हौं । हाम्रो त्रिप्रबर हो जसको अर्थ भारद्वाज, आङ्गिरस र वार्हस्पति तीन पितृ भनेर मान्छौं । हामी आफुलाई शुक्ल यजुर्वेदाध्यायी भन्छौं र शाखा मध्यन्दिनी । सूर्यलाई कुलदेवता मान्छौं । कुलदेवताको पूजा बर्षमा तीन पटक गर्छौं । एक पटक मंसिरको महिनामा न्वागी खाँदा कुलदेवताको मन्दिरमा गएर धुमधाम साथ सबै दाजुभाइ मिलेर गर्छौं भने सावने सक्रान्ति र विजया दशमीमा आ आफ्नो घरमा केराको पातमा १२ थुप्रा चामल राखि कुलदेवताको पूजा अर्चना गर्दछौं । हामी बिष्णुलाई ईष्ट देवता मान्छौं । देवीको पूजा अर्चना गर्ने, कुपिण्डो र बोकाको बली चढाउने र प्रसाद मानेर मासु खाने प्रचलन पनि छ । सुने अनुसार मासु खानको लागि देवीको पूजा र बोकाको वली दिने गरेको रे । हामी गोर खामा कहाँबाट आएका हौं र गोरखामा छँदा वा त्यस भन्दा पहिले हाम्रो कस्तो संस्कार थियो अध्यायनको विषय भएको छ ।

ईति

भावजाह्नवी वर्ष ३ अङ्क ३
२०६९

# खण्ड दुई
## लेखरचनाहरु

# संस्कार, धर्म र अपनत्वको पहिचान

–डा.शास्त्रदत्त पन्त
संरक्षक

**संस्कार के हो ?**

आजभोलि सबै जातजाति, धर्म, सम्प्रदायले आआफ्ना परिचय खोजिरहेका छन् र उनीहरूको आआफ्ना संस्कार परम्परामा ममत्व बढेको छ । राज्यसत्ता हातमा लिएर अपनत्व कायम गर्न उनीहरू जातीय सङ्घात्मकताको नारा लगाइरहेका छन् । ठीक त्यसको उल्टो धर्मनिरपेक्षका लागि लागिपर्नेहरू पूर्वीय सभ्यता मेटाउन चाहने बाहिरी शक्तिसित निकट सम्बन्धमा रहेका छन् । नेपालीहरूलाई आपसमा लडाइराख्न सके नेपाल कमजोर र गरिब हुन्छ । कमजोर अवस्थाको नेपाललाई आफूले चाहे अनुसार राजनीति परिचालन गर्न सकिन्छ तथा गरिब समाजका मानिसलाई धर्म परिवर्तन गराउन सकिन्छ भन्ने बाहिरी तत्त्व नेपाललाई अधोपतन गराउन लागिपरेको छ । केही अर्धचेतन अवस्थाका नेपाली समाजका मानिसहरूले यो यथार्थ बुझ्न सक्दैनन् । उनीहरू होच्याएर होचिन्छन् ।
पन्त थर भनेको सरदर सचेत समूह हो । पन्तहरू बुद्धि र विवेकले काम गर्ने गर्दछन् । त्यसैले जातीयताको लहरमा पन्त बग्दैन र जातीय पहिचान र अलग्गै राज्यको माग पनि गर्दैन । त्यस्तो मागबाट राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकता खतरामा पर्दछ भन्ने कुरा पन्तलाई थाहा छ तर पनि पन्तहरूले आफ्नो संस्कार, संस्कृति र धर्मबारे राम्रो ज्ञान नभइकन त्यसलाई संरक्षण गर्न सकिँदैन र त्यसलाई विज्ञानमय बनाउन सकिँदैन भन्ने कुरा हृदयङ्गम गर्न सक्नु पर्दछ ।

यस प्रसङ्गमा संस्कार के हो त भन्ने प्रश्न उठ्दछ । वास्तवमा संस्कार त्यो सर्वमान्य अभ्यास हो जुन लामो परखले सिद्ध गरेर ग्राह्य बनाएको हुन्छ । यो प्राकृतिक रूपमा विकासवादी (इभोलुसनरी) प्रक्रियाबाट निर्माण भएको हुन्छ । हिमालमा बाढीले बगाएर खोलामा खसालेको ढुङ्गा क्रमशः विशेष आकारको ढुङ्गा, लोहोरो, गग्रेटो, खस्रो आकारको बालुवा हुँदै मसिनो चिल्लो बालुवा र पछि लेदो माटोमा परिणत हुन्छ । पहरा फोरेर निकालिएको ढुङ्गालाई मेसिनमा हालेर नदीमा बनेको लोहोरो, गग्रेटो बालुवा र मसिनो लेदो माटोजस्तो कहिल्यै बन्दैन । यसरी नैसंस्कार बन्दछ । त्यस्तो संस्कार नै सनातन भनिन्छ ।

पौरस्त्य सभ्यतामा संस्कारको ठूलो महत्त्व छ । जसरी वन र नदीले यावत् प्राणीले गरेका फोहोरमैला वा अनेक खाले प्रदूषण छानेर, थिग्य्राएर निर्मल पार्दछन् त्यसरी नै संस्कारले मानवको स्वभाव बनाउँछ, चरित्र बनाउँछ र प्रवृत्तिको

निर्माण गर्दछ । पाश्चात्य सभ्यता, सम्प्रदाय र आस्थामा संस्कारको स्थान हुँदैन । त्यसैले उनीहरूले धर्म र सम्प्रदायको भिन्नता बुभ्दैनन् । आस्था र सम्प्रदायलाई प्रचारप्रसार गर्दै उनीहरू सम्प्रदाय (धर्म) परिवर्तन गराउँछन् र अर्को सम्प्रदायका मानिसलाई आफ्नो सम्प्रदायमा ग्रहण गर्दछन् । त्यस्तो काम वैदिक धर्मले सकार्दैन । हिन्दूधर्मले अर्को सम्प्रदायका मानिसलाई आफ्नो कुलमा ग्रहण गर्दैन र तिनीहरूसित बिहेबारी पनि गर्दैन । हिन्दूले गैर हिन्दूसँग यस्तो काम गरे आफ्नो हिन्दू भाइलाई पनि पदच्युत गर्दछ भने त्यसलाई गैर हिन्दू मान्दछ । यसो गर्नुको मूल कारण शुद्ध संस्कारयुक्त जीवन बनाइराख्नु हो र वर्णसङ्कर हुनुबाट जोगाउनु हो । वैदिक सभ्यतामा संस्कारको निकै ठूलो महत्त्व छ ।

## संस्कार बनाउने आधार

संस्कार बनाउने धेरै आधार छन् । परम्परागत नित्यकर्म संस्कार बनाउने प्रमुख आधार हुन् । लवाइ र खवाइ पनि संस्कार बनाइराख्ने आधार हुन् । यिनै आधारमा विभिन्न रङका पोसाक, युनिफर्म आदिको सृजना गराइएको हुन्छ । यस प्रकारको वस्तुले पनि संस्कार र प्रवृत्ति बनाउँदछन् । त्यसका लागि भक्षाभक्ष वस्तुको सूची बन्दछ । पाकशास्त्र, पाकपद्धति र भान्साको निर्माण हुन्छ । पकाउने तरिका, खाने समय, खाने मात्रा, खाने वस्तुको विधानजस्ता अनेकौं तरिकाको निर्माण हुन्छ । ती नियमबाट संस्कार बन्दछ । त्यसै गरी शिक्षाले संस्कारको ज्ञान दिने र त्यस्तो ज्ञानलाई निरन्तरता दिने काम गर्दछ । यो घरघर, गाउँगाउँमा सञ्चालन हुन्छ । मूलतः मातापिताबाट यो घरपरिवारमा चल्दछ र परिवारबाट समाजमा र समाजबाट शिक्षालयमा पुग्दछ ।

## संस्कारको महत्व

संस्कार मानिसले सृजिएको हो, मानव मस्तिष्कको उपज हो र परखबाट खारिएको हो । संस्कारहरू धर्मका अङ्ग किन बनेका हुन् भने संस्कारले इन्द्रियलाई निग्रह गर्न मद्दत गर्दछन् । इन्द्रिय निग्रह गलत कार्य गर्नबाट जोगाउने उपाय हो । यसबाट एउटा चरित्रवान् र आदर्श व्यक्तित्वको निर्माण हुन्छ । एउटा चरित्रवान् आदर्श व्यक्तित्वले मात्र विश्वमा शान्ति कायम गर्न सक्दछ र जीवनलाई सुखमय बनाउन सक्दछ। मनलाई सन्तुलन गराउन आहार सन्तुलनको आवश्यकता पर्दछ । आहारबाट नै शरीरमा सात्त्विक, राजस र तामस कोश बन्दछन् । ती कोशले मनमा प्रभाव जमाउँछन् । मनलाई सन्नियन्त्रित गर्ने सात्त्विक कोश भएमात्र मनबाट इन्द्रिय सन्नियन्त्रित हुन्छन् । यसरी आहार, संस्कार र तिनलाई व्यवस्थित गर्ने पद्धतिबाट संस्कृति बन्दछ । त्यसकारण संस्कृतिमा गर्व गरिन्छ । त्यसैले हाम्रा

संस्कृति सौर्यमास र चान्द्रमासमा आधृत हुन्छन् र ऋतु परिवर्तनसित गाँसिएका हुन्छन् । ऋतु अनुरूप आहार सन्तुलन गराइएको हुन्छ । यी सबै कुराले शरीर स्वस्थ राख्ने काम गर्दछन् । स्वस्थ शरीरमात्र अध्यात्म चिन्तनमा लगाउन र क्रियाशील गराउनमा सक्षम हुन्छ । त्यसैले संस्कारहरू, सबै चाड पर्वहरू, सबै खाद्यवस्तुहरू तथा सबै भेषभूषाहरू कुनै नकुनै रूपमा ईश्वरसँग जोडिएका हुन्छन् । त्यसकारण चाडपर्वको सामाजिकताका अतिरिक्त वैज्ञानिक र आध्यात्मिक दुवै आधार मा निर्माण गरिएका छन् । संस्कारहरू ज्ञान र विज्ञानका मिलनबिन्दु हुन् । संस्कार भनेको वंशज र पुस्तापुस्तासम्म वीर्य या रगतबाट सञ्चालित हुने विषय हो । त्यो वंशज र वातावरणीय दुवैको योगफलका रूपमा विकसित हुँदै जान्छ । असल संस् कारले असल र खराब संस्कारले खराब बाटो हिड्न प्रेरित गर्दछ । अचेल डी.एन.ए. परीक्षण, जिन र सेलबाट अस्तित्व बचाउने जस्ता प्रविधिको विकास भएपछि पुर्खा, महर्षिहरू ठूलो तपद्वारा प्राप्त गरेका र मान्दै आएको संस्कार निरन्तरताको विषय हो भनेर पुष्टि भएको छ ।

पुर्खाले देखाएको असल बाटो अवलम्बन गर्नु सही विवेकको प्रयोग हो । समाजको आँखा छले पनि परमेश्वरको आँखा छल्न सकिँदैन भनेर राम्रा कामका लागि प्रेरित गर्नु राम्रा संस्कार थप्नु हो । देउता छन् वा छैनन्, रिसाउँदछन् कि रिसाउँदैनन्, अभिलेख राख्दछन् कि राख्दैनन् भनेर तर्क गर्नु महत्त्वपूर्ण कुरा होइन । महत्त्वपूर्ण कुरा के हो भने चोरे, ढाँटे, ठगे, परमेश्वर रिसाउँछन्, पुनर्जन्ममा दण्ड दिन्छन् भन्ने कुरामा विश्वास गर्नु हो । स्वर्ग र परमेश्वरको बाहेक अरूको उदाहरण दिनु पनि उचित हुँदैन । समाज भनेको परेका बखत एकले अर्कालाई सहयोग गर्नु हो भन्ने छाप असल संस्कार हो तर अवसर परेका बखत, सत्ता पाएका बखत कुम्ल्याइहाल्नु पर्दछ भन्नु खराब संस्कार हो । नास्तिकहरूमा प्रायशः खराब संस्कार र खराब विचार हुन्छ । त्यस्तो आचरण भएका व्यक्ति नेपालको राजनीतिको उँचो शक्तिमा पुग्नु नेपालको दुर्भाग्य हो, पतनको कारण हो ।

प्रत्येक परिवारले सन्ततिमा सुसंस्कार दिनु पर्दछ । वंश, कुल तथा सत्सङ्गले सुसंस्कार दिने ढोका खोल्दछ । यो कुरा सन्ततिलाई जन्मेदेखि किशोरावस्था नपुग्दै दिइसक्नु पर्दछ । सनातनीले व्यवहारमा उतारेका सोर संस्कार पौरस्त्य सभ्यताका लागि पनि महत्त्वपूर्ण कुरा हुन् । यिनलाई औपचारिकतामात्र दिएर व्यवहारमा त्याग्नु वा क्रिस्चियन समाजको अनुकरण गर्नु अज्ञानताको पराकाष्टा हो । यहीँनेर धर्मले थलो छाड्दछ र धर्म सीमित भएर सम्प्रदाय बन्दछ ।

**संस्कारका प्रकार**

संस्कारलाई धेरै प्रकारमा बाँड्न सकिन्छ। पौरस्त्य सभ्यताले मोटामाटी रूपमा मानेका संस्कारलाई निम्न प्रकारमा बाँडेर हेर्न सकिन्छ।

कर्मकाण्डी संस्कार

सनातनी संस्कार

अनुस्मृतीय संस्कार

स्थानीयताको संस्कार

जातीय वर्गीकरण संस्कार

वर्णव्यवस्था संस्कार र

जातजातिका संस्कार

कर्मकाण्डी संस्कारमा सोरवटा संस्कारको मान्यता प्रचलित छ। यी संस्कार गर्भाधानदेखि मृत्युसम्मका जीवनका कालखण्ड र घटनामा बाँडिएका छन्। विवाह उक्त सोरमध्ये एउटा संस्कार हो। विवाह आत्मिक प्रेम तथा नैतिक मूल्यको संस्कार बनाउने मार्ग हो भने व्रतबन्ध सुशिक्षा, अनुशासन र सिकाउने कर्म हो।

पौरस्त्य समाजको परम्परागत कर्म नै जातको वर्गीकरण हो तर यसको सामाजिक बनोट र मान्यताको अवधारणा बिल्कुल गलत तरिकाबाट भएको छ। यसको अपब्याख्या गरेर पश्चिमाहरूले सही पक्षको मूलाधार नै मास्ने प्रयत्न गर्दै आएका छन्। वर्णव्यवस्थाको संस्कार पौरस्त्य सभ्यताको मौलिक विषय हो। जुन प्रयोजनको लागि यसको सुरुआत भएको थियो त्यसको बिल्कुल उल्टो र गलत प्रयोगबाट यसको ब्यापक आलोचना भएको छ। यसलाई बुझाउन र पुनर्स्थापना गर्न आवश्यक छ।

आज सनातनीरूको व्यवहार परम्पराको विपरीत हुँदै गएको छ। कुनै जमाना थियो जब पृथ्वीका सबै मानिस ब्राह्मणमात्र थिए। त्यस बखत प्रहरी, न्यायालय तथा ताला चाबीको आवश्यकता पर्दैनथ्यो। कोही पनि मानिस अल्पज्ञ र अज्ञ हुँदैनथे। सायद त्यही अवस्थालाई सत्य युग भनिन्थ्यो। विज्ञानको विकासवादी सिद्धान्तले आजको मानवसभ्यता जर्जरबाट सुगमतिर असभ्यपनबाट सुसभ्यतातिर उन्मुख हुँदै गएको बताए पनि ऋषिमुनिहरूले बताएको बाटोका आधारमा हेर्ने हो भने आजको मानवजीवन सुगमबाट दुर्गमतिर, सहजबाट असहजतिर, नैतिकताबाट अनैतिकतातिर अर्थात् सत्यबाट असत्यतिर तथा ज्ञेयबाट अज्ञेयतिर उन्मुख भइरहेको कुरा औंल्याएका छन्। यो कुरा प्रमाणित हुँदै पनि गइरहेको छ। ॐ **शान्तिरेव शान्तिः** भन्दाभन्दै विश्व अशान्त हुँदै गएको छ।ॐ **वनस्पतयः शान्तिः** भन्दाभन्दै लाखौं वनस्पति, जीवजन्तु र प्रजातिको विनाश भई वातावरणीय सन्तुलन

बिग्रिरहेको छ । ॐ **आपो शान्तिः** भन्दाभन्दै विश्वको जलभण्डार नै प्रदूषित बनिरहेको छ ।

वैचारिक सोच राम्रो भएसम्म ब्राह्मणत्व जीवित रहन्छ । शुद्ध विचारले कर्महरू शुद्ध हुन्छन् । शुद्ध कर्मले बानीबेहोरा शुद्ध हुन्छन्, त्यसले शुद्ध आचार नै फैलाउँदछ र यी सबै कारणले व्यक्ति, परिवार वा राष्ट्रको भाग्य निर्माण हुन्छ । आज विचार कति धेरै प्रदूषित हुँदै गएको छ भन् ब्राह्मणको अर्थलाई नै गलत प्रयोग गरिएको छ । धर्म (हिन्दू धर्म) लाई नै गलत अर्थ लगाएर एउटा सम्प्रदायविशेष (रेलिजन) मा धकेलिएको छ । जब मानिस अचेतन र अविकसित रूपमा रहेको अनुभव गर्दछ, तब उसले आफ्नो अस्तित्व जोगाउन सङ्घ र संस्था खोल्दछ । ब्राह्मण सबैभन्दा सचेत समूह हो भन्दाभन्दै पनि उसले आआफ्ना थर र गोत्रमा आधृत सङ्घसंस्था खोल्दै गएको छ । यस प्रकारका संसथा खोलिनुमा दुई कारण हुन सक्दछन् । एउटा उनीहरू पनि चेतनशील समूहबाट बिस्तारै अविकसित रूपतिर पुगिरहेका छन् । अर्को सबै जातजातिले आआफ्ना जातीय सङ्गठन खोलेर तथाकथित ब्राह्मण वा ब्राह्मणवादका विरुद्ध चर्को आवाज उठ्दै आएकोले अस्तित्व जोगाउन एकत्रित हुन बाध्य पारिएको अवस्था पनि हुन सक्तछ । यो यथार्थ बुझ्न 'ब्राह्मण' को सही अर्थ बुझ्नु आवश्यकता पर्दछ ।

बाहुन संस्कृत शब्द **ब्राह्मण**को नेपाली अपभ्रंश रूप हो । बाहुन शब्दलाई संस्कृत शब्द ब्राह्मणको अर्थमा नै नेपाली जनजिब्रोको शब्दको रूपमा स्वीकार्न सकिन्छ । आदर गरेर सम्बोधन गर्दा बाहुन बाजे भनिने गर्दछ । 'ब्रह्मं जानातीति ब्राह्मणः' अर्थात् जुन व्यक्तिमा ब्रह्मज्ञान छ त्यसलाई ब्राह्मण भनिन्छ । ब्रह्मज्ञान भएको मानिसलाई विद्वान् भनिन्छ । विद्वान् व्यक्तिले जड र चेतन छुटयाउन सक्दछ । शरीर जड हो र चेतन जडभन्दा भिन्न वस्तु हो । शरीर पनि आफ्नो होइन किनभने यो देह असङ्गत छ । विद्वान् अकर्ता हुन्छ, अभोक्ता हुन्छ । ऊ अहङ्कारविहीन हुन्छ । अहङ्कार, मोह, दया, माया, स्नेह, क्रोध, रिस, राग, ममत्वजस्ता वस्तु केवल अज्ञानी व्यक्तिमा मात्र हुन्छन् । यी कुरा जुन व्यक्तिमा विद्यमान हुन्छन उनीहरू कर्तव्य धर्मभित्र बाँधिन्छन् । जुनजुन व्यक्ति कर्तव्य धर्ममा बाँधिन्छन् उनीहरू विद्वान् हुन सक्दैनन्, ज्ञानवान् बन्न सक्दैनन् । जुन ज्ञानवान् होइन त्यो ब्राह्मण पनि होइन । अतः त्योमात्र ब्राह्मण हुन सक्दछ जसमा अकर्तृत्व धर्म विद्यमान हुन्छ । ब्राह्मण चैतन्य स्वरूप हुन्छ, अकर्ता हुन्छ तथा अभोक्ता हुन्छ ।

अज्ञानीहरूले ब्राह्मणलाई सांसारिक व्यवहारको कर्ताको रूपमा हेर्दछन् । त्यसो हुनु कर्ता हुने हो, विज्ञ कर्ता हुन सक्तैन । शरीरको कुनै पनि धर्म आत्मासित संलग्न हुँदैन भन्ने कुरा ब्राह्मणहरूले छर्लङ्ग बुझेका हुन्छन् । संसार मिथ्या हो ।

सूर्य, चन्द्र, वायु, आकाश, विश्वब्रह्माण्ड सबै देखिने वस्तु नाशवान् हुन्छन् । सबै नाशवान् वस्तु अस्थिर हुन् । सबै अस्थिर वस्तु जड हुन् । मायाको कारण सबै मोहित भएर सत्य बुझ्न सकेका हुँदैनन् भन्ने यथार्थ ज्ञान ब्राह्मणलाई हुन्छ । जसलाई यस्तो ज्ञान छ त्यहीमात्र ब्राह्मण हुन सक्दछ । एउटा व्यक्ति सूर्य उत्तर ायणतिर भएका बेला केन्द्रीय ताप प्रणालीबाट निर्मित एउटा घरमा केही समय बसेर फर्केपछि उत्तरी ध्रुवमा त प्रचण्ड गर्मी हुन्छ भन्दछ भने त्यो उसको अज्ञान हो, त्यसलाई सही सुन्ने वा सही मान्ने पनि अज्ञानै हुन् । अतः ब्राह्मण अकर्ता, अभोक्ता हुन्छ । ज्ञानीमा कर्तृत्व, भोक्तृत्व र देहादिक हुँदैन । त्यस्तो व्यक्ति अज्ञानी र अविवेकी हुँदैन । अविवेकीले अनर्थ गर्दछ । अनर्थ गर्ने ब्राह्मण होइन । ब्राह्मणले त जीवनमरणसित पनि कुनै सम्बन्ध राख्दैन । उसले त केवल आत्मालाई मात्र देखेको, जानेको हुन्छ । आत्मा न कहिल्यै जन्मन्छ न कहिल्यै मर्दछ ।

ब्राह्मणको अर्थ विद्वान् हो, ज्ञानी हो, परमतत्त्व ज्ञानी हो, ब्रह्मज्ञानी हो, आत्मा तत्त्व बुझेको व्यक्ति हो । यस्तो बुझेको मानिस चैतन्यस्वरूप हुन्छ । यस्तो प्रबुद्ध व्यक्ति समदर्शी हुन्छ । किरा, फटेङ्ग्रा, पशुपंक्षी, रुखवृक्ष अथवा माटो, ढुङ्गो र मानिस विशेषमा कुनै भेद नराख्ने, नातागोता, आफ्ना पराया भनेर नछुट्याउने व्यक्ति नै समदर्शी हुन्छ । उसका लागि एक किलो सुन, एक किलो चामल वा एक किलो बालुवामा कुनै भेद हुँदैन । ब्राह्मण समदर्शी हुन्छन् भन्नुको तात्पर्य के पनि हो भने उनीहरू सम्पूर्ण लोभबाट मुक्त हुन्छन् । लोभमुक्त व्यक्ति नै ब्राह्मण हो ।

ब्राह्मण विद्वान् हुन्छ, सर्व विषयमा पारङ्गत हुन्छ र पण्डित हुन्छ । आत्मज्ञान नभएको व्यक्ति पण्डित हुन सक्तैन । पण्डितलाई कुनै पनि धनसम्पत्तिले लोलुप गराउन सक्दैन । पण्डित श्रेष्ठ कर्मको आचरण गर्ने, निन्दित कर्म नगर्ने र आस्तिक हुन्छ । पण्डितमा रिस, राग, द्रोह, प्रतिशोध, ईर्ष्या, डाहजस्ता प्रवृत्ति हुँदैनन् । उनलाई हर्षविस्मात्, सुखदुःखले कुनै फरक पार्दैन । जाडो, गर्मी, भय, प्रीति, समृद्धि, असमृद्धिजस्ता कुराले आँटेसोचेको कुरामा कुनै विघ्न पार्न सक्दैन । उसको विवेकबाट धर्म, अर्थ, काम, क्रोध नियन्त्रित भएर चल्दछन् । पण्डितले कामवासना त्यागेर प्रयोजनमात्रका लागि उपभोग गर्दछन् । पण्डित कर्मयोगी हुन्छन्, विना काम खाली बस्दैनन् र कसैको कुनै पनि कामलाई घृणा वा तिरस्कार गर्दैनन् । पण्डितले ध्यान दिएर अरूका कुरा सुन्दछन् र वास्तविक कुरा बुझेपछि मात्र आफ्नो विचार प्रस्तुत गर्दछन् । अरूको कार्यमा उसको सहमति नभइकन हस्तक्षेप गर्दैनन्, जाइ लाग्दैनन् । पण्डितहरूले अप्राप्य वस्तु वा आफूकहाँ नभएका कुरो पाउन र्‍याल चुहाउँदैनन्, नाशवान् वस्तुमा मोह राख्दैनन् । उनीहरू कुनै पनि विपद् आयो भनेर आत्तिँदैनन् । ब्राह्मणले कुनै पनि कुरामा विचार

नपुऱ्याई हात हाल्दैनन्, हात हालेपछि बीचमा अधुरो पनि छाड्दैनन् । समयलाई मूल्यवान ठान्दछन्, व्यर्थमा समय वर्बाद गर्दैनन् । आफ्ना इन्द्रियलाई काबूमा राखेका हुन्छन् तर इन्द्रियका काबूमा भने कहिल्यै पर्दैनन् । यसरी ब्राह्मणले कल्याणकारी, परोपकारी तथा निष्काम सेवाभावले काम गर्दछन् । ब्राह्मणको आहारा सात्त्विक हुन्छ, लवाइ सरल हुन्छ र बसाइ साधारण हुन्छ ।

ब्राह्मण कसैले सम्मान गऱ्यो वा चाकडी खुसामद गऱ्यो भनेर फुरुङ्ग पनि पर्दैनन् तथा गरेन भनेर खिन्न पनि हुँदैनन् । उनीहरू समुद्रझैँ अक्षुब्ध रहन्छन् । ब्राह्मणहरू समस्त भूतविषयक तत्त्वका ज्ञाता, कर्मयुक्तिका ज्ञाता तथा मानव प्रयत्नका लागि ज्ञाता हुन्छन् । यही ज्ञानको कारण कुरा गर्न प्रवृत्तमात्र हुँदैनन्, क्षणक्षणमा नयाँनयाँ रहस्यको पनि उद्‌घाटन गर्दछन् । ज्ञान भएर पनि उनीहरूमा ज्ञानको घमण्ड हुँदैन तथा सम्पन्न र विपन्न दुवै अवस्थामा सम हुन्छन् ।

जुन व्यक्तिमा माथि उल्लिखित चरित्र विद्यमान हुन्छन् तिनीहरू नै ब्राह्मण हुन् । कुनै खास व्यक्तिको छोरो वा छोरी हुँदैमा वा कुनै कुनै विशेष कुलमा जन्म लिँदैमा ब्राह्मण हुन सक्दैन । ब्राह्मण बी.ए., एम. ए., पीएच.डी. भनेजस्तै अर्जित वस्तु हो वंशज होइन । यो उसको चरित्र, ज्ञान, सीप एवं प्रवृत्तिसँग सम्बद्ध कुरो हो । वेद, पुराण, उपनिषद्, धर्म दर्शनले कुलका आधारमा ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रमा विभक्त गरेका होइनन्, कामका आधारमा विभक्त गरेको हो तर यो कुनै पेसा पनि होइन । प्रायः चिकित्सकको छोरा चिकित्सक बन्दछ, प्रशासकको छोरा प्रशासक बन्दछ, कुमालेको छोराले माटोका भाँडा बनाउँछ, सिकर्मीको छोराले काठको काम गर्दछ । जसरी कुमालेको छोराले माटाका भाँडा बनाउने दक्षता र सीप हाँसिल नगरी माटाका भाँडा बनाउन सक्तैन त्यस्तै गरेर ब्राह्मणको छोरा हुँदैमा ब्राह्मण हुन सक्दैन । ब्राह्मणमा हुनु पर्ने सम्पूर्ण ज्ञान, सीप, क्षमता हाँसिल गरेपछि मात्र ब्राह्मण हुन सक्दछ ।

प्रशासकको छोरा प्रशासक नै बन्दछ वा बन्नु पर्दछ भन्ने पनि केही छैन । कुभालेको छोरो चिकित्सक पनि बन्द सक्दछ, बाहुनको छोरो कपडा सिलाउने वा बाजा बजाउने दमाई पनि बन्न सक्दछ । यस अवस्थामा ऊ दमाई हुन्छ, छालाको काम गरे सार्की हुन्छ, काठको काम गरे चुनारो, फलामको काम गरे कामी हुन्छ । सेवा वा प्रशासनिक काम गरेको अवस्थामा ऊ क्षेत्री हुन्छ । त्यस्तै ब्राह्मणमा हुनु पर्ने ज्ञान र चरित्रको विकास गरे सार्की, दमाई, कामी, बोटे, क्षेत्री सबै जात ब्राह्मण बन्न सक्दछन् । वर्ण विभेद कर्मका आधारमा बनेको हो वंशका आधारमा होइन । तल्लो तहको काम गर्ने पतित ब्राह्मणसँग छोइएमा छोइ छिटो

(समाज बहिष्कृत, शूद्र प्रवृत्तिको पहिचान) हाल्दा कुनै फरक पर्दैन किनभने त्यो कुकृत्यको सामाजिक बहिष्कार हो । हिन्दू दर्शनमा मृत्युदण्ड हुँदैन । सामाजिक बहिष्कार मृत्युदण्डसरहको सजाय हो । एमालेले दुई महिना संसद् अबरुद्ध गर्ने अभियानका क्रममा तात्कालिक प्र.मं.गिरिजासँग नबोल्ने, हात नमिलाउने, उनी उपस्थित हुने समारोहमा भाग नलिने आदि जे गरेको थियो त्यो नै सामाजिक बहिष्कार हो । अभक्ष वस्तु खाने, चरित्रहीन अनैतिक काम गर्ने, मूढ, अज्ञ, लोभी, पक्षपाती, झुटो बोल्ने, ईर्ष्या, जडमोह भएको, इन्द्रिय संयम गर्न नसक्ने व्यक्ति ब्राह्मण कुलको भए पनि ब्राह्मण हुँदैन, हुन सक्दैन । ऊ केवल शूद्र हो । शूद्रलाई पुरोहित, पण्डित, गुरु मानेर धर्म दर्शनसित सम्बद्ध कर्मकाण्ड गराउनुभन्दा नगराउनु नै असल हुन्छ । आस्थावान्ले स्वयं सिकेर, पढेर, जानेर स्वयं गर्नु नै बरु असल हुन्छ । कर्म अनुसार जात हुन्छ, कर्म अनुसार फल हुन्छ तर वंशज केही हुँदैन । ऐतिहासिक कारणले गर्दा उत्पन्न वंश विलोपन (जेनरेसन ग्याप) बाट पर्न आएका व्यवधानलाई पन्छाएर युगानुकूल बाटोको मौलिक परम्परालाई अघि बढाउनु पर्ने आजको समयको माग हुन आएको छ । संस्कार पौरस्त्य सभ्यताको अत्यन्त सरल विषय भएर पनि  यसको रूपान्तरणको विषयको कुरा बुझ्न र बुझाउन अत्यन्त कठिन भएको छ ।  यसलाई जटिल बनाई शङ्काको घेरामा राख्ने काम बिगत छ र सात सय वर्षदेखि पश्चिमाले पौरस्त्य बहुलवाद विनाश गराएर आफ्नो एकलवाद लाद्न गराएको अविरल प्रयत्नको प्रतिफल हो ।

## हिन्दू बहुलवाद र हिन्दू सम्प्रदाय (धर्म) विशेषमा जातजातिको पक्ष

वैदिक सनातन धर्ममा जातिवाद छैन र ठूलो सानो जात छैन । नारीप्रतिको विभेदको कुरा पनि छैन । अझ छोइछिटाको कुरा पनि छैन । यस ऱप्रकारका विभेद आजको समाजमा विद्यमान छन् । यस्तो विभेद कसैले चाहेका छैनन् तर यो छ । यो भएको आजको समाज हिन्दू सम्प्रदाय हो, हिन्दू धर्म होइन । भारतवर्षभरि यो चलन कायम छ । हिन्दू सम्प्रदायभरि यो कायम छ । धेरैजसो हिन्दूहरूले के भन्दछन् भने जाति प्रथाको अन्त्य हुनु पर्दछ । क्रमशः यो घट्दै गएको पनि छ । आज अफ्रिकी अमेरिकनले अङ्ग्रेजी भाषा बोल्दछन् । पाँच सय वर्ष अगाडि उनीहरूले स्वाहिली/हौसा भाषा बोल्दथे, पशु र देवीदेवताको पूजा गर्दथे । जन्म, विवाह र मृत्यु संस्कार पनि उनीहरूका आफ्नै प्रकारका थिए । आज तिनीहरू इसाईमा परिवर्तित भएपछि सबै कुरा छाडेका छन् । अब ती अफ्रिकन अमेरिकनलाई कसैले पनि डच, जर्मन वा फ्रेन्च केही पनि बनाउन सकिँदैन । भारतवर्षका कुनाकुनामा जाने हो भने ससाना समूहले पनि आआफ्ना संस्कार र सभ्यता, भाषा र संस्कृति, धर्म र

सम्प्रदाय राम्ररी जोगाइराखेको  पाइन्छ । यस क्षेत्रका तीन सय घरमा पुग्ने हो भने दसवटा विभिन्न जात पाइन्छ । ती आआफ्ना भाषा र धार्मिक आस्था, जन्म, विवाह, मृत्यु लगायत यावत् संस्कारहरू राम्ररी जोगाउन सफल छन् । नेपालका प्रत्येक गाउँमा यस्तो कुरा पाइन्छ । वास्तवमा यही पद्धति नै बहुलवादी समाज हो । नेपाल बहुलवादी समाजमा हुर्केको देश भएकोले नै यो एकीकृत भएर रहन सकेको हो, मिलेर बस्न सकेको हो र अनेकतामा एकताको नमुना देश भएर रहन सकेको हो । मिसनरीमा बहुलतावाद हुँदैन, बहुल संस्कार हुँदैन, बहुल भाषा हुँदैन, बहुल धर्म र सभ्यता हुँदैन । उनीहरू एकलवादी (मोनोलिस्टिक) हुन्छन् । त्यसैले उनीहरूले विश्वलाई नै एकलवादी बनाउन इसाई मतको व्यापक प्रचार गर्दछन् तर हिन्दूले धर्म वा सम्प्रदाय प्रचार परिवर्तनको विषय नभएको मान्दछन् । उनीहरूले अर्का धर्मसम्प्रदायको मानिसलाई ग्रहण पनि गर्दैनन् र आफ्नो धर्मसम्प्रदायको मानिस अर्कोमा परिवर्तित भएर गयो भने उसलाई पुनः ग्राह्य पनि गर्दैनन् । यो गूढ रहस्य पश्चिमाले बुझ्न पनि सक्दैनन् । आज इसाईले त्यही बहुलवादी पहिचान (आइडेन्टिटी) खतम गराउन लागिरहेका छन् । हिन्दूलाई इसाईमा परिवर्तन गराउन र उनीहरूमा रहेको मिलेर बस्ने क्षमता नष्ट गराउन पहिचानकै नाममा सङ्घीयताको माग गराउन उक्साइरहेका छन् । त्यस्तो उक्साहटमा उक्सनेहरू आपसमा लडेर सबै खाले पहिचान गुमाउने छन् र एकल इसाई पहिचान कायम गराउने छन् ।

जाति प्रथाभित्र गोत्र र प्रवरको कुरा आउँछ । आफ्ना मूल पुरुष वा महर्षिको संस्कार र मान्यताको कुरा त्यसमा पर्दछ । त्यसमा अपनत्व हुन्छ र आफ्नो गौरवगाथा पनि हुन्छ जसले आत्मबल र आत्मविश्वास बढाउँछ । आत्मबल बढेपछि व्यक्ति क्रियाशील हुन्छ र पौरखी हुन्छ । त्यो नमानेर संस्कार परिवर्तन गर्‍यो भने चाहिँ परजीवी हुन्छ, वर्णसङ्कर हुन्छ । उसमा आत्मबल हुँदैन । आत्मबल नभएको मानिसको वंश कालान्तरमा निकृष्ट हुन पुग्दछ । त्यसकारण जात र जाति प्रथा बहुलवाद र स्वतन्त्रताको प्रतीक हो । यो गौरवगाथाको विषय हो । त्यसको विपरीत आज चलाइँदै गरेको अभियान अरूको संस्कार भत्काउने पश्चिमी दाउपेच हो र उदार वैदिक सभ्यतालाई हेर्न सहन नसक्ने बाहिरी शक्तिको भौतिक र आध्यात्मिक प्रहार हो जसले पौरस्त्य समाजमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

जाति प्रथाबाट व्यवहारमा दुरुपयोग अवश्य भएको छ तर त्यो इसाई मुलुकको गलत व्याख्या र इसाईकरण गरिने धर्म परिवर्तनको अभियानका कारण हुन गएको हो । पौरस्त्य संस्कारको जाति प्रथाले प्रजातन्त्र र बहुलवादी संस् कार बोक्दछ । । यो प्रथा खराब होइन यसको दुरुपयोग चाहिँ खराब हो । आज

नेपालको राजनीति, प्रशासन सबै क्षेत्रमा प्रजातान्त्रिक अभ्यास छँदै छैन, पूरापूर दुरुपयोग गरिएको छ । अमेरिकाले प्रजातन्त्र र मानव अधिकारलाई खुट्टा भिकेको गँगटोजस्तो बनाइदिएको छ । 'बडोले जे गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत' भन्ने नै आज प्रजातन्त्रको परिभाषा भएको छ । धर्मनिरपेक्षको परिभाषा पनि त्यसै गरेर गरिएको छ । पश्चिममामा कहाँ बहुलवादी संस्कार छ र ? उनीहरूमा त्यो संस्कार भएको भए बहुदलीय प्रजातान्त्रिक पद्धतिबाट निर्वाचित एडोल्फ हिटलरले साठी लाख निर्दोष यहुदी, जिप्सी र मानसिक अवस्था ठीक नभएका मानिसको समेत हत्या गरेका हुने थिएनन् । प्रजातान्त्रिक पद्धतिबाट निर्वचित अमेरिकी राष्ट्रपति जेफर्सनले अमेरिकाका काला जाति (निग्रो) का प्रत्येक बालबालिकालाई जनही साढे बाइस डलर खर्च दिएर बलजफ्ती समातेर पानी जहाजमा राखेर अफ्रिका लगेर छाडिदिने आदेश दिने थिएनन् । उनले यसरी पठाउनुको कारण तिनबाट अमेरिकामा काला जातिको सन्ततिको संख्या नबढोस् भन्ने थियो । त्यसै गरेर निर्वाचित अर्का राष्ट्रपति रुजवेल्टले त्यहाँका आदिबासी रेड इन्डियनलाई निमिट्यान्न पारेर गोराबाट हुने गरेको वंशछेदन उच्चकोटिको मानेर हौस्याएका हुने थिएनन् । अर्कातिर साम्यवादीका कुरा त्यत्तिकै आपत्तिजनक छन् । स्टालिन र माओ दुवै धर्मनिरपेक्षका कट्टर पक्षधर थिए तर तिनले लाखौँलाख मानिसको हत्या गरेका थिए । त्यही शैली अपनाएर नेपालका माओवादीले नेपालमा हजारौँ मानिसको जिउधन लिएका हुने थिएनन् र लाखौँलाख नेपाली युवालाई विदेश पलायन हुन बाध्य पारेका हुने थिएनन् । यी सबैले पनि प्रजातन्त्रकै लागि काम गरेको दाबी गर्दछन् ।

हिटलर, जेफरसन, स्टालिन, माओ, वन जेभाराका कारण प्रजातान्त्रिक अभ्यास गर्न विश्वभर छाडिँदैन भने बहुलवाद र अनेकतामा एकताको तत्त्वका रूपमा रहेको जातजाति संस्कारलाई कसैले कहीँ दुरुपयोग गऱ्यो भन्दैमा त्यसको नामेट नै गर्नु पर्दछ र ? हिन्दूभित्र रहेको जाति प्रथा लाखौँलाख वर्षदेखि रहिआएको एउटा सामाजिक पद्धतिमा सुव्यवस्थित भएर आएको परम्परा हो । यसको विकार भने पश्चिमी हमालावरले लदाइदिएका कारण भएको हो । हिन्दूहरूमा रहेका जातीय असमता त्यति पुरानो होइन । यसको थालनी सम्प्रदाय परिवर्तन गराउने पश्चिमी परम्पराको थालनी भएपछि नै भएको हो । यो विकार ल्याउने दोष पनि इसाई र मुसाई आतङ्ककारी प्रवृत्तिलाई नै जान्छ । हिन्दू संस्कारमा हस्तक्षेप नहुने हो भने तीन दशकमा उनीहरूले पुनर्स्थापन गराउन सक्दछन् । त्यसमा शङ्का छैन । त्यसपछि सबै जातिले गौरवका साथ के भन्न सक्नेछन् भने उनीहरूका पुर्खाले लाखौँ वर्षदेखि मान्दै आएको संस्कार, संस्कृति, चलन, भाषा विश्वमै उच्चकोटिका छन् ।

पश्चिमाहरूमा जति चर्को जातीय विभेद छ, पौरस्त्य समाजमा त्यति छैन । उनीहरू उग्र भेदभाव भएका जाति हुन् । औपनिवेशिक प्रवृत्तिले ग्रस्त उनीहरूमा अरूलाई दबाउने र तल्लो तहको देखाउने स्वभाव व्याप्त छ । उनीहरू आफैले धर्म परिवर्तन गराएका अफ्रिकी अमेरिकन, डच अमेरिकन वा ल्याटिनो अमेरिकन, फिलिपिनो इसाई हुन् । यी सबैलाई उनीहरू निच जाति सम्भन्छन् र विभेद गर्दछन् । न्याय र कानुनी पक्षमा समेत तिनका प्रति उनीहरू विभेद गर्दछन् । उनीहरूको गलत कृत्यलाई बौद्धिक प्रतिकार गर्ने हिन्दूले मानवीय न्याय गर्दछन्, प्रेम र सद्भाव राख्दछन् तर इसाईहरू उनीहरूलाई निरन्तर दबाई राख्न चाहन्छन् र उनीहरूका विरुद्ध जालभ्केलका कुरा गरिरहन्छन् ।

पश्चिमा इसाई संस्कारले विश्वका सबै अल्पमतका संस्कार र पहिचानलाई सदाका लागि परित्याग गराउन बाध्य गराउँछ । उनीहरूको छक्कापन्जामा परेर विश्वका लाखौं अल्पजातिको पहिचान गुमिसकेको छ । सोर संस्कार, नित्य कर्म, षड्कर्म, बिहेबारीजस्ता परम्पराको विनाश गरेर समाज भाँड्ने काममा आज पश्चिमाहरू आज हिन्दूका विरुद्ध उत्रेका छन् । उनीहरूका भाषासमेत विनाश गराउनमा उद्यत छन् । आज अफ्रिकाका सबै जातिका भाषा चाहेर पनि पुनस्थापन हुने अवस्थामा छैनन् । पपुवा न्युगिनीमा भएका सयौं भाषा बोलिदै भए पनि पुनर्स्थापना गराउन सकिने अवस्थामा छैनन् । ओसिनियाका एबोरिजन र अमेरिकाका रेड इन्डियनको त सभ्यता, भाषा र जीवनस्तर समेत कहिल्यै नउठ्ने पारिएको छ । हिन्दूमा अन्तर्निहित जाति प्रथाले सबैको पहिचानलाई कहिल्यैकहीं घुनपुतलो लगाउन दिँदैन । यो हिन्दूमा रहेको बहुलवादको ज्वलन्त उदाहरण हो । यिनीहरूमा जस्तो उच्चकोटिको प्रजातान्त्रिक अभ्यास इसाई समाजमा हुनै सक्दैन । इसाई समाजको बहुलवाद नक्कली हो । उनीहरू राजनीतिका साम्यवादभन्दा फरक होइनन् । उनीहरूको अन्तर्हृदयमा निरङ्कुशपन र एकलवादको दर्शन हुन्छ । काजका अनुसार यहुदीहरू शताब्दिऔंसम्म हिन्दूभित्र रहेका जाति हुन् । भारतवर्षीय सभ्यता, अथवा वैदिक सनातन संस्कार र बाँकी विश्वमा रहेका अलग पहिचानका समूह (डायस्फोरा)मा ठूलो भिन्नता पाइन्छ । कुनै अर्को देशबाट हिन्दू राष्ट्रभित्र आएको समूह र त्यसै गरी अर्को राष्ट्रमा गएर बसेको हिन्दूसमूहलाई दाँजेर हेरे यो कुरा राम्ररी बुभिन्छ । भारतलाई अङ्ग्रेजले उपनिवेश बनाएर भारत पसेका थोरै इसााईले पूरा भारतलाई इसाईकरण गराउन सफल भए तर ती भारत आएका थोरै इसाई पनि हिन्दूकरण भएनन्, तिनको भाषाले कुनै प्रभाव पारेन तर उल्टै भारतमा हुँदै नभएको अङ्ग्रेजी भाषा सबै भारतीयले अनिवार्य जान्नै पर्ने भयो ।

अझ त्यो भारतको कायालयीय भाषा नै भयो । आज पनि भारतबाट बेलायत वा अमेरिका गएर बसेका कोही पनि हिन्दू समाजका मानिस इसाई संस्कारले अछुतो रहेको पाइँदैन । अफ्रिकाबाट ल्याइएका काला जाति(निग्रो) को पनि आफ्नै संस्कार थियो। तिनले आफ्नो संस्कार जीवित राख्न सकेनन्। तिनको भाषा, संस्कार, संस्कृति सबै इसाईकरण भएको छ तर पनि तिनीहरू अरू इसाईसरह सामाजिक प्रतिष्ठा कमाएर बाँच्न सकेका छैनन् । गोरा इसाईका दाँजोमा ती निच मानिन्छन्, दलित छन् र दास छन्। हालै नेपालीभाषी हिन्दू सभ्यताका भुटानी शरणार्थीलाई अमेरिका लगेर बसाइएको छ। एक पुस्तापछि तिनीहरूले त्यहाँ हिन्दू सनातन वैदिक संस्कार गुमाइसकेका हुने छन् । यहाँ यो कुराले के पुस्टि गर्दछ भने इसाईहरू बहुलवादी संस्कारका मानिस होइनन्। अपौरुषेय मानिने सनातन वैदिक सभ्यतामा मात्र बहुल संस्कार छ र बहुलवाद छ। सबैलाई मिलाएर राख्नसक्ने बल या इन्डक्टिभ शक्ति यसमा छ। यही शक्तिबाट नै नेपालले अनेकतामा एकता बनाइराख्न सकेको हो। आज त्यस शक्तिलाई छिन्नभिन्न पार्ने काम हुनु आपत्तिजनक छ।

आज पश्चिमी जगत्का सारा इसाई नेपालमा मात्र जिउँदो जाग्दो अवस्थामा रहेको हिन्दू सभ्यतालाई दिगो रूपमा भत्काउन तल्लीन छन् । उनीहरू हिन्दू राष्ट्र, हिन्दू राजा र हिन्दू सभ्यता भत्काउन लागिपरेका छन्। त्यो फेरि पुनर्स्थापित हुन नसकोस् भनेर वडा र गाउँमा पुऱ्याउनु पर्ने शक्ति विकेन्द्रीकरणको बेवास्ता गर्दै जातीय सङ्घ राज्य बनाएर सबै अटाउन सक्ने देशको बहुलवादी सम्पूर्ण सभ्यता भत्काउन लागिपरेका छन् । पौरस्त्य सभ्यताको छहारी भएको आँगनमा बसेका यहुदी, इसाई, जोरास्ट्रियन, हीनयानी-महायानी-बज्रयानी बुद्धिस्टहरू, जैन र मुसलमानहरू सबै आफ्ना सभ्यता, भाषा र संस्कृति यथाअवस्थामा राखेर पुस्तौँपुस्ता युगौँयुग बिताउन सक्दछन् तर कोही पनि एकलवादी इसाईमा अटाउन सक्दैनन् । वैदिक सभ्यताको यो बहुलवाद केवल जातिवादी सभ्यतामा अडेको हो । आज इसाईको जस्तो एकलवाद वैदिक सभ्यतामा रहेको भए नेपालमा सयौँभन्दा बढी जात, भाषा र संस्कृति यथावत् अवस्थामा रहन सक्ने थिएनन्। यस्तो बहुल संस्कृति नरहेको भए आज नेपालीहरू इसाईको उक्साहटमा पर्ने थिएनन् । जातीय विवादभित्र रुढिवाद पनि जन्मको हुने थिएन । विशुद्ध बहुलवादको भावनाले निरन्तर अघि बढिरहेको समाज हुने थियो । यहाँनेर अभिसेकले सारा हिन्दू समाजसित प्रश्न गरिरहेका छन्। के अब हिन्दूले मिसिनरीले गराएको हल्लाका पछाडि लागेर हिड्ने कि आफ्नो करौडौं वर्ष पुरानो सभ्यता, संस्कृति, संस्कारजन्य संस्थालाई गहिरिएर बुझ्ने ?\ मिसिनरी स्वभावतः साम्राज्यवादी हुन्छन् । त्यसैले वैदिक हिन्दू समाज भत्काउन जाति प्रथा र त्यसलाई अड्याउने

राजसंस्थाको सर्वनाश गर्नु पर्दछ भन्ने अभियानमा उनीहरू लागिपरेका छन्। "The missionary and the imperialist know that the institution of caste must be obliterated if the Hindu society were to be weakened and converted. A Hindu should critically analyze his traditions instead of uncritically absorbing propaganda. Abisekh" अनि उनीहरूलाई अध्यात्मवादी सोचबाट भौतिकवादी सोचमा बदल्न मरिमिटेका छन् । त्यसले उनीहरूमा रहेको सहनशीलता, सन्तुष्टि, त्याग र मिलेर बस्ने परोपकार भावनाको पनि अन्त्य हुनेछ । त्यसपछि शान्ति र सन्तुष्टिमा रहेको हिन्दूको जीवन अशान्त र तनावमा परिवर्तन हुनेछ जुन आन्तरिक द्वन्द्वको मूल कारण बन्नेछ ।

# पन्त समाज : एक सङ्क्षिप्त समीक्षा

**– शिला पन्त**

**सल्लाहकार**

आज सथरीय, सगोत्रीय सङ्गठन निर्माण गरेर आपसी सद्भाव र समन्वयात्मक एकता कायम गरी आआफ्ना वशंपरम्पराको संरक्षण सम्वर्धनका साथै आपसमा परिचय बढाई समाजको उत्थान गर्ने लहर जताततै चलेको देखिन्छ। यस्तो कामले पारिवारिक एकता बढ्ने, भ्रातृत्वको अभिवृद्धि हुने र समाजको विकास भई जातीय पहिचान कायम हुने कुरा निश्चित छ। यस प्रकारका सङ्गठनहरूले रचनात्मक कार्य गरे भने भावी पुस्ताले प्रेरणा पाउने समाजको बृहत्तर समुन्नति हुने कुरा पनि स्पष्ट छ। सनातन हिन्दू धर्मशास्त्रले निर्दिष्ट गरेको **सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया सर्वे भद्राणि पश्यन्तु माकश्चित् दुःखभाग्भवेत्** भन्ने शाश्वत सन्देशले पनि यस्तै आचारव्यवहारको परिपालनामा जोड दिएको छ।

'**पन्त समाज**' वास्तवमा वृहद् समाज सेवाको उद्देश्य लिएर २०६५ साल चैत्र ४ गते संस्थागत रूपमा गठन भएको संस्था हो। यो समाज वरिष्ठ साहित्यकार एवं विद्वान् डा.शास्त्रदत्त पन्त, अ.प्रा. रथी अमर पन्तसहितका वरिष्ठ अधिवक्ता, प्राध्यापक, प्रशासक, समाजसेवी, साहित्यकार, विद्वान् व्यक्तित्वहरूको सक्रियतामा गठन भएको हो। आज यस समाजमा बृहद् रूपमा विभिन्न क्षेत्रमा काम गरेर अग्रणी भूमिका निर्वाह गर्नुभएका थुप्रै व्यक्तित्वहरू संलग्न हुनुहुन्छ।

'**पन्त समाज**' ले पन्त वंशको परिचय बोध गराउने सामग्री समावेश गरी मुखपत्र **भावजाह्नवी** प्रकाशित गर्दै आएको छ। पन्त परिवारका मेधावी छात्रछात्राहरूलाई यथाशक्य छात्रवृत्ति प्रदान गर्ने र वार्षिक रूपमा भित्रे पात्रो प्रकाशित गर्ने काम पनि यस समाजले गर्दै आएको छ। नेपालभित्र बसोबास गरेका समस्त पन्त बन्धुहरूमा सद्भाव र मित्रता बढाउनुका साथै आआफ्नो वंश, परम्परा र ऐतिहासिक पृष्ठभूमिको संरक्षण र सम्वर्धन गराउने प्रयास पनि यस समाजले गरिरहेको छ। यसका अतिरिक्त राष्ट्रका मिल्दोजुल्दो प्रकृति र प्रवृत्तिका अन्य समाजहरूसित भाइचारा र सद्भाव अभिवृद्धि गर्दै जाने उद्देश्य पनि यस समाजले लिएको छ।

अब यस समाजले विद्वान्विदुषीहरूका **सृजनाहरू लोकार्पण** गरिदिने, समस्त समाजलाई लाभ हुने शिक्षा र स्वास्थ्य सेवाका कार्यक्रमहरूको आयोजना गरी गाउँगाउँमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने, विद्यालय, महाविद्यालयहरूमा नमुना प्रशिक्षण विधिहरू बेलाबेलामा प्रदान गर्ने व्यवस्था गरेर अन्य संगठित

संस्थाहरूभन्दा पृथक् र अग्रगामी बाटो अवलम्बन गर्नु आवश्यक छ । यस संस्थाको मुखपत्रमा आआफ्ना वंशावली र ऐतिहासिक अभिलेखहरू छपाएर पन्त परिवारले पुऱ्याएका योगदानको प्रचारप्रसार हुनु पनि जरुरी छ । यस कार्यमा सम्पूर्ण पन्त परिवारहरूको भूमिका अपरिहार्य छ । समाजसेवा र धार्मिक क्षेत्रमा संलग्न यस लेखिकालाई पन्त समाजको सल्लाहकार समितिमा मनोनयन गरिएकोमा पन्त समाजप्रति हार्दिक कृतज्ञतासहित आभार व्यक्त गर्दै पन्त समाज **सेवा हि परमोधर्म, वसुधैव कुटुम्बकम्** जस्ता सनातन धर्म संस्कृतिका शाश्वत अभिव्यक्तिहरूबाट प्रेरित भएर कर्मक्षेत्रमा अग्रसर रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

# पन्त समाज नेपालको आगामी कार्यदिशा र चुनौती

–रथी (अ. प्रा) अमर पन्त
अध्यक्ष

## पृष्ठभूमि

नेपालका विभिन्न भूभागमा बसोबास गर्ने पन्तहरूलाई एकाकार गर्ने सदिच्छाले पूर्वमन्त्री तथा अर्थविद् डा.यादवप्रसाद पन्तले केही प्रयास गर्नुभएको थियो । त्यसलाई मूर्तरूप दिनका लागि विभिन्न स्थानमा रहेका पन्तबन्धुहरूसित सम्पर्क गर्ने साथै बैठक बसाएर छलफल गर्नेसम्मका काम उहाँबाट भएका थिए । उहाँले विभिन्न गोत्रका पन्त बन्धुलाई एक सूत्रमा आबद्ध गराउन छाता सङ्गठन निर्माण गर्ने कार्यमा निकै कसरत गर्नुभएको थियो । त्यति बेलाको परिस्थितिमा त्यो कार्य सफल हुन सकेन तापनि उहाँका योगदानले 'पन्तहरू एक हुनु पर्दछ' भन्ने भावना जगाउन भने निकै ठूलो सहयोग पुऱ्याएको थियो । डा.यादवप्रसादको प्रयास रोकिएपछि त्यस कार्यलाई निरन्तरता दिने काम एक किसिमले सुस्ताएकोजस्तो देखियो । त्यसको केही समयपछि डा.शास्त्रदत्त पन्तले 'नेपालका पन्तहरूको इतिहास' नामक पुस्तक प्रकाशन गर्नुभयो । त्यस पुस्तकले पन्त वंशका बारेमा धेरै कुरा समेटी पन्तहरूलाई एक मालामा आबद्ध गर्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । फलस्वरूप डा.शास्त्रदत्त पन्तको अध्यक्षतामा उहाँकै निवास मनमैजूमा २०६५ पौषमा विभिन्न गोत्रका पन्तहरूको बैठक बस्यो । त्यसपछि देशका अनेक भागमा छरिएर बसेका पन्तहरूलाई सम्पर्कमा ल्याउने र समयसमयमा बैठक बसेर छलफललाई निरन्तरता दिने कार्य गरियो । यसैक्रममा २०६५ चैतमा काठमाडौँमा 'पन्त समाज नेपाल' विधिवत् दर्ता गरी सञ्चालनमा ल्याइयो ।

## उद्देश्य

पन्त समाज नेपालको विधान अनुसार यस समाजका उद्देश्यहरू निम्न प्रकारका छन्–

१. यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

२. यस संस्थाले नेपालभरिका पन्तहरूको धर्म, संस्कृति र परम्पराका आदर्श एवं मन्यतालाई जगेर्ना गर्दै पौरस्त्य सभ्यता, दर्शन र चिन्तन अनुसार सुन्दर र सभ्य समाज बनाउन योगदान दिनेछ ।

३. नेपालका विभिन्न भागमा बसोबास गर्ने पन्तहरूको अभिलेख राख्ने, तिनीहरूले गरेका ऐतिहासिक कामको खोजी गर्ने र तिनलाई प्रकाशन गर्ने कार्य गर्नेछ ।

४. सामाजिक कुरीति, विकृति र विसङ्गति हटाउन उदाहरणीय काम गर्ने र त्यस्ता क्रियाकलाप प्रकाशनमा समेत ल्याउने कार्य गरिनेछ ।

५. पन्त कुलको इतिहास, वंशावली, संस्कृति, सामाजिक योगदान आदिको अन्वेषण गर्ने र तिनलाई प्रकाशनमा ल्याउने काम गरिनेछ ।

६. धर्म, संस्कार, संस्कृतिसित सम्बद्ध विकासका लागि रचनात्मक काम गरिनेछ ।

७. पन्तहरूबीच सद्भाव, प्रेम, भ्रातृत्व, आपसी सहयोग बढ्ने विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

८. राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा योगदान गर्ने व्यक्ति वा संस्थालाई सम्मान, अभिनन्दन र पुरस्कृत गर्ने काम गरिनेछ ।

**उक्त उद्देश्यको परिपूर्तिका लागि हालसम्म गरिएका कार्य**

पन्त समाज नेपालको विधानका उल्लिखित उद्देश्यले वृहत्तर कार्यक्षेत्रको परिकल्पना गरेको छ । ती परिकल्पना क्रमिक रूपले आगामी दिनहरूमा मूर्तरूप लिँदै जाने कुरामा विश्वास गर्न सकिन्छ । हालसम्म भए गरेका कामकारबाहीहरूको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ ।

पन्तहरूका बीच भ्रातृत्व, आत्मीयता र आपसी सद्भाव कायम गर्ने अभिप्रायले पन्त वंशमा नै सीमित रहेर विगत चार वर्षदेखि पन्त समाज नेपालले विभिन्न प्रकारका रचनात्मक कार्य गर्दै आएको छ । यस समाजको केन्द्रीय कार्य समितिबाट विभिन्न जिल्लाहरूमा जिल्ला कार्य समितिको विस्तार गरी पन्त समाजको विस्तार गर्दै लगिएको छ । विधान अनुसार प्रत्येक वर्ष राष्ट्रिय जीवनका विविध क्षेत्रमा विशेष योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वको प्रमुख आतिथ्यमा साधारणसभा गरी वार्षिक प्रतिवेदन पेस र अनुमोदन गर्ने कार्य गरिएको छ । आपसी चिनारी बढाउन प्रत्यक्ष भेटघाट गर्ने उद्देश्यले वनभोज लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ । समाजकै नाममा भित्ते पात्रो (क्यालन्डर) को प्रकाशन गरिएको छ । पन्तहरूका ऐतिहासिक योगदान, संस्कृति, रीतिरिवाज, वंशावली तथा वार्षिक गतिविधि समेटेर तयार पारिएको मुखपत्र 'भावजाह्नवी' वार्षिक रूपमा प्रकाशित हुँदै आएको छ । उच्चस्तरको अध्ययन गर्ने अवसर प्रदान गर्न जेहेन्दार तर आर्थिक रूपले कमजोर पन्त परिवारका एस. एल. सी. परीक्षा उत्तीर्ण छोरा/छोरीहरूलाई प्रतिवर्ष छात्रवृत्ति प्रदान गर्ने कार्य गरिँदै आएको छ । यसका अतिरिक्त गत वर्षबाट रक्तदान र नववर्षको उपलक्ष्यमा शुभकामना आदानप्रदान गर्ने कार्यक्रम पनि थपी तिनलाई निरन्तरता दिने प्रयास गरिएको छ ।

छात्रवृत्ति वितरणको कार्यक्रमलाई व्यापक र दिगो बनाउने उद्देश्यले समाजका सदस्यज्यूहरूबाट प्राप्त भएको रकम अक्षयकोषमा राखी अर्जित ब्याजबाट छात्रवृत्ति प्रदान गर्ने योजना अनुसार कार्य अधि बढाइएको छ। यस कार्यमा सहयोग गर्न सबै पन्तबन्धुमा हार्दिक अनुरोध छ।

विगत चार वर्षका उपलब्धि हेर्दा यो समाज क्रमिक रूपमा निर्दिष्ट लक्ष्य अनुरूप अघि बढेको छ तर प्रत्येक वर्ष समान प्रकृतिका कार्यक्रमलाई निरन्तरता दिएर मात्र माथि भनिएका उद्देश्य पूरा गर्न नसकिने कुरा अनुभव गरिएको छ। अब अल्पकालिक, मध्यकालिक र दीर्घकालिक गरी विभिन्न प्रकारका आवधिक लक्ष्य निर्धारण गर्नु पर्ने आवश्यकता देखिएको छ। यसो गरिएमा निश्चित कार्य गर्न सजिलो हुनका साथै गरिएका कार्यका कमीकमजोरी सच्याउँदै नयाँ कार्य लागू गर्न सजिलो हुनेछ।

**लक्ष्य निर्धारण**

लक्ष्य निर्धारण गर्दा हालका पन्तसम्बन्धी सम्पूर्ण अन्वेषणात्मक कार्य अझ सूक्ष्म रूपमा गर्दै विषयगत लक्ष्यको पहिचान गर्नु र तदनुरूपका कार्यक्रम कार्यान्यन गर्नु जरुरी देखिएको छ। धर्म, संस्कृति, परम्परागत आदर्श एवं मूल्य र मान्यताहरूको अभिलेख राख्ने, तिनीहरूलाई प्रकाशन गर्ने र तिनको प्रचारप्रसार गरी जनसमक्ष पुऱ्याउने काम गर्नु पनि उत्तिकै आवश्यक छ। यसो गर्न सकिएमा पन्त वंशको साँचो इतिहास प्रकाशमा आउने र नयाँ पुस्तामा अझ वंशीय शक्तिको ऊर्जा थपिने कुरा निश्चित छ। यसबाट समाजलाई आफ्नो धर्म, परम्परा र संस् कृति अनुसारको कर्तव्यबोध गराउनसमेत सकिनेछ।

पन्त समाजमा संलग्न हुने प्रत्येक व्यक्तिले समाजबाट सेवामूलक कार्यको प्रतिफल प्राप्त गर्ने अभिलाषा राखेको हुन्छ। त्यसमा पनि विपन्न अवस्थामा रहेकाहरूले समाजबाट अझ बढी सहयोग पाउने आशा राख्नु स्वाभाविकै हो। यस संस्थाले परिकल्पना गरेको सभ्य र सुन्दर समाजको अवधारणा पूरा गर्न समाजभित्रैबाट प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी पन्तहरूको सामाजिक जीवनस्तर उकास्न सक्नु पर्दछ। आदर्श, उपदेश र उच्चताका कुराले मात्र जीवनयापन गर्न सकिँदैन। त्यस प्रकारका उक्ति र भावना केवल प्रेरणा दिने स्रोतहरू हुन्। त्यसैले पन्त वंशको आदर्श र सम्पन्न समाजको परिकल्पनामा व्यावहारिक सन्तुलन राख्दै निर्दिष्ट उद्देश्यको दीर्घकालिक योजना अनुसारका कार्यदिशालाई निम्न बमोजिम किटान गर्नु पर्ने देखिन्छ।

**पन्त समाजको आगामी कार्यदिशा**

माथि उल्लिखित विविध प्रकारका अन्वेषणात्मक कार्य विस्तृत र गहन रूपमा सञ्चालन गर्दै लैजान र उपलब्ध स्रोत र साधनले भ्याएसम्म क्रमिक रूपमा लोककल्याणकारी कार्य सञ्चालन गर्दै जान निम्न लिखित कुरामा विशेष ध्यान दिनु पर्ने देखिन्छ–

१. आर्थिक विपन्नताका कारण उच्चशिक्षा हाँसिल गर्नबाट वञ्चित पन्त परिवारका छोरा/छोरीलाई छात्रवृत्ति प्रदान गर्ने र उनीहरूलाई सक्षम तथा योग्य नागरिक बनाउन थालनी गरिएको कार्यक्रमलाई अझ विस्तृत र व्यापक बनाई लक्षित वर्गका पन्तहरूले पाउने वातावरण तयार गर्ने ।

२. भौगोलिक विकटताले गर्दा स्वास्थ्यसम्बन्धी न्यूनतम सुविधाबाट वञ्चित पन्तहरूको बस्तीमा घुम्ती शिविर खडा गरी स्वास्थ्य सेवा पुऱ्याउने । उनीहरूको स्वास्थ्यमा सुधार ल्याउने प्रयास गर्ने ।

३. उपचार गर्ने क्षमताभन्दा बाहिरको रोग लागी पीडित भएका पन्त बन्धुहरूलाई उपचार सेवाको प्रबन्ध मिलाउने ।

४. पन्त परिवारका अनाथलाई सहारा दिई पन्त समाज नेपाल भनेको पन्तहरूको अभिभावकीय संस्था हो भन्ने भावनाको विकास गराउन आवश्यक पर्ने कार्यक्रम कार्यान्वयन गर्न जोड दिने ।

५. पन्त परिवारका असहाय, अशक्त वृद्धावृद्धालाई सहज जीवनयापन गर्न मद्दत पुग्ने खालका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. पुर्खाले स्थापना गरेका वा उनीहरूको परिचय बोकेका वा पन्तहरूको धरोहरका रूपमा रहेका मठ, मन्दिर, पाटी, पौवा वा अन्य कृतिहरूको संरक्षण, सम्वर्द्धन गर्नका लागि सहयोगी हातहरू अगाडि बढाउने कार्यलाई प्राथमिकता दिने ।

७. पन्त परिवारको आर्थिक अवस्था उकास्न आयमूलक व्यवसाय सञ्चालन गर्दै पन्तहरूको स्रोतले भ्याएसम्म आर्थिक सहयोग गर्ने ।

८. भ्रातृत्व, आत्मीयता र आपसी सद्भाव बढाउन विविध कल्याणकारी कार्यहरू गर्दै लैजाने ।

माथि उल्लिखित योजनाहरू समाजको भौतिक, आर्थिक क्षमताकासाथै समयको अनुकूलताका आधारमा लागू गर्नु पर्ने देखिन्छ। यस प्रकारका कल्याणकारी कार्यहरू एकपछि अर्को गरी बढाउँदै लैजान सकिन्छ। यी त प्रारम्भिक नमुनामात्र हुन् । धेरैजसो कल्याणकारी कार्य सम्पादन गर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने पन्तहरू नै लक्षित वर्गमा पर्दछन् । तसर्थ स्थानीय वा जिल्लास्तरीय समितिको सक्रिय भूमिकामा यस्ता कार्यको सफलता निर्भर गर्दछ ।

**चुनौतीहरू**

पन्त समाज नेपालले आफ्नो कार्यक्षेत्र विस्तार गर्दा सम्भाव्य चुनौतीहरूको ख्याल गर्नु पनि आवश्यक हुन्छ । हालका चार वर्ष यस समाजका विभिन्न पदाधिकारीहरूले आआफ्ना जिम्मेवारीमा विविध कार्य सम्पादन गरी समाजको आर्थिक व्ययभार नपार्ने हिसाबले सहयोग गर्दै आउनुभएको छ। हाल अस्थायी घुम्ती कार्यालयमा यसका सम्पूर्ण कार्यक्रम सञ्चालन हुँदै आएका छन् । माथि भनिएका कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक सुविधा सम्पन्न स्थायी र कार्यालयको खाँचो छ। संस्थागत रूपमा कार्यालय सञ्चालन गरी समाजका काम कारवाहीका फाइल, अभिलेख र सम्पत्ति सुरक्षित राख्न कार्यालय सहायक, टेलिफोन, फ्याक्स, कम्प्युटर आदि कुरा अब आवश्यक भइसकेको छ । विगतका कार्यक्रमहरूका कमजोरी हटाएर भावी कार्यक्रमलाई सफल र जनोपयोगी बनाउन सुविधासम्पन्न कार्यालय चाहिएको छ। यस विषयमा सबै पन्त बन्धुहरूले चिन्तन गरी समस्याको निराकरण गर्न अनुरोध गरिन्छ ।

**अर्थव्यवस्था**

समाजको उद्देश्यमा यो संस्था मुनाफारहित, जनहितकारी, सामाजिक संस्था हुनेछ भनिएको छ ।सदस्यता शुल्क, दाताहरूको सहयोग र **भावजाह्नवी** वार्षिक मुखपत्रको प्रकाशनमा पाइने विज्ञापन तथा त्यस मुखपत्रको बिक्रीबाट प्राप्त हुने रकममात्र यस समाजका आर्थिक स्रोत हुन् । यसरी प्राप्त आयले लक्षित कार्यक्रम सञ्चालन गर्न सकिँदैन । त्यसैले समाजको उद्देश्य परिपूर्ति गर्न अर्थ सङ्कलनका सबल उपाय सोच्नु र दाताहरूको खोजी गर्नु जरुरी छ। हालसम्म जसोतसो गरेर कार्यक्रम चलाइएको छ । समाजको वार्षिक आयव्यय विवरणबाट समेत यस कुराको जानकारी गराइएको प्राप्त हुन्छ । पन्त वंशको श्रीवृद्धिका निमित्त सबै पन्त बन्धुहरूबाट यथासम्भव आर्थिक सहयोगका लागि हार्दिक अनुरोध छ।

**युवावर्गको सहभागिता**

विगत चार वर्षको अनुभवमा अपेक्षा गरे अनुसार युवावर्ग (महिला/पुरुष) लाई यस संस्थामा आबद्ध गर्न सकेएन । युवावर्ग जागरुक नभएसम्म लक्षित कार्य सम्पन्न गर्न असम्भवप्रायः नै हुन्छ। साथै संस्थाले निरन्तरता पनि पाउन सक्दैन । यस समाजलाई भोलि चलाउने आजकै युवा पुस्ताले नै हो । उनीहरूलाई आजैदेखि विभिन्न जिम्मेवारी दिँदै कर्मठ नबनाएसम्म एकैचोटि जिम्मेवारी दिँइएमा संस्था नै बोझिलो अनुभव हुन सक्तछ। सबै पन्त बन्धुहरूले आआफ्ना बालबालिका तथा युवाहरूलाई समाजको उद्देश्यप्रति जानकारी गराउन अभिप्रेरित गर्नु आवश्यक छ।

यसै गरी युवाहरूलाई आकर्षण गर्ने खालका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु पनि त्यत्तिकै जरुरी छ ।

यस समाजले 'पन्त समाज नेपाल' नाममा फेस बुकमा खाता खोलेपछि धेरै पन्तबन्धुहरूको संस्थामा सदस्यता बढेको देखियो । यसको फेसबुकमा युवाहरूको संख्या उल्लेख्य छ। अब प्रविधिको विकाससँगै सञ्चारका माध्यमको पनि अधिकतम प्रयोग गरी युवावर्गलाई यस समाजमा आकर्षित गर्नु जरुरी छ ।

**जिल्ला तथा स्थानीय समितिलाई सक्षम बनाउने**

धेरैजसो पन्तबन्धुहरू ग्रामीण क्षेत्रमा रहने भएकाले समाजका विविध कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयनका लागि स्थानीय निकायको अहम् भूमिका हुन्छ । हाल केही जिल्ला कार्य समितिहरू गठन भएका छन् तापनि समितिको सहभागिता रहेका कार्यहरू भने सञ्चालन भएका छैनन् । तसर्थ स्थानीय निकायलाई सक्रिय भूमिका निभाउन प्रोत्साहित गरी केन्द्रीय समितिले समन्वय र सहयोग गरेमा मात्र समाजका कार्यक्रमहरू समस्त पन्त बन्धुहरूमाझ पुग्नसक्ने छन् । केन्द्र र स्थानीय निकायबीच सौहार्दपूर्ण तथा सहयोगी सम्बन्ध स्थापित हुनु आवश्यक छ ।

**उपसंहार**

माथि भनिएका कुराको कार्यान्वयनमा अवश्य पनि असजिला अवस्थाको सामना गर्नु पर्ने स्थिति छ । निर्दिष्ट उद्देश्य प्राप्तिका लागि स्रोत, साधनहरू जम्मा गर्न पनि निकै समय लाग्न सक्दछ । त्यसो भए तापनि सबै पन्त बन्धुको आपसी सद्भाव र सहयोग प्राप्त भयो भने लक्ष्यमा पुग्न सकिन्छ । सक्रिय भएर सुव्यवस्थित तरिकाले निरन्तर लाग्ने नै हो भने कुनै पनि कार्य गर्न असम्भव हुँदैन ।

# राज्यको जात हुन्छ र ?

– एकेन्द्र पन्त
महासचिव

हामीकहाँ यतिखेर जातीय राज्यको बहस निकै चर्कोरूपमा हुँदैछ। संविधानसभाको विघटन भएपछि यी मुद्दाहरू केही सुस्ताए पनि राजनीतिक दलभित्र त्यत्तिकै गरम बहसले प्राथमिकता पाइरहेकै अवस्था छ । यस्ता बहसले वर्गीय राजनीतिलाई ओझेलमा पार्ने काम गरेको छ। केही सीमित टाठाबाठाहरूले जातीय मुद्दालाई अनावश्यक रूपमा उठाएर आफ्नै दल फुटाउने काम गरिरहेका छन् । आज राजनीतिका वैचारिक दृष्टिकोण परास्त हुँदैछन् र मुढे तर्कहरू संस्थागत हुँदैछन् । परिणामस्वरूप जातीय मुद्दाले राज्यमा विवाद सृजना गराएको छ। जुन राष्ट्रप्रेमीहरूका लागि चिन्ताको विषय बन्दैछ ।

मानिसका महिला र पुरुष गरी दुई जात हुन्छन्। वास्तवमा राज्यको न कुनै विशेष जात हुन्छ न त जातविशेषको राज्य नै हुन्छ। राज्यका लागि जातको भन्दा नागरिकको मूल्य निकै माथि छ। यसर्थ राज्य सबैको सझा हुनु पर्दछ। लोकतन्त्रमा सबै नागरिक सार्वभौम हुन्छन् । त्यसैले सबैको पहिचान सबैको अधिकार, सबैको आत्मसम्मान र सबैको समृद्धि नै राज्य निर्माणको आधार हुन्छ। यो नै लोकतन्त्रको सुन्दरता हो । के निश्चित जातिहरूलाई मात्र राजकीय पहिचान दिनु उपयुक्त हुन्छ ? यसो गर्दा अन्य जातिहरूको राज्यसँगको स्वामित्व कस्तो हुन्छ ? दर्जनौं जातिलाई पहिचानबाट अलग राखेर कसरी राज्य बलियो बन्न सक्दछ ? नागरिकहरूको अलग जात, भाषा, धर्म र पहिचान हुन सक्दछ । राज्यले ती सबैलाई सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु पर्दछ तर राज्यको निजी जात, धर्म र जातीय पहिचान हुँदैन । जातहरू सामाजिक सम्बन्धबाटै बन्दछन, भत्कन्छन् र नवीकरण पनि हुन्छन् । जात मानव सभ्यताको सामाजिक एकाइ हो । जातको समाजिक महत्त्व पनि छ तर जातको विशेष राजनीतिक महत्त्व चाहिँ हुँदैन। नेपाली समाजमा हिजोका दिनमा कामका आधारमा जातीय विभाजन भएको पाइन्छ । वर्तमान अवस्थासम्म त्यही आधारमा जातीय विभाजन भएको देखिन्छ। जबसम्म सोचाइ, दृष्टिकोण र व्यवहारमा परिवर्तन आउँदैन तबसम्म जातीय चिन्तनले केही नकेही प्रभाव पारेकै हुन्छ । जब जातहरू राज्यसँग जोडिन्छन् तब जातहरूको विशेष पहिचान सकिन्छ र नागरिक पहिचान सुरु हुन्छ । यही कुरा नै साझा राज्यको आधार बन्दछ ।

जातको आफ्नै भाषिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक मूल्य हुन्छ । प्रकृतिसँगका उसका आफ्नै सम्बन्धहरू हुन्छन् । त्यसैका आधारमा जातीय रीतिरिवाज र परम्पराहरू बन्दछन् । रीतिरिवाज र परम्पराहरूले मानवीय गरिमा र जातीय पहिचान निर्माण गर्दछन् । त्यसैबाट समाज विविध फूलहरूको सुन्दर बगैँचा बन्दछ । यसरी हेर्दा जातीय पहिचान निकै महत्त्वपूर्ण मानवीय सम्पत्ति देखिन्छ । सभ्यताको जीवित इतिहास पनि जाति हो । यो मानवीय गरिमा हो । सबै जातका लागि यो आआफ्नै गौरवको विषय बनेको हुन्छ । जातीय पहिचान सबैका लागि प्यारो हुन्छ । आर्यहरू र जनजातिहरूका लागि पनि यो निकै प्यारो छ । अरूको पहिचानलाई होचो बनाउँदैमा कसैको पहिचान अग्लो हुँदैन । यसको अर्थ सबै जातिलाई पहिचान र गौरव चाहिन्छ । यस मनोविज्ञानलाई राज्यले बुझ्नु जरुरी छ ।

आजको समय अधिनायकवादको युग होइन । न पुँजीवादी अधिनायकवाद न त सर्वहारा अधिनायकवाद यो युगमा टिक्न सक्दछ । यसको अर्थ जातीय अधिनायकवाद टिक्न सक्दछ भन्ने निष्कर्ष कसै गरी निस्किँदैन । धार्मिक एकाधिकार पनि आज सम्भव छैन । नेपाल आज दुर्भाग्यमा फस्नलागेको स्थितिमा देखिएको छ । हिजो राज्यको कुनै धर्म हुँदैन भन्नेहरू आज राज्यको जातीय पहिचान बनाउन लागिपरेका छन् । लोकतन्त्रमा न सकल जातीय राज्य बन्न सक्दछ, न एकल जातीय राजनीति हुन्छ, न त जातीय राजनीतिक दल नै बन्न सक्दछ । वास्तवमा जातीय राजनीति दिगो र दूरगामी हुँदैन । अहिले नेपालको राजनीतिक मूल मुद्दा भनेको गरिबीको अन्त्य आर्थिक सम्वृद्धि, विकास र समता हो । मानवीय मूल्य मान्यताको स्थापना/समाजवादी लोकतन्त्र, समाजिक एकता र भ्रातृत्व पनि आजको नेपाली राष्ट्रिय मुद्दा हो ।

यतिखेर नेपाली नेपालीहरूका बीचमा भ्रातृत्व, आत्मीयता र आपसी सद् भावको आवश्यकता छ । यस भावनाको परिपूर्ति गर्न विभिन्न जातीय समाजका बीचमा पनि उदाहरणीय रूपमा पन्त समाज नेपाल उदाएको छ । कुनै पनि प्राणी समाजबिना बाँच्न सक्दैन । त्यसमा पनि मानव जाति समाजबिना बिल्कुलै बाँच्न सक्दैन । मानव जातिले गरेका विकास र चामत्कारिक कार्यले उसलाई प्राणीमध्येकै उत्कृष्ट प्राणीका रूपमा स्थापित गरेको छ । मानव जातिले उत्कृष्ट कार्य गर्दागर्दै पनि नेपाली समाजमा भने दया, माया र सहयोगको अभावले अहापसी विश्वासको खडेरी पर्दै आइरहेको छ । नेपाल धार्मिक, सांस्कृतिक, भाषिक तथा जातीय विविधता र विशिष्टताले भरिपूर्ण मुलक भए पनि राजनीतिक स्वार्थका नाममा आज यहाँ जातीय भेदभाव भइरहेको छ । यस्तो किसिमको संस्कार र संस्कृति मौलाउँदै गएमा

जातीय, भाषिक तथा धार्मिक हिंसाले प्रश्रय नपाउला भन्न सकिँदैन । अन्ताराष्ट्रिय जगत्लाई गहिरिएर हेर्ने हो भने आज यस देशमा कस्तो खालको राजनीतिको विकास भइरहेको छ ? नेपाली समाज विशिष्ट चरित्र बोकेर जातीय विविधताले भरिएको समाज हो तर यो जातका रूपमा संगठित भएको भने होइन ।

यिनै कुरा अनुभव गरेर पन्त समाज सबै जात, वर्ग, समुदायका पन्तहरूलाई संगठित गरेर स्थापना भएको हो । आपसी स्नेह तथा सौहार्दको अभिवृद्धि गरी स वस्थ, सभ्य, समुन्नत र स्वच्छ समाजको निर्माण गरी रचनात्मक क्रियाकलापका माध्यमबाट आफूलाई देश सेवामा समर्पण गर्न यो समाज चाहन्छ । ब्राह्मण, क्षेत्री तथा पन्त थर भएका जोसुकै व्यक्ति सदस्य यस समाजमा आबद्ध हुन सक्दछ ।

पन्त समाज नेपाल कुनै पनि राजनीतिक आवरणभित्र रहेर गठन भएको होइन । यस समाजभित्र फरक दृष्टिकोण र विचारमा रहेर पन्त थरको जोसुकै व्यक्ति आबद्ध हुन पाउँछ । सामाजिक न्याय, सद्भाव, प्रेम, भ्रातृत्व, आत्मीयता र समताका सिद्धान्तमा यो समाज अघि बढिरहेको छ । यस समाजले वनभोज कार्यक्रम, रक्तदान कार्यक्रम, क्यालेन्डर प्रकाशन, **भावजाह्नवी** नामक मुखपत्रको प्रकाशन, छात्रवृत्ति कोष निर्माण तथा वितरणजस्ता विविध कार्यक्रमबाट सामाजिक सेवा गर्दै आएको छ । जातीय संगठन सामाजिक सेवातर्फ उन्मुख हुनु पर्ने र त्यसले ाामाजिक सद्भाव बढाउनमा मद्दत गर्नु पर्दछ भन्ने मान्यताबाट प्रभावित भएर यो संस्था खोलिएको हो ।

नेपालमा यतिखेर राजनीतिक परिवर्तनले फड्को मारे पनि व्यवहार, काम गर्ने शैली र सोचाइमा खासै परिवर्तन आउनसकेको छैन । राजनीतिक परि वर्तनसँगै देशमा नातावाद, कृपावाद र भ्रष्टाचारले संस्थागत रूपमा जरा गाडेको छ । एक्काइसौँ शताब्दीमा नेपाली समुदाय सोरौँ शताब्दीतिर जस्तो बनेर पछाडि धकेलिँदैछ । यहाँ जात, भात र धर्मका नाममा राजनीति गरिँदैछ । यतिखेर इतिहास नेपालका लागि इतिहासकै रूपमा मात्र सीमित हुन पुगेको छ । इतिहासका कतिपय घटना राम्रा नराम्रा दुवै होलान्, आखिर जे भए पनि वर्तमान संकीर्ण राजनीतिका कारण श्री ५ पृथ्वीनारायण शाहलाई एकीकरणको विषयलाई लिएर सबैले सम्झनु पर्ने बेला आएको छ । नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो भनी श्री ५ पृथ्वीनारायण शाहद्वारा उद्घोष गरिएको विचार आज सबैका लागि सम्झनयोग्य बनेको छ । जतिखेर नेपाल बाइसे चौबीसे राज्यमा विभक्त थियो त्यतिखेर श्री ५ पृथ्वीनारायण शाहले वीरतापूर्ण कार्य नगरेका भए सिङ्गो नेपालको के हालत हुने थियो र नेपालीहरूले कुन मुलुकको नागरिक बन्नु पर्ने थियो भन्ने

कुरा सम्भँदा पनि दिमाग रन्थनिन्छ । राष्ट्रको जगेर्ना गर्न राज्यभित्रका अनेक धर्म, जात र भाषाका बीचमा सौहार्द, भ्रातृत्व, आत्मीयता र आपसी सद्भाव कायम हुनु नितान्त आवश्यक छ । यसै गरी सबै जातजातिहरूमा प्रेम, सद्भाव र सहयोगको भावना नहुँदासम्म नेपालको भलो, नेपालको भलो हुन सक्तैन । वास्तवमा नेपाल सयौँ फूलको साझा बगैँचा हो । सबै फूलको पहिचान कायम गर्नका लागि साझा बगैँचा र योग्य माली चाहिन्छ । जनताको सपनाहरू गोडमेल गरेर सबैको साझा राज्यरूपी सुन्दर बगैँचा बनाउन सक्ने माली आज नेपाललाई चाहिएको छ ।

# मेरो गाउँ

– अमिसा पन्त
फुजेल–६, गोरखा

लेक बैँसी हरियाली मेरो गाउँको पाखा
त्यसैमाथि बज्न थाले दोहोरीका भाका ॥

पूर्वबाट आदित्यले मिठो मुस्कान छर्दा
परेवाले माकुर गर्दा प्रभात हुन्थ्यो ताजा ।
सागसिस्नु, ढिँडोको नै हुने मिठो व्यञ्जन
गौतमका शान्ति मुद्रा साँच्चै ज्ञानको आभा ॥

चिर्बिर चिर्बिर चरीको त्यो मिठो धूनसँगै
ठिटौली ती केटाकेटी देखेँ माया लाका ।
वर्षायाममा रुज्दै रुज्दै खेतमा धान रोप्दा
गुञ्जनलाई सुरु हुन्थे असारे ती भाका ॥

कलकल बग्ने पानीसँगै माया मिठो लाउँदा
लौरी टेकी लखेट्नलाई आउँथे बुढापाका ।
तल्ला घरका सानु दाइ, पल्ली घरकी दिदी
भेट हुँदा हाँस्दै बोल्थे तर्थे फेरि आँखा ॥

सायङ्कालको अस्ताचलमा पुग्दा रविदेव
आराम गर्छन् जगतका सबै लाखापाखा ।
बिर्सनलाई गारो हुन्छ मेरो गाउँको पाखा
त्यसैमाथि रानीवनमा बज्छ मिठो भाका ॥

# पहिचान

–सृजना पन्त
सदस्य

मानिस एक सामाजिक र चेतनशील प्राणी हो । एउटा समाजमा विभिन्न विचार बोकेका फरकफरक समुदायहरूका व्यक्तिहरू बसेका हुन्छन् । समाजलाई संगठित बनाइराख्नका लागि चाहिने कुराका सन्दर्भमा प्रोफेसर मासो (Masow) ले निम्नानुसारका पाँचवटा पक्ष अघि सारेका छन–

पहिलो गाँस, बास, कपासका साथै जीवनमा आइ पर्ने अति आवश्यकताको परिपूर्ति, दोस्रो सामाजिक सुरक्षा, तेस्रो सामाजिक पहिचान, चौंथो आत्मसम्मान र पाँचौँ केही नयाँ कार्य गर्ने चाहना ।

माथि उल्लिखित कुराले के स्पष्ट गर्दछ भने मानिस एकपछि अर्को प्रगति, उन्नति गर्नका साथै नयाँ खोजअनुसन्धान गर्न चाहन्छ । मान्छे केही नगरी बस्न सक्दैन । मानिस समाजमा बस्दछ, समाज निर्माणमा योगदान दिनका साथै आफ्नो पहिचानको खोजी पनि उसले गर्दछ । आफू भएको समाजलाई सबैका सामु परि चित गराउन ऊ चाहन्छ । प्रत्येक वर्ग, समुदाय, जात, धर्म, लिङ्ग आदिले आफ्नो पहिचान खोजिरहेको अहिलेको परिप्रेक्ष्यमा यस विषयमा चर्का आवाज उठिरहेका छन् । यस्तो अवस्थामा पन्त बन्धुहरूले चुप लागेर बस्न उचित देखिँदैन ।

यही कुरा मनन गरेर अग्रज केही पन्त बन्धुहरूले ‘पन्त समाज नेपाल’ को स्थापना गरेका हुन् । पन्त समाज विभिन्न गोत्रीय पन्तहरूको साझा सङ्गठन हो । यस अर्थमा पन्त समाज नेपाल समस्त पन्त बन्धुहरूको सामाजिक सङ्गठन हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर बसेका जोसुकै पन्तहरूले यसको सदस्यता लिई यस समाजलाई विस्तार गर्न मद्दत पुऱ्याउन सक्छन् । पन्त समाज नेपाल स्थापना हुनुका मुख्य उद्देश्य निम्नलिखित हुन्–

१. आफ्नो अस्तित्व र पहिचानको खोजी गरी समाजमा स्थापना हुनु ।
२. विभिन्न ठाउँहरूमा छरिएर बसेका पन्त बन्धुहरूलाई एकीकृत गर्नु ।
३. भ्रातृत्व, आत्मीयता र आपसी सद्भाव कायम गर्नु ।

सबैका आआफ्नै तर्क, विचार र हेराइ हुन्छन् । यो समाज सबै पन्तहरूका लागि नितान्त आवश्यक थियो । आफ्नै सभ्यता, मौलिकता, रीतिरिवाज, इतिहास र पूर्वजहरूका बारेमा जान्न पाउने नयाँ पुस्ताहरूको अधिकार हो । आफू को हुँ र कहाँबाट आएको हुँ भन्ने कुराबारे थाहा नभए आफू भएको र आफ्नो अस्तित्वको बोध हुँदैन । यस्तो जाजकारीका अभावमा भावी सन्ततिहरूले आफूलाई परिचित

गराउने ठोस आधार पाउँदैनन् । तसर्थ सबै थरी जातजाति र थरहरूको बलियो समाजको निर्माण हुनु पर्दछ र त्यसले उद्देश्यमूलक रचनात्मक कार्य गर्नु पर्दछ ।

समाजमा मिलेर बस्नुको अर्थ सबैले आआफ्नो आवश्यकता पूरा गर्नु हो । आजको आवश्यकता भनेको आफ्नो पहिचानको खोजी हो । पहिचान भएन भने थर तथा जातिको अस्तित्व नै समाप्त भएर जान्छ । त्यसैले अब समस्त पन्त बन्धुहरूले सोच्नु पर्ने बेला आएको छ । दिनचर्यामात्र निर्वाह गरेर पुग्दैन । सबैले केही समय यस समाजको हितका लागि पनि खर्च गर्नु पर्ने हुन्छ । यसलाई पूर्णता दिन सकेमा नै सबै पन्त बन्धुहरूको हित हुन सक्दछ ।

पन्तकी छोरी पन्तकी बुहारी भएका नाताले पन्त समाजको सदस्य बनिएको कुरा बोध गरेर आफूबाट दिन सकिने योगदान दिने प्रयास गरिनु पर्दछ । पन्त भएकोमा र पन्त समाजको सदस्यता लिएर सर्ब पन्तहरूको हित हुने काममा संलग हुन पाएकोमा गर्व गर्नु पर्दछ । पन्त समाजको सन्निकट रहेर यस रचनाकारलाई धेरै कुरा सिक्ने मौका पाइएको छ । पन्तको इतिहासका बारेमा जान्ने, पन्तहरू थरका साथै सांस्कृतिक, सामाजिक र ऐतिहासिक कारणले परस्पर मा ज्यादै समान किसिमका भएका कुरा बुझ्ने अवसर पनि यस समाजबाट अवगत भयो । सम्माननीय र अग्रज पन्त बन्धुहरूको समीपमा बसेर काम गर्ने मौका पाइएकोमा ज्यादै खुसीको अनुभूति भएको छ । अर्को के कुरामा पनि गर्व छ भने पन्तहरू प्रत्येक क्षेत्रमा अगाडि छन् । बौद्धिक क्षेत्रमा पन्तहरू सर्वश्रेष्ठ नै मानिन्छन् र आत्मसम्मानको रक्षा गर्न उनीहरू राम्ररी जान्दछन् । पन्तहरू अनावश्यक र गलत कुरामा कसैका अगाडि झुक्न जान्दैनन् । यिनीहरूले त अगाडि बढ्न जानेका हुन्छन् । यी कुरा नै पन्तका पहिचान हुन् ।

समस्त नेपालजस्तै पन्त समाज पनि सबै पन्तहरूको साझा घर हो । यसमा संलग्न हुन सबै पन्त बन्धुलाई स्वागत छ । यसलाई सबैको सहयोगको खाँचो छ । तसर्थ बलियो समाज निर्माण गर्न सबैको सक्रियता आवश्यक छ । यस समाजले सबै पन्तहरूको पहिचान र इतिहास जोगाएर राख्न सक्तछ । 'पन्त समाज नेपाल' को उत्तरोत्तर प्रगतिको कामना ।

भावजाह्नवी वर्ष ३ अङ्क ३
२०६९

# खण्ड तीन
## गतिविधि

## १. ‘पन्त समाज नेपाल’ का वार्षिक गतिविधि

अनेकतामा एकता नै नेपालको पहिचान हो । राजनीतिक परिवर्तनले गति लिन सकेन भने धार्मिक, सांस्कृतिक, भाषिक तथा जातीय विविधताबीच सदियौंदेखि कायम रहेको एकता विखण्डनमा सजिलैसँग परिणत हुन सक्तछ । यी पक्षहरूमा एकता हुन नसके समाज अनेक चिरामा विभक्त हने डर रहन्छ । यसको परिणाम जात, थर, गोत्र, धर्म, लिङ्ग, पेसा र स्थानविशेषमा समेत विभाजन भई जातीय संगठनहरू खोलिने होडबाजी चल्दछ र अनेकताबीचको एकतामा तुषारापात हुँदै जाने भय हुन्छ । जातीय संगठन संगठित भइरहेकै अवस्थामा जातीय सद्भाव बढ् दछ । यस कुरामा सचेत भएर नै पन्तहरूबाट भ्रातृत्व, आत्मीयता र आपसी सद् भावलाई मजबुत बनाउन ‘ नेपाल’ गठन गरिएको हो । सङ्कुचित मानसिकतामा सीमित नरही पन्तहरूका बीचमा एउटा संगठन बनाउनु पर्ने चासो र आवश्यकता सबै बन्धुहरूको मनमस्तिष्कमा उब्जेका कारण नै यो संस्था जनस पन्त समाज मक्ष आएको हो ।

हुन त विगतमा डा.यादवप्रसाद पन्तका संयोजकत्वमा पन्त समाज गठन गर्ने  प्रयास नभएका होइनन् । त्यसो हुँदाहुँदै पनि उहाँको स्वर्गारोहणले गर्दा यस कार्यले निरन्तरता पाउन नसकेको अवस्थामा निवर्तमान तथा वर्तमान केन्द्रीय कार्य समितिमा रहेका पन्त बन्धुका अग्रसरतामा थुप्रै प्रयास भइरहेका अवस्थामा डा.शास्त्रदत्त पन्तद्वारा लिखित ‘नेपालका पन्तहरूको इतिहास’ नामक पुस्तकले पन्त समाजको स्थापना गर्ने कार्यमा थप बल पुग्न गयो । फलस्वरूप २०६५ पौष ५ गते केही युवाहरूको सक्रियतामा शिशु कटेज मनमैजु हाइट–७ मा भेला आयोजना गरी तेर सदस्यीय तदर्थ समिति गठन गरेर यस सामाजिक संस्थाको स्थापना हुन पुग्यो र यसको विस्तार अगाडि बढ्न थाल्यो । डा.शास्त्रदत्त पन्तका अध्यक्षतामा गठन भएको ‘पन्त समाज नेपाल’ को कार्य समितिले दुई वर्षे कार्यकाल सम्पन्न गरी बिदा हुनेक्रममा आयोजना गरेको तेस्रो साधारणसभा निम्नानुसार सम्पन्न भएको थियो ।

**तेस्रो साधारणसभा**

मिति : २०६८साल कार्तिक २० गते शनिबार ।
स्थान : ए. बी पार्टी प्यालेस सामाखुसी, काठमाडौं ।
समय : बिहान ११ : ०० बजे ।

२०६८ कार्तिक २६ गते ए. वि. पार्टी प्यालेस सामाखुसीमा ‘पन्त समाज नेपाल’ को तेस्रो वार्षिक साधारणसभा सम्पन्न भयो । उक्त साधारणसभा दुई भागमा

सञ्चालन गरिएको थियो । पहिलो सत्रमा साधारणसभामा वार्षिक गतिविधि तथा भावी कार्यक्रम प्रस्तुत गरियो भने दोस्रो सत्रमा केन्द्रीय कार्य समितिको निर्वाचन गरी दुई वर्षको कार्यकालका लागि पदाधिकारीहरूको चयन गरियो । प्रत्येक वर्षको साधारणसभा झैँ यस वर्ष पनि प्रा.डा. जयराज पन्तले सारगर्भित उद्‌गारका साथ रमाइलो वातावरणमा उद्‌घोषणको कार्य प्रारम्भ गर्नुभयो । सभाको प्रमुख अतिथिमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. शिवहरि मरहट्ठाज्यूले आसन ग्रहण गर्नुभयो । सभाको सभापतित्व 'पन्त समाज नेपाल'का अध्यक्ष डा.शास्त्रदत्त पन्तले गर्नुभयो ।

गत वर्षजस्तै यस वर्ष पनि अन्य थर समाजका अध्यक्षहरूलाई आमन्त्रण गरिएको थियो । कोइराला बन्धु समाजका प्रा.डा. खेम कोइराला बन्धु, पराजुली समाजका कुलप्रसाद पराजुली, गैरे समाजका दामोदर गैरे, सुवेदी समाजका प्रा.कोमलनाथ सुवेदी, भारद्वाज गोत्रीय बन्धुका चैतन्य देवकोटा लगायतलाई आसन ग्रहण गराइयो । पन्त समाज नेपालका जिल्ला अध्यक्ष वा प्रतिनिधिहरूका साथै केन्द्रीय कार्य समितिका पदाधिकारीहरूलाई आसन ग्रहण गराई ब्याज वितरणसमेत गरियो । साधारणसभामा उपस्थित प्रमुख अतिथि लगायत सम्पूर्ण सभासद्‌हरूको सम्मानमा उपाध्यक्ष रथी (अ. प्रा.) अमर पन्तले स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो । तत्पश्चात् प्रमुख अतिथि प्रा.शिवहरि मरहट्ठाज्यूले पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्‌घाटन गर्नुभयो ।

कार्यक्रमलाई अगाडि बढाउँदै महासचिव प्रा. दिनेशराज पन्तले स्वागत मन्तव्यका साथै समाजको वार्षिक कार्यक्रमबारे प्रकाश पार्नुभयो । त्यसपछि 'पन्त समाज नेपाल'को वार्षिक मुखपत्र **भावजाह्नवी** को दोस्रो अङ्क प्रमुख अतिथिज्यूले लोकार्पण गर्नुभयो । मन्तव्य प्रस्तुतिका क्रममा समाजका सचिव एकेन्द्र पन्तले समाजका विविध गतिविधिहरूका बारेमा अगवत गराउनुभयो । कोषाध्यक्ष जीवमूर्ति पन्तले 'पन्त समाज नेपाल' को आर्थिक वर्ष २०६७/६८को आयव्यय विवरण पेस गर्नुभयो । कार्यक्रममा समाजका आजीवन सदस्यता ग्रहण गर्ने आदरणीय पन्त बन्धुहरूलाई सम्मान गर्दै प्रमुख अतिथिद्वारा फ्रेममा राखिएको 'सम्मानपत्र' प्रदान गरियो ।

समारोहको सफलताको कामनाका साथै रायसुझाव दिनेक्रममा अन्य थर समाजका तर्फबाट भारद्वाज गोत्रीय समाजका अध्यक्ष चैतन्य देवकोटा, सल्लाहकारहरूका तर्फबाट वेदराज पन्त तथा श्रीमती शिला पन्त र कार्य समितिका सदस्य सृजना पन्तका साथै पन्त समाज जिल्ला कार्य समितिका तर्फबाट प्रतिनिधि

राजेन्द्रप्रसाद पन्तले मन्तव्य प्रकट गर्नुभयो ।

प्रमुख अतिथि प्रा.शिवहरि मरहट्टाज्यूले आफ्नो मन्तव्यका साथै समाजको गतिविधिको समुद्घाटन गर्नु भई उत्तरोत्तर प्रगतिको कामनासमेत गर्नुभयो । पहिलो भागको समारोह समापन समाजका अध्यक्ष डा. शास्त्रदत्त पन्तज्यूले मन्तव्य मार्फत गर्नुभयो । समाजको अर्थ सकलग्न गर्न कार्यक्रमका बीचमा नारायणवल्लभ पन्तज्यूले मुष्ठिदान दिने आग्रह गर्नु भएर तत्काल १८,०००।- अठार हजार रकम संकलन भयो ।

**कार्य समितिको निर्वाचन**

२०६८ साल कार्त्तिक २६ गते शनिवारका दिन काठमाडौँ सामाखुसीस्थित ए. बी. पार्टी प्यालेसमा 'पन्त समाज नेपाल' को तेस्रो साधारणसभा सम्पन्न भयो । डा.शास्त्रदत्त पन्तका अध्यक्षतामा गठन भएको कार्य समितिको कार्यकाल सकिएकोले दोस्रो सत्रमा नयाँ कार्य समितिको निर्वाचन गरियो । निर्वाचन गर्न विधान अनुसार निर्वाचन उपसमितिको गठन गरिएको थियो । निर्वाचन उपसमितिका संयोजक अधिवक्ता ध्रुवप्रसाद पन्तले विधान अनुसार अगामी कार्यकालका लागि निम्न अनुसारको कार्य समिति निर्विरोध निर्वाचन भएको घोषणा गर्नुभएको थिया–

| **क्र.सं** | **नाम** | **पद** |
|---|---|---|
| १. | रथी (अ.प्रा.) अमर पन्त | अध्यक्ष |
| २. | डा.हरिहरदेव पन्त | उपाध्यक्ष |
| ३. | श्री जीवमूर्ति पन्त | उपाध्यक्ष |
| ४. | श्री एकेन्द्र पन्त | महासचिव |
| ५. | श्री अर्जुन पन्त | सचिव |
| ६. | श्री होमराज पन्त | कोषाध्यक्ष |
| ७. | प्रा. डा. जयराज पन्त | सदस्य |
| ८. | श्री पुष्करराज पन्त | सदस्य |
| ९. | श्रीमती सृजना पन्त | सदस्य |
| १०. | श्री अमृतकुमार पन्त | सदस्य |
| ११. | श्री आत्मराज पन्त | सदस्य |
| १२. | श्री मदनकुमार पन्त | सदस्य |

१३.		श्री नीराजन पन्त		सदस्य

## २. तेस्रो साधारणसभामा प्रस्तुत वक्तव्यहरू

### क. प्रमुख अतिथि प्रा.शिवहरि मरहठ्ठा (उपकुलपति, ने.सं.वि.) को वक्तव्य

'पन्त समाज नेपाल' द्वारा आयोजित यस सभाका सभापति तथा 'पन्त समाज नेपाल'का अध्यक्ष डा.शास्त्रदत्त पन्तज्यू, मञ्चमा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय महानुभावहरू, पन्त समाजका वरिष्ठ व्यक्तित्वहरू र उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू !

मलाई आज अत्यन्त खुसी लागेको छ, सामाजिक सेवाप्रति, सामाजिक गतिविधिप्रति र सामाजिक भावनाप्रति धेरै गर्न नपाए पनि कताकता त्यतापट्टि सद्भाव राख्ने शुभचिन्तक व्यक्ति भएका कारणले पनि मलाई यस किसिमका सामाजिक सभामा उपस्थित हुँदा र सामाजिक सभामा व्यक्त भएका विभिन्न विचार र भावनालाई आत्मसात् गर्दा अत्यन्त खुसीको अनुभव हुने गर्दछ । त्यही प्रसङ्गमा आज यो सभामा उपस्थित भएर सभाको समुद्घाटन, **भावजाह्नवी** पत्रिकाको लोकार्पण र आजीवन सदस्य महानुभावहरूलाई प्रमाणपत्र वितरण गर्ने सौभाग्य प्राप्त भयो । त्यसका लागि म पन्त समाज परिवारप्रति हृदयबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पन्त समाजमा रहेका व्यक्तित्वहरूले गर्नुभएको भाषिक योगदान, ऐतिहासिक योगदान त आफ्नो ठाउँमा छँदैछ । यस समाजमा दिनेशराज पन्तजस्ता इतिहासका विद्वान्हरू हुनुहुन्छ । त्यसलाई मैले कोट्याएर बढ्ता समय लिन आवश्यक छैन । म एउटा दर्शनको विद्यार्थी भएको हुनाले दार्शनिक प्रक्रियाको प्रारम्भमा आउने एउटा चिन्तनबिन्दु हुन्छ । त्यो के भने म को हुँ, म कहाँबाट आएँ, म कसबाट आएँ, संस्कृतबाट भन्दा कोऽहम्, कुतोऽहम् ? यस किसिमबाट हामीले चिन्तन प्रक्रियालाई अगाडि बढाउन सक्छौँ । मलाई लाग्छ यही एउटा बिन्दु हो–कुतोऽहम् ?

यही पृष्ठभूमिमा पन्त समाजले पनि आफ्नो ऐतिहासिक गौरवलाई सम्झिएर वर्तमान र भावी पुस्ताका लागि के कस्तो रचनात्मक प्रक्रिया गर्न सकिन्छ, त्यसले राष्ट्र र समाजलाई कति जीवन्त बनाउन सकिन्छ भन्नेबारे चिन्तनमनन गरेर रचनात्मक गतिविधिका माध्यमबाट आफ्नो योगदान समाजमा स्थापित गर्न पन्त समाजको स्थापना भएको मैले सम्झेको छु । यस सभामा प्रशासनमा विशिष्ट योगदान पुऱ्याएका ठूलो ओहोदा सहृमालेका व्यक्तित्वहरू हुनुहुन्छ । अतीतलाई सम्झने हो भने डा.यादवप्रसाद पन्तलाई यही समाजले पनि कुलभूषणका रूपमा स्वीकारेको मैले पाएको छु । त्यसका साथसाथै ज्यौतिष विज्ञानका हिसाबले, ब्राह्मण

इतिहासका हिसाबले र धर्मसंस्कृतिका संरक्षण तथा प्रचारका हिसाबले मलाई लाग्छ अहिलेको यो आधुनिक कालका पन्त कुलका विभूषण नयराज पन्त, यस्तै पन्त समाजको इतिहासलाई विस्तृत किसिमले अध्ययन गरेर समाजमा पन्त समाजको ऐतिहासिक गौरवलाई चिन्न र चिनाउन विशेष योगदान पुऱ्याउने डा.शास्त्रदत्त पन्त पनि मलाई लाग्छ यसै समाजका कुलभूषणका रूपमा स्थापित हुनुहुन्छ ।

यस किसिमका गतिविधिले अवश्य नै कुलको इतिहासका साथै भावी पुस्तालाई रचनात्मक मार्गमा संलग्न हुन अवश्य प्रेरणा दिनेछ भन्ने मेरो विश्वास छ । म एउटा सानो प्रसङ्ग सुनाउन चाहन्छु । यो २०४१/२०४२ सालतिरको कुरा हो । एउटा ठूलै सामाजिक सेवाको राष्ट्रिय सम्मेलनमा सक्रिय सहभागिता जनाउदा 'तपाइँ नेपाली हो' भनेर प्रश्नहरू मेरा  अगाडि आएका थिए । म अहिले वंशको खोजी र चिन्तन गर्ने कार्य गरिराखेको छु तर डा.शास्त्रदत्त पन्तले पाउनुभएको जस्तो सफलता मैले पाउन सकेको छैन । उहाँको अध्ययनअनुसन्धानले मलाई पनि ठूलै प्रेरणा दिनेछ भन्ने मैले विश्वास गरेको छु । पन्त समाजमात्रै होइन अहिले विभिन्न थरका मानिसहरूले आआफ्नो गौरवलाई, वंशगत विचार र प्रेरणालाई सम्झेर एकताबद्ध भएर  अगाडि बढ्ने किसिमको प्रयास भइरहेको छ । मलाई लाग्छ ती प्रयत्नहरूले एउटा वंश र गौरवलाई स्थापित गर्दै राष्ट्रियता सुदृढ गरे पनि ठूलो बल दिनेछ । यो संगठन, समाज, संस्थाको व्यापकता हुन अझै बाँकी रहेको मैले अनुभव गरेँ । त्यो क्रमशः सुधार हुँदै जाला । सुदूर पश्चिमसम्म यो सङ्गठन पुगिसकेको कुरा मैले थाहा पाइसकेँ । अझै यो सङ्गठन व्यापक बनेर रचनात्मक गतिविधिहरूलाई अगाडि बढाओस् । यहाँ विभिन्न स्रष्टा, कानुन व्यवसायीहरू, इतिहासका ज्ञाताहरू, प्रशासकहरू हुनुहुन्छ । सबैको सामूहिक प्रयत्नबाट आफ्नो गौरवलाई प्रतिस्थापन गर्दै आफ्ना रचनात्मक गतिविधिबाट समाजलाई अझ जीवन्त बनाउँदै अरूलाई पनि प्रेरणा दिने कार्यमा पन्त समाजलाई सफलता मिलोस् भन्ने म मनसा, वाचा सद्भाव शुभकामना व्यक्त गर्दछु ।

समयको अत्यधिक न्यूनताले गर्दा यो भाषण लिखित रूपमा ल्याउन सकिएन । त्यसका लागि म क्षमा याचना गर्दछु । म त आज्ञापालन सबभन्दा ठूलो धर्म हो भनेर आज्ञालाई मात्रै पूरा गर्न आएको हुँ । कुनै किसिमका अन्तर्क्रियाका अवसरमा आउने मौका मिल्यो भने त्यस बेलामा आफ्ना क्षमताले भ्याएसम्मका चिन्तनहरू, दृष्टिकोणहरू यहाँहरूको  अगाडि म राख्ने नै छु । यही प्रतिबद्धता यहाँहरूमा व्यक्त गर्दछु । वेदराज पन्तज्यूले आफ्ना विचार व्यक्त गर्नेक्रममा एकदुईवटा कुरा उठाउनुभएको छ । संस्कृत विश्वविद्यालयको प्रतिनिधि भएको

नाताले त्यससम्बन्धी आएका केही प्रसङ्गहरूलाई यहाँ कोट्याउन मैले ज्यादै आवश्यक सम्झेको छु । उहाँको पूर्वीय सभ्यता र प्राचीन ज्ञानविज्ञानप्रति अगाध आस्था छ । त्यही किसिमको प्राचीन गौरव देख्न उहाँले चाहिरहनु भएको छ । त्यसले गर्दा युगको एउटा प्रवाहलाई सकेसम्म हामीले अनुकूल बनाएर विद्याका क्षेत्रमा, विज्ञान प्रविधिका क्षेत्रमा, साहित्यका क्षेत्रमा आफ्नो वंशलाई संरक्षण गर्न कति अगाडि जान सकिन्छ त्यही अनुसार हामीले जाने हो । हामीले सक्दै नसक्ने, नियन्त्रण गर्न नसक्ने, पाउन नसक्ने विषयमा व्यक्तिगत चिन्ता गरेर मात्रै त्यो सफल हुनै सक्दैन तैपनि हाम्रो भावनाले स्पन्दन अवश्य ल्याउन सक्तछ, जागरण अवश्य ल्याउन सक्तछ । उहाँले भनेजस्तो वा हामीले सोचेजस्तो भइहाल्ने स्थिति भने आज छैन । संस्कृत विश्वविद्यालयभित्र मात्रै विभिन्न शास्त्रीय विषयका पढाइहरू हुन्छन् । आधुनिक विषयमा अङ्ग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्र, नेपाली, मैथिली आदि ऐच्छिक विषयका रूपमा पढाइने गरिराखेका छौं । व्याकरणको मूल विषयमा पढाइ हुन्छ । अहिले तेरवटा आङ्गिक क्याम्पस विश्वविद्यालय अन्तर्गत सञ्चालन भइरहेका छन् । जुन उद्देश्य र आकांक्षाका साथ संस्कृत विश्वविद्यालयको स्थापना भएको हो त्यो उद्देश्य अनुसार विश्वविद्यालयले उपलब्धि हाँसिल गर्नसकेको छैन त्यो यथार्थ हो । ती कमीकमजोरीलाई सकेसम्म हटाएर यो विश्वविद्यालयलाई जनतासम्म कसरी पुऱ्याउन सकिन्छ यसबारेमा हामी अत्यन्त प्रयन्नशील छौँ ।

संस्कृत विश्वविद्यालय अहिले पच्चीस वर्षमा लागिरहेको छ र पच्चीस वर्षका उपलक्ष्यमा रजत महोत्सव मनाउने तयारी पनि हामी गरिरहेका छौँ । यही अवसरमा बाइस सूत्रीय अवधारणा हामीले पेस गरेका छौँ । ती बाइस सूत्रीय अवधारणा पत्रभित्र संस्कृतको ज्ञानका साथै त्यसभित्रको प्राविधिक पक्षलाई कसरी अगाडि ल्याउन सकिन्छ भन्ने कुरामा हामी क्रियाशील हुने वचन बद्धता जाहेर गरिसकेका छौँ । आयुर्वेदको बी.ए., एम.एस.को कक्षा सञ्चालन यसै वर्ष दाङमा हुँदैछ, आयुर्वेदको औषधि निर्माण गर्ने कार्य अगाडि बढाउँदैछौँ । नेपाल बहुजाति, बहुधार्मिक, बहुसंस्कृति भएको देश हुनाले संस्कृत विश्वविद्यालय सबैको हो भन्ने भावना जनतामा प्रवेश गरेर राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रको निर्माणका लागि हामी लागिराखेका छौँ । संस्कृत विश्वविद्यालयले मा. वि. कार्यक्रम कसरी बनाउन सकिन्छ भनेर विभिन्न क्षेत्र, संगठनमा पत्राचार गरिराखेको छ । यहाँहरू पनि आफ्नो प्राचीन विज्ञानप्रति आस्थावान् हुनुहुन्छ । श्रुति, स्मृतिहरू हाम्रा रत्न हुन् । त्यसप्रति हामी आबद्ध छौँ । अहिलेसम्म पन्त समाजले यसलाई जीवित बनाएर राखेको छ र त्यसका हामी अनुयायी बनेका छौँ भनेर त्यहाँ लेखिएको छ । यसबाट पनि संस्कृत विश्वविद्यालयको भावभन्दा बाहिर यहाँहरू अवश्य हुनुहुन्न । यहाँहरू

विभिन्न पेसामा संलग्न हुनुभएको होला तर यहाँहरूको भावना त्यसभन्दा बाहिर छैन । त्यसमा मैले सस्कृत विश्वविद्यालयलाई आगामी दिनमा कस्ता किसिमले बनाए देश र विदेशको आस्थाकेन्द्र बनाउन सकिन्छ यहाँहरूले चिन्तनमनन गरेर सुझाव दिए हामी कृतज्ञ हुने थियौँ । त्यो पत्र हाम्रा मित्र प्रा.दिनेशराज पन्तमार्फत पन्त समाजमा उपस्थित गराउनेछु । विद्या त्यही हो जसले हामीलाई मुक्ति दिलाउँछ। त्यो विन्दुमा हामी आउन सकिरहेका छैनौँ। त्यो त हाम्रो आदर्श भइराखेको छ। त्यसमा मैले वैदिक भावना, संस्कृतिलाई ज्ञानविज्ञानका भावनालाई संरक्षण गर्दै जान सक्यौँ भने एउटा विशाल पृथ्वीभित्र हामीले चाहेजस्ता दिन भोलि नआउलान् भन्न सकिन्न तर आजको एउटा अनुष्ठानलाई मात्रै मनन गरेर हामी चिन्तित भएर शरीर सुकाउन आवश्यक छैन किनभने हामीले केही गर्ने हो भने हामी जाग्नु पर्दछ । चुप लागेर बस्ने हो भने हामीले बिलाउनु पर्ने हुन्छ ।

म निवेदन गर्न चाहन्छु यस कार्यक्रमको सुरुमा हामीले दीप प्रज्ज्वलन गऱ्यौँ। हाम्रो असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतंगमय मलाई लाग्छ एउटा सामाजिक परिस्थिति, समाजको विकृति सबै सबैको राष्ट्रिय स्तरमा देखिएका भावनाहरूलाई हेर्दा कताकता यो भावना उल्टो किसिमले गइराखेको जस्तो लाग्दछ। हामी असभ्यबाट सभ्यतिर जाने भनेको कताकता सभ्यबाट असभ्यतिर जान खोजिरहेको हो कि, हामी प्रकाशबाट अन्धकारतिर जान खोजिराखेका छौँ कि, कताकता हामी अमरताको सन्देशलाई बिर्सेर मृत्युका भावनालाई अगाडि बढाउन खोजिरहेका छौँ कि ? त्यसो भएको हुनाले वैदिक भावना उल्टो गइरहेको हो कि जस्तो लागिराखेको छ । यहाँहरू विज्ञ हुनुहुन्छ, बुझ्ने हुनुहुन्छ । यहाँका अगाडि धेरै समय लिन म चाहन्नँ र यहाँहरूजस्ता विद्वान्का अगाडि अझ व्याख्या गर्नु पनि आवश्यक ठान्दिनँ । यिनै भनाइका साथ भावनाका साथ पुनः यो पन्त समाजको भविष्य सुखद रहोस् र यसका रचनात्मक गतिविधिले समाजमा सहयोग पुगोस्, समाजलाई अधिकतम लाभ पुगोस् भन्ने कामना पुनः व्यक्त गर्दै यहाँ आउन

पाएकोमा धन्यवाद व्यक्त गर्दै आफ्ना दुईचार शब्द यहीँ अन्त्य गर्दछु ।

## ख.   सल्लाहकार वेदराज पन्तको वक्तव्य

'पन्त समाज नेपाल' को सल्लाहकार सदस्य हुँदा खुसी र उसाहले जति उत्प्रेरित गरे पनि संस्थागत विकासमा कुनै ठोस योगदान आफैले गर्न सकिनँ । यसमा मेरो व्यक्तिगत क्षमताको कमीकमजोरी पनि होला । 'पौरस्त्य सभ्यताप्रति युवा पुस्ता अनभिज्ञ हुँदै गइरहेका छन् र उनीहरू आर्य संस्कृति वा हिन्दू जीवनशैलीप्रति अभ्यस्त भएनन्' भन्ने चर्चा बारम्बार हुने गर्दछन् । 'पाश्चात्य संस्कार वा सभ्यताप्रति उन्मुख हुनु पर्ने शिक्षाले गर्दा पनि उनीहरू आत्मविस्मृतिको लतमा परेका हुन्' भनिन्छ । उपभोक्तावाद, अवसरवाद र औपनिवेशी दिलदिमागका कारण हाम्रो स्वतन्त्र चिन्तन गर्ने क्षमतामै ह्रास भयो । बहिर्मुखी हुँदै गएको यस्तै आफ्नै परिवेशले समेत निराशा नै बढाउँदैछ । यस्तै नैराश्यकै तुवाँलोमा यसबीच अल्मलिन पऱ्यो । समाजलाई ठोस योगदान दिन समय, साधन र क्षमता यावत् दृष्टिले असमर्थ भएकोमा चिन्तित छु ।

यसै कारणले आफ्नो समाज, राष्ट्र र विश्वब्रह्माण्डकै हितमा पुनः नयाँ चिन्तनको क्षितिज उघार्ने परिकल्पनामा रमाउँदै 'पन्त समाज' को अस्तित्वबोध गर ाउन त्यस्तो कुनै अनुकूल वातावरण तयार हुन सकेन । यसका अनेकौं कारणमध्ये एउटा कारण बहिर्मुखी वा पाश्चात्य अनुकरण तथा सुविधाको मानसिकता र अवसरवादको संक्रामक हावा पनि हो । कतिपय उच्च शिक्षित र विविध क्षेत्रमा स थापित पन्तहरूबाटै पन्त शब्दप्रति हीनताबोध गर्दै यसलाई संकीर्ण अर्थमा लिने पनि यो क्रममा भेटिए । जसबारे म पछि कतै चर्चा गर्नेछु ।

विश्वब्रह्माण्डको जलवायुदेखि लिएर चराचर जगत्को यावत् जीवनशैलीमा यसबीच अकल्पनीय परिवर्तन आयो । समस्त प्राकृतिक स्रोतको दोहन गर्ने र सुखसुविधा जुटाउने अस्वस्थ प्रतिस्पर्धाले युरोपियन, अमेरिकन, एसियन मापदण्ड निर्धारण गरिए । सर्वत्र राजनीतिकरणको दुष्प्रभावले विश्वको शक्ति सन्तुलन नै गडबडियो । धेरै सपनाहरू बाँडियो । भूमण्डलीकरण, उदारीकरण, समावेशी करण, मानव अधिकारको कोलाहलमा बारुदको आगोमा, क्षेप्यास्त्रको घेराबन्दीमा, अणुबमको सन्त्रासमा संसारै निसासियो । सुविधा खोज्दाखोज्दै सरल जीवनशैली झनझन जटिल बन्यो । विश्वका मानवसमुदायका साथ वन्यजन्तु, वनस्पति सबैका  अगाडि स्वस्थ वायु र स्वच्छ पेय जलसमेतको अभावमा उत्तेजित हिंसा र हिंसालाई संस्थागत गर्ने राजनीतिले आज सबै आक्रान्त छन् । तुष्टीकरणको नीति जति अबलम्बन गर्न खोजे पनि तृप्ति र सन्तुष्टिबाट आज सबै विमुख हुँदैछन् । विकासवादीहरूका अवधारणा अनुरूपको भौतिक विकासबाट शान्ति र सद्भाव,

सहअस्तित्वका साथै पर्यावरण कति खलबलियो भने अब यसलाई पूर्ववत् रूपमा यथास्थान स्थापित गर्न असम्भव हुने भविष्वाणी विकसित भनिने क्षेत्रबाटै हुन थालेका छन् । प्रकृति विकराल रूप लिएर कुपित हुँदैछ । प्राकृतिक प्रकोप बढ्दैछ, औद्योगीकरण भएका विकसित मुलुकमै आणविक सन्त्रास र भूकम्पीय सुनामीका अकल्पनीय घटना निरन्तर घट्दैछन् ।

भविष्यद्रष्टा हाम्रा पूर्वजहरूले यो भयावह घडी नआओस् भनेरै चिन्तन गरे । मन्त्रद्रष्टा हाम्रा महर्षि, ब्रह्मर्षि, देवर्षि, राजर्षिहरूले गरेका चिन्तनको स्रोतमा हामी पुग्नसकेका छैनौं । सतहमा अल्मलिएर, मृगतृष्णामा रमाइरहेका बखत यो प्रस्तुति फगत अरण्यरोदनमात्र हो । आत्मविस्मृतिमा शरीरलाई पोषण दिन जे जस्ता परिकार वा साधनको जे जसरी उपयोग गरे पनि शान्ति पलायन हुँदो रहेछ । त्यसैले होला पूर्वजहरूले शान्तिका निमित्त प्रार्थना गर्दा जलवायु, वनस्पति र अन्तरिक्षमा शान्ति होस् भन्ने मन्त्रको रचना गरे । आफ्ना सन्ततिलाई उत्तराधिकार मा तिनै मन्त्रद्वारा शान्तिको स्रोतसम्म पुग्ने मार्गनिर्देश पनि तिनले गरे । शान्तिको स्रोत भनेको वैदिक संस्कृति हो । पौरस्त्य सभ्यता, आर्य परम्परामा घरघरमा प्रतिदिन भनेजस्तै शान्तिका निमित्त प्रार्थना गर्ने पूर्वीय जीवनशैली थियो । प्राकृतिक साधनस्रोतको उपयोग पनि त्यागपूर्वक गर्नु पर्ने विधिविधानको, जीवनशैलीको निर्माण वैदिक सभ्यतामा भयो । यसैले त्यस समयमा नभमण्डल, जलमण्डल, स्थलमण्डल सुरक्षित सन्तुलित थिए । त्यस बखत प्रकृति कुपित थिएन । प्राणी, वनस्पति र पर्यावरणको अन्योन्याश्रित सम्बन्ध खल्बलिएका थिएनन् त्यो समयमा । हाम्रा पूर्वजहरूले अध्यात्मलाई महत्त्व दिएका थिए । अध्यात्मज्ञानबाटै उनीहरू आफ्नो परिचय गराउँथे । यसक्रममा अध्ययन गर्ने वेद र त्यसको शाखा तथा गोत्र, ऋषि र प्रवरको समेत उच्चारण गर्नेक्रम अझै छ । यस्तो परम्परालाई हामीले निरन्तरता दिनु पर्ने हो तर यो क्रम भङ्ग भएर अब आफ्नो परिचय दिँदा वेदको अध्ययन वा गोत्र, ऋषि र प्रवरको ठाउँमा समाजवादी, उदारवादी, आधुनिक विज्ञानवादी भन्दै कसैले त व्यक्तिविशेषका नाममा प्रचलनमा रहेका 'मार्क्सवाद' 'माओवाद' लगायतका पाश्चात्य विद्वान्हरूले स्थापित गरेका अन्य सिद्धान्तको अनुकरण गर्ने औपनिवेशिक विद्वान्का रूपमा आफ्नो परिचय दिन थालेको समेत देखिन्छ । गोत्र, ऋषि र प्रवरका साथै ज्ञानको परम्परालाई विस्मृतिका गर्तमा पुरेर धेरैजसो शिक्षण संस्थाको नाम पश्चिमी जगत्का राजनेता वा विद्वज्जनहरूका नाममा राख्ने परिपाटी छ । कुन वेदको कुन शाखाको अध्ययन गरेको, कुन गोत्रको, कुन प्रवर हो भन्ने कुराको परिचय आज दिइँदैन । मकैको जुँगा वा तोरीको दानमा पी-एच.डी. गरेका

डाक्टर र पश्चिमी राजनेताको पदचिह्न पछ्याउने कथित नेताको परिचय गर्वसाथ दिनेहरू कुण्ठा, हीनताबोध र प्रतिशोधको मानसिकतामा छन् । 'सत्यं ब्रूयात् प्रियं ब्रूयात् नब्रूयात् सत्यमप्रियम्' अर्थात् सत्य बोल, प्रिय बोल तर सत्य भए पनि अप्रिय नबोल भन्ने उक्तिका विरुद्ध मैले धेरैलाई अप्रिय लाग्ने यो सत्य यहाँ उल्लेख गरेँ । शुक्लयजुर्वेदको शाखा प्रशाखाको के कुरा याज्ञवल्क्यले प्रतिपादन गरेका विधिविधान पनि आज विस्मृतिमा परेका छन् । अविद्या, विद्या, अध्यात्म विद्या बोध गर्न गराउन वाजसनेयी संहितामा सङ्कलित मन्त्रहरू नै पर्याप्त छन् ।

अहिले अविद्याको वेगवान् प्रवाह छ । विश्वविद्यालयका प्राचार्यहरू नै अध्यात्म विद्याबाट विमुख छन् । अविद्याकै प्रचारप्रसारमा समस्त शिक्षण संस्था व्यस्त छन् । त्यहाँबाट उत्पादित शिक्षित भनिने व्यक्ति संवेदनाशून्य छन्, अवसर वादी छन्, यन्त्रीकृत मानवका रूपमा कृत्रिम औपचारिकता निर्वाह गर्न कुशल छन् । समाज, राष्ट्र र विश्वबाट आफ्नो स्वार्थ कसरी पूरा गर्न सकिन्छ यसैमा मात्र सक्रियता बढेको देखिन्छ । समाज, राष्ट्र र विश्वलाई कुनै योगदान गर्न अन्कनाउनेहरूको नै सर्वत्र व्याप्त छन् । आज सबैलाई तत्काल प्रतिफल चाहिएको छ । त्यसैले उच्च शिक्षा प्राप्त विश्वविद्यालयका विद्यावारिधि स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरू अध्यात्म विद्याको नाम पनि सुन्न चाहँदैनन् । आफूलाई जन्म दिने मातापिताप्रति नै उनीहरू कृतज्ञ छैनन् । शिक्षाशास्त्री, अर्थशास्त्री, समाजशास्त्रीहरू शास्त्रीय ज्ञान अनुरूपको आचरणबाट विमुख भएर उपभोक्तावादको चरम भ्रष्टाचारमा डुबेका छन् । यसको प्रतिबिम्ब समाजमा स्पष्टरूपमा परेको छ । समाज अपराधीकरण भइसकेको छ । आमालाई कोदालो र पितालाई बन्चरो प्रहार गरेर प्राण हरण गर्ने अशिक्षित युवाहरूको त के कुरा उच्च शिक्षित, कुलीन र सभ्य भनिने पाश्चात्य संस्कार र शिक्षा पाएकाहरूकै क्रियाकलाप पनि यस्तै खालका छन् ।

**ईशावास्योपनिषद्** का मन्त्रहरूले बुद्धिको कार्यक्षेत्र तयार गर्दछन् । बुद्धि मानवको ठूलो हतियार हो । यस हतियारले ईश्वरीय प्राकृतिक संरचना पनि भत्काउँछ, नयाँ ढङ्गले मानवीय सृष्टि पनि गर्न सक्दछ । मान्छेका उन्नति र अवन्नति दुवै पक्षमा बुद्धिकै करामत छ । संसारमा अहिलेसम्म जति ज्ञान फैलिएको छ त्योभन्दा अझ कैयौँ गुणा अरू ज्ञानका अनन्त स्रोतकेन्द्र ब्रह्माण्डमा छन् । ती सारा ज्ञानको आवश्यकता आजका मानिसलाई छैन । आवश्यक ज्ञान र अनावश्यक ज्ञानलाई छुट्याउन सक्नु नै विवेक हो । उपलब्ध भइसकेका आधुनिक सबै ज्ञानमध्ये कैयौँ ज्ञान मानवजीवनका लागि अनावश्यक मात्र नभएर हानिकारक पनि

छन् । अस्त्रशस्त्र लगायत यन्त्रीकृत अन्य ज्ञानले अहिले नै विश्व त्राहिमाम भएकै छ। जुन ज्ञान आवश्यक छैन त्यस्तो ज्ञानले जीवन र जगत्को क्षयमात्र गर्दछ। जुन ज्ञान जीव र जगत्का निमित्त क्षयकारक छ त्यो ज्ञानै अभिशाप हो। यसबारे अनेकौं उदाहरण दिन सकिन्छ । तीमध्येको एउटा उदाहरण यहाँ प्रस्तुत गर्नु उपहुक्त हुनेछ । उच्च शिक्षा प्राप्त अन्तार्राट्रिय ख्याति र बहुआयामिक व्यक्तित्वले चर्चित मानव अधिकारवादीको अध्यक्षसमेतको सर्वप्रथम भूमिका खेलेर लेखन र भाषण क्षेत्रमा कीर्तिमान कायम गरेका व्यक्तिले आफ्ना वृद्ध पितालाई अंश मुद्दामा अदालतसम्म घिसारेर धुरुधुरु रुवाएको प्रसङ्गले आधुनिक शिक्षा र मानव अधिकारवादीका नारा लगाउनेहरू कति असम्वेदनशील हुन्छन् र मानसिक विकृतिले कति कृतघ्न हुन्छन् भन्ने कुरा स्पष्ट गर्दछ । यो टिपोट कोरा कल्पना होइन, अदालतका कठघरामा आफ्ना वृद्ध पितालाई घिसार्ने मानव अधिकारवादी उच्च शिक्षित, राजनीतिज्ञ, कुटनीतिज्ञ व्यक्तिले गरेका वास्तविक कार्यको प्रसङ्ग हो । आधुनिक पाश्चाय शिक्षा आफ्ना सन्ततिलाई दिनेहरूले यस्ता घटनाबाट के पाठ पढे यो यथास्थानमा छोडौं ।

विश्वको शैक्षिक मानचित्र होस् वा सामाजिक, सांस्कृतिक, धार्मिक मानचित्र होस् जता नजर लगाउँदा पनि धर्म, सम्प्रदायका आआफ्ना स्रोतसम्म पुगेका विद्यालय, विश्वविद्यालय वा पाठ्य सामग्री र श्रव्य दृश्य कार्यक्रमका अतिरिक्त तत्तत् धर्म, सम्प्रदायका शिक्षाशास्त्री, समाजशास्त्री, अर्थशास्त्री लगायत धर्मगुरुहरूको प्रभाव स्पष्ट देखिन्छ । छिमेकी देश भारतमै पन्तनगर, पन्त विश्वविद्यालय लगायतका स्थानविशेषका परिचयबोधक स्थलहरू छन् । हामी आर्य संस्कृति र पौरस्त्य सभ्यताको कुरा त गर्छौं तर निजी क्षेत्रमा खुलेका केही आश्रमका गुरुकुलाई अपवादमा छोडेर बाँकी क्षेत्रमा पाश्चात्य सभ्यता र संस्कृतिको स्रोत केन्द्र बलियो बनाउने बाहेक शिक्षालाई व्यवसायीकरणका नाममा व्यापार गरिएकोमा गर्व गर्दछौं । उच्चस्थानमा पुगेका पन्त वंशकै विशिष्ट व्यक्तित्वसमेत आफ्नो परिचय दिनेक्रममा आफूले कुन वेद पढेको हो, आफ्नो गोत्र, ऋषि वा प्रवर के हो त्यसको नामै लिँदैनन् । यस प्रकारका कुरा भन्नु पऱ्यो भने हीनताबोध गर्दछन् र वेद, उपनिषद्, रामायण, महाभारत, गीता लगायत वेदान्त पढ्नु असभ्यता हो र पाश्चात्य लेखकहरूका कृति पढ्नु गौरवको कुरा भन्ने ठान्दछन् ।

संस्कृत भाषा जो पूर्वीय जगत्का समस्त ज्ञानको स्रोत हो । त्यसको पठनपाठन नै एक प्रकारले त्यागिएको अवस्था छ । अहिले संस्कृत व्याकरणको पढाइ नै हुँदैन । संस्कृत भन्नासाथ घृणाका दृष्टिले हेर्ने र त्यसका विरुद्ध कुतर्क गर्ने

प्रवृत्ति जतातत‍ै हाबी भएको देखिन्छ । व्याकरणको शाब्दिक अर्थ मुख खोल्ने विद्या भन्ने हुन्छ । पाणिनिले आफ्नो कृतिको व्याकरण नामकरण गरेको रोचक प्रसङ्ग यहाँ स्मरणीय हुन्छ । घना जङ्गलभित्रको एउटा गुफामा बसेर पाणिनिले साधना गरे । संस्कृत भाषामा युगान्तकारी कृतिले पूर्णता पाएपछि त्यस कृतिको के नाम राख्ने चिन्तनमा उनी मग्न थिए । त्यसै बखत एउटा अजङ्गको वयस्क बाघ गुफाको ढोका अगाडि ठिङ्ग उभियो । उसले मुख बायो र गर्जना गर्न थाल्यो । त्यसको गर्जनाले जङ्गल र गुफा सबैतिर प्रतिध्वनि भएर वातावरणमा नै परिवर्तन आयो । पाणिनिलाई त्यही बाघ गर्जनको ध्वनिबाट आफ्नो कृतिको नाम फु¥यो । उनले कृतिको नाम व्याकरण राखे जसको अर्थ हुन्छ मुख खोल्ने विद्या ।

आर्यहरू बाहिरबाट आए भन्ने कुरा पाश्चात्य अन्वेषकहरूले जुन तर्कका साथ उल्लेख गरे त्यसैलाई अहिले व्यापक प्रचार गरिँदैछ । आर्य सभ्यता, संस्कृति कतैबाट पलायन भएर आएको होइन, आर्य शब्दको तात्त्विक अर्थले नै यो स्पष्ट गर्दछ । शाङ्कर वेदान्त होस् वा वैष्णव वेदान्त, शाक्त वेदान्त होस् वा बौद्ध वेदान्त सबैको स्रोत आर्य संस्कृतिसम्म पुग्छ । आर्यावर्त भनेको आर्यहरूले परिभ्रमण गर्ने क्षेत्र हो । यो क्षेत्र स्थलविशेषमा मात्र गुडुल्किँदैन । यसले विश्वब्रह्माण्डको एउटा थलोमा बसेर चिन्तन गर्दछ । त्यसरी चिन्तन गरिने थलोको नाम आर्यावर्त हो । आर्य संस्कृतिसँग अध्यात्म विद्या र पन्त वंशवृक्षको अटुट सम्बन्ध छ । आर्य भनेर बुहारीहरूले ससुरालाई भन्थे र पतिलाई आयुपत्रका नामले सम्बोधन गर्ने चलन थियो ।

भौतिक विज्ञानको पहुँच भौतिक वस्तुमै सीमित छ । आध्यात्मिक ज्ञानको पहुँच अलौकिक अदृश्य सूक्ष्मभन्दा सूक्ष्म अनेकौँ जटिलतम रहस्यसम्म हुन्छ । विज्ञानले जोख्न, तौल्न, नाप्न, देख्न नसकिने अनेक पक्षमा प्रवेशै गर्नसकेको छैन । भावनामा होस् वा जीवको जन्म र मृत्युकै सम्बन्धमा किन नहोस् विज्ञान अहिलेसम्म अल्मलिएकै छ । अध्यात्म ज्ञानको दिव्य दृष्टिले विश्व ब्रह्माण्डको रहस्य भेदन गरेको र जोख्न, तौलन वा नाप्न नसकिने भाव पक्षमा समेत अध्यात्म ज्ञानद्वारा ठोस निष्कर्षमा पुग्न सकिने अनेक दृष्टान्त पौरस्त्य सभ्यता, आर्य संस्कृति वा प्राच्यका वैदिक सूत्रहरूमा छन् । जुन ज्ञान आवश्यक छैन त्यस्तो ज्ञानले जीवन नै गडबडिन्छ । त्यस्तो अनावश्यक ज्ञानको प्राचुर्यले तनाव बढाउने मात्र नभएर विश्वब्रह्माण्डकै क्षय गराउन उत्प्रेरित गर्दछ । विद्या र अविद्याको सीमा यही हो । विद्या चाहिन्छ र हाँसिल गर्नु पर्दछ । अविद्याबारे विज्ञ हुनु त पर्दछ तर त्यो अविद्याको जीवनशैलीको मार्ग छोड्नु पर्दछ । अहिले ठीक उल्टो भएको छ ।

संसारै अविद्याको मार्गबाट अघि बढेको छ र विद्याको मार्ग छुटेको छ । विद्या र अविद्याको यो सीमारेखाभन्दा अध्यात्म विद्या फरक छ । यसले हृदयकै शोधनको कार्य गर्दछ । जसरी बुद्धिको शुद्धीकरण आवश्यक मानिन्छ त्यसरी नै हृदयको पनि शुद्धीकरण गर्नु पर्ने कुरामा अध्यात्म विद्याले जोड दिन्छ । हृदयमा दोषहरू भरिभराउ हुन्छन् । हृदयलाई अन्तःकरण पनि भनिन्छ । गुणको सम्भूति गरेर विकास गर्नु र उज्ज्वल मार्गतर्फ  अगाडि बढ्नु तथा असम्भूतिद्वारा दोषको मात्रा घटाउनु जरुरी छ । अन्तःकरणमा नयाँ कुनै दोष वा दुर्गुण उत्पन्न हुन दिनु हुँदैन । बाह्य दृष्टिमा कुनै काममा सफलता प्राप्त भएर जय जयकार गरिए पनि त्यस्तो कर्मले गुणको वृद्धि नभएमा कालान्तरमा अवनति नै हुन्छ । त्यसैले उपनिषद्का सूत्र भन्दछन्– ‘ असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतंगमय ।’ सत्यको दर्शन गर्न मोहको आवरण हटाउनु आवश्यक छ । सत्यलाई सुवर्णमय पात्रले छोपेको छ । ‘हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम्’ सत्यको दर्शन गर्न यस्तो हिरण्यमय पात्र हटाउनु जरुरी छ  । पूर्वजहरूले यस्तै चिन्तन गरेका अभिलेख सिरानी हालेर हामी मस्त निद्रामा घुरिरहेका छौँ ।

अहिंसा आत्माको शक्ति हो । हिंसा शरीरको शक्ति हो । आत्मबोध नभए अहिंस्रक हुनै सक्दैन । देहभिमानीमा ज्ञान हुँदैन । ज्ञानको निवास आत्मा नै हो । प्राच्य मनीषीहरूले यी तीन विद्या हाँसिल गरेका थिए । अवतार पुरुष श्रीर ामचन्द्र, श्रीकृष्ण भगवान् लगायतका पुराणपुरुषहरूले यसरी नै तीनै प्रकारको विद्या गुरुकुलमा बसेर साङ्गोपाङ्ग अध्ययन गरेका थिए । श्रीकृष्णले श्रीमद्भगवद्गीतामा ‘अध्यात्म विद्या विद्यानाम्’ अर्थात् विद्याहरूमा म अध्यात्मविद्या हुँ भनेका छा् । यस् तो उद्घोष गर्नुको अभिप्राय अरू विद्यालाई गौण महत्त्व दिएर अध्यात्म विद्या उत्तम विद्या हो भन्न खोजिएको हो ।

तीन प्रकारका विद्याको चर्चा शुक्लयजुर्वेद वाजसनेयी संहितामा छ । शुक्लयजुर्वेदको चालीसौँ अध्यायमा यसको उल्लेख छ । वैदिक कालमै विद्याका प्रकार र विद्या हाँसिल गर्नाका उद्देश्य, लक्ष्य र उपादेयताबारे विस्तृत विवेचना गरेर विद्यार्थीलाई अविद्या, विद्या र अध्यात्म विद्या प्रदान गर्ने गुरुकुल थिए । गुढतम रहस् यका केही वैदिक केही ऋचाको उल्लेख यहाँ गरिएको छ ।

**यस्मिन् सर्वाणि भूतानि आत्मैवाभूर्द्विजानतः**

**तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥**

…**विद्ययामृतमश्नुते ॥**

अध्यात्म विद्याको यो आर्य संस्कृति अनुरूपको ज्ञान दिने र नदी समुद्र संस्कृति, हिमालय पर्वत संस्कृति, मठमन्दिर संस्कृति वा पौरस्त्य सभ्यता र प्राच्य संस्कृतिका बारेमा ज्ञान दिन निजी क्षेत्रमा एउटै मात्र भए पनि विश्वविद्यालय सञ्चालन गर्न पौरस्त्य सभ्यताका ज्ञाता किन अगाडि आउँदैनन् ? आधुनिकीकरण, औद्योगिकीकरणमा प्रकृतिको क्रूरतम शोषणले विकासवादको परिणाम पर्खेर प्रकृतिमा विलय हुने प्रतीक्षा गर्ने कि अध्यात्म विद्याद्वारा त्यागपूर्वक भोग गर्न निर्देश गर्ने वेदको निर्देश अनुसारको जीवनशैलीमा फर्कने भन्ने कुरा आआफ्नो रुचिमा निर्भर गर्दछ । पन्त वंशवृक्षका जे जति कुल घराना छन् तिनले आफ्ना सन्ततिलाई अविद्या, विद्या जे शिक्षा दिँदा पनि पन्त वंशको मूल शिक्षा अध्यात्म विद्या नै हो र यो अध्यात्मवादी विद्या विस्मृतिका गर्तमा पुरिनु हुँदैन भन्ने कुराको ख्याल गर्नु पर्दछ । यस्तो विद्याको अभ्यास गर्न आफ्ना पूर्वज गोत्र ऋषिका साथै आफ्ना वंशका अग्रजहरूले अध्ययन गरेको कुन वेद हो र कुन शाखा, कुन गोत्र, कुन प्रवर हो त्यो हेक्का राख्नै पर्दछ । शुक्ल यजुर्वेदाध्यायी भारद्वाज गोत्री त्रिप्रवर यो वेदराज पन्त शुक्ल यजुर्वेदको चालस्स अध्यायको यो मन्त्र प्रस्तुत गर्दै यहाँहरूबाट बिदा माग्दछ ।

**ईशावास्यमिदं सर्व यत्किञ्चित् जगत्यां जगत् ।**

**तेन त्यक्तेन भुञ्जीथामागृधः कस्यचिद्धनम् ॥**

## ग. अध्यक्ष डा.शास्त्रदत्त पन्तको वक्तव्य

नेपाल संस्कृत विश्वविद्यालयका सम्माननीय उपकुलपति तथा यस सभाका प्रमुख अतिथिज्यू, केन्द्रीय कार्य समितिका पदाधिकारीज्यू, जिल्ला कार्य समितिका पदाधिकारीज्यू र उपस्थित पन्तबन्धु, दिदी बाहिनीहरू !

हामीले पन्त समाज गठन गरेको धेरै लामो समय भएको छैन । पहिलो वर्ष अस्थायी रूपमा रह्यो । स्थायी रूपमा भएको दुई वर्ष भयो । दुईदुई वर्षमा कार्य समिति चयन गर्ने विधान हाम्रो छ। त्यो विधान अनुसार आजदेखि नयाँ कार्य समितिको चयन हुन्छ। पहिलो साधारणसभामा हामीले नेपालका पन्तहरूका बारेमा सामान्य पन्तहरूले कल्पना गरेभन्दा बाहिर धेरैमाथि पुगेर हामीले विचारविमर्श गऱ्यौं । डा.स्वामी प्रपन्नाचार्यज्यूले धेरै अध्ययन गर्नुभएको छ र उहाँको अध्ययनले पन्तहरूले थाहा नपाएका कुराहरू धेरै थाहा पाएका छन् । उहाँलाई हामीले पहिलो साधारणसभामा प्रमुख अतिथिका रूपमा आदरपूर्वक ल्याएका थियौं । त्यसबाट उहाँ ज्यादै खुसी हुनुभयो । उहाँ पौरस्त्य सभ्यतालाई बढाउने राष्ट्र र राष्ट्रियतालाई बढाउने उद्देश्यबाट प्रभावित भइरहनु भएको छ । दोस्रो साधारणसभामा हामीले र ाष्ट्रकवि माधव धिमिरेज्यूलाई ल्याएका थियौं । उहाँको विचार पनि **भावजाह्नवी** को अङ्क दुईमा प्रकाशित छ । त्यसैक्रममा नेपालको एउटा मात्र संस्कृत विश्वविद्यालय पौरस्त्य सभ्यताको संरक्षक हो भन्ने हिसाबले उपकुलपति शिवहरि मरहट्टालाई हामीले प्रमुख अतिथि बनाउने निधो गऱ्यौं । उहाँले प्रमुख अतिथिको आतिथ्य ग्रहण स्वीकार गरिदिनु भएकोमा यस समाजको तर्फबाट म उहाँप्रति धेरैधेरै कृतज्ञता ज्ञापन गर्दछु ।

हामी आधुनिकताका नाममा आध्यात्मिक तत्त्वलाई गहिरिएर बुझ्न नसकेका कारण त्यस तत्त्वलाई अन्धविश्वास र रुढिवादी मान्यता भन्छौं । आज पनि समाजमा यो कुरा पाइन्छ । त्यसलाई गहिरएर बुझ्यो भने त्योभन्दा बढ् दा विज्ञानमय वस्तु अहिलेको विज्ञानमा पनि नभएको भेटिन्छ । त्यो गहिराइमा पनि लैजान तिनै सन्ततिहरू अब जाग्नु पर्दछ । सन्ततिले अध्यात्म चिन्तनको गहिराइमा गएर वंशहरूको संस्कृति, वातावरणका संस्कृति, पञ्चतत्त्वको संस्कृति, कारणको कारणका गहिराइमा उनकै सन्तति नपुगेर हुन्छ ? हामी लहै लहैमा हिँडेर हुन्छ ? यो कुरालाई चाहिँ पुनर्स्थापना गराउनु पर्ने अनुभव भएर यो संस्था सञ्चालित भएको हो । कुनै राजनीतिक, जात, थर, जाति, जनजाति, आदिवासी भएका नाताले गठन भएको संस्थासँग हाम्रै कुनै सम्बन्ध छैन । त्यो पूर्णतः राजनीति हो । पूर्णतया गहिराइमा पुगेर एकदम गहन जिम्मेवारीका साथ यसलाई अगाडि

बढाउनु पर्दछ भनेर हामी लागेका हौँ । त्यसका लागि संस्कार, संस्कृतिलाई पुनर्स्थापना गर्नु पर्दछ । त्यो पुनर्स्थापन भनेको आँखा चिम्लेर होइन विज्ञानका आँखाले त्यसलाई विश्लेषण गरेर सही गलत छुट्याएर लिएर आउनु पर्दछ भन्ने धारणा भएको अनुरोध गर्न चाहन्छु । त्यो गहिराइमा पुग्ने चेतना हामीमा हुनु आवश्यम छ ।

दोस्रो कुरा मेरो चाहना के हो भने पन्त समाजजस्तो अन्य समाज जति छन् र बन्न लागेका छन् आर्य सभ्यताको संरक्षणमा थिनले ध्यान दिनु आवश्यक छ । तिनीहरू सबै समान धारणामा आबद्ध भई अघि बढे भने सबैको संस्कार र संस्कृतिको संरक्षण हुन्छ किनभने सबैको संस्कार र संस्कृतिका जरा महर्षि ऋषिमुनिहरूसम्म पुग्दछन् । त्यस जरामा पुग्नका लागि ती सबै वनेपछि यो समाज चाहिँ महासंघमा परिणत हुन्छ । यी संघको एउटा महासंघ बनोस् जसले पूर्वीय सभ्यतालाई सबल बनाउन सक्दछ । अहिले विश्व हिन्दू महासंघ छ, नेपाल च्याप्टर छ त्यो गहिराइमा तिनीहरू पुग्न सकिरहेका छैनन् । त्यो गहिराइमा जाने जमर्को छोडेर कताकता राजनीतिक रङ त्यसमा आएको देखिन्छ । त्यो चिजबाट तिनीहरूलाई उद्बोध गर्न सक्ने  गरेर यो महासंघले विश्वमा नेपालबाट भारतमा समेत रहेका पौरस्त्य सभ्यताका पक्षधरहरूलाई समेत घच्घच्याउन सकोस् भन्ने मेरो धारणा छ। यहाँबाट घच्घच्याउनु पर्ने कारण हिन्दूत्वको र हिन्दूराष्ट्रका रूपमा बचाइराखेको र संस्कारलाई बोकी राखेको थलो यही नै हो । हाम्रा पूवर्जहरूले अनुसन्धान गरेको थलो पनि यही हो हिमवत्खण्ड । त्यसलाई पुनर्स्थापन गर्नु पर्दछ भन्ने मेरो दोस्रो अनुरोध हो । अब तेस्रो अनुरोध यो संस्थालाई केही आर्थिक समस्या रहेको र स्रोत साधनको अभावले गर्न चाहेका कुरा जति धेरै छिटो गर्न खोजेका छौँ त्यति गर्न सकिरहेका छैनौँ । वर्षको एकचोटि खोजमूलक पत्रिका **भावजह्नवी** नियमित रूपमा प्रकाशित भएको छ र त्यसमा सङ्कलन गरेर जोगाउन अनुसन्धानमूलक कृतिहरू पनि हामीले निकाल्दै जानु पर्दछ । त्यसका लागि अहिले वरिष्ठ अधिवक्ता नारायणज्यूले गर्नुभएको प्रस्ताव अनुसार संस्थाप्रतिको आस्था, प्रेम भइदियो भने मात्र प्रत्येकले यसलाई दिनको केही रकम दिन सक्ने जति दिन सकिन्छ । यसबाट उठेको रकम फिक्स खाता खोलेर त्यसको व्याजको १५ प्रतिशत मूलधनमा नै थप्ने र बाँकी ८५ प्रतिशत ब्याजले संस्था सञ्चालन गर्न खर्च उपलब्ध गराउन विधानमा कार्य समितिले निर्णय गरेर अगाडि लैजानु पर्दछ भन्ने मेरो धारणा छ । यही कुराहरूका साथ यहाँ उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, अन्य संस्थाका प्रतिनिधि तथा पन्त समाजका बन्धुहरू सबैलाई म पन्त समाजको अध्यक्षका नाताले धन्यवाद दिँदै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

## घ. उपाध्यक्ष रथी (अ.प्रा.) अमर पन्तको स्वागत वक्तव्य

यस सभाका सभापतिज्यू, प्रमुख अतिथि उपकूलपति प्रा.शिवहरि मर हट्टाज्यू, विभिन्न समाजका अध्यक्ष, प्रतिनिधिज्यूहरू, यस पन्त समाजका सल्लाहकार ज्यूहरू, विभिन्न जिल्लाका अध्यक्ष, प्रतिनिधिज्यूहरू, केन्द्रीय कार्य समितिका पदाधिकारीज्यूहरू तथा उपस्थित सम्पूर्ण पन्तज्यूहरू !

पन्त समाजको तेस्रो साधारणसभाको पुनीत अवसरमा प्रमुख अतिथि लगायत सम्पूर्ण सहभागीहरूलाई उपाध्यक्षका हैसियतले स्वागत गर्न पाउँदा ज्यादै हर्ष लागेको छ । साथै समारोहलाई सफल बनाउन यहाँहरूको गरिमाय उपस्थिति तथा सक्रिय सहभागिताको लागि हार्दिक धन्यवादसमेत ज्ञापन गर्दछु । विगत तीन वर्षमा 'पन्त समाज नेपाल' ले के कति कार्य गर्न सक्यो त्यो अब निष्पक्षरूपमा लेखाजोखा गरी मूल्याङ्कन गर्ने बेला आएको मैले अनुभव गरेको छु । विभिन्न पृष्ठभूमिबाट आएका हामी पन्त बन्धूले एकताबद्ध रही विधानले निर्दिष्ट लक्ष्य हाँसिल गर्न प्रयास गरेका छौँ र गरिरहने छौँ । हाम्रो संस्थाको प्रगतिबारे मेरो व्यक्तिगत अनुभवमा पनि पूर्ण सन्तुष्टि छैन तर यसको मतलब कुनै पनि काम हुँदै नभएको भने होइन । सामाजिक संस्थाका सामुहिक कार्य कुनै व्यवसाय, उद्योग व्यापार आदि नाफाघाटामा नापिने खालका नहुने रहेछन्, न त कुनै लोकप्रियतामा दाँजिने रहेछन् । यस्ता संस्थाहरूबाट प्रत्यक्ष लाभहानिका हिसाब केही अवधिपश्चात् स्वतः समाज र राष्ट्रका आँखाअगाडि प्रस्टिने गर्दछन् ।

सरसर्ति हेर्दा हाम्रो कार्यक्षेत्र जिल्ला तहसम्मको विस्तृतीकरण, *भावजाह्नवी* जस्ता वार्षिक मुखपत्रको निरन्तर प्रकाशन, ऐक्यबद्धताको प्रदर्शनको प्रतीकका रूपमा वार्षिक वनभोज कार्यक्रम, क्यालेन्डर प्रकाशन लगायतका नियमित वार्षिक कार्यक्रमहरू यथावत् चलिरहेका छन् । यस्ता कार्यहरू समाजको हितलाई प्रवर्धन गर्न कोसे ढुङ्गाका रूपमा स्थापित भइसकेको छ । त्यसकारण पनि यो संस्था निष्क्रिय छैन । अब यसबारे थप मूल्याङ्कन गर्ने जिम्मा समस्त सहभागी पन्तबन्धुलाई नै छोड्दछु ।

हाम्रा आदरणीय अध्यक्ष डा.शास्त्रदत्त पन्तज्यूको एकल प्रयासबाट सुरु भएको 'पन्त समाज नेपाल' ले विगत तीन वर्षमा बीजाङ्कुरण गरी कलिलो बिरुवाको रूप लिइसकेको छ । यसलाई मलजल स्याहार संभार गरी वृहत्तर पन्त वृक्ष बनाउने जिम्मा हामी सबैको हो । अझ युवापुस्ताहरूले यसलाई भावी सन्ततिका निम्ति धरोहरका रूपमा खडा गर्न विशेष योगदान दिनै पर्दछ भन्ने लाग्दछ । तसर्थ प्रत्येक पन्त बन्धुबाट यस समाजलाई अघि बढाउन सल्लाह,

सुझाव तथा कार्यक्रममा प्रत्यक्ष सहभागिता भएमा यसले छोटो समयमा द्रुतगतिले प्रगति गर्ने कुरामा दुई मत छैन । 'पन्त समाज नेपाल' मा सबै पन्त बन्धुहरूलाई आबद्ध गराउन हाम्रो सतत प्रयास रहिआएको छ । सायद प्रचारप्रसारको कमीले पन्तहरूलाई समेट्न नसकिएको हो कि ? आफ्नो गोत्र, परम्परा मान्यता आदिले गर्दा पन्त पन्तबीचका संस्थाहरूमा सामन्जस्य नभएको पनि हुन सक्दछ । परम्पर ादेखि चलिआएका रीतिस्थितिहरूलाई यथावत् सञ्चालन गरी 'पन्त समाज नेपाल' लाई सबै पन्तको मूल थलो वा मूल वृक्ष मानी सम्पूर्ण पन्तहरूको वृहत्तर हितका लागि ऐक्यबद्धता दर्शाउने स्वरूपमा लिनु पर्ने जस्तो लाग्दछ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका पन्तहरूमा आफ्नो कुल गौरव, पौरख दर्शाउने विशिष्ट संस्थाका रूपमा विकसित गर्न सम्पूर्ण पन्त बन्धुलाई यस संस्थामा आबद्ध हुन हार्दिक अनुरोध गर्दछु ।

जुनसुकै कार्य गर्न पनि अर्थको महत्त्व रहन्छ । 'पन्त समाज नेपाल' पनि यसबाट अछुतो छैन । केवल सदस्यता र अन्य केही स्रोतबाट अर्जित सीमित आयबाट संस्थाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ भएको हामी सबैलाई थाहै छ । रकम जुटाउन अलि नतम्सने स्वभाव भएका स्वाभिमानी पन्तहरूमध्येका व्यक्ति भएको यस कार्य समितिले विवशतावश स्वेच्छाले केही रकम संस्थाको कोषमा प्रदान गर्न अनुरोध गर्नु नै पर्‍यो । प्राप्त हुने रकम पार दर्शिताका साथ खर्च गर्ने प्रतिबद्धता जनाउँदै यसबाट समाजका विस्तृत क्षेत्रमा थप सेवा गर्न सक्षम हुनेमा विश्वास समेत दिलाउन चाहन्छु । सबै पन्त बन्धुमा यस संस्थालाई आर्थिक रूपमा सक्षम बनाई कार्यान्वयनमा सहयोग गर्नसमेत पुनः अनुरोध गर्दछु ।

अन्तमा यस कार्यक्रममा प्रमुख अतिथिसहित सबैलाई उपस्थित भएर हाम्रो हौसला बढाई साधारणसभा सफल बनाउन योगदान दिनुभएकोमा पुनः धन्यवाद ज्ञापन गर्दछु ।

## ङ. महासचिव प्रा.दिनेशराज पन्तको वक्तव्य

'पन्त समाज नेपाल'का आरदणीय अध्यक्ष डा.शास्त्रदत्त पन्तज्यू, सम्मानीय प्रमुख अतिथि नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राध्यापक शिवहरि मर हठ्ठाज्यू, 'पन्त समाज नेपाल' का उपाध्यक्षज्यू लगायत कार्यकारी सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, जिल्लाका अध्यक्षहरू तथा यस सभामा उपस्थित पन्तबन्धु सबैमा मेरो सादर नमस्कार !

हामी सबैलाई थाहा भएकै कुरा हो पन्तहरूमा भाइचारा बढाएर पन्तहरूको गौरवशाली इतिहास खोज्ने दृष्टिकोणले 'पन्त समाज नेपाल' को स्थापना भएको हो । यस प्रसङ्गमा हामीले अलिकति पुरानो इतिहासतिर पनि आँखा लाउनु पर्ने हुन्छ । हाम्रा कार्यकारी सदस्य तथा अधिवक्ता भूपनिधि पन्तलाई देखिरहेको छु । उहाँले धेरै वर्षअघि मेरा आदरणीय पिताजी नयराज पन्तकहाँ पन्तहरूका बारेमा खोजी गर्नु पऱ्यो भनेर चिठी पठाउनुभएको थियो । विभिन्न कारणले त्यस बेलामा यो कामले त्यति गति लिन नसके तापनि केही वर्ष अगाडि वरिष्ठ अर्थशास्त्री तथा पूर्व अर्थमन्त्री डा.यादवप्रसाद पन्तज्यूको घरमा पन्तहरूको संस्था खोल्ने बारेमा एउटा बैठक बसेको थियो । विभिन्न कारणले यो पनि अघि सर्न सकेन । यसैबीच हाम्रा आदरणीय अध्यक्ष डा.शास्त्रदत्त पन्तज्यूको एकल प्रयासले *नेपालका पन्तहरूको इतिहास* प्रकाशमा आयो । त्यसपछि पन्त बन्धुहरूमा एउटा जागरण आयो र समाजको परिकल्पनाको दृष्टिकोण आयो । गत तीन वर्षदेखि यो सुरु भएको हो । यस संस्थाले गरेका कामहरूका विषयमा हाम्रा आदरणीय उपाध्यक्ष रथी अमर पन्तज्यूबाट यहाँहरूले सुनिसक्नु भएको छ । त्यसबीचमा हामीले *भावजाह्नवी* नामक पत्रिका विशेष गरेर प्रा.डा.जयराज पन्त, डा.शास्त्रदत्त पन्त तथा मेरो पनि संलग्नता भएको साझा परिश्रमले दुई अङ्क पनि निकाल्यौँ । प्रत्येक वर्ष पन्त समाजबाट क्यालेन्डरको प्रकाशन, पिकनिक आयोजना इत्यादि कामहरू भइरहेका छन् । अघि जर्साबबाट पनि आज्ञा भयो यी कामहरूका लागि अर्थकै आवश्यकता पर्दो रहेछ । यो कुरा अहिलेमात्रै होइन अहिलेभन्दा २३०० वर्ष अगाडिका कौटिल्यले पनि धर्म ठूलो कि अर्थ ठूलो कि काम ठूलो भन्दा अन्त्यमा अथ भनेर कौटिल्यले टुङ्ग्याएका थिए । त्यसो भए पनि जो काम भइरहेको छ त्यति निराशाजनक छैन । यसको अझ गति बढाउनु पर्दछ । आज एउटा राम्रो कुरा के जुरेको छ भने हाल भइरहेको कार्य समितिको समय सिद्धिएको हुनाले यस उद्घाटन सत्रपछि चुनाव पनि हुँदैछ र नयाँ जोसजाँगरबाट आउनु हुने साथीहरूले अझ यसलाई बढी गति दिनु हुनेछ । प्रत्येक वर्ष जिल्ला समितिहरू गठन गर्नेक्रममा यसपालि

रूपन्देही र काठमाडौँ जिल्ला समिति पनि गठन भएका छन् र *भावजाह्नवी* प्रकाश गर्ने पन्तहरूको इतिहास खोज्ने इत्यादि काम पन्तहरूको विचार भाइचारा बढाउने किसिमका कामहरू गर्दै जाने काम हाम्रो पन्त समाजले गर्नेछ र यसमा पन्तबन्धुहरू सबैको सहयोग हुनेछ भन्ने मैले आशा लिएको छु । यसै प्रसङ्गमा अघि कुरा पनि आयो अरू समाजका अध्यक्षज्यूहरू प्रतिनिधिज्यूहरूलाई पनि राखेर अनुभव साँट्ने काम गर्नु पनि आवश्यम भएको छ ।

अहिले हाम्रो देशमा राज्य पुनर्संरचना जातजाति आदिवासी भर्खर आएको इत्यादि कुराहरू चलिरहेका छन् । पन्तको इतिहास खोज्दै जाँदा पनि हामी पहिले कुमाउँमा थियौँ, त्यसभन्दा अगाडि महाराष्ट्रमा थियौँ इत्यादि कुराहरू भन्ने चलन छ । इतिहासको एउटा सामान्य विद्यार्थी भएको नाताले मलाई के लाग्छ भने हामीले बाहिरसँग सम्बन्ध राख्नुभन्दा ४०० वर्षअगाडि हाम्रो बसाइ नेपालमा सुरु भएको हो । लमजुङका राजकुमार द्रव्य शाहले गोरखामा नयाँ राज्य स्थापना गरे । राम शाहको पालामा त्यसले पूर्णता लियो । उनले आफ्नो वंशावली खोज्ने प्रसङ्गमा आफूलाई चितौडतिर पुऱ्याए र उतापट्टि जोडे । जब जङ्गबहादुर वि.सं.१९०३ भाद्र ३१ गते कोतपर्वपछि शक्तिमा आए तब राजाका छोरी आफ्नी बुहारीका रूपमा भित्र्याउने आफ्नी छोरी युवराजलाई दिने विचार उनका मनमा आयो । उनले पनि चितौडतिर आफ्नो वंशलाई जोड्ने काम गरे । आजकल मलाई कस्तो लाग्न थालेको छ भने हामी बाहुन क्षेत्रीहरूले पनि हाम्रो इतिहास खोज्दा उतैतिर जोड्ने पद्धति चलाएका छौँ कि ? हुन त अहिले त्यो भन्दाखरि आरोप लाग्न सक्छ । अहिले त नाक थेप्चो भन्नु हुन्न, नाक चुच्चे भन्न हुन्न । मलाई विभिन्न व्यक्तिहरूले लिच्छवि कालसम्मका कुरा सङ्कोचले सोध्नथालेका छन् । कोहीकोहीले किरात कालका कुरा पनि सोध्न थालिसकेका छन् । यहाँहरूमध्ये धेरै जनालाई थाहा होला राजा मानदेव लिच्छवि कालका प्रसिद्ध राजा हुन् । उनको चाँगुनारायणको स्तम्भलेख वि.सं.५२१ को हो । त्यो स्थापना भएको आज १५४७ वर्ष भयो । त्यसमा भनिएको छ– विप्रेभ्योपि च सर्वदा प्रदवती तत्पुण्यवृद्धयै धनम् (११) त्यसमा मानदेवकी आमा राज्यवतीले ब्राह्मणहरूलाई श्रद्धापूर्वक दान दिएको भनेर लेखिएको छ । त्यस तै गरी क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोहं स्थितः अर्थात् मानदेवको मुखबाट म क्षत्रियको धर्म प्रतिपालन गरेर बसेको छु भनेर लेखिएको छ । त्यसबाट के थाहा हुन्छ भने हुम्लामा होइन जुम्लामा होइन, ताप्लेजुङ्गमा होइन नेपालको केन्द्र काठमाडौँमा आजभन्दा १५४७ वर्ष अगाडि ब्राह्मण र क्षत्रिय सम्मानपूर्वकको स थानमा थिए । हुन सक्छ हाम्रा पुर्खा ती थिएनन् होला तर ब्राह्मण र क्षत्रियहरू थिए भन्ने कुरा सिद्ध हुन्छ । पश्चिमतिर बन्धुहरूको ध्यानाकर्षण भएको हुनाले मैले

यो निवेदनमात्र गरेको हुँ । यति भन्दै आज यहाँहरूको उपस्थितिलाई म स्वागत गर्दछु, धन्यवाद दिन्छु र हाम्रा आदरणीय प्रमुख अतिथि उपकुलपतिज्यूले हामीप्रति प्रेम गरेर दाङदेखि हिजो राती १० : ३० बजे काठमाडौँमा आइपुगेर हामीलाई जुन हौंसला दिनुभएको छ त्यसलाई पनि एकपटक आभार प्रकट गर्दै यतिन्जेलल धैर्यपूर्वक मेरा टुटेफुटेका शब्दलाई सुनिदिनु भएकोमा सबैप्रति कृतज्ञता ज्ञापन गर्दै आफ्ना कुरालाई यही विराम दिन्छु । धन्यवाद ।

## च. सचिव एकेन्द्र पन्तको वक्तव्य

यस सभाका सभापतिज्यू, प्रमुख अतिथि उपकुलपतिज्यू, 'पन्त समाज नेपाल' का सल्लाहकारज्यू, विभिन्न समाजका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, जिल्ला अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, कार्य समितिका सदस्यहरू एवं सम्पूर्ण पन्त बन्धु, पत्रकार मित्रहरू, उपस्थित आमाबुबा, दाजुभाइ, दिदीबहिनी लगायत सम्पूर्ण सहभागीहरू !

'पन्त समाज नेपाल' विधिवत् दर्ता भई तेस्रो वर्षमा प्रवेश गरेको अवसरमा आज हामी तेस्रो वार्षिक साधारणसभा सम्पन्न गर्न गइरहेका छौँ । आज यस साधारणसभाको औपचारिक कार्यक्रम सम्पन्न गरिसकेपछि तेस्रो कार्यकालका लागि नयाँ कार्य समिति छनोट हुनेछ। 'पन्त समाज नेपाल' का बारेमा वर्षभरि भएगरेका विस्तृत विवरणसहित आफ्नो मन्तव्य प्रा.दिनेशराज पन्तद्वारा प्रस्तुत प्रतिवेदनले धेरै कुरा व्यक्त गरिसकेको छ तापनि यस संस्थाको सचिवका हैसियतले थप केही कुरा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आजको युग भनेको विचारको युग हो, आजको विश्वमा सबैभन्दा ठूलो हतियार भनेको विचार हो । विचार नै महान् हुँदाहुँदै पनि यतिखेर नेपालमा राजनीतिक परिवर्तनसँगै कतै धर्मका नाममा, कतै जातका नाममा, कतै भाषाका नाममा संगठित हुने क्रमले निरन्तरता पाइरहेको छ। आज दैनिक रूपमा बुझेर वा नबुझेर धर्म, जात र भाषाका आधारमा नेपाली समाज विभाजित भइरहेको छ। वास्तवमा 'पन्त समाज नेपाल' जात, भात, धर्म र भाषाका नाममा संगठित हुने कुरामा विश्वास गर्दैन । पन्त थरका रूपमा संगठित भई 'पन्त समाज नेपाल' जन्मेको हो। हामी सामाजिक न्याय, समता र राष्ट्रिय एकता सधैँ मजबुत पार्न चाहन्छौँ। यस्तो फराकिलो सोचाइ राख्दाराख्दै पनि गलत राजनीतिक संस्कारका कारणले जात, धर्म र भाषाका आधारमा हिंसा, बलात्कार तथा लुटपाटले प्रश्रय पाउन थाल्यो भने त्यो कुरा देशकै लागि दुर्भाग्य हुनेछ।

जहाँ विधिको शासन र कानुनी राज्यको पालना हुन्छ त्यहाँ समस्याको सुनुवाइ हुन्छ । जहाँ विधिको शासनको धज्जी उडाइन्छ त्यहाँ क्षमता, दक्षता र स्रोतसाधनले सारभूत अर्थ राख्दैन । त्यसैले अप्ठ्यारोमा सहयोगको खोजी गर्न, खुसीमा रमाउन, सुखदुःखमा साथ खोज्न प्रत्येक मानिसलाई समाज चाहिन्छ र सङ्गठन चाहिन्छ। मानव सामाजिक प्राणी हो। ऊ समाजबिना एक्लो भएर बाँच्न सक्दैन। 'पन्त समाज नेपाल' कुनै पनि प्रकारको राजनीतिक विचारबाट नियन्त्रित नहुने गरी सबै खाले विचारको सम्मान गर्दछ । यस समाजमा केवल पन्त

थरका बन्धुबीच भ्रातृत्व, आत्मीयता र आपसी सद्भावका माध्यमबाट एकताबद्ध र संगठित हुने काम गरिन्छ। धार्मिक सहिष्णुता, जातीय सद्भाव, भाषिक सम्मान गर्दै पन्तहरूमा भ्रातृत्व, आत्मीयता र सद्भाव छर्न यो चाहन्छ।

झट्ट हेर्दा 'पन्त समाज नेपाल' पनि एक प्रकारका जातीय संगठनजस्तो लाग्न सक्तछ तर अन्य जातीय संगठनजस्तो यो समाज बिल्कुलै होइन। सुरुमा नेपालभरि छरिएका पन्तहरूबीच भ्रातृत्व, आत्मीयता र आपसी सद्भावको अभिवृद्धिका लागि क्यालेन्डर प्रकाशन, रक्तदान कार्यक्रम, वनभोज कार्यक्रम, भावजाह्नवी मुखपत्रको प्रकाशनजस्ता विविध रचनात्मक कार्यबाट यस समाजले सारा पन्तहरूलाई एकताको सूत्रमा आबद्ध गर्ने काम गरेको छ। यस्ता खालका क्रियाकलापले युवापुस्तामा ऊर्जा थपेको छ र ऐतिहासिक महत्त्वको काम गरेको छ। पन्त परिवारका जेहेन्दार र सहयोगको आवश्यकता भएका छात्रछात्रालाई अग्रिम अध्ययनका लागि यस समाजले छात्रवृत्ति दिँदै आएको छ। यस कार्यमा विगतका वर्षमा वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तको सहयोग रह्यो। त्यसका लागि समाजका तर्फबाट उहाँप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछौँ। आगामी दिनमा तमाम पन्त बन्धुको सल्लाहसुझावका आधारमा थप उर्जाशील भएर काम गर्ने प्रतिबद्धता समेत जनाउँदछौँ। पन्त समाजलाई सुव्यवस्थित संस्थाका रूपमा स्थासपत गर्न यहाँहरू सबै जनाको सहयोग, सद्भाव र आत्मीयताको खाँचो छ। यस  किसिमका रचनात्मक सहयोगका लागि हाम्रा अग्रज, सल्लाहकार तथा समग्र पन्त बन्धुहरूमा हार्दिक अनुरोध गर्दछु। समयसापेक्ष व्यवस्थापन, संस्था सञ्चालन तथा विविध गतिविधिहरूको कार्यान्वयन गर्न सोचे अनुरूप नसकिएको अवस्था पनि यहाँहरूसमक्ष निवेदन गर्दछु।

हामी विचारमा स्पष्ट छौँ। विचारमा स्पष्ट भएको व्यक्ति वा संगठन कहिल्यै एक्लो हुँदैन र रहँदैन पनि। दैलेख जिल्लामा अध्ययन गर्दा मैले स्वर्गीय डा.यादवप्रसाद पन्तका योगदानका बारेमा बुझ्ने र अध्ययन गर्ने मौका पाएको थिएँ। त्यस कुराले ममा पन्त हुनुको जुन गौरव बढाएको थियो त्यो गौरव हाल पनि कायम छ। आजको यहाँहरूको उपस्थितिले थप हौसला बढाएको मैले अनुभव गरेको छु। हामी वास्तवमा कमजोर र न्यून छैनौँ। नेपालका ७५ मध्ये ५३ जिल्लामा हाम्रो बसोबास छ। यस समाजलाई अझ व्यापक, समय सुहाउँदो र स्तरीय बनाउन सबै पन्त बन्धुको सहयोग तथा सद्भाव नितान्त आवश्यक देखिन्छ। हामी जुन ठाउँमा बसौँ, जुन पेसामा अँगालौँ आखिर हामी सबै पन्त नै हौँ। रगतको नाताको गहिरो सम्बन्धमा ऐक्यबद्धता प्रकट गर्न उपस्थित सबै पन्त बन्धुहरूप्रति

म हार्दिक कृतज्ञता प्रकट गर्दछु । वर्तमान अवस्थामा समाजका प्रत्येक जातीय, भाषिक, धार्मिक, लैङ्गिक समताका लागि समावेशी र सहभागितामूलक समाज निर्माण गर्नु आवश्यक छ । नयाँ बन्ने 'पन्त समाज नेपाल' को कार्य समितिले यी सबै खाले सन्तुलनसहित आवश्यकतानुसार विभिन्न उपसमिति गठन गर्नेछ । नयाँ बन्ने कार्य समितिले पुराना कार्य समितिका राम्रा पक्षको अनुसरण गरी सुहाउँदा थप कार्यक्रम पनि ल्याउनेछ ।

अन्त्यमा यस तेस्रो वार्षिक साधारणसभामा पाल्नु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद प्रकट गर्दै पन्त बन्धुहरूमा भ्रातृत्व, आत्मीयता र आपसी सद्भावका लागि व्यावहारिक रूपमा नयाँ संस्कारको थालनी गर्दै उदाहरणीय समाजको निर्माण गर्ने अपिलका साथ नयाँ बन्ने कार्य समितिलाई अग्रिम बधाई तथा शुभकामना दिई आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

## छ. कोषाध्यक्ष जीवमूर्ति पन्तको वक्तव्य

## ३. विभिन्न समयमा सम्पन्न बैठक र तिनले गरेका निर्णय

**बैठक सङ्ख्या–१** (२०६८ कार्त्तिक २६ गते शनिवार)

१. तेस्रो साधारणसभा सम्पन्न भएलगत्तै ए.बी.पार्टी प्यालेस सामाखुसी काठमाडौँमा रथी (अ.प्रा.) अमर पन्तको अध्यक्षतामा नवनिर्वाचित कार्य समितिको बैठक बसेको थियो । त्यसमा अध्यक्षले नयाँ नेतृत्वको जिम्मेवारी दिएकोमा साधारणसभाप्रति कृतज्ञता प्रकट गर्नुभयो र प्रत्येक महिनाको पहिलो शुक्रबार ३ : ३० बजे नियमित बैठक बस्ने निर्णय गरियो । तेस्रो साधारणसभा सम्पन्न गर्न निर्वाचन समितिका संयोजक अधिवक्ता ध्रुवप्रसाद पन्त लगायत निर्वाचन समितिका सदस्यहरूलाई समेत धन्यवाद दिने निर्णय गरियो ।

२. 'पन्त समाज नेपाल' का पूर्व केन्द्रीय अध्यक्ष डा.शास्त्रदत्त पन्तलाई यस समाजको संरक्षकमा चयन गर्ने र सम्पूर्ण पूर्व केन्द्रीय कार्य समितिका सदस्यहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

**बैठक सङ्ख्या–२** (२०६८ मङ्सिर २ गते शुक्रवार)

१. पन्त समाज नेपालको दोस्रो बैठक ए. बी. पार्टी प्यालेस सामाखुसी काठमाडौँमा रथी (अ. प्रा.) अमर पन्तका अध्यक्षतामा बसेको थियो। बैठकमा वार्षिक कार्यक्रमका रूपमा रक्तदान कार्यक्रम, अन्तरक्रिया कार्यक्रम, वनभोज कार्यक्रम, क्यालेन्डर प्रकाशन कार्यक्रम, भावजाह्नवी प्रकाशन कार्यक्रम, आर्थिक स्रोत जुटाउने कार्यक्रम तय गरियो ।

२. अनुमानित वार्षिक बजेट तर्जुमाका विषयमा कहिले, कहाँ, कसरी, कसको संयोजनमा गर्ने भनी छलफल गरी वार्षिक कार्यक्रम तय गरिएको थियो। वार्षिक कार्यक्रम तय गरी मिति २०६८ पौष १५ गते शुक्रवार बिहान १० : ०० बजेदेखि १ : ०० बजेसम्म गोङ्गबुचोक विनायक अस्पतालअगाडि गर्ने तथा पन्त बन्धुहरूबीच भ्रातृत्व, प्रेम, सद्भाव अझ बढी मजबुत गराउने उद्देश्यले पौष १७ गते शनिवारका दिन बालाजु पार्कमा उपस्थित भई वनभोज कार्यक्रम सम्पन्न गर्ने निर्णय गरिएको थियो । अनुमानित बजेट तर्जुमा गर्नका लागि सदस्यताबाट प्राप्त रकम, नवीकरणबाट प्राप्त रकम, आजीवन सदस्यताबाट प्राप्त रकम, सहयोग तथा चन्दा लगायतका विभिन्न शीर्षकलाई आधार मानी तर्जुमा गरिएको अनुमानित

आम्दानी ४,९५,०००/- (चार लाख पन्चानब्बे हजार) मध्ये अनुमानित खर्च ३,००,०००/- (तीन लाख) बाट लगभग १,९५,०००/- (एक लाख पन्चानब्बे हजार) रूपैंयाँ वचत गर्ने गरी बजेट तर्जुमा खर्च गर्ने निर्णय गरिएको थियो ।

**बैठक सङ्ख्या–३** (२०६८ पौष १ गते शुक्रवार)

१. आन्तरिक साधनस्रोतको व्यवस्था पर्याप्त नहुँदासम्म पन्त समाज नेपालको अस्थायी कार्यालयका रूपमा यस समाजका महासचिव श्री एकेन्द्र पन्तको कार्यालय वातावरण तथा मानव विकास केन्द्र, काठमाडौँमा सम्पर्क कार्यालय रहने व्यवस्था मिलाउने निर्णय भयो ।

२. गोरखा जिल्लामा अवस्थित मैदानकाली भगवती मन्दिरमा शिवलिङ्ग बनाउने र प्रवेशद्वारमा मैदानकाली मन्दिरको बोर्ड निर्माण गर्नेजस्ता सर ाहनीय कार्यमा सहयोग पुऱ्याएकोले श्री भैरवदल गणलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

३. जिल्ला कार्य समिति गोरखाका अध्यक्ष श्री विनोदराज पन्तका पिता श्रीचन्द्रराज पन्तको स्वर्गारोहणमा पन्त समाज नेपालका तर्फबाट समवेदना प्रकट गर्ने प्रस्ताव पारित गरियो ।

४ काठमाडौँ, काभ्रेपलाञ्चोक, संखुवासभा र कैलाली जिल्लाको कार्य समिति गठन प्रक्रियालाई तत्कालै प्रारम्भ गर्ने निर्णय गरियो ।

५. पन्त समाज नेपालका पूर्व महासचिव प्रा. दिनशेराज पन्त र पूर्व सचिव ( नेपाल सरकार) छविराज पन्तलाई केन्द्रीय सल्लाहकारका रूपमा मनोनयन गर्ने निर्णय गरियो ।

६. आगामी पौष १५ गते शुक्रवार सम्पन्न गर्न लागिएको रक्तदान कार्यक्रममा प्रायोजकका रूपमा प्रभु फाइनान्स प्रा. लि., आई.सी.एफ.सी. फाइनान्स, सूर्या लाइफ इन्स्योरेन्स, रिलेबल फाइनान्स, लुम्बिनी बैङ्क, निर्धन उत्थान बैङ्क र एल.आर.आई. कलेजलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. रक्तदाताहरूको नामावलीसमेत सङ्कलन गरियो ।

८. रक्तदान कार्यक्रम समयभित्रै सम्पन्न भएमा पन्त बन्धुहरूबीच अन्तर क्रिया ए. बी. पार्टी प्यालेसमा सम्पन्न गर्ने निर्णय समेत गरियो ।

**बैठक सङ्ख्या–४** (२०६८ पौष २२ गते शुक्रवार)

१. वातावरण तथा मानव विकास केन्द्र काठमाडौँको सम्पर्क कार्यालयमा सम्पन्न बैठकमा पन्त समाज नेपालको स्थायी लेखा नम्बरको प्रमाण पत्र लिने सम्बन्धमा यस समाजका अध्यक्ष रथी (अ.प्रा.) अमर पन्तको नामबाट (PAN) स्थायी लेखा नम्बर लिने निर्णय गरियो ।

२. यस समाजले निम्न बैङ्क तथा वित्तीय संस्थामा खोलेका खाताहरू हालसम्म अध्यक्ष डा.शास्त्रदत्त पन्त र सचिव एकेन्द्र पन्तमध्ये कुनै एक र कोषाध्यक्ष जीवमूर्ति पन्तको अनिवार्य दस्तखतबाट सञ्चालन भइआएकोमा मिति २०६८ साल कार्त्तिक २६ गतेको समाजको तेस्रो साधारणसभाबाट नयाँ कार्य समितिका पदाधिकारीहरू चयन भएकामा नवनिर्वाचित अध्यक्ष रथी (अ. प्रा.) अमर पन्त र महासचिव एकेन्द्र पन्तमध्ये कुनै एक र कोषाध्यक्ष होमराज पन्तको अनिवार्य दस्तखतबाट आई. सी. एफ. सी. वित्तिय संस्था लिमिटेड खाता नम्बर ००६००००११०७ र ००२०००००१००६ सञ्चालन गर्ने निर्णय गरियो ।

**बैठक सङ्ख्या–५** (२०६८ माघ २० गते शुक्रवार)

१. वातावरण तथा मानव विकास केन्द्र काठमाडौँको लैनचौरमा सम्पन्न बैठकमा नववर्षका उपलक्ष्यमा शुभकामना आदानप्रदान, क्यालेन्डर प्रकाशन, भावजाह्नवी प्रकाशन, संस्था नवीकरण तथा विशेष गरी छात्रवृत्ति तथा अक्षयकोष निर्माणका लागि छलफल गरियो ।

**बैठक सङ्ख्या–६** (२०६८ फाल्गुन ५ गते शुक्रवार)

१. वातावरण तथा मानव विकास केन्द्र काठमाडौँको कार्यालयमा अध्यक्ष रथी (अ. प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले संस्था नवीकरणका लागि जिल्ला विकास समिति काठमाडौँ र जिल्ला प्रकाशन कार्यालय काठमाडौँमा सिफारिस तथा नवीकरणका लागि आवश्यक पर्ने कागजातका लागि महासचिव एकेन्द्र पन्तलाई जिम्मेवारी दिने निर्णय गरियो ।

२. पन्त समाज नेपालको नामबाट प्रकाशन गर्न लागेको क्यालेन्डरका बारेमा पूर्व महासचिव तथा यस संस्थाका सल्लाहकार प्रा दिनेशराज पन्तलाई प्रकाशनका लागि चाहिने आवश्यक स्रोत, साधन, विषयवस्तु डिजाइन तथा लेआट कार्यसमेतका लागि जिम्मा  दिने निर्णय गरियो ।

३. पन्त समाज नेपालको वार्षिक मुखपत्र *भावजाह्नवी* प्रकाशनका लागि आवश्यक लेख, रचना तथा पन्तसम्बन्धी खोज अनुसन्धानसम्बन्धी कागजहरू सङ्कलन गर्दै सो सङ्कलन भएका लेख, रचना तथा कागजहरू सर्वसुलभ हुने संस्था वा व्यक्तिलाई टाइपका लागि जिम्मा दिने निर्णय गरियो ।

४. नेपालका पन्त बस्तीहरू रहेका टोल, गाउँ वा जिल्लामा गएर दक्ष डाक्टर तथा प्रविधिज्ञहरूको सहयोगमा आगामी दिनमा स्वास्थ्य सेवा प्रदान गर्ने अभिप्रायले स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

५. नेपालभरी छरिएका पन्त बन्धुहरूका छोराछोरी तथा नयाँ पुस्तालाई शैक्षिक कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नका लागि अक्षयकोष स्थापना, आयस्रोतको मजबुती तथा विभिन्न टोलीहरू निर्माण गरीसम्पन्न व्यक्ति, संस्था तथा समूहसँग घरदैलो कार्यक्रमद्वारा अर्थ सङ्कलन गर्ने निर्णय गरियो ।

६. वृहत् अक्षकोष निर्माणका लागि नयाँ वर्षको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम राखी त्यस कार्यक्रमको दृष्टिकोण, लक्ष्य तथा उद्देश्यसहित एजेन्डा प्रस्तुत गर्ने निर्णय गरियो । नववर्षका उपलक्ष्यमा नेपालभरि छरिएका तथा विशेष गरी काठमाडौं उपत्यकामा बसोबास गर्दै आइरहेका पन्तहरूबीच व्यापक छलफलका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गरी भावी कार्यक्रमका लागि आवश्यक राय, सुझाव, सल्लाह लिने र नयाँ वर्षको अवसरमा गरिने शुभकामना आदानप्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**बैठक सङ्ख्या–७** (२०६८ चैत ३ गते शुक्रवार)

१. वातावरण तथा मानव विकास केन्द्रको कार्यालयमा अध्यक्ष रथी (अ. प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले नव वर्ष २०६९ का उपलक्ष्यमा पन्त बन्धुहरूलाई शुभकामना आदानप्रदानका लागि हार्दिक आमन्त्रण गर्ने उपस्थित हुने पन्त बन्धुहरूलाई छात्रवृत्ति प्रदान तथा अक्षयकोष स थापनाका लागि हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

२. पन्त समाज नेपालबाट प्रकाशन गर्न लागिएको क्यालेन्डरलाई अन्तिम रूप दिई प्रेसमा पठाउने निर्णय पनि गरियो ।

**बैठक सङ्ख्या–८** (२०६९ वैशाख १६ गते शनिवार)

१. वातावरण तथा मानव विकास केन्द्रको लैनचौर स्थित कार्यालयमा अध्यक्ष रथी (अ. प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले नव वर्ष २०६९ सालको शुभकामना आदानप्रदान कार्यक्रमले पन्तहरूबीच भ्रातृत्व, आत्मीयता र सद्भाव कायम गर्नका साथै सो कार्यक्रम पूर्णरूपमा सफल रहेको समीक्षा गरी कार्यक्रममा सहभागीहरूलाई धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

२. भावजाह्नवी प्रकाशनका लागि पन्तहरूसम्बन्धी लेख, रचना तथा वंशावली सङ्कलन गर्न विभिन्न व्यक्तिहरूलाई खबर गर्ने निर्णय गरियो । हालसम्म उपलब्ध सामग्रीहरू सङ्कलन गरी आगामी मासिक बैठकमा प्रकाशनका बारेमा जिम्मेवारी बाँडफाँटका सार्थ कार्यक्रम तय गरी प्रकाशनका लागि पहल गर्ने निर्णय निर्णय गरियो ।

३. अक्षयकोष स्थापनाका लागि कार्य समितिका सदस्यहरू र प्रथम चरणका लागि छनोट गरिएका पन्तबन्धुहरूका बीच छलफल गर्ने उद्देश्यले मिति २०६९ साल वैशाख १९ गते मङ्गलवारका दिन कमलपोखरीस्थित कमल होटलमा संयुक्तरूपमा छलफल गरी अघि बढ्ने निर्णय गरियो ।

**बैठक सङ्ख्या–९** (२०६९ जेठ ५ गते शुक्रवार)

१. ए.बी.पार्टी प्यालेस सामाखुसीको कार्यालयमा अध्यक्ष रथी (अ. प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले अक्षयकोष निर्माणका लागि प्रथम चरणमा कमलपोखरीस्थित कामल होटलमा बैशाख १९ गते छलफल गरी सहयोगी धारणा सार्वजनिक भएपछि दोस्रोपटक लगानी बोर्डका कार्यकारी प्रमुख राधेश पन्त, लुम्बिनी बैङ्कका कार्यकारी प्रमुख शोभनदेव पन्त, माता पञ्चकुमारी बचत तथा सहकारीका कार्यकारी निर्देशक कमलबल्लभ पन्त तथा एस.बी.आई.बैङ्कका प्रबन्धक सुशील पन्त लगायतका व्यक्तिहरूसँग अक्षयकोष निर्माणका लागि छलफल गरियो ।

२. भावजाह्नवी प्रकाशनका लागि लेख, रचनाहरू यथाशीघ्र उपलब्ध गराउने र सम्पादन मण्डलका बारेमा आगामी बैठकमा छलफल गरी निर्णयका लागि पेस गर्ने निधो गरियो ।

३. क्यालेन्डरमा प्रकाशित विज्ञापनको रकम यथाशीघ्र उठाउने निर्णय गरियो ।

**बैठक सङ्ख्या–१०** (२०६९ असार २ गते शनिवार)

१. वातावरण तथा मानव विकास केन्द्रको कार्यालयमा अध्यक्ष रथी (अ. प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले छात्रवृत्तिको व्यवस्थाका लागि आवश्यक पर्ने सूचना प्रकाशन, व्यवस्थापन, संरचना सञ्चालन तथा वितरण प्रक्रियाका लागि नियम तथा निर्देशिका बनाई यस समाजका सल्लाहकार तथा राष्ट्र बैङ्कका पूर्व डिपुटी गभर्नर श्रीरामबाबु पन्तको संयोजकत्वमा आवश्यक परेको खण्डमा सदस्य थप्न मिल्ने गरी निम्नानुसार छात्रवृत्ति व्यवस्थापन उपसमिति गठन गर्ने निर्णय गरियो–

| | | | |
|---|---|---|---|
| क. | सल्लाहकार श्री रामबाबु पन्त | – | संयोजक |
| ख. | उपाध्यक्ष श्री जीवमूर्ति पन्त | – | सदस्य |
| ग. | महासचिव श्री एकेन्द्र पन्त | – | सदस्य |
| घ. | कोषाध्यक्ष श्री होमराज पन्त | – | सदस्य |
| ङ. | अध्यक्ष श्री ध्रुवप्रसाद पन्त(काठमाडौं जिल्ला समिति) | – | सदस्य |
| च. | श्री त्रिवेन्द्रराज पन्त | – | सदस्य |

२. पन्त समाज नेपालका विभिन्न जिल्ला तदर्थ समिति गठन तथा मनोनयनका सिलसिलामा कैलाली जिल्ला तदर्थ समितिका अध्यक्षमा श्री गिरिराज पन्तलाई मनोनयन गरिएकोले केन्द्रीय कार्य समितिको विधानमा रही जिल्ला तदर्थ समिति गठनको पूर्णताका लागि समेत पूर्ण जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

३. कृषिविज्ञ डा.कृष्णप्रसाद पन्तलाई पन्त समाज नेपालको केन्द्रीय सल्लाहकारमा मनोनीत गर्ने निर्णय गरियो ।

४. पन्त समाज नेपालको मुखपत्र भावजाह्नवी प्रकाशनका लागि लेख, रचना, व्यक्ति परिचय, वंशावली सङ्कलन लगायतका पन्तको सम्बधका महत्त्वपूर्ण दस्ताबेजहरू उपलब्ध गराउने कार्यमा सक्रिय रूपमा लाग्ने निर्णय गरियो ।

५. यस समाजको मुखपत्र भावजाह्नवीको पहिलो अङ्क प्रकाशित गरी चुक्ता गर्न बाँकी रकम रू. ३५,००० (पैंतीस हजार) A/C चेकद्वारा सदस्य प्रा.डा. जयराज पन्तमार्फत भुक्तानी दिने निर्णय गरियो ।

६. यस समाजमा प्राप्त भएका आम्दानीहरूलाई सुरक्षित र वैधानिक किसिमले राख्न आई. सी. एफ. सी. वित्तीय संस्था लिमिटेडमा यस संस्थाका अध्यक्ष अमर पन्त एवं महासचिव एकेन्द्र पन्तमध्ये कुनै एक जनाको हस्ताक्षर र कोषाध्यक्ष हेमराज पन्तको अनिवार्य दस्तखतबाट खाता सञ्चालन हुने गरी मुद्दती तथा बचत खाता खोल्ने निर्णय गरियो ।

**बैठक सङ्ख्या–११** (२०६९ साउन ५ गते शुक्रवार)

१. वातावरण तथा मानव विकास केन्द्रको कार्यालय लैनचौरमा अध्यक्ष रथी (अ.प्रा.) अमर पन्तको अध्यक्षतामा बसेको बैठकले चौथो साधारणसभा २०६९ भाद्र ३० गते शनिवारका दिन पन्त बन्धुहरूको व्यापक उपस्थितिमा भव्यताका साथ सम्पन्न गर्ने र प्रत्येक जिल्ला कार्य समितिले अनिवार्य प्रगति प्रतिवेदन चौथो साधारणसभामा पेस गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

२. आई.एम.ई. गोङ्गबु शाखामा खोलिएको खाता २०६९ साउन २ गतेदेखि बन्द गरिएको बेहोरा कार्य समितिलाई जानकारी गराई अनुमोदन गरियो ।

## ४. 'पन्त समाज नेपाल' ले सम्पन्न गरेका क्रियाकलाप

पन्त समाज नेपालले प्रत्येक वर्षझैँ यस वर्ष पनि वार्षिक कार्यक्रमका रूपमा निम्नलिखित कार्यक्रमहरू सम्पन्न गरेको छ–

क. रक्तदान कार्यक्रम

ख. वनभोज कार्यक्रम ।

ग. क्यालेन्डर प्रकाशन ।

घ. शुभकामना आदानप्रदान (नव वर्षको उपलक्ष्यमा) कार्यक्रम ।

ङ. छात्रवृत्ति कोषको स्थापना तथा सञ्चालन विधिको निर्माण ।

च. भावजाह्नवी मुखपत्रको प्रकाशन ।

छ. जिल्ला समिति विस्तार ।

### क. रक्तदान कार्यक्रम

पन्त समाज नेपालले समाज सेवाको भावना जगाउने हेतुले प्रत्येक वर्ष साधारणसभा सम्पन्न गरेलगत्तै रक्तदान कार्यक्रम गर्ने गर्दछ । रक्तदान कार्यक्रमका लागि सबैलाई पायक पर्ने गरी गोङ्गबुचोक (विनायक अस्पताल) अगाडि कार्यक्रमस्थल छनोट गरिएको थियो । छनोट गरिएको स्थलमा खाल्डाखुल्डी भएकाले व्यवस्थित गर्नसंस्थाबाट अनुरोध भए अनुसार नम्बर-१ बाहिनीका बाहिनीपति गणेशबहादुर भण्डारीको निर्देशनमा नेपाली सेनाका लगभग एक सय जना जवान तथा अधिकृतहरूलाई सहभागी गराई सहयोग गर्नुभएको थियो कार्यक्रम स्थल व्यवस्थित भएपछि २०६८ पौष १५ गते शुक्रवारका दिन गोङ्गबुचोक (विनायक अस्पताल) अगाडि उल्लासमय वातावरणमा लगभग पैँतीस जनाले रक्तदान गरेका थिए । उक्त कार्यक्रम विहान ९ बजे सुरु भई दिउँसो २ बजेसम्म सञ्चालन भएको थियो । उक्त कार्यक्रममा सहभागी रक्तदातालाई जुस तथा खाजाको व्यवस्था गर्नका साथै पन्त समाज नेपालका तर्फबाट प्रशंसापत्रसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

### ख. वनभोज कार्यक्रम

२०६८ पौष १६ गते शनिवारका दिन बालाजु उद्यानमा वनभोजको आयोजना गरिएको थियो । सो कार्यक्रममा देशभरका लगभग १५० जना पन्त बन्धु र पन्त परिवारसित घनिष्ट सम्बन्ध राख्ने व्यक्तिःहरूको उपस्थिति थियो । उक्त कार्यक्रममा कर्नेल सुदीप पन्तले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुभएको थियो जहाँ कुर्सी दौड, घैंटो फुटाउने कार्यक्रम, नायक र नायिकाको चित्रमा यथास्थान लिपस्टिक लगाउने, बिङ्गो लगायतका विभिन्न कार्यक्रम ज्यादै रमाइलो, आत्मीय र

सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिएको थियो ।

कर्नेल सुदीप पन्तद्वारा डिजाइन गरी समाजका विभिन्न गतिविधिहरू समावेश गरिएको www.pantsamaj.org.np नामक वेभसाइटमा अध्यक्ष रथी (अ.प्रा.) अमर पन्त र श्रीमती कमला पन्तद्वारा संयुक्तरूपमा शुभारम्भ गरिएको थियो । विभन्न कार्यक्रमका विजेताहरूलाई संस्थाका अध्यक्ष रथी (अ. प्रा.) अमर पन्त, उपाध्यक्ष जीवमूर्ति पन्त, महासचिव एकेन्द्र पन्त र सल्लाहकार तथा विशिष्ट व्यक्तित्वहरूबाट पुरस्कार वितरण गरिएको थियो ।

## ग. क्यालेन्डर प्रकाशन

पन्त समाज नेपालले नयाँ वर्षारम्भ हुनुपूर्व नै पन्त बन्धुहरूले आआफ्ना जिल्लामा पुज्दै आएका मठ, मन्दिर, देवीदेवताहरू र संरक्षण गर्दै आएका सांस्कृतिक सम्पदाहरू झल्कने गरी वैदिक सनातन धर्म, संस्कृति, चाडपर्व तथा तिथि आदि सजिलै बुझ्न सकिने गरी भित्ते पात्रो (क्यालन्डर) प्रकाशन गरेर विभिन्न जिल्ला तथा व्यक्तिहरूलाई समेत निःशुल्क वितरण गरेको थियो ।

## घ. शुभकामना आदानप्रदान कार्यक्रम

नववर्ष २०६९ सालको उपलक्ष्यमा पन्त समाज नेपालद्वारा २०६८ चैत्र २५ गते शनिवारका दिन ए.बीं.पार्टी प्यालेस सामाखुसी काठमाडौँमा बेलुका ५ देखि ९ बजेसम्म रात्रिभोज, आगन्तुकहरूको नाम दर्ता, आजीवन सदस्यता वितरण, समाजका विविध गतिविधि तथा भावी कार्यक्रम प्रस्तुत गर्नुका साथै पन्त बन्धुहरूका बीच शुभकामना आदानप्रदान कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो । शुभकामना आदानप्रदान कार्यक्रमको सञ्चालन पन्त समाज नेपालका महासचिव एकेन्द्र पन्तद्वारा गरिएको थियो भने अध्यक्ष रथी (अ.प्रा.) अमर पन्तद्वारा स्वागत तथा शुभकामना मन्तव्य प्रस्तुत गरिएको थियो । शुभकामना मन्तव्य पूर्वअध्यक्ष तथा संरक्षक डा.शास्त्रदत्त पन्त तथा सल्लाहकार श्रीमती शिला पन्तबाट प्रकट गरिएको थियो । समाजका गतिविधि तथा भावी कार्यक्रमबारे सदस्य प्रा.डा.जयराज पन्तद्वारा प्रकाश पारिएको थियो । उक्त कार्यक्रममा विशेष गरेर छात्रवृत्ति कोष स थापनाका लागि व्यापक छलफल गरिएको थियो । यस संस्थालाई समयसापेक्ष रूपमा अगाडि बढाउन सल्लाहकार तथा विशिष्ट व्यक्तित्वबाट प्रशस्त सुझावहरू प्राप्त भएका थिए । शुभकामना आदानप्रदान कार्यक्रममा काठमाडौँमा स्थायी बसोबास गर्ने पन्त बन्धुहरूको उल्लेख्य सहभागिता थियो । सांस्कृतिक कार्यक्रमको रूपमा छलिया नाच तथा गीतहरू पस्किएर उक्त कार्यक्रमा थप रौनक प्रदान गरिएको थियो । नववर्षको क्यालेण्डर वितरण गर्नुका साथै आजीवन सदस्यहरूलाई

प्रमाणपत्र वितरण पनि सो अवसरमा गरिएको थियो ।

**ङ. छात्रवृत्ति कोषको स्थापना र सञ्चालन विधिको निर्माण**

पन्त समाज नेपालका तर्फबाट संस्थाका अध्यक्ष अमर पन्त, उपाध्यक्ष जीवमूर्ति पन्त र महासचिव एकेन्द्र पन्त लगायत कार्य समितिका सदस्य तथा सल्लाहकार एवं नेपाल राष्ट्र बैङ्कका पूर्व डेपुटी गभर्नर रामबाबु पन्तको विशेष सक्रियतामा आर्थिक रूपमा सम्पन्न व्यक्ति तथा समूहसँग छात्रवृत्ति कोषको स्थापना र सञ्चालन विधिका बारेमा गहन छलफल चलाइएको थियो । विभिन्न व्यक्तिबाट समयसमयमा छात्रवृत्ति कोषको निरन्तरता र सञ्चालनमा सहयोगको आश्वासनका साथ मौखिक प्रतिबद्धता जनाइएको थियो । प्रतिबद्धता अनुसार रकम उपलब्ध हुन थालेपछि छात्रवृत्ति कोषको नाममा छुट्टै खाता खोलिएको छ । व्यक्ति वा समूहले प्रतिबद्धता जनाए अनुसार हाल पनि रकम जम्मा हुने क्रम जारी छ । छात्रवृत्ति कोषको निरन्तरता र सञ्चालन विधिका लागि कार्य समितिमा व्यापक छलफल गरी छात्रवृत्ति प्रदानका लागि आवश्यक पर्ने ऐन, नियम तथा निर्देशिका बनाई प्रकाशन, व्यवस्थापन, संरचना सञ्चालन तथा वितरण प्रक्रियाका निमित्त सल्लाहकार तथा नेपाल राष्ट्र बैङ्कका पूर्व डेपुटी गभर्नर रामबाबु पन्तका संयोजकत्वमा आवश्यक परेका खण्डमा सदस्य थप्न मिल्ने गरी निम्नलिखित व्यक्तिहरू सम्मिलित छात्रवृत्ति व्यवस्थापन उपसमिति गठन गर्ने निर्णय गरिएको थियो ।

| | | | |
|---|---|---|---|
| क. | सल्लाहकार श्री रामबाबु पन्त | – | संयोजक |
| ख. | उपाध्यक्ष श्री जीवमूर्ति पन्त | – | सदस्य |
| ग. | महासचिव श्री एकेन्द्र पन्त | – | सदस्य |
| घ. | कोषाध्यक्ष श्री होमराज पन्त | – | सदस्य |
| ङ. | अध्यक्ष श्री ध्रुवप्रसाद पन्त | –(काठमाडौँ जिल्ला समिति) | सदस्य |
| च. | श्री त्रिवेन्द्रराज पन्त | – | सदस्य |

छात्रवृत्ति व्यवस्थापन समितिको उक्त उपसमितिले निर्णय गरे अनुसार नेपालभरि बसोबास गरेका पन्त परिवारका सन्तानहरूमध्ये २०६८ सालको एस. एल. सी. वा सो सरहको परीक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रामध्येबाट एकेक जना तथा अनाथबाट एकेक जना गरी बढीमा ६ जनालाई १०+२ तहको अध्ययनका लागि प्रतिव्यक्ति रू. २,५०० -दुई हजार पाँच सय) उपलब्ध गराइने भएकोले योग्यता पुगेका बन्धुहरूले श्रावण महिनाको २२ गतेभित्र यस समाजको सम्पर्क कार्यालय वा पोस्ट बक्स नम्बर २५००४ मा आइपुग्ने गरी प्रवेशिकाको

लब्धाङ्क, चारित्रिक प्रमाणपत्र आफ्नो वा मातापिताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेत कमजोर आर्थिक आर्थिक अवस्था भएका र अनाथका हकमा गा.वि.स.को सिफारिससहित आवेदन दिन नागरिक दैनिकमा एक महिनाको सूचना जारी गरेकोमा पर्याप्त आवेदन नपरेकाले थप पन्ध्र दिनको सूचना जारी गरिएको थियो ।

**च. भावजाह्नवी मुखपत्रको प्रकाशन**

पन्त समाज नेपालले वार्षिक मुखपत्रका रूपमा खोजमूलक, इतिहासपरक गतिविधि अध्ययन, अनुसन्धानका लागि सार्वजनिकक गर्ने आशयले भावजाह्नवी नामक वार्षिक मुखपत्र प्रकाशन गर्दै आइरहेको छ । यस वर्ष पनि व्यवस्थित ढङ्गले प्रकाशन गर्न लागेको उक्त वार्षिक मुखपत्रलाई तीन खण्डमा विभक्त गरिएको छ ।

**छ. जिल्ला समिति विस्तार कार्यक्रम**

प्रत्येक वर्षजस्तैं यस वर्ष पनि जिल्ला तदर्थ समिति विस्तार गर्नेक्रममा काठमाडौँ जिल्ला तदर्थ समितिको अध्यक्षमा अधिवक्ता ध्रुवप्रसाद पन्त तथा कैलाली जिल्ला तदर्थ समितिको अध्यक्षमा गिरिराज पन्तलाई मनोनयन गरिएको छ । काठमाडौँ र कैलाली जिल्ला तदर्थ समितिका अध्यक्षहरूलाई केन्द्रीय कार्य समितिको विधान अन्तर्गत रही जिल्ला तदर्थ समिति गठनको पूर्णताका लागि समेत जिम्मेवारी प्रदान गर्ने निर्याण गरिएको छ ।

## ५. विभिन्न गोत्रीय पन्त समाजको स्थापना

### क. भारद्वाज गोत्रीय पन्त समाजको स्थापना

पन्त समाजभित्र विविधतामा एकता छ। पन्तहरू विभिन्न गोत्रमा विभाजित छन् । पन्त थरमा विभिन्न गोत्रहरू विद्यमान छन् । यस अर्थ पन्त समाज विभिन्न गोत्रहरूको साझा फूलबारी हो । केही वर्षयता आफ्ना पूर्वज र थातथलोको खोजी गर्नेक्रमले नेपाली समाजमा तीव्रता पाएको छ । यस लहरबाट पन्त समाज पनि अलग छैन । यसैक्रममा भारद्वाज गोत्रीय पन्त वंशले 'भारद्वाज गोत्रीय पन्त समाज सेवा समिति' भन्ने संस्थाको स्थापना गरेको छ । यसको उद्देश्य भनेको आफ्नो पहिचान कायम गरी समाजमा धार्मिक, सामाजिक, शैक्षिक, स्वास्थ्य क्षेत्र, आर्थिक लगायतका विभिन्न क्षेत्रमा कल्याणकारी सेवा पुऱ्याउनु रहेको छ । सात परिच्छेद र ३७ बुँदाको संस्थाको विधान पनि तयार पारिएको छ ।

### ख. वत्स गोत्रीय पन्त समाजको स्थापना

२०६७ चैतमा कैलालीको धनगढीमा वत्स गोत्रीय पन्त समाजको गठन समाजसेवी देवराज पन्तका अध्यक्षतामा गरिएको छ । उक्त समाजका उपाध्यक्षमा रबिनकान्त पन्त, सचिवमा दीपकराज पन्त, कोषाध्यक्षमा धर्मराज पन्त र सदस्यहरूमा नवराज पन्त, लक्ष्मीराज पन्त, डिल्लीराज पन्त, विजयराज पन्त (कृष्ण), विजयराज पन्त, धरणीधर पन्त, केशवराज पन्त, भोजराज पन्त, सुरेन्द्रकान्त पन्त, खेमराज पन्तको चयन गरिएको छ । पन्त समाज नेपालको छाता सङ्गठनभित्र रही होलीजस्ता पर्व तथा अन्य विभिन्न अवसरमा पारिवारिक जमघट गर्ने र लोककल्याणकारी कार्य गर्ने उद्देश्य सो समाजले लिएको छ ।